राष्ट्को गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com




राष्ट्रिय संस्करण | अर्थबजार › उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री साहद्वारा पदभार ग्रहण | नेपाल एसिया कप नजिक २४

वर्ष १२६ | अङ्क १२८ | २०८३ साल भदौ २६ गते शुक्रबार | भाद्र कृष्ण औँसी | नेपाल संवत् ११४६ गुँलागा १५ | 2026 September 11 Friday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ

## प्रधानमन्त्री शाहको अमेरिका भ्रमण स्वीकृत



प्रधानमन्त्री वालेन्द्र शाह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

प्रधानमन्त्री वालेन्द्र शाहको संयुक्त राज्य अमेरिका भ्रमण स्वीकृत भएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार बसेको मन्त्रीपरिषद् बैठकले प्रधानमन्त्रीको असोज ६ गतेदेखि १० गतेसम्म संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभामा सहभागी हुन अमेरिका जाने नेपाली प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने निर्णय भएको नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो। प्रधानमन्त्री महासभामा पुगेर जलवायु परिवर्तनले नेपाललाई पारेको असरका बारेमा विश्वको ध्यानाकर्षण गराउनुहुने छ।

शिक्षा तथा खेलकुदमन्त्रीसमेत रहनुभएका प्रवक्ता पोखरेलले प्रधानमन्त्रीको भ्रमणमा को को सहभागी हुने भन्ने बारेमा खुलाउनुभएन। भारतको नयाँ दिल्लीमा आयोजना हुने नेपाल–इन्डिया इन्टर–गभर्मेन्टल सबकमिटीको बैठकमा सहभागी हुने

### मन्त्रीपरिषद् निर्णय

नेपाली वार्ता टोली गठन गर्ने र अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रणसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय मन्त्रीपरिषद् बैठकमा भएको छ।

मन्त्री पोखरेलले काठमाडौँ, भक्तपुर, ललितपुर, सप्तरी र दाङ जिल्लाका कुल २७ स्थानीय तहका १७ हजार ४३८ गरिब घरपरिवारको सूची स्वीकृत गर्ने निर्णय भएको जानकारी दिनुभयो। शिक्षक सेवा आयोगको अध्यक्षमा डा. हरिप्रसाद लम्साल तथा सदस्यद्वयमा रामशरण सापकोटा र विष्णु घिमिरे रिमाललाई नियुक्त गर्ने निर्णय भएको उहाँले बताउनुभयो।

उहाँले सहसचिव विनोदबहादुर कुँवरलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रमुख सचिव पदमा पदस्थापन गर्ने र सहसचिव उत्तरकुमार खत्रीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रमुख सचिव पदमा पदस्थापन गर्ने निर्णय भएको जानकारी दिनुभयो। नयाँ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीले जिम्मेवारी समाल्नुभएकाले सहज रूपमा ग्यास उपलब्ध हुन सक्ने उहाँले बताउनुभयो।

## भोटेकोशी बाढी
# पुनर्निर्माणमा सात खर्ब तेइस अर्ब लाग्ने अनुमान



### क्षेत्रगत बजेट अनुमान

- **राहत तथा अल्पकालीन पुनर्निर्माण** — आठ अर्ब ७३ करोड
- **ऊर्जा तथा ग्रिड** — तीन खर्ब ९० अर्ब ६२ करोड
- **सडक तथा यातायात** — ७३ अर्ब ३४ करोड
- **सामाजिक** — एक खर्ब तीन अर्ब ५४ करोड
- **व्यवसाय तथा उत्पादन** — ५० अर्ब ७७ करोड
- **विपत् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापन** — ९४ अर्ब ७५ करोड
- **लेदो तथा भग्नावशेष व्यवस्थापन** — ५९ करोड ५४ लाख

द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदन अनुसार दुई चरणको पुनर्निर्माणका लागि सात खर्ब २३ अर्ब ३९ करोड ५२ लाख रुपियाँ आवश्यक पर्ने देखिएको हो।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीपछिको पुनर्निर्माणका लागि सात खर्ब रुपियाँभन्दा बढी स्रोत आवश्यक पर्ने सरकारले अनुमान गरेको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसहितको संयुक्त प्राविधिक टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदन अनुसार दुई चरणको पुनर्निर्माणका लागि सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपियाँ आवश्यक पर्ने देखिएको हो। यो रकम चालु आर्थिक वर्ष २०८३/८४ को कुल बजेटको तुलनामा ३४ प्रतिशत हुन आउँछ।

पुनर्निर्माणको पहिलो चरण अन्तर्गत आगामी छ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणका लागि आठ अर्ब ७३ करोड ५० लाख रुपियाँ लाग्ने अनुमान गरिएको छ। त्यस्तै दीर्घकालीन पुनर्निर्माणका लागि सात खर्ब १४ अर्ब ५८ करोड दुई लाख रुपियाँ खर्च हुने सरकारको अनुमान छ।

प्रतिवेदन अनुसार विपत्बाट सबैभन्दा धेरै प्रभावित हुनेमा पूर्वाधार क्षेत्र रहेको छ। जसको पुनरुत्थानका लागि चार खर्ब ७३ अर्ब ५७ करोड १९ लाख रुपियाँ स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ।

» बाँकी पृष्ठ २ मा

## जलवायु न्यायप्रति कोष सकारात्मक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

जलवायु परिवर्तनको उच्च मार खेपिरहेको नेपाललाई जलवायु न्याय दिलाउने आश्वासनसहित क्षति तथा नोक्सानी सम्बोधनका लागि कोष (फन्ड फर रेस्पोन्स टु लस एन्ड ड्यामेज) ले नेपाललाई जवाफ पठाएको छ।

नेपालले मागेको जलवायु न्यायप्रति कोष निकै सकारात्मक रहेको जवाफमा प्रस्ट्याइएको छ। कोषका सहअध्यक्षद्वय क्यामिला मिनर्भा रोड्रिगेज तभारेज र जर्ज बोर्स्टिङले कोषको कार्यालय अमेरिकाको वासिङ्टन डिसीबाट जवाफ लेख्नुभएको हो।

नेपालको जलवायु न्याय मागको जवाफी पत्र अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीलाई सम्बोधन गर्दै कोषले पठाएको छ। कोषबाट आएको सकारात्मक जवाफ नेपालका लागि निकै महत्त्वपूर्ण रहेको कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जानकारी दिनुभयो। नेपालमा विनाशकारी भोटेकोशी हिमबाढीको तत्काल जवाफ दिन नेपालको अनुरोधको जवाफ भनेर विषय औँल्याइएको छ। जवाफी पत्र सकारात्मक रहेको कोषका लागि अतिकम विकसित मुलुकका तर्फबाट प्रतिनिधित्व गर्नुभएका नेपालका जलवायुविज्ञ डा. मञ्जित ढकालले बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

## ‘बजेट अभाव हुन्न’



**डा. घनश्याम उपाध्याय**
अर्थसचिव

बाढीपछिको पुनर्निर्माणका लागि आवश्यक बजेट अभाव हुन दिँदैनौँ। यसका लागि पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राखेर राजस्वको महत्तम प्रयोग गर्ने र वैदेशिक सहायता परिचालनलगायत विकल्प प्रयोग हुन्छ। बाढीपछिको क्षतिको अझै विस्तृत विवरण आउन बाँकी नै रहेकाले त्यसपछि पुनर्निर्माणका लागि स्रोत व्यवस्थापनमा जुट्छौँ। अहिले सम्पूर्ण ध्यान राहत, उद्धारमै केन्द्रित छ।

## घाइतेको स्वास्थ्य सुधारोन्मुख

**कृष्ण आचार्य**
*काठमाडौँ, भदौ २५ गते*

नुवाकोट वेत्रावतीकी चण्डिका श्रेष्ठ रसुवा बाढीमा परी बेपत्ता हुनुभयो। भदौ १० गतेको बाढीसँगै बेपत्ता श्रेष्ठ आठ दिनसम्म नभेटिएपछि परिवारले कुशको शव बनाएर दाहसंस्कार गरिसकेका थिए तर किरिया बसेको चार दिनमा उहाँ सकुशल भेटिएको खबर आयो।

सशस्त्र प्रहरी बल ११ नम्बर गुल्मबाट खटिएको टोलीले ६४ वर्षीय श्रेष्ठलाई घरको चौथो तलाबाट उद्धार गरेको थियो। उद्धारलगत्तै श्रेष्ठलाई प्राथमिक उपचारपछि हेलिकोप्टरमार्फत काठमाडौँ ल्याएर छाउनीस्थित नेपाली सेनाको अस्पतालमा भर्ना गरियो। छाउनी अस्पतालमा केही समयको उपचारपछि उहाँलाई महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पताल ल्याइयो।

अस्पतालको आइसियुमा उपचार भइरहेको उहाँको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको अस्पतालले जनाएको छ। अस्पतालका सहायक सूचना अधिकारी कालीप्रसाद रोस्याराले घाइते श्रेष्ठको अवस्था सुधारोन्मुख रहेको जानकारी दिनुभयो। “अस्पतालमा ल्याइसकेपछि श्रेष्ठको स्वास्थ्यमा राम्रो सुधार भइरहेको छ,” उहाँले भन्नुभयो, “लामो समय हिलोभित्र रहेकाले चिकित्सकको प्रत्यक्ष निगरानीमा आइसियुमा उपचार भइरहेको छ, अब छिट्टै सामान्य वार्डमा सार्ने तयारीमा छौँ।”

सहायक सूचना अधिकारी रोस्याराका अनुसार घाइते श्रेष्ठलाई घुँडा तथा श्वासप्रश्वासमा समस्या देखिएको थियो, जसको उपचार भइरहेको छ। “हिलोमा गडेकाले घुँडा फ्याक्चर भएको थियो, इन्फेक्सन र श्वासप्रश्वासमा पनि समस्या थियो, अहिले विस्तारै सुधार हुँदै गएको छ,” उहाँले भन्नुभयो।

अन्य अस्पतालबाट रिफर भएर आउने बिरामीका कारण अस्पतालमा चाप बढेको उहाँको भनाइ छ। “त्रिवि शिक्षण अस्पतालमा अन्य विभिन्न अस्पतालबाट रिफर भएरसमेत बिरामी आउने गरेका छन्। त्यसैले पनि यहाँ बिरामीको सङ्ख्या धेरै थियो तर अवस्था सामान्य भएका बिरामीहरू डिस्चार्ज गर्दै आएका छौँ,” रोस्याराले भन्नुभयो।

» बाँकी पृष्ठ २ मा

### अग्रलेख

**परिणाममा आधारित सुशासन**



कुनै पनि राष्ट्रको आर्थिक विकास, सामाजिक सद्भाव र मानव पुँजी निर्माणका लागि सुशासन अपरिहार्य हुन्छ। आर्थिक वृद्धि मात्र विकास होइन; त्यो वृद्धिबाट नागरिकको जीवनस्तरमा आएको सुधार, अवसरको विस्तार र न्यायपूर्ण वितरण पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

● **श्यामप्रकाश मैनाली**

» विचार पृष्ठ ४

## फिलिपिन्समा पानीजहाज दुर्घटना
# पाँच जनाको मृत्यु, सतासी बेपत्ता



तटरक्षकले पूर्ण रूपमा आगोमा लपेटिएको पानीजहाजबाट केही मानिसलाई उद्धार गरेका छन्।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

### अन्तर्राष्ट्रिय

फिलिपिन्समा पानीजहाज दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ भने ८७ जना बेपत्ता भएका छन्। फिलिपिन्सको तटरक्षक बलले यात्रुवाहक उक्त पानीजहाजमा आगलागी भएसँगै दुर्घटनामा परेको बताएका छन्।

एमभी जुन एस्टर नामको उक्त पानीजहाजमा ११७ जना यात्रु र १७ जना चालक दलका सदस्य सवार थिए। सो दुर्घटना पर्यटकमाझ चर्चित पलावन प्रान्तमा भएको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ। पलावन आफ्ना सुन्दर टापुहरू तथा आइल्यान्ड हपिङ, स्नोर्क्लिङ र डाइभिङका लागि प्रसिद्ध छ।

तटरक्षकले पूर्ण रूपमा आगोमा लपेटिएको उक्त पानीजहाजबाट केही मानिसलाई र पानीबाट केही यात्रुको उद्धार गरेका छन्। बेपत्ता यात्रुको खोजी जारी छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको छ।

फिलिपिन्समा यस्ता समुद्री घटना बारम्बार हुने गर्छन्। सात हजार एक सय वटा टापुको देश फिलिपिन्समा अन्तरद्वीप पानीजहाज टापुहरूबिच मानिस र सामान ओसारपसार गर्ने सस्ता माध्यम हुन्। तीमध्ये केही टापुमा हवाईमार्गबाट पुग्न सम्भव छैन तर खराब मौसम, मनसुनी वर्षा र आँधीका कारण समुद्रमा ठुलो जोखिम हुने गर्छ।

फिलिपिन्समा हरेक वर्ष औसतमा २० वटा आँधी आउने गर्छन्, जसले समुद्रमा ठुलो छाल र अशान्त अवस्था सिर्जना गर्छ।

यसअघि सन् २०२३ मा देशको दक्षिणपश्चिम छेउमा एउटा यात्रुवाहक पानीजहाजमा आगलागी हुँदा ३१ जनाको मृत्यु भएको थियो। अहिले भएको घटनामा ८७ जना बेपत्ता रहेकाले फिलिपिन्समा भएका गम्भीर समुद्री दुर्घटनामध्ये यो ठुलो दुर्घटना हुने समाचारमा जनाइएको छ।

# जोडियो रसुवाको ‘लाइफलाइन’

**मित्र भण्डारी**
*देवीघाट (नुवाकोट), भदौ २५ गते*

भोटेकोशीको हिमबाढीले सडकसँगै पुलहरू बगाएपछि टुटेको रसुवाको सडक सम्पर्क पुनः जोडिएको छ। बाढीले तहसनहस बनाएको सडक सञ्जालमा तादी खोलाले थपेको अवरोध हटाउँदै नेपाली सेनाले ७२ घण्टाको ‘रनिङ टाइम’मा बेलिब्रिज निर्माण गरेर रसुवाको ‘लाइफलाइन’ पुनः सञ्चालनमा ल्याएको हो।

तादी खोलामाथि पुल बनेपछि गल्छीदेखि देवीघाट–त्रिशूली हुँदै मैलुङ, स्याफ्रुबेँसी र रसुवागढीसम्मको सडक सम्पर्क पुनर्स्थापित भएको छ। भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण हिमबाढीले रसुवातर्फ जाने सडक र पुलमा क्षति पुर्‍याएपछि उत्तरी रसुवाको बाहिरी जिल्लासँगको स्थल सम्पर्क प्रभावित भएको थियो।

सडक सम्पर्क टुट्दा स्थानीयवासीको आवागमन नै ठप्प भएको थियो। तादी खोलामाथि पुल निर्माण भएपछि रसुवातर्फको आवागमन र राहत तथा पुनर्स्थापनाको कामलाई ठुलो राहत पुगेको छ।

नुवाकोटको त्रिशूलीस्थित नेपाली सेनाको नं. १४ बाहिनी अड्डाको इन्जिनियरिङ टोलीले सडक विभाग तथा स्थानीय तहसँगको समन्वयमा तादी खोलामा ५७.९ मिटर लामो र ५.५ मिटर चौडा ‘एक्रो ब्रिज’ निर्माण गरेको हो। कुल ६० टन भारवहन क्षमता रहेको पुल बिहीबारदेखि सवारीसाधनका लागि सञ्चालनमा आएको छ।

सेनाले भदौ २० गतेबाट उक्त पुल निर्माण कार्य सुरु गरी ७२ घण्टामै तयार गरी स्थानीय तह र आयोजनालाई पुल हस्तान्तरणसमेत गरेको छ। निर्माण सम्पन्न उक्त पुल सडक आयोजना र विदुर नगरपालिकालाई संयुक्त रूपमा हस्तान्तरण गर्दै उपरथी रन्जित थापाले विपत्को अवस्थामा छोटो समयमै महत्त्वपूर्ण संरचना निर्माण गर्न सक्नु सेनाको पूर्वतयारी र प्राविधिक क्षमताको परिणाम भएको बताउनुभयो।

“हामीले भदौ २० गतेदेखि निर्माण कार्य सुरु गरेका थियौँ। सामग्री ढुवानीको समयसमेत जोड्दा पाँच दिन लागेको भए पनि पुल निर्माणको वास्तविक ‘रनिङ टाइम’ ७२ घण्टा मात्र हो,” उहाँले भन्नुभयो।



रसुवास्थित तादी खोलामा नेपाली सेनाले बनाएको पुल।

पुल निर्माणमा नेपाली सेनाको ५५ सदस्यीय इन्जिनियरिङ टोली अहोरात्र खटिएको थियो। खोलाको बहाब, मौसम र भौगोलिक अवस्थालाई ध्यानमा राख्दै टोलीले निरन्तर काम गरेपछि तोकिएको समयभन्दा निकै कम अवधिमा पुल निर्माण सम्पन्न भएको हो।

सेनाले विपत्का बेला तत्काल प्रयोग गर्न सकिने गरी देशका विभिन्न रणनीतिक स्थानमा बेलिब्रिज निर्माणका सामग्री भण्डारण गरेर राखेका कारण छिटो पुनर्स्थापना सम्भव भएको हो।

» बाँकी पृष्ठ २ मा

## सुरुङभित्र खोजी तीव्र

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन व्यक्तिको खोजीका लागि नेपाली सेनाले जलविद्युत् आयोजनाका सुरुङदेखि नदीकिनार र प्रभावित बस्तीमा खोजी अभियान तीव्र पारेको छ। उद्धारसँगै अवरुद्ध सडक तथा पुल सञ्चालन, पहुँच मार्ग निर्माण र आपत्कालीन स्वास्थ्य सेवासमेत समानान्तर रूपमा अगाडि बढाइएको छ। नेपाली सेनाले बिहीबार साँझसम्म हवाई साधनमार्फत थप ३० जनाको उद्धार गरेको छ। यससँगै बाढीपछि हवाई माध्यमबाट उद्धार गरिएकाको सङ्ख्या चार हजार १११ पुगेको छ। उद्धार गरिएकामध्ये तीन हजार ८२८ नेपाली र २८३ विदेशी नागरिक छन्।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार रसुवागढी जलविद्युत् आयोजनाको पावरहाउस, ट्रान्सफर्मर रुम तथा कन्ट्रोल प्वाइन्टमा संयुक्त टोलीले खोजी गरिरहेको छ।

त्यसै गरी लाङटाङ आयोजनामा २५ सदस्यीय सैनिक टोली सुरुङभित्र परिचालित छन्। चिलिमे जलविद्युत् आयोजनामा सुरुङमा जमेको लेदो हटाउँदै भारी उपकरण पुर्‍याउन पहुँच निर्माण भइरहेको छ। आयोजनास्थलसम्म सडकको ट्र्याक खोलिएको र सुरुङसम्म ३५ मिटर दुरी बाँकी रहेको सेनाले जनाएको छ।

# वार्षिक प्रतिवेदन पेस

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ २५ गते*

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष लोक सेवा आयोगले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन पेस गरेको छ। नेपालको संविधानको धारा २९४ बमोजिम लोक सेवा आयोगका कार्यवाहक अध्यक्ष माधव बेल्बासेले बिहीबार राष्ट्रपति कार्यालयमा राष्ट्रपति पौडेलसमक्ष आयोगको वार्षिक प्रतिवेदन पेस गर्नुभएको हो।आयोगले आव २०८२/८३ मा गरेका काम कारबाही तथा गतिविधि समेटिएको वार्षिक प्रतिवेदन संवैधानिक व्यवस्था अनुसार राष्ट्रपतिसमक्ष पेस गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

# नेपालको पीडामा अमेरिकाको ऐक्यबद्धता

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ २५ गते*

अमेरिकाका उपविदेशमन्त्री सारा बी रोजर्सले नेपालमा भोटेकोशी हिमबाढीले पुऱ्याएको जनधनको क्षतिप्रति दुःख प्रकट गर्दै ऐक्यबद्धता जनाउनुभएको छ। अमेरिकास्थित नेपालको दूतावासमा बुधबार राति पुगेर उहाँले शोक पुस्तिकामा हस्ताक्षर गर्दै नेपालको दुःखमा अमेरिकासरकारका तर्फबाट ऐक्यबद्धता जनाउनुभएको हो। सो क्रममा नेपालका तर्फबाट अमेरिकाका लागि कार्यवाहक राजदूत शरदराज आरणसँग नेपालको वर्तमान अवस्थाका बारेमा छलफल गर्नुभएको दूतावासले जनाएको छ।

दूतावासका अनुसार उपविदेशमन्त्री साराले हालैको आफ्नो नेपाल भ्रमणको स्मरण गर्दै नेपाल र अमेरिकाबिचको सुमधुर सम्बन्धको चर्चा गर्नुभएको छ। पीडाको यस कठिन घडीमा नेपाललाई आवश्यक सहयोग तथा सहायता प्रदान गर्न अमेरिका सरकार तयार रहेको पनि उहाँले बताउनुभयो। कार्यवाहक राजदूत आरणले अमेरिकी सरकार र जनताबाट प्राप्त सहानुभूति, ऐक्यबद्धता र सहयोगप्रति हार्दिक आभार व्यक्त गर्नुभएको जानकारी दिनुभयो।

### नयाँ कार्यवाहक राजदूत

यसैबिच नेपालका लागि नयाँ कार्यवाहक राजदूत मेगन बोल्डिनले नेपालस्थित अमेरिकी दूतावासमा आफ्नो कार्यभार समाल्नुभएको छ। मेगनले आगामी केही महिना नेपालको भोटेकोशी हिमबाढीको प्रतिकार्यमा सघाउने लक्ष्य लिनुभएको छ।

# बाढीपीडितको सारथि 'र्‍याट'



भोटेकोशी हिमबाढीमा परेकाहरूलाई उद्धार गर्दै 'र्‍यापिड एक्सन टिम' का उद्धारकर्मी।

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ २५ गते*

भदौ १० गते बिहान करिब ९ बजे भोटेकोशी नदीमा बाढी आएको खबर आयो। उक्त खबर सुन्नेबित्तिकै राष्ट्रिय स्वतन्त्र पार्टीले स्थापना गरेको र्‍यापिड एक्सन टिम (र्‍याट) का प्रमुख बैकुण्ठ थापा 'आशिष' को नेतृत्वमा टोली त्यसतर्फ प्रस्थान गऱ्यो।

दिउँसो २ बजे त्रिशूली पुगेको सो टोली प्रशासनसँगको सहकार्यमा बाढीपीडितको उद्धार र खोजीमा जुट्यो। बाढी आएको सुरुकै दिनदेखि त्रिशूलीबाट उद्धार तथा खोजी कार्यमा सक्रिय र्‍याट समूह अहिलेसम्म निरन्तर खटिइरहेको छ। बाढीपीडितको समस्यामा हातेमालो गरिरहेको छ।

"हामी १० गते बाढी आएको खबर सुन्नेबित्तिकै नुवाकोट पुगेर स्वयंसेवकका रूपमा काम गर्न सुरु गरेका हौँ," र्‍याटका प्रमुख थापाले भन्नुभयो, "अकल्पनीय रूपमा मानवीय र भौतिक क्षति भएपछि तत्कालै प्रभावित क्षेत्रमा पुगेर प्रशासनसँगको समन्वयमा अहिलेसम्म काम गरिरहेका छौँ।"

उक्त टिम रसुवा, नुवाकोट र धादिङका बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत वितरण र सरसफाइमा केन्द्रित रहेको छ। साथै यी तीन जिल्लाबाहेक अन्य जिल्लामा समेत उक्त समूहका सदस्य सक्रियताका साथ काम गरिरहेका छन्। उक्त समूहका तर्फबाट विभिन्न जिल्लामा २५० देखि तीन सय जना स्वयंसेवक परिचालन भएको अध्यक्ष थापाले जानकारी दिनुभयो। प्रभावित क्षेत्रमा परिचालन भएका स्वयंसेवकले खाद्यान्न, लत्ताकपडा र अन्य अत्यावश्यक राहत सामग्री पुऱ्याउने काम गरिरहेका छन्।

"बाढीमा परी घाइते भएकालाई अस्पताल लैजानेदेखि जटिल समस्या भएकालाई हेलिकोप्टरमार्फत काठमाडौँ लैजान सहजीकरण गर्ने काम गऱ्यौँ," प्रमुख थापाले भन्नुभयो, "स्थानीय प्रशासनसँगको समन्वयमा, उद्धार, शव व्यस्थापन र होल्डिङ सेन्टरको व्यवस्थापनमा पनि हाम्रो सहयोग रहेको छ।" विभिन्न निकायको समन्वयमा बाढी प्रभावितका लागि खाद्यान्न, लत्ताकपडा र ओढ्नेओछ्याउने लुगा रसुवा र नुवाकोट बाढी प्रभावित क्षेत्रमा पठाइएको उहाँले बताउनुभयो। "औषधी, लत्ताकपडा, खाद्यान्नलगायत राहत प्राप्त भइरहेको छ," उहाँले भन्नुभयो, "हाम्रो टिमले स्थानीय प्रशासनसँगको सहकार्यमा राहत सामग्री पुऱ्याउने, वितरण गर्ने कार्य गरिरहेको छ, यो कार्यलाई हामीले निरन्तरता दिने छौँ।"

आफूहरूले पार्टीको पहिचान खुल्ने झन्डा, टिसर्ट, टोपी भने प्रयोग नगरेको थापाले बताउनुभयो। "हामी पार्टीभन्दा माथि उठेर विपत्तिमा परेका नागरिकको सेवामा दिनरात खटिइरहेका छौँ," थापाले भन्नुभयो, "रसुवा र नुवाकोटमा बाढीपीडितको उद्धारदेखि चितवनको नारायणी किनारमा शव खोज्ने काममा हाम्रो साथ छ, यसमा हामी पार्टीभन्दा माथि उठेका छौँ, पार्टीको झन्डा तथा लोगो केही पनि प्रयोग गरेका छैनौँ।"

# जलवायु परिवर्तनका कारण रसुवा हिमबाढी : सभामुख

गोरखापत्र समाचारदाता
*ललितपुर, भदौ २५ गते*

प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्यालले रसुवा हिमबाढीको मूल कारण जलवायु परिवर्तन रहेको बताउनुभएको छ। जलवायु परिवर्तनको असमान भार थेग्न नेपाल बाध्य हुन नसक्ने र नेपाली नागरिकले जलवायु न्याय पाउनुपर्ने उहाँको भनाइ छ।

'साउथ एसिया वाइल्डलाइफ इन्फोर्समेन्ट नेटवर्क' (साविन) को ललितपुरमा बिहीबार आयोजित प्रथम महासभाको उद्घाटन गर्दै सभामुख अर्यालले भन्नुभयो, "महाविपत्तिको मूल कारण हामी नेपाली नभई विश्वव्यापी जलवायु परिवर्तन हो भन्ने कुरामा दुई मत छैन। जलवायु परिवर्तनका लागि ज्यान गुमाउनुभएका निर्दोष नागरिक कुनै पनि रूपमा कारक थिएनन्। विपत्तिको मार खेप्न बाध्य नागरिकप्रति अब विश्व मञ्चले गम्भीरतापूर्वक मनन गर्नुपर्ने बेला आएको छ।"

दक्षिण एसिया अनुपम प्राकृतिक सम्पदाले सम्पन्न क्षेत्र भएकाले हिमाल, वन, घाँसेमैदान, सिमसार, नदी र समुद्रले विश्व महत्त्वका जैविक विविधतालाई आश्रय दिएको सभामुख अर्यालले चर्चा गर्नुभयो। उहाँले यी प्राकृतिक स्रोतहरू हाम्रो अर्थतन्त्र, संस्कृति, जीविकोपार्जन र समुदायको जीवनसँग गहिरो रूपमा जोडिएको बतानुभयो।

सभामुख अर्यालले भन्नुभयो, "अवैध वन्यजन्तु व्यापार केवल वन वा वन्यजन्तु संरक्षणसँग सम्बन्धित विषय होइन, यसले हाम्रो प्राकृतिक सम्पदा, कानुनको शासन, सार्वजनिक संस्था, अर्थतन्त्र र स्थानीय समुदायको जीविकोपार्जनमा समेत असर पार्दछ। त्यसैले वन्यजन्तु अपराधको नियन्त्रण समग्र शासन व्यवस्था र सार्वजनिक उत्तरदायित्वसँग जोडिएको विषय हो।" राष्ट्रिय प्रयासलाई क्षेत्रीय सहकार्यले थप बलियो बनाउनुपर्ने चर्चा गर्दै उहाँले भन्नुभयो, "सीमापार अपराधको अनुसन्धान हुँदा आवश्यक सूचना समयमै सम्बन्धित देश र निकायसम्म पुग्नु पर्छ। छिमेकी मुलुकका निकायबिच प्रत्यक्ष सम्पर्क र विश्वास हुनु पर्छ।" कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले साविनको प्रथम महासभा संस्थागत दृष्टिले ऐतिहासिक उपलब्धि हुने बताउनुभयो। महासभामा हुने छलफल र निर्णयले दक्षिण एसियामा वन्यजन्तुसम्बन्धी कानुन कार्यान्वयन, निर्माण र संरक्षणले सार्थकता पाउने विश्वास व्यक्त गर्नुभयो। मन्त्री चौधरीले भन्नुभयो, "महासभाको निर्णयले सदस्य राष्ट्रहरूबिचको सहकार्यलाई सुदृढ बनाउनुका साथै राष्ट्रिय संस्थाहरूको क्षमता अभिवृद्धि र वन्यजन्तुको प्रभावकारी संरक्षणमा योगदान पुऱ्याउने छ।"

दक्षिण एसियाका देशहरूबिच वन्यजन्तु अपराध नियन्त्रण र क्षेत्रीय सहकार्यलाई अझ प्रभावकारी बनाउने साझा उद्देश्यका साथ प्रथम महासभामा आयोजना गरिएको हो। दुई दिनसम्म चल्ने महासभामा बङ्गलादेश, भुटान, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्कालगायतका सरकारी निकाय, कूटनीतिक नियोगका प्रतिनिधि र विज्ञहरूको सहभागिता छ।

# भ्रष्टाचार मुद्दा दायर

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ २५ गते*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको धनौजी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सावनकुमार चौधरीसहित १० जना र चार वटा कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

उक्त गाउँपालिका–२ स्थित गौरदहदेखि लखौरीसम्म सडक निर्माण गर्दा अनियमितता गरेको आरोपमा उनीहरूविरुद्ध बिहीबार विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरिएको हो।

आयोगका अनुसार सडक निर्माण गर्दा उनीहरूको मिलेमतोमा कामै नगरी आर्थिक अनियमितता गरेको अनुसन्धानबाट खुलेको छ। यस कार्यमा संलग्न रहेको आरोपमा आयोगले चौधरीसहित नगरपालिकाका लेखापाल राधेश्याम राय, खरिदार अरुणकुमार यादव, अहेव उमेश साह, तत्कालीन शिक्षा शाखाका प्रमुख अनिलकुमार साहुलाई प्रतिवादी बनाइएको छ।

त्यस्तै सडक निर्माणका लागि बोलपत्र आह्वान कार्यमा संलग्न भएको आरोपमा अमृत मिडिया प्राइभेट लिमिटेड तथा उक्त कम्पनीका प्रोप्राइटर राजेन्द्र यादव, जनकपुर टुडे मिडिया ग्रुप प्रालि तथा जनकपुर टुडे पत्रिकाका सम्पादक बृजकुमार यादव, साइन कन्स्ट्रक्सन धनुषा तथा उक्त कम्पनीका प्रोप्राइटर विकासप्रसाद यादव तथा एसकेवाई इन्जिनियरिङ एन्ड ट्रेडिङ प्रालि र उक्त कम्पनीका प्रोप्राइटर रामनारायण साह र असिस्टेन्ट सबइन्जिनियर सुभाषकुमार साहलाई पनि प्रतिवादी बनाइएको छ। प्रतिवादीलाई फरक फरक बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन अनुसार कारबाहीको माग गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

# पूर्वसांसद तामाङलाई साढे पाँच वर्ष कैद

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ २५ गते*

जिल्ला अदालत काठमाडौँले सिभिल सहकारी ठगी प्रकरणमा संविधान सभा सदस्यसमेत रहनुभएका इच्छाराज तामाङलाई पाँच वर्ष छ महिना कैद सजाय सुनाएको छ। न्यायाधीश कृतबहादुर बोहराको इजलासले भदौ ११ गते कसुर ठहरेकोमा बिहीबार सजाय निर्धारण गरेको हो। बोहराको इजलासले तामाङलाई बिगो अनुसारको दामासाही हुन आउने रकम जफत र ५० हजार रुपियाँ जरिवानाको समेत आदेश गरेको छ। सिभिल सहकारी ठगी प्रकरणको मुद्दामा कुल बिगो दाबी पाँच अर्ब ६७ करोड ५५ लाख २४ हजार ३९७ रुपियाँ रहेको थियो।

जिल्ला अदालतका सूचना अधिकारी शिव खतिवडाका अनुसार तामाङसहित १६ जनालाई कैद तथा जरिबानाको सजाय तोकिएको हो। अदालतले प्रतिवादी दुर्गाप्रसाद सङ्ग्रौलालाई छ महिना कैद र ५० हजार रुपियाँ जरिबाना तथा बिगो बराबरको दामासी भराउने आदेश गरेको छ। अदालतले १६ मध्ये १५ प्रतिवादीको हकमा मूल बिगोको दामासाही कायम हुने आदेश गरेको छ। अदालतले कसुर ठहर भएकामध्ये जयन्द्रलाल श्रेष्ठ, खेमनाथ डल्लाकोटी र प्रवीणप्रसाद प्रधानलाई जनही छ महिना कैद तथा ५० हजार रुपियाँ जरिबानाको आदेश गरेको छ। यस्तै केशवलाल श्रेष्ठलाई पाँच वर्ष कैद र ४५ हजार रुपियाँ जरिबानाको आदेश अदालतले गरेको छ। प्रतिवादी रामकृष्ण पौडल र हरिहरप्रसाद लामिछानेलाई जनही एक/एक वर्ष कैद र १० हजार रुपियाँ जरिबाना हुने अदालतको ठहर छ।

अदालतले मुकुन्दप्रसाद नेउपानेलाई छ महिना कैद र पाँच हजार जरिबानाको आदेश गरेको छ। दानहिरा तुलाधरलाई अदालतले एक वर्ष कैद र १० हजार रुपियाँ जरिबानाको आदेश गरेको छ। नगेन्द्र विमली, रामराज मास्के र हरिप्रसाद रिसाललाई अदालतले जनही छ महिना कैद र पाँच हजार रुपियाँ जरिबानाको आदेश गरेको छ। प्रतिवादी सिर्जना शाक्य तामाङलाई अदालतले एक वर्ष कैद र १० हजार रुपियाँ जरिबानाको आदेश गरेको छ।

कसुर ठहर भएका प्रतिवादीमध्येका लालकाजी गुरुङलाई अदालतले एक वर्ष कैद तथा १० हजार रुपियाँ जरिबाना हुने आदेश गरेको छ। गुरुङले सहकारीबाट लिएको छ करोड ९० लाख रुपियाँको हालसम्मको सावा तथा ब्याजसमेत भराउने आदेश पनि अदालतले गरेको छ। मुद्दामा कायम भएको मूल बिगोबाट ऋणको सावाँ ब्याज घटाउँदा कायम हुने बिगोको दामासाही रूपमा भराउने आदेश पनि गुरुङको हकमा अदालतले गरेको छ। अदालतले प्रतिवादी मीना गुरुङको हकमा पाँच महिना कैद र चार हजार रुपियाँ जरिबानाको आदेश गरेको छ।

# सरकारसँग हातेमालो गर्दै राजनीतिक दल

शम्भु दङ्गाल
*काठमाडौँ, भदौ २५ गते*

भोटेकोशी हिमबाढीले रसुवा र नुवाकोटमा पुऱ्याएको अकल्पनीय भौतिक तथा मानवीय क्षतिपछि सरकारका संयन्त्रहरूसँगै राजनीतिक दलहरू पनि उद्धार, राहत र सहयोगका लागि प्रभावित क्षेत्रमा खटिरहेका छन्।

प्रतिनिधि सभाको सबैभन्दा ठुलो दल राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५० लाख रुपियाँ आर्थिक सहयोग गर्ने घोषणा गरिसकेको छ। रास्वपाले केन्द्रबाट सरकार र राजनीतिक दलहरूसँग खोज, उद्धार, राहत र पुनर्स्थापनाका लागि समन्वय गर्ने काम गरिरहेको पार्टीका प्रवक्ता जगदीश खरेलले जानकारी दिनुभयो। पार्टी केन्द्रीय कार्यालय अन्तर्गत रहेको 'र्‍यापिड एक्सन टिम' ले विपद्ग्रस्त क्षेत्रमा पुगेर राहत र उद्धारका लागि काम गरिरहेका छन्। पार्टी प्रदेश, जिल्ला र स्थानीय तहका विभिन्न टिमले सरकारका तीन वटै तहबाट भएका कामलाई सहयोग गर्ने काम भइरहेको उहाँले बताउनुभयो।

प्रवक्ता खरेलले भन्नुभयो, "पार्टीबाट राहत, उद्धार र पुनर्स्थापनाका लागि विभिन्न टोली परिचालन गरिएको छ। कहाँ कस्तो क्षति भएको छ, राहत कति चाहिन्छ, कहाँ के आवश्यकता छ भनेर बुझ्नका लागि एउटा छुट्टै टिम पनि खटिएको छ। हाम्रा विभिन्न टिम पुनर्निर्माण गर्ने कामसम्मका लागि खटिरहेका छन्।" विपत्पछि भ्रामक सूचना फैलिएको अवस्थामा पार्टीका तर्फबाट सही सूचना प्रवाहका लागि सञ्चार टिम पनि तयार पारिएको उहाँले जानकारी दिनुभयो।

यसैबिच नेपाली कांग्रेसले सरकारलाई सोमबार एक करोड रुपियाँको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गर्नुका साथै सङ्घीय सांसदको आधा महिनाको पारिश्रमिक पनि सहयोग गर्ने निर्णय गरेको छ। पार्टी सभापति गगनकुमार थापा बाढी प्रभावित क्षेत्रमा पुगेर फर्किनुभएको छ। पार्टीको सम्पूर्ण संयन्त्र उद्धार, खोज, राहत र पुनर्स्थापनामा लागिपरेको कांग्रेस केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले जानकारी दिनुभयो।

सिवाकोटीले भन्नुभयो, "पार्टीको सिङ्गो संयन्त्र विपद्ग्रस्त क्षेत्रमा काम गरिरहेको छ। स्थानीय जनप्रतिनिधि, प्रदेश तथा सङ्घीय सांसदले स्थलगत रूपमा समन्वय गरिरहनुभएको छ। नेपाल तरुण दलको सिङ्गो टिमले क्षतिग्रस्त अस्पताल र विद्यालयमा बस्नयोग्य बनाउने काम गरिरहेको छ, नेविसङ्घले तीन वटै जिल्लामा भत्किएका घरबाट सामान उद्धारका लागि सहयोग गरिरहेको छ।" रसुवाका ५९ बेपत्ता परिवारका लागि आफ्नो नेतृत्वमा एक ट्रक चामल लिएर जान लागेको उहाँले जानकारी दिनुभयो।

यता नेकपा (एमाले) ले एक करोड २० लाख रुपियाँ सहयोग गर्ने घोषणा गरेको छ। पार्टी अध्यक्ष केपी शर्मा ओली बाढी प्रभावित क्षेत्र धादिङको गल्छीदेखि नुवाकोटको बट्टार, ढुङ्गेबजार, देवीघाटसम्म पुगेर केही प्रभावित र घाइतेलाई भेटेर फर्किनुभएको छ।

राहत तथा उद्धारका लागि पार्टीका विभिन्न जनवर्गीय सङ्गठन प्रभावित क्षेत्रमा खटाइएको एमाले प्रचार विभाग प्रमुख नीरज आचार्यले जानकारी दिनुभयो।

यसैबिच नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सरकारको कोषमा २५ लाख रुपियाँ दाखिला गरेको छ। पार्टीको युवा सङ्गठन वाइसिएलले एक सातासम्म राहत, खोज र उद्धारको काम गरेर पुनः प्रभावित क्षेत्रमा एक सय सिलिन्डर ग्यास लिएर गएको नेकपाका सांसद रमेश मल्लले जानकारी दिनुभयो। प्रभावित क्षेत्रमा विद्यार्थी सङ्गठन पनि परिचालन गरिएको उहाँले बताउनुभयो।

यता प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा १५ लाख रुपियाँ सहयोग गर्ने घोषणा गरेको श्रम संस्कृति पार्टीले विदेशमा रहेका शुभचिन्तकसँग पनि आर्थिक सहयोग उठाइरहेको छ। यसरी सङ्कलित रकम अर्को साता सार्वजनिक गरेर सरकारी कोषमा जम्मा गरिने सो दलका सांसद पूर्णप्रसाद लिम्बूले जानकारी दिनुभयो। पार्टी अध्यक्ष हर्क साम्पाङसहितको टोली बाढीग्रस्त क्षेत्र रसुवा पुगेर राहत तथा खोजीमा लागिपरेको उहाँले बताउनुभयो।

राप्रपाले विपत्मा सरकारलाई सहयोगका लागि आर्थिक सङ्कलन गरिरहेको छ। पार्टी कार्यकर्तालाई प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा आर्थिक सहयोग गर्न निर्देशन दिइएको र कार्यकर्ता स्वस्फूर्त रूपमा राहत तथा उद्धारका लागि खटिरहेको सो पार्टीका प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिनुभयो।

## पुनर्निर्माणमा...

कुल पुनर्निर्माण लागतको तुलनामा पूर्वाधार क्षेत्रको हिस्सा मात्रै ७५ प्रतिशत हुन आउँछ।

पूर्वाधार क्षेत्रमध्ये पनि ऊर्जा र सडकमा सबैभन्दा धेरै क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ। बाढीपछि ७५९ मेगावाट क्षमताका १३ वटा जलविद्युत् आयोजना र २४ मेगावाटका पाँच वटा सोलार प्लान्ट प्रभावित भएका छन्। ऊर्जा तथा ग्रिड प्रणालीको पुनर्निर्माणका लागि मात्रै तीन खर्ब ९० अर्ब ६२ करोड ३० लाख ४० हजार रुपियाँ आवश्यक पर्ने अनुमान प्रतिवेदनमा गरिएको छ।

यसबाहेक सडक तथा यातायात पूर्वाधारका लागि ७३ अर्ब ३४ करोड २९ लाख ६० हजार रुपियाँ आवश्यक पर्ने सरकारको अनुमान छ। बाढीले धादिङ, नुवाकोट र रसुवामा ६९ किलोमिटर सडकखण्ड क्षतिग्रस्त बनाएको छ। त्यस्तै ३३ वटा मोटरेबल पुल बगेका छन् भने चार वटामा आंशिक क्षति पुगेको पाइएको छ। बाढी प्रभावित क्षेत्रमा रहेका ६४ वटा झोलुङ्गे पुलमध्ये ५३ वटामा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ।

बाढीका कारण सामाजिक तथा उत्पादन क्षेत्रमा पनि भौतिक र आर्थिक असर परेको सरकारको अध्ययनले देखाएको छ। बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन गरी सात हजार ५७० वटा निजी घर क्षतिग्रस्त भएको प्राधिकरणको तथ्याङ्क छ। पाँच जिल्लाका प्रभावित १५ स्थानीय तहमध्ये नुवाकोटको विदुर नगरपालिकामा मात्रै तीन हजार २६ घरमा क्षति पुगेको अध्ययनले देखाएको छ।

त्यस्तै ४८ वटा सार्वजनिक भवन, १८ वटा विद्यालय, सात वटा स्वास्थ्य संस्था र ३० वटा सांस्कृतिक सम्पदामा क्षति पुगेको प्राधिकरणले जनाएको छ। यस क्षेत्रका लागि मात्रै एक खर्ब तीन अर्ब ५४ करोड ९९ लाख रुपियाँ बजेट आवश्यक पर्ने सरकारको अनुमान छ।

व्यापार, व्यवसाय, बैङ्क र कृषि क्षेत्रसमेत गरी उत्पादन क्षेत्रको पुनरुत्थानका लागि ५० अर्ब ७७ करोड ४९ लाख रुपियाँ लाग्ने सरकारको अनुमान छ। यस क्षेत्र अन्तर्गत एक हजार ८०६ हेक्टर कृषिबाली, १७ वटा बैङ्क शाखा र चार हजार आठ सय व्यापारिक प्रतिष्ठान प्रभावित भएको पाइएको छ।

विपत् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापनका लागि थप ९४ अर्ब ७५ करोड ३१ लाख रुपियाँ र लेदो तथा भग्नावशेष व्यवस्थापनका लागि ५१ करोड ५४ लाख रुपियाँ आवश्यक पर्ने अनुमान पनि प्रतिवेदनमा गरिएको छ।

बाढीपछिको पुनर्निर्माणका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न सरकारले दाता सम्मेलन आयोजना गर्ने, दातृ निकायसँग अनुदान र सहुलियतपूर्ण ऋण लिने, जलवायु न्यायबापतको क्षतिपूर्ति माग गर्नेलगायत विकल्पमा तयारी गरेको छ।

त्यस्तै तत्काल राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गर्न सार्वजनिक अनुरोध गरेको छ। कोषमा बिहीबारसम्म १२ अर्ब ६३ करोड ९२ लाख ५७९ रुपियाँ मौज्दात रहेको छ।

जसमध्ये सरकारले एक अर्ब रुपियाँ बाढी प्रभावित क्षेत्रमा राहत तथा उद्धारका लागि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा निकासा गरिसकेको छ।

## जलवायु...

यसरी जवाफ आउनु भनेको नेपालको तत्कालीन र भविष्यमा हुने पहलका लागि पनि निकै बलियो आधार रहेको दाबी उहाँले गर्नुभयो।

जवाफी पत्रमा भनिएको छ, "नोक्सानी तथा क्षतिको प्रतिकार्यका लागि कोषको बोर्डको सहअध्यक्षको हैसियतमा लेख्दैछौँ, विनाशकारी भोटेकोशी बाढीबाट भएको अत्यधिक क्षति र नोक्सानीका सन्दर्भमा नेपाली जनताप्रति गहिरो सहानुभूति व्यक्त गर्दछौँ, साथै यसै पत्रमार्फत हामी नेपाल सरकार र नेपाली जनतासँग हाम्रो अटल ऐक्यबद्धता प्रकट गर्दछौँ।"

नेपाललाई आश्वस्त पार्दै कोषले अति जरुरी अनुरोधलाई सकेसम्म चाँडो सम्बोधन गर्न कोषको बोर्ड समितिसँग नियमित सम्पर्कमा रहेर ताकिता गरिरहेको जनाएको छ। अध्यक्षद्वयले पत्रमा अगाडि भन्नुभएको छ, "बोर्डले हाम्रो ताकितालाई सकेसम्म छिटो र अर्थपूर्ण बनाउन माग गर्दै सिफारिस गरेका छौँ, जस अनुसार कोषको कायम जनादेश, रूपरेखा, संरचना, नीति र प्रक्रिया सबै विकल्पका बारेमा धारणा बनाओस् भन्ने चाहेका छौँ।" विनाशकारी भोटेकोशी हिमबाढीको घटनाको प्रतिक्रियामा नेपाल सरकारको प्रयास केन्द्रित भएको र यस समयमा भएको क्षतिको प्रारम्भिक मूल्याङ्कन, आधिकारिक तथ्याङ्क, भू–उपग्रहका जानकारी र क्षतिको अनुमान प्रदान गर्न नेपाल सरकारले व्यक्त गरेको तत्परताको प्रशंसा कोषले गरेको छ। भविष्यमा आवश्यक पर्ने कुनै पनि जानकारीका लागि सचिवालयले नेपाल सरकारलाई सम्पर्क गर्ने भएकाले तयारी अवस्थामा रहन पनि कोषले अनुरोध गरेको छ।

यही भदौ १० गते भोटेकोशीमा आएको भीषण हिमबाढीले नेपालमा ठुलो जनधनको क्षति गरेकाले जलवायु न्यायसहितको आपत्कालीन क्षतिपूर्तिको माग गर्दै नेपाल सरकारले भदौ १५ गते कोषलाई पत्र लेखेको थियो। विश्वव्यापी तापक्रम र जलवायु परिवर्तनको गम्भीर असरका कारण लाङटाङ लिरुङ हिमालको ठुलो हिउँसहितको चट्टान खसेर भोटेकोशीमा भीषण हिमबाढी आउँदा नेपालमा अकल्पनीय क्षति पुगेको प्रारम्भिक तथ्य उक्त पत्रमा औँल्याइएको थियो। जलवायु न्याय दिलाउने कोषको आश्वासन आए पनि अब बस्ने बोर्डको बैठकले कस्तो निर्णय गर्छ भन्ने कुरा हेर्न बाँकी रहेको विज्ञहरूले औँल्याउनुभएको छ। नवनिर्मित कोषका आफ्नै प्रक्रियागत जटिलता रहेकाले निर्णयमा त्यसको असर नपरोस् भन्नेमा कोषका बोर्ड सदस्यहरूले यसअघि नै सचेत गराएका थिए। अधिकांश बोर्ड सदस्यको भावनात्मक साथ नेपालको पक्षमा राख्दै छिटो निर्णय गर्न पत्रसमेत लेखेको थियो।

गत वर्षको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घका पक्ष राष्ट्रहरूको सम्मेलन (कोप ३१) ले कोषका लागि दाबी गर्न घोषणा गरे अनुसार नेपालले यसअघि पनि तीन वटा प्रस्ताव पेस गरिसकेको अवस्था छ। जुन आपत्कालिन नभई प्रक्रियागत रूपमा पाउन सक्ने क्षतिपूर्तिको दाबी हो।

## जोडियो...

नेपाली सेनाको नं. १४ बाहिनीका बाहिनीपति सहायकरथी जगदीश खड्काका अनुसार सेनाले देशका विभिन्न रणनीतिक स्थानमा पुल निर्माणका सामग्री 'स्टक' राखेको छ। तादी खोलाको पुल निर्माणका लागि गजुरीमा भण्डारण गरिएको सामग्री तत्काल निर्माणस्थलमा ल्याइएको थियो। उहाँले भन्नुभयो, "नेपाली सेना नेपाल र नेपालीमाथि आइपर्ने कुनै पनि विपत्मा अग्रपङ्क्तिमा उभिएर प्रतिकार्य गर्न कटिबद्ध छ। नागरिकको अपेक्षा र सेनाप्रतिको भरोसालाई आत्मसात् गर्दै अहोरात्र खटिएर पुल निर्माण गरेका हौँ।"

विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठले पुल निर्माणका लागि आवश्यक पार्टपुर्जा, मेसिन तथा स्थानीय सामग्री व्यवस्थापन गरी नेपाली सेनाले निकै छिटो निर्माण सम्पन्न गरी प्रभावित क्षेत्रमा पहुँच पुऱ्याएर अतुलनीय योगदान गरेको बताउनुभयो।

गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबेँसी–रसुवागढी सडक आयोजनाका प्रमुख कृष्णनाथ ओझाले बाढीपछि सडक सम्पर्क पुनर्स्थापनाका लागि विभिन्न निकायबिचको समन्वय महत्त्वपूर्ण भएको बताउनुभयो।

पुल सञ्चालनमा आएसँगै गल्छीदेखि देवीघाट हुँदै त्रिशूलीसम्मको करिब २६ किलोमिटर सडक सम्पर्क थप सहज भएको छ। यसले गल्छीतर्फ जाने तथा गल्छीबाट देवीघाट–त्रिशूली हुँदै माथिल्लो क्षेत्रतर्फ जाने सवारीसाधनलाई सहज बनाएको छ।

बाढीपछि तत्कालीन प्राथमिकता उद्धारमा राखेको सेनाले प्रभावित क्षेत्रलाई सामान्य अवस्थामा फर्काउने अनेक चुनौतीको सामना गर्दै सडक र पुल जस्ता पहुँच संरचनाको पुनर्स्थापनामा प्राथमिकता दिएको छ।

प्रभावित क्षेत्रमा खोज तथा उद्धारसँगै सडक, पुल र अन्य पहुँच संरचना पुनर्स्थापनालाई पनि प्राथमिकतामा दिने क्रममा तादी खोलामा ७२ घण्टामै पुल निर्माण भएको देख्दा स्थानीय बासिन्दा निकै हर्षित हुँदै सेनाको उक्त कामको निकै प्रशंसा गरेका छन्। बाढीले बगाएको पुल तयार भई पुनः गाडी गुड्न थालेको देख्दा आफू निकै हर्षित भएको स्थानीय रामबहादुर तामाङले बताउनुभयो।

## घाइतेको...

यसै गरी त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट जीवितै उद्धार गरिएका सप्तरीका सञ्जय साह र काठमाडौँका कविर महर्जनसहित अर्का एक चिनियाँ नागरिकको छाउनीस्थित नेपाली सेनाको अस्पतालमा उपचार भइरहेको छ। उपचाररत तीन जनाकै स्वास्थ्यमा सुधार भइरहेको नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिनुभयो। "सबैको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको हाम्रो मेडिकल टिमले जानकारी दिएको छ," उहाँले भन्नुभयो, "आफन्तहरू पनि आएर भेटिरहनुभएको छ, सुरुङमुनि लामो समय रहनुभएकाले केही समय चिकित्सकको निगरानीमा अस्पतालमै उपचारपश्चात् घर फर्किनुहुने छ।"

छाउनी अस्पतालमा उपचाररत साह नेपाल विद्युत् प्राधिकरणका फोरम्यान पदका कर्मचारी हुनुहुन्छ भने महर्जन प्राधिकरणकै सुपरभाइजर हुनुहुन्छ। दुवै जनालाई उद्धारस्थलमै प्राथमिक उपचार गरी सेनाको हेलिकोप्टरमार्फत काठमाडौँ ल्याइएको थियो।

### अधिकांश घाइते घर फर्किए

भोटेकोशी बाढीबाट घाइते भई काठमाडौँका विभिन्न अस्पतालमा आइपुगेका बिरामीमध्ये अधिकांश बिरामी उपचारपछि घर फर्किसकेका छन्। महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचारका लागि आएका ८३ जना घाइतेमध्ये ७१ जना उपचारपछि घर फर्किसक्नुभएको छ। अस्पतालमा हाल १२ जना बिरामीको उपचार भइरहेको छ। सबैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालका सहायक सूचना अधिकारी रोस्याराले जानकारी दिनुभयो।

यसै गरी रसुवा बाढीबाट घाइते २५ जना बिरामी वीर अस्पतालमा अपचारका लागि भर्ना भएका थिए। तीमध्ये बिहीबारसम्म २० जना उपचारपछि घर फर्किसकेका छन् भने पाँच जनाको उपचार भइरहेको छ। वीर अस्पतालका प्रवक्ता डा. अनिता जिसीका अनुसार केही व्यक्तिमा मात्रै जटिल समस्या छ भने अधिकांश बिरामीको अवस्था सामान्य रहेको छ। "केही व्यक्तिमा पहिलेदेखि नै दीर्घरोगको समस्या पाइएको छ, बाँकी बिरामीको अवस्था सामान्य छ, केही दिनभित्र डिस्चार्ज गर्ने तयारीमा छौँ," उहाँले भन्नुभयो। यस्तै राष्ट्रिय ट्रमा सेन्टरमा बाढीबाट घाइते नौ जना उपचाररत छन्।

# उद्धार तथा पुनर्निर्माण प्रभावकारी बनाउन ध्यानाकर्षण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

विपत्‌बाट प्रभावित भइरहेका बेला नागरिकले खाना पकाउने एलपी ग्यासको समस्या झेलिरहेका भन्दै वितरण प्रणाली चुस्त बनाउन तथा बजार अनुगमनका लागि सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन्। प्रतिनिधि सभामा आकस्मिक, शून्य तथा विशेष समयमा सांसदहरूले ग्यास अभावसँगै रसुवा हिमबाढीपछिको उद्धार तथा पुनर्निर्माण प्रभावकारी रूपमा अगाडि बढाउन पनि माग गरेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का महामन्त्रीसमेत रहेका विपिनकुमार आचार्यले रसुवा बाढीपछिको पुनर्निर्माण शीघ्र अगाडि बढाउन माग गर्नुभयो। आचार्यले गत वर्षको जेनजी आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक संरचनाको पुनर्निर्माणमा भइरहेको ढिलाइमा पनि सरकारको ध्यानाकर्षण गराउनुभयो।

निजी क्षेत्रले संरचना निर्माण प्रभावकारी रूपमा नगर्दा सिंहदरबार तथा संसद् भवन पुनर्निर्माण हुन नसकेको उहाँले बताउनुभयो। नेपाली कांग्रेसका सचेतक निश्कल राईले विधि मागेर आन्दोलन गरेका युवाको परिवर्तनको जगमा बनेको सरकार स्वयम्ले विधि मिच्न लागेको आरोप लगाउनुभयो। राईले मन्त्रीहरूका पछिल्लो अभिव्यक्ति खेदजनक रहेको टिप्पणी गर्नुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रमुख सचेतक खुश्बु ओलीले बाढीपछि अस्थायी आश्रयस्थलमा रहेका महिला तथा बालबालिकाको अवस्था नाजुक रहेको बताउनुभयो।

### सम्पर्कविहीन नागरिक खोजी गर्न आग्रह

रास्वपाका सांसद खगेन्द्र कर्णले सप्तरीको गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालले भर्ना नलिएका कारण सडकमा एक महिलाले बच्चा जन्माउनुपर्ने अवस्था आएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। अस्पताल प्रशासनले महिलासँग पैसा नभएकाले भर्ना नलिएको भन्ने विषयमा सत्यतथ्य सार्वजनिक गर्न उहाँले माग गर्नुभयो।

रास्वपाकै बोधनारायण श्रेष्ठले ग्यास अभावको समस्या सम्बोधनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। श्रेष्ठले राज्यसंयन्त्रले अभाव हटाउन प्रयास गरेको बताइरहे पनि समस्या उस्तै रहेको बताउनुभयो। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद धनबहादुर बुढाले रसुवा बाढीमा सम्पर्कविहीन भएका नागरिकको खोज तथा उद्धारलाई प्राथमिकता दिन ध्यानाकर्षण गराउनुभयो।

### आपूर्ति सङ्कट र महँगीको जोखिम

सत्तारूढ रास्वपाकै सांसद लिमा अधिकारीले बाढीपछि सडक र सीमानाका अवरुद्ध हुँदा आपूर्ति सङ्कट र महँगीको जोखिम बढेको बताउनुभयो। अधिकारीले बाढीपहिरोका कारण मुख्य राजमार्ग अवरुद्ध हुँदा आपूर्ति शृङ्खला बिग्रिएको बताउनुभयो। दैनिक उपभोग्य वस्तुको ढुवानी प्रभावित हुँदा महँगीको जोखिम बढेको अधिकारीको भनाइ थियो। कांग्रेस सांसद गङ्गालक्ष्मी अवालले बाढी प्रभावितको उद्धारमा सामग्री अभाव रहेको बताउनुभयो। रास्वपाकै सांसद अमरेशकुमार सिंहले बाढीपहिरोले अर्थतन्त्रमा खर्बौंको क्षति पुगेको बताउनुभयो।

### क्यालीको सदस्यतामा छलफल

प्रतिनिधि सभामा एसियाली विधायिकी संस्थाहरूको परिषद् (क्याली) को सदस्यता प्राप्तिसम्बन्धी प्रस्तावमा छलफल भएको छ। सदस्यता प्राप्तिको अनुमतिअघि प्रतिनिधि सभामा प्रस्तावमा छलफल भएको हो। सभाले अनुमति दिएमा सदस्यता प्राप्तिको प्रक्रिया अघि बढ्ने छ। कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले बुधबारको बैठकमा प्रस्ताव पेस गर्नुभएको थियो। यस्तै सभामा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नागरिक लगानी कोष (तेस्रो संशोधन) विधेयक प्रस्तुत गर्नुभयो। मन्त्री वाग्लेले नै भुक्तानी तथा फर्स्योट (पहिलो संशोधन) विधेयक पनि प्रतिनिधि सभामा प्रस्तुत गर्नुभयो।

### विधेयक सर्वसम्मत पारित

राष्ट्रिय सभाले 'प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त नेपाल विशेष सेवा ऐन, २०४२ को साबिकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक, २०८३' सर्वसम्मतले पारित गरेको छ। प्रतिनिधि सभाबाट पारित सो विधेयक राष्ट्रिय सभाले समेत सोही स्वरूपमा पारित गरेको हो। राष्ट्रिय सभाको बिहीबारको बैठकमा सभाका अध्यक्ष नारायणप्रसाद दाहालले निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सभाले 'प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त नेपाल विशेष सेवा ऐन, २०४२ को साबिकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक, २०८३' सर्वसम्मतले पारित गरेको हो। राष्ट्रिय सभाका १४ जना सदस्यले विधेयकका दुई वटा दफामा तीन समूहमा संशोधन प्रस्ताव गर्नुभएको थियो।

ऐनको दफा ४ (१) मा सेवासम्बन्धी कार्य सञ्चालन गर्न 'प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय' अन्तर्गत राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुने उल्लेख छ। राष्ट्रिय सभाका सदस्यले नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ (१) मा रहेका 'सेवासम्बन्धी कार्य सञ्चालन गर्न' भन्ने शब्दपछिको 'प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय' भन्ने शब्द हटाइ 'गृह मन्त्रालय' भन्ने शब्द राख्न प्रस्ताव गर्नुभएको थियो। तर प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सरकारले अनुसन्धान विभागसहितका सुरक्षा निकायको स्वरूप, कार्य र जवाफदेहीतासँग सम्बन्धित छुट्टै विधेयक ल्याउने तयारी गरेको र सोहीबेला थप छलफल गर्न सकिने हुँदा तत्काललाई प्रधानमन्त्रीको कार्यालयमातहात नै राख्न आग्रह गर्नुभयो। मन्त्री गौतमको आग्रहमा संशोधनकर्ता सदस्यहरू सहमत भएपछि विधेयक प्रतिनिधि सभाकै स्वरूपमा पारित भएको हो।

# राप्रपाका प्रदेश सभा सदस्यलाई कारबाही गर्न पत्र

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, भदौ २५ गते*

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बागमती प्रदेश संसदीय दलले पार्टीको निर्णयविपरीत चलेको आरोपमा आफ्ना पाँच प्रदेश सभा सदस्यलाई पदमुक्त गर्न प्रदेश सभा सचिवालयमा पत्र पठाएको छ। राप्रपा बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक डम्बरबहादुर तामाङले उपसभामुखसमक्ष पत्र पठाउँदै भुवनकुमार पाठक, कुमारी तामाङ, लक्ष्मी घिमिरे, धनेश्वरी प्रजापति र आशा लामालाई प्रदेश सभा सदस्यबाट हटाउन माग गर्नुभएको हो। संसदीय दलका नेता उद्धव थापाका अनुसार पत्र बुधबार प्रदेश सभा सचिवालयमा दर्ता भएको छ।

मुख्यमन्त्री किरण थापामगरले प्रदेश सभाबाट विश्वासको मत लिने क्रममा राप्रपाभित्र सरकारलाई समर्थन गर्ने र विपक्षमा उभिने गरी दुई धार देखिएको थियो। संसदीय दलका नेता थापाले सरकारलाई विश्वासको मत दिने निर्णय गर्दै प्रदेश सभा सदस्यलाई बैठकमा अनिवार्य उपस्थित भई सरकारको पक्षमा मतदान गर्न ह्विप जारी गर्नुभएको थियो। पाँच प्रदेश सभा सदस्य बैठकमा अनुपस्थित भएपछि संसदीय दलले ह्विप उल्लङ्घन गरेको निष्कर्ष निकाल्दै कारबाही प्रक्रिया अघि बढाएको हो। राप्रपाका प्रदेश सभा सदस्य तथा निवर्तमान सभामुखसमेत रहेका भुवन पाठकसहित पाँच सांसद सरकारमा सहभागी हुने निर्णयको विपक्षमा रहनुभएको थियो।

उहाँहरूले पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनको निर्देशन अनुसार आफूहरू सरकारमा सहभागी नहुने पक्षमा रहेको बताउँदै आएका छन्। यसअघि भदौ १८ गते बसेको राप्रपा संसदीय दलको बैठकले पाँचै सांसदलाई ७२ घण्टाभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको थियो। तोकिएको समयभित्र स्पष्टीकरण नआएपछि पार्टी विधान तथा राप्रपा संसदीय दलको विधान, २०७९ बमोजिम उनीहरूलाई प्रदेश सभा सदस्यबाट हटाउने निर्णय गरिएको संसदीय दलका नेता थापाले बताउनुभयो।

बागमती प्रदेश सभामा राप्रपाका १२ सांसद छन्। मुख्यमन्त्री थापामगर नेतृत्वको सरकारलाई विश्वासको मत दिने विषयमा सात जना प्रदेश सभा सदस्य संसदीय दलको निर्णयको पक्षमा उभिनुभएको थियो भने पाँच सांसदले विरोध गर्नुभएको थियो। संसदीय दलका नेता उद्धव थापा निकट सात सांसद सरकारको पक्षमा उभिएपछि निवर्तमान सभामुख तथा राप्रपा महामन्त्री भुवन पाठक निकट पाँच सांसद सरकारको विपक्षमा देखिएका थिए।

# करिब छ अर्बको प्रादेशिक संरचनामा क्षति



**रसुवाको भोटेकोशी बाढीले क्षति पुऱ्याएको सडक।**

**मकवानपुर समाचारदाता**
*मकवानपुर, भदौ २५ गते*

रसुवाको भोटेकोशी र त्रिशूली नदीमा भदौ १० गते आएको बाढीले बागमती प्रदेश सरकारको लगानीमा निर्माण भएका भौतिक पूर्वाधारमा ठुलो क्षति पुऱ्याएको छ।

बाढीबाट प्रदेशका विभिन्न जिल्लामा सडक, सडक पुल, झोलुङ्गे पुल तथा सरकारी भवनमा गरी करिब छ अर्ब रुपियाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार बाढीबाट रसुवा, नुवाकोट, धादिङ र चितवनमा निर्माण भएका प्रादेशिक लोकमार्गलगायतका पूर्वाधारमा क्षति पुगेको छ। तीमध्ये नुवाकोटमा सबैभन्दा बढी क्षति भएको मन्त्रालयका सूचना अधिकारी इन्जिनियर वासुदेव दाहालले जानकारी दिनुभयो। मन्त्रालयका अनुसार नुवाकोटमा ३.५ किलोमिटर सडक, सडक पुल र झोलुङ्गे पुल तथा प्रादेशिक कार्यालयका भवनमा क्षति पुगेको छ। बाढीबाट ३.५ किलोमिटर सडकमा क्षति हुँदा करिब १६ करोड रुपियाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ।

सडक पुलतर्फ रसुवामा आठ, नुवाकोटमा १६ र धादिङमा छ वटा गरी ३० वटा पुल पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। नुवाकोटमा थप एउटा सडक पुलमा आंशिक क्षति पुगेको मन्त्रालयले जनाएको छ। तीन जिल्लाका सडक पुलमा मात्रै चार अर्ब ७६ करोड ५० लाख रुपियाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ। मन्त्रालयका अनुसार सडक पुलमा नुवाकोटमा दुई अर्ब पाँच करोड ४० लाख, धादिङमा दुई अर्ब सात करोड ५० लाख र रसुवामा छ करोड ३६ लाख रुपियाँ बराबरको क्षति पुगेको छ। झोलुङ्गे पुलतर्फ रसुवामा आठ वटा पूर्ण क्षति भएका छन्। नुवाकोटमा ११ वटा पूर्ण र आठ वटा आंशिक, धादिङमा १५ वटा पूर्ण, पाँच वटा आंशिक र तीन वटा सामान्य क्षति भएका छन्। चितवनमा त्रिशूली नदीमा आएको बाढीले एउटा झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त भएको छ।

झोलुङ्गे पुलमा रसुवामा सात करोड १० लाख, नुवाकोटमा २८ करोड ४० लाख, धादिङमा ३० करोड ३७ लाख ३६ हजार र चितवनमा दुई करोड २५ लाख गरी कुल ६८ करोड १२ लाख ३६ हजार रुपियाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान छ। सरकारी भवनतर्फ नुवाकोटमा त्रिशूली नदीको बाढीले प्रादेशिक कार्यालयका १० वटा भवन पूर्ण रूपमा र चार भवन आंशिक रूपमा क्षति भएका छन्। भवनमा मात्रै करिब ३३ करोड रुपियाँ बराबरको क्षति भएको मन्त्रालयका सूचना अधिकारी दाहालले बताउनुभयो। बाढीबाट क्षतिग्रस्त संरचनाको प्रारम्भिक विवरण सङ्कलन गरी क्षतिको मूल्याङ्कन भइरहेको मन्त्रालयले जनाएको छ। बाढीका कारण प्रदेश सरकारको लगानीमा निर्माण भएका सडक तथा पुललगायतका महत्त्वपूर्ण पूर्वाधारमा ठुलो क्षति पुगेपछि पुनर्निर्माणमा थप स्रोत आवश्यक पर्ने देखिएको छ।

# कृष्णभिरको दीर्घकालीन समाधान टनेल

**नारायणगढ समाचारदाता**
*मुग्लिङ, भदौ २५ गते*

देशकै प्रमुख राजमार्ग पृथ्वी राजमार्ग अन्तर्गत धादिङको कृष्णभिरमा देखिएको पहिरो र सडक भासिने समस्याको दीर्घकालीन समाधानको खोजी भइरहेको छ। राजमार्गभन्दा तल त्रिशूली नदीको कटान र त्यसको माथिल्लो भागमा देखिएको चिराका कारण कृष्णभिरमा पहिरोको जोखिम बढेको भन्दै विज्ञले दीर्घकालिन समाधानको खोजीमा लागेका छन्। तराईका जिल्लालाई काठमाडौँसँग जोड्ने प्रमुख मार्गका रूपमा रहेको पृथ्वी राजमार्गको कृष्णभिरमा सडक भासिने र पहिरो झर्ने समस्या पटक पटक दोहोरिँदै आएको छ।

२०५७ देखि समस्या देखिँदै आएको यस क्षेत्रमा पछिल्लो पटक भदौ १४ गते सडक भासिएपछि राजमार्ग अवरुद्ध छ। जियो टेक्निक सोसाइटीका महासचिव कल्पना अधिकारीले कृष्णभिरको दीर्घकालीन समाधानका लागि टनेल निर्माणको विकल्पमा अध्ययन भइरहेको बताउनुभयो। उहाँ कृष्णभिरको समस्या समाधानका लागि गठित अध्ययन समितिका सदस्यसमेत हुनुहुन्छ। "कृष्णभिरको दीर्घकालीन समाधान टनेल नै हो भन्ने सम्बन्धमा अध्ययन भइरहेको छ। अब हाम्रो सम्पूर्ण ध्यान टनेल बनाउनेतर्फ जानु पर्छ," उहाँले भन्नुभयो।

लामा टनेल निर्माण गर्दा खर्च बढी लाग्ने भएकाले जोखिमयुक्त स्थानमा छोटा छोटा टनेल निर्माण गर्ने विकल्पमा सरकारको ध्यान जानुपर्ने विज्ञहरूको सुझाव छ। विज्ञहरूका अनुसार कृष्णभिरको जोखिमयुक्त भाग छल्न करिब सात सय मिटर लामो टनेल निर्माण गरेर पनि समस्या समाधान गर्न सकिने सुझाव छ। सडक विभागका सिनियर डिभिजन इन्जिनियर सुरेश पौडेलले कृष्णभिरमा टनेल निर्माण गर्ने विषयमा विभागमा समेत छलफल भइरहेको बताउनुभयो। अहिले अवरुद्ध राजमार्ग सञ्चालनका लागि कृष्णभिरमै खटिएका पौडेलले पृथ्वी राजमार्गकै सबैभन्दा जोखिमयुक्त क्षेत्रमध्ये कृष्णभिर पनि रहेकाले यहाँ टनेल उपयुक्त विकल्प हुन सक्ने बताउनुभयो।

कृष्णभिर कमजोर भूबनोट भएको क्षेत्र हो। भूगर्भविद् संयोग खनालले कृष्णभिरको माथिल्लो भागमा चिरा देखिएकाले त्यसको विस्तृत अध्ययन आवश्यक रहेको बताउनुभयो। "अहिले चिरिएको ठाउँमा पानी छिर्‍यो भने ठुलो पहिरो जान सक्छ। यसले दीर्घकालीन समस्या निम्त्याउन सक्छ," उहाँले भन्नुभयो। अहिले डाइभर्सनका लागि ट्र्याक खोलिएको स्थानभन्दा माथिल्लो भागमा १० देखि १५ मिटर लम्बाइका पाँचदेखि सात वटा धाँजा चिरिएका छन्। पहिरोका साथै कृष्णभिरमा त्रिशूली नदीको कटान पनि अर्को समस्या बनेको छ। हाल राजमार्ग सञ्चालनका लागि डाइभर्सन निर्माणको काम भइरहेको छ। एकतर्फी ट्र्याक खोलिसकिएको र त्यसलाई विस्तार गरी दोहोरो लेन बनाएपछि यातायात सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। भिर कटानका लागि अहिले पाँच वटा एक्साभेटर र दुई वटा लोडर परिचालन गरिएको छ।

### पृथ्वी राजमार्गमा पहिरैपहिरो

पृथ्वी राजमार्गमा कृष्णभिर मात्रै होइन, अन्य धेरै स्थानमा पनि पहिरोको जोखिम छ। पृथ्वी राजमार्ग पुनर्निर्माण आयोजनाको पूर्वी कार्यालयका इन्जिनियर राजीव मानन्धरका अनुसार पोखरेखोला, चालिसे, सातकिलो, तेह्रकिलो, बाइसे, झ्यालखोला, परेवाभिर र कमेरीभिरलगायतका क्षेत्रमा नियमित पहिरो झर्ने गरेको छ। "राजमार्गमा यति नै स्थानमा पहिरो झर्छ भनेर भन्न सकिँदैन तर यी पहिरोका कारण राजमार्गको जोखिम बढेको छ," उहाँले भन्नुभयो।

# भूमिहीन परिवारको हातमा जग्गा धनीपुर्जा

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, भदौ २५ गते*

बर्सौंदेखि आफ्नै नाममा जग्गा हुने प्रतीक्षामा रहेका मकवानपुरगढी गाउँपालिका–३ का छ भूमिहीन सुकुमवासी परिवारले बुधबार पहिलो पटक जग्गाधनी दर्ता प्रमाणपुर्जा (लालपुर्जा) प्राप्त गरेका छन्। जिल्ला भूमि समस्या समाधान समिति गठन भएपछि मकवानपुरमा भूमिहीन सुकुमवासीलाई जग्गा धनीपुर्जा वितरण गरिएको छ। जिल्ला भूमि समस्या समाधान समिति मकवानपुर र मकवानपुरगढी गाउँपालिकाको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी एवं समितिका अध्यक्ष वसन्त अधिकारी, गाउँपालिका उपाध्यक्ष मानकुमारी पाख्रिन तथा समितिका सदस्यसचिव एवं नापी कार्यालय मकवानपुरका प्रमुख नापी अधिकृत महेश्वर कार्कीले लाभग्राहीलाई पुर्जा हस्तान्तरण गर्नुभयो। पुर्जा प्राप्त गर्नेमा रामबहादुर योञ्जन, उद्धवप्रसाद लम्साल, रुद्रप्रसाद सिम्खडा, पदमबहादुर वाइबा, तीर्थप्रसाद अधिकारी र जयराम पुडासैनी हुनुहुन्छ।

समितिका अनुसार पाँच परिवारलाई जनही ३०४.७२ वर्गमिटर र एक परिवारलाई ३४० वर्गमिटर जग्गा उपलब्ध गराइएको छ। एउटै कित्तामा करिब दुई धुर बढी जग्गा भएपछि लाभग्राहीले गोलाप्रथाबाट आआफ्नो कित्ता छनोट गरेका थिए। वडा र गाउँपालिकाको सिफारिसका आधारमा जग्गा बाँडफाँट गरिएको समितिले जनाएको छ। लामो समयदेखि जग्गाको कानुनी स्वामित्वको प्रतीक्षामा रहेका तीर्थप्रसाद अधिकारीले पुर्जा हातमा पर्दा खुसी लागेको बताउनुभयो। "जग्गाधनी प्रमाणपुर्जा पाउँदा हामी निकै खुसी छौँ। अब आफ्नो जग्गाको कानुनी प्रमाण हातमा आएको छ," उहाँले भन्नुभयो। समितिका सदस्यसचिव कार्कीले लाभग्राहीको सङ्ख्या थोरै भए पनि जिल्लामा पहिलो पटक पुर्जा वितरण हुनु महत्त्वपूर्ण सुरुवात भएको बताउनुभयो। प्रमुख जिल्ला अधिकारी अधिकारीका अनुसार जिल्लामा २५ हजार ५८० अव्यवस्थित बसोबासी, चार हजार ९०१ भूमिहीन सुकुमवासी र ५२३ भूमिहीन दलित गरी ३१ हजार चार जना लाभग्राहीका लागि निवेदन परेको छ। त्यस्तै कैलास गाउँपालिकाका ५७, बागमती गाउँपालिकाका ८८ र बकैया गाउँपालिकाका ५९ लाभग्राहीलाई समेत जग्गाधनी पुर्जा वितरण गर्ने प्रक्रिया अघि बढाइएको अधिकारीले जानकारी दिनुभयो।

# सहिद योगेन्द्रको स्मृतिमा सालिक तथा स्मृति पार्क

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, भदौ २५ गते*

जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका गोलन्जोर गाउँपालिका–१, च्याकुटार निवासी सहिद योगेन्द्र न्यौपाने (रोशन) को स्मृतिमा सालिकसहितको स्मृति पार्क निर्माण गरिएको छ। गोलन्जोर गाउँपालिकाले च्याकुटारस्थित सुनकोशी नदी किनारको उकास जमिनमा करिब एक रोपनी क्षेत्रफलमा न्यौपानेको अर्धकदको सालिकसहित स्मृति पार्क निर्माण गरेको हो। जेनजी आन्दोलनको एक वर्ष पुगेको अवसरमा सहिद न्यौपानेको प्रथम स्मृतिमा सालिक अनावरण तथा स्मृति पार्क उद्घाटन गरी सर्वसाधारणका लागि खुला गरिएको छ।

गाउँपालिकाको दुई लाख ५० हजार रुपियाँ र वडा कार्यालयमार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तीन लाख ५० हजार रुपियाँ गरी कुल छ लाख रुपियाँको लागतमा पार्क तथा सालिक निर्माण गरिएको वडाध्यक्ष सोमप्रसाद बरालले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पार्कको घेराबार लगाइएको हो भने गाउँपालिकाको बजेटबाट सालिक निर्माणलगायतका काम गरिएको हो। शालिक अनावरण तथा पार्क उद्घाटनसँगै सर्वसाधारणका लागि खुला गरिएको उहाँले बताउनुभयो।

गत भदौ २३ र २४ गते काठमाडौँमा जेनजी समूहले गरेको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर गोलन्जोर गाउँपालिका–१, च्याकुटारका २५ वर्षीय योगेन्द्र न्यौपाने र तीनपाटन गाउँपालिका–६, भलायोडाँडाका १९ वर्षीय दीपेश सुनुवारको मृत्यु भएको थियो। प्रदर्शनकारीको कुटपिटबाट प्रहरी सेवामा कार्यरत दुधौली नगरपालिका–८, खोरभन्ज्याङका करिब ३३ वर्षीय मिलन रायको पनि मृत्यु भएको थियो। सरकारले आन्दोलनका क्रममा ज्यान गुमाएका तिनै जनालाई सहिद घोषणा गरेको छ।


**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**मुद्रण विभागको**

**छपाइ तथा कार्यालय सामानसम्बन्धी बोलपत्र आह्वान**

बोलपत्र नं. DOP/G/NCB-01/2083-84
प्रकाशित मितिः २०८३/०५/२६

यस विभागमा आ.व. ०८३/०८४ का लागि आवश्यक छपाइ तथा कार्यालय सामान खरिद गर्नुपर्ने भएकाले सो सामग्री आपूर्ति गर्न इच्छुक फर्म वा कम्पनीहरूका लागि रीतपूर्वक बोलपत्र आह्वान गरिन्छ। थप जानकारीका लागि यस सूचनासँग सम्बन्धित सर्तहरूसहितको पूर्ण सूचना यस विभागको आधिकारिक वेबसाइट **www.dop.gov.np** मा हेर्न सकिने छ, तथा कार्यालय समयभित्र यस विभागमा सम्पर्क राख्न सकिने छ।





दिपु खड्गी

## सूचना

**मिति २०८२ साल भदौ १० गतेका दिन रसुवास्थित भोटेकोशीमा आएको बाढीमा परी रसुवास्थित घट्टेखोला बजारबाट यस काठमाडौँ महानगरपालिका वडा नं. ३० अन्तर्गत कमलपोखरीस्थित अमर गल्ली स्थायी ठेगाना भएका वर्ष ४४ का दिपु खड्गी हराई हालसम्म सम्पर्कमा नआउनुभएको हुँदा कोही कसैले देख्नु/भेट्नुभएमा नजिकको प्रहरी कार्यालय वा तपसिलको सम्पर्क नं. मा खबर गरिदिनुहुन अनुरोध गरिन्छ।**

सम्पर्क नं.
दिलिप कुमार खड्गी : ९८६२७९१९७४
वडा सदस्य मनोज कुमार डंगोल – ९८६१२३०२३०
का.म.पा. ३० वडा कार्यालय – ०१-४५१७९१८

**काठमाडौँ महानगरपालिका**
**३० नं. वडा कार्यालय**
ज्ञानेश्वर, काठमाडौँ।



**काठमाडौँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाइ**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८३।५।२६ (नेपाल संवत ११४६ गुंलागा आमै)

काठमाडौं महानगरपालिका खरिद एकाइले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रु.) |
|---|---|---|---|---|
| 1. | 21-31-082-083-NCBW-PWD-KMC | Construction work of Academic Building of Shree Kanti Ishwori Rajya Laxmi Primary School, KMC-24 | RM- Surak-Platinum JV | रु. ३,८४,२०,१२४.९० (पि.एस. र मु.अ. कर बाहेक) |
| 2. | 07-12-082-83-NCBG-HEALTH-KMC | Supply, Delivery and Installation of 1 Ton Inverter Type Wall Mounted Split AC for UHPC at KMC | N.P. Trade and stationery suppliers | रु. ११,४३,४५०.०० (मु.अ. कर बाहेक) |

खरिद एकाइ



## Invitation for Bids

**Nepal Rastra Bank, Assets and Service Management Department**
**Invitation for Bids No: NRB/WORKS/NCB/02/083/84**
Date of publication: **11-SEP-2026**

1. **Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu** invites sealed bids from Nepalese eligible bidders for **"The Procurement of Construction Works of Water Tank, Water Treatment/Filtration and Boring System at Nepal Rastra Bank, Baluwatar, Kathmandu"**, under National Competitive Bidding procedures. The estimated amount for the works is **NRs. 1,09,89,784.24** ***(without VAT and contingency but including PS).***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu**, Telephone : 977-1-5719641/42/43/44 (Ext. 1160) E-mail address: construction@nrb.org.np.
3. A complete set of Bidding Documents may be purchased from the office **Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu** or the office of **Nepal Rastra Bank, Banking Department, Thapathali, Kathmandu** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. **3,000/-** before 12:00 Noon of **02-OCT-2026** in the account as specified below:
   Name of the Bank: Nepal Rastra Bank
   Name of Office: Banking Department, Thapathali, Kathmandu
   Account no.: 1100000-030-012-524
   Rajaswa (revenue) Shirshak no.: Miscellaneous Income, Financial Management Department
4. Pre-bid meeting shall be held at Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu, Nepal on **21-SEP-2026** at 11:00 A.M.
5. Sealed bids must be submitted to the office **Nepal Rastra Bank, Assets and Service Management Department**, Baluwatar, Kathmandu, Nepal by hand/courier before 12:00 noon of **02-OCT-2026.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on **02-OCT-2026** at the office of Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu, Nepal. Bids must be valid for a period of **90 days** from the bid submission deadline and must be accompanied by a bid security amounting to a minimum of **NRs.2,90,000**, in the form of bank guarantee which shall be valid for 30 days beyond the validity period of the bid or cash deposit into the account as specified below:
   Name of the Bank: Nepal Rastra Bank
   Name of Office: Banking Department, Thapathali, Kathmandu
   Account no.: 1109901/011-203-524
   Rajaswa (revenue) Shirshak no. : Earnest Deposit Account, Financial Management Department
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. If the blacklisted (as per Public Procurement Act, 2063) firm, institution or company including its director or beneficial owner has opened or operated a firm, company, or institution - partially or fully, such firm, institution, or company shall not be eligible to submit the bid.
9. Nepal Rastra Bank reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to bidders.

'के हो ठुलो जगत्मा ?' 'पसिना विवेक'
'उद्देश्य के लिनु ?' 'उडी छुनु चन्द्र एक ।'
– लक्ष्मीप्रसाद देवकोटा



सम्पादकीय

# राष्ट्रसङ्घप्रतिको अपेक्षा

विश्ववासीको आस्था र भरोसाको केन्द्र विश्व संस्था संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभा अमेरिकाको न्युयोर्कस्थित राष्ट्रसङ्घीय मुख्यालयमा सुरु भएको छ । बङ्गलादेशका कूटनीतिज्ञ खालिलुर रहमानको अध्यक्षतामा सुरु भएको यस वर्षको महासभाको मुख्य नारा 'विश्वासको पुनर्बहाली, रूपान्तरणको व्यवस्थापन : सबैका लागि परिणाममुखी संयुक्त राष्ट्रसङ्घ' तय गरिएको छ । युद्ध, जलवायु परिवर्तन र अविश्वासको तापले रापिएको विश्व राजनीति र खस्कँदो बहुपक्षीयताबिच सुरु यो महासभा परम्परागत भेटघाटको थलो मात्र बन्नु हुन्न। यो संस्था विश्ववासीले भोगिरहेका विश्वव्यापी सङ्कटहरूको समाधान पहिल्याउने थलो बन्नु पर्छ । दोस्रो विश्वयुद्धको समाप्तिसँगै यो संस्थाको जन्म भयो । विगत आठ दशकदेखि तेस्रो विश्वयुद्ध हुन नदिन यसले भूमिका निर्वाह गरेको छ। तथापि अहिले यसको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा भएको छ। विगत साढे चार वर्षदेखि रुस–युक्रेन युद्ध चलेको छ। छ महिनादेखिको अमेरिका–इरान युद्ध रोकिएको छैन। यसले पश्चिम एसियामा अस्थिरता र तनाव बढाएको छ । अफ्रिकाका विभिन्न मुलुकमा जारी गृहयुद्ध साथै विश्व तापमान वृद्धिले विश्वमै गहिरो सङ्कट र पीडा थपेको छ। महाशक्ति राष्ट्रहरूको स्वार्थ बाझिएको छ। 'भिटो' शक्तिको दुरुपयोग भएको छ। यसलाई रोक्न राष्ट्रसङ्घभित्र व्यापक संरचनात्मक सुधार, विशेष गरी सुरक्षा परिषद्को लोकतन्त्रीकरण र वित्तीय सङ्कटको समाधान अपरिहार्य भइसकेको छ । यस्तो अवस्थामा महासभाको सबैभन्दा ठुलो चुनौती भनेकै बहुपक्षीय कूटनीतिमाथि सदस्य राष्ट्रहरूको विश्वास पुनर्स्थापित गर्नुपर्ने रहेको छ।

महासभाले यस पटक तत्काल प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने विषय सर्वव्यापी चुनौती थपेको जलवायु परिवर्तन नै हो। कार्बन उत्सर्जनमा नगण्य भूमिका भएका नेपाल जस्ता पर्वतीय र जोखिमपूर्ण मुलुकहरूले भोगिरहेका अनपेक्षित बाढीपहिरो, हिमाल र हिमनदी पग्लिने समस्या अब राजनीतिक वक्तव्यबाजीको विषय मात्र रहेन । यो मानव अस्तित्वकै सङ्कट बनिसकेको छ। यही सेप्टेम्बर २३ मा आयोजना हुने विशेष जलवायु सम्मेलनमा राष्ट्रसङ्घले अत्यधिक कार्बन उत्सर्जन गर्ने विकसित मुलुकलाई तिनको ऐतिहासिक जिम्मेवारी बोध गराउँदै 'जलवायु न्याय' र 'क्षतिपूर्ति' का लागि बाध्यकारी वातावरण निर्माण गर्नु पर्छ। यसका साथै सन् २०३० सम्ममा हासिल गरिसक्नुपर्ने दिगो विकास लक्ष्यतर्फको सुस्त प्रगतिलाई गति दिनु पर्छ। कोभिड–१९ महामारी, विश्वव्यापी आर्थिक मन्दी र युद्धका कारण सिर्जित महँगीले अति कम विकसित देशमा गरिबी र असमानता झन् बढाएको छ। यो सबैका लागि चिन्ताको विषय बनेको छ। महासभाको उद्घाटन सत्रलाई सम्बोधन गर्ने क्रममा राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले अहिलेको उथलपुथलपूर्ण समयमा विश्वव्यापी समस्या समाधान गर्ने प्रणालीले पहिलेभन्दा अझ बढी महत्त्व राख्ने प्रस्ट्याउनुभएको छ। विश्वमा द्वन्द्व, विभाजन र आणविक तनाव, गरिबी, असमानतासँगै जलवायु सङ्कट, कृत्रिम बुद्धिमत्ता जस्ता प्रविधिका कारण भविष्यमा निम्तिन सक्ने जोखिमप्रति थप सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभएको छ । गुटेर्रेसका अनुसार विश्वमा विस्थापित मानिसको सङ्ख्या उच्चस्तरमा पुगेको छ भने मानवीय पीडा बढ्दै गएको र सहायता तथा विकासका लागि उपलब्ध स्रोत घट्दै गएको छ । राष्ट्रसङ्घीय सुरक्षा परिषद् तथा अन्तर्राष्ट्रिय वित्तीय संरचनालगायत बहुपक्षीय संस्थाले पनि वर्तमान चुनौती सामना गर्न कठिनाइ भोगिरहेका छन् । उद्घाटन सत्रमा अध्यक्ष रहमानले विश्वव्यापी विकासका उपलब्धि कमजोर र अस्थिर हुँदै गएको साथै जलवायु परिवर्तनका असर तीव्र हुँदै गइरहेकामा गम्भीर चासो व्यक्त गर्नुभएको छ।

अब महासभाले बडापत्रमा समेटिएका अन्तर्राष्ट्रिय मुद्दामा बहुपक्षीय छलफल गर्ने मात्र होइन, परिणाममुखी नतिजा निकाल्नु पर्छ। रसुवाको भोटेकोशी हिमबाढीको महाविपत्तिमा परेको नेपालले महासभामा गम्भीरतापूर्वक जलवायु परिवर्तनको मुद्दालाई उठाउने भएको छ। यस पटक नेपालको नेतृत्व प्रधानमन्त्री वालेन्द्र शाहले गर्नुहुने छ। उहाँले पूर्ण तयारीका साथ महासभामा जलवायु परिवर्तन र जलवायु न्यायको विषयलाई गम्भीरतापूर्वक प्रस्तुत गर्नुहुने छ। जलवायु न्याय, अल्पविकसित देशको स्तरोन्नति र पर्वतीय अर्थतन्त्रका मुद्दालाई जोडदार रूपमा उठाउनु पर्छ। राष्ट्रसङ्घका अनुसार यही सेप्टेम्बर १८ मा दिगो विकास लक्ष्यसम्बन्धी विशेष सत्र चल्ने छ। महासभामा आमबहसका लागि सेप्टेम्बर २२ देखि २८ सम्मको कार्यसूची तय गरिएको छ। विकासको अधिकारसम्बन्धी घोषणापत्रको ४० औँ वार्षिकोत्सव मनाउन उच्चस्तरीय बैठक सेप्टेम्बर २३ मा, जलवायु परिवर्तनका असरको प्रतिकार्य र न्यायपूर्ण रूपान्तरणसम्बन्धी उच्चस्तरीय बैठक पनि सेप्टेम्बर २३ मा बस्ने छ। त्यस्तै समुद्री सतह वृद्धिबाट उत्पन्न जोखिम सम्बोधन गर्न उच्चस्तरीय बैठक सेप्टेम्बर २४ मा बस्ने कार्यसूची छ । अतः विश्ववासीले अहिले भोगिरहेका यावत् जल्दाबल्दा समस्या समाधान गर्न राष्ट्रसङ्घको भूमिका अग्रणी हुनु पर्छ। सङ्कटमा परेको शान्ति र सुव्यवस्था कायम हुनु पर्छ। त्यसका लागि अब राष्ट्रसङ्घ महाशक्ति राष्ट्रको प्रभावबाट मुक्त भएर विश्ववासी सबैको शीतल छहारी बन्नु पर्छ।

## १११ वर्ष अघिको

गोर्खापत्र

१९७२ साल पौष १२ गते सोमबार


जंगलको जडीबुटी, नीम. जंगलमा र गाउका आसपासमा तथा गाउमा सर्वत्र यो वृक्ष उत्पन्नहूनछ. येस वृक्षलाई सबकोई चिन्दछन् यसनिमित्त यसका पहिचानका सम्बन्धमा कोही लेखनाको पनी आवश्यकताछेन, यसवृक्षका सबै अंग अर्थात् जरा, बोक्रा, पात फुल र फल औषधिका उपयोगमा आउछन्.

### जंगलको जडीबुटी, नीम.

जंगलमा र गाउका आसपासमा तथा गाउमा सर्वत्र यो बृक्ष उत्पन्नहूनछ येस बृक्षलाई सबकोई चिन्दछन् यसनिमित्त यसका पहिचानका सम्बन्धमा कोही लेखनाको पनी आवश्यकताकेन, यसवृक्षका सबै संग अर्थात् जरा, वीक्रर, पात फुल र फल औषधिका उपयोगमा आउछन्.

चिन्तन

एकः स्वादु न भुञ्जीतः एकस्चार्थान्न
चिन्तयेत् ।
एको न गच्छेदध्वानं नैकः सुप्तेषु
जागृयात् ॥

**एक्लै स्वादिलो भोजन नगर्नू, एक्लै कुनै विषयको निर्णयमा नपुग्नू, एक्लै बाटो नहिँड्नू र धेरै जना सुतेको ठाउँमा आफू एक्लो जागा नबस्नू !**

**– विदुर नीति**

**लेखक तथा साहित्यकारहरूमा अनुरोध**

गोरखापत्र दैनिकको 'विचार' पृष्ठ तथा शनिबार परिशिष्टाङ्कका लागि लेख, रचना तथा पाठक प्रतिक्रिया तलको ठेगानामा पठाउनुहुन अनुरोध गर्दछौँ :

**विचार तथा पाठकपत्रका लागि**
gopafeature@gmail.com
**शनिबार परिशिष्टाङ्कका लागि**
gopashanibar@gmail.com

# परिणाममा आधारित सुशासन



श्यामप्रकाश मैनाली




सुशासन केवल सरकार सञ्चालन गर्ने प्राविधिक प्रक्रिया होइन, यो राज्य र नागरिकबिचको विश्वासको सम्बन्ध हो । जहाँ कानुन सबैका लागि समान रूपमा लागु हुन्छ, सार्वजनिक पदाधिकारी जवाफदेही हुन्छन्, नागरिकले गुणस्तरीय सेवा पाउँछन्, भ्रष्टाचार नियन्त्रण हुन्छ, न्याय निष्पक्ष हुन्छ र विकासका अवसरमा सबैको पहुँच हुन्छ; त्यहाँ सुशासनको अनुभूति हुन्छ । समन्याय, पारदर्शिता, उत्तरदायित्व, सहभागिता, सहिष्णुता, सशक्तीकरण र दिगोपन सुशासनका आधारभूत मूल्य हुन् ।

कुनै पनि राष्ट्रको आर्थिक विकास, सामाजिक सद्भाव र मानव पुँजी निर्माणका लागि सुशासन अपरिहार्य हुन्छ । आर्थिक वृद्धि मात्र विकास होइन; त्यो वृद्धिबाट नागरिकको जीवनस्तरमा आएको सुधार, अवसरको विस्तार र न्यायपूर्ण वितरण पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसैले सुशासनलाई शासनको गुणस्तर सुधार गर्ने निरन्तर प्रक्रियाका रूपमा बुझ्नु पर्छ । सुशासनको अवस्था मापन गर्दा नागरिक स्वतन्त्रता, जवाफदेहिता, राजनीतिक स्थिरता, हिंसाबाट मुक्ति, सरकारको प्रभावकारिता, नियमनको गुणस्तर, कानुनको शासन र भ्रष्टाचार नियन्त्रण जस्ता पक्षलाई प्रमुख आधार मानिन्छ । यी सबै पक्ष एकअर्कासँग जोडिएका छन् । कानुन कमजोर हुँदा भ्रष्टाचार बढ्छ, भ्रष्टाचार बढ्दा लगानी घट्छ, लगानी घट्दा रोजगारीका अवसर सङ्कुचित हुन्छन् र बेरोजगारी बढ्दा राज्यप्रतिको नागरिक विश्वास कमजोर हुन्छ।

सुशासनका लागि राजनीतिक स्थिरता महत्त्वपूर्ण भए पनि स्थिर सरकार मात्र सुशासनको ग्यारेन्टी होइन। शासन व्यक्ति र दलको इच्छामा होइन, बलियो पद्धति र संस्थामा आधारित हुनु पर्छ। दक्षिण कोरिया, इटाली, बेल्जियम जस्ता देशका अनुभवले संस्थागत क्षमता बलियो भएमा राजनीतिक परिवर्तनका बिच पनि सार्वजनिक सेवा र राज्यप्रणाली चल्न सक्ने देखाएका छन्। बेल्जियममा लामो समय औपचारिक निर्वाचित सरकार नहुँदा पनि प्रशासनिक तथा संस्थागत संयन्त्रले राज्य सञ्चालनमा निरन्तरता दिएको उदाहरण उल्लेखनीय छ। नेपालमा भने राजनीतिक परिवर्तनसँगै शासनको प्राथमिकता, प्रशासनिक नेतृत्व र संस्थागत निर्णयमा समेत प्रभाव पर्ने गरेको छ । सरकार परिवर्तनलाई शासनको निरन्तरताभन्दा सत्ताको निरन्तरतासँग जोड्ने प्रवृत्तिले दीर्घकालीन सोच कमजोर बनाएको छ। परिणामतः योजना, नीति र कार्यक्रमभन्दा तत्कालीन राजनीतिक समीकरण बढी प्रभावकारी बन्ने अवस्था देखिन्छ।

### सक्षम प्रशासन

सुशासनको मेरुदण्ड सक्षम, निष्पक्ष र व्यावसायिक प्रशासन हो। प्रशासनको अत्यधिक राजनीतीकरणले सार्वजनिक सेवाको गुणस्तर कमजोर बनाउँछ। पदस्थापन, सरुवा, बढुवा र जिम्मेवारीमा राजनीतिक प्रभाव बढ्दै जाँदा कर्मचारीको प्राथमिकता नागरिकप्रतिको उत्तरदायित्वभन्दा शक्तिकेन्द्रप्रतिको निकटतामा केन्द्रित हुने जोखिम रहन्छ।

न्यायपालिका पनि कानुनको शासनको अन्तिम संरक्षक हो। नागरिकले अन्य सबै ठाउँमा न्याय नपाउँदा अन्ततः अदालतको ढोका ढकढक्याउँछन् । त्यसैले न्यायपालिका स्वतन्त्र, निष्पक्ष, सक्षम र राजनीतिक प्रभावबाट मुक्त हुनु आवश्यक छ। न्यायाधीश नियुक्ति तथा न्यायिक नेतृत्वमा राजनीतिक भागबन्डाको आभासले पनि न्यायप्रतिको जनविश्वास कमजोर बनाउन सक्छ। नेपालको न्यायिक प्रणालीमा नियुक्ति प्रक्रिया, पारदर्शिता र जवाफदेहितामा गम्भीर सुधार आवश्यक छ । राजनीतिक पदाधिकारीको प्रत्यक्ष प्रभाव न्यून हुने गरी संवैधानिक परिषद् र न्यायसम्बन्धी निकायहरूको संरचना पुनरवलोकन गर्नुपर्ने आवश्यकता छ । सम्बन्धित क्षेत्रका अनुभवी, सक्षम र निष्पक्ष विज्ञहरूको भूमिका बढाउन सके संस्थाप्रतिको विश्वास बलियो बन्न सक्छ ।

नेपालमा सुशासनको सबैभन्दा गम्भीर चुनौती भ्रष्टाचार हो। भ्रष्टाचार केवल घुस लेनदेन मात्र होइन। सार्वजनिक स्रोतको दुरुपयोग, नीतिगत निर्णयको आडमा अनुचित लाभ, राजनीतिक संरक्षण, पदको दुरुपयोग र दण्डहीनता पनि भ्रष्टाचारकै स्वरूप हुन्। ठुला आर्थिक अनियमितता र राजनीतिक प्रकृतिका भ्रष्टाचारका विषयमा प्रभावकारी कारबाही नहुँदा भ्रष्टाचार संस्थागत हुने खतरा बढ्छ । सामान्य कर्मचारीमाथि मात्र कारबाही र शक्तिशाली व्यक्तिमाथि उन्मुक्तिको प्रवृत्तिले कानुनको शासन कमजोर बनाउँछ।

- सुशासन केवल प्राविधिक प्रक्रिया नभई नागरिकको विश्वास
- प्रशासनको अत्यधिक राजनीतीकरणले सेवाको गुणस्तर घटाउँछ
- वैदेशिक रोजगारीको पुँजीलाई राष्ट्र निर्माणमा लगाउनु जरुरी

भ्रष्टाचार नियन्त्रणका लागि अनुसन्धान र नियमन गर्ने निकायलाई स्वतन्त्र, सक्षम र व्यावसायिक बनाउनु पर्छ । ठुला र प्रभावशाली व्यक्तिमाथि समेत निष्पक्ष अनुसन्धान र कारबाही हुने विश्वास स्थापित हुनु आवश्यक छ। नीति र निर्णयका नाममा भ्रष्टाचारलाई संरक्षण गर्ने अभ्यास अन्त्य हुनु पर्छ । पारदर्शिता, डिजिटल सार्वजनिक सेवा, खुला खरिद प्रणाली, सम्पत्ति विवरणको प्रभावकारी परीक्षण र नागरिक निगरानीलाई बलियो बनाउन सकिए भ्रष्टाचार नियन्त्रणमा ठोस परिणाम आउन सक्छ। देशमा पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा ठुलो युवा जनशक्ति वैदेशिक रोजगारीमा निर्भर हुनु परेको छ। विप्रेषणले अर्थतन्त्रलाई तत्काल राहत दिए पनि यसको दीर्घकालीन उपयोग उत्पादनशील क्षेत्रमा गर्न नसक्दा राष्ट्रिय अर्थतन्त्र बलियो बन्न सक्दैन।

विदेशबाट फर्किएका युवाले आर्जन गरेको सिप, अनुभव र पुँजीलाई राष्ट्र निर्माणसँग जोड्ने स्पष्ट रणनीति आवश्यक छ। कृषि, पर्यटन, साना तथा मझौला उद्योग र प्रविधिमा विप्रेषणलाई उत्पादनशील लगानीका रूपमा परिचालन गर्नु पर्छ। उत्पादनदेखि उपभोगसम्म देशभित्रै आर्थिक चक्र निर्माण गर्ने नीतिमा राज्यले सहजीकरण गर्नु पर्छ । उर्वर कृषिभूमि बाँझो हुँदै जाने, ग्रामीण जनशक्ति घट्ने र आयात बढ्दै जाने अवस्थाले आर्थिक आत्मनिर्भरतामा चुनौती थपेको छ। कृषि व्यवसायलाई आधुनिक, सम्मानजनक र लाभदायक बनाउने नीतिबिना नेपालको आर्थिक समृद्धिको सपना पूरा हुन सक्दैन।

सुशासनको अर्को आधार समावेशी सहभागिता हो। महिला जनसङ्ख्याको ठुलो हिस्सा भए पनि नीति निर्माण, राजनीति र राज्यका प्रमुख संयन्त्रमा उनीहरूको प्रतिनिधित्व अपेक्षाकृत कमजोर छ। दलित, आदिवासी, जनजाति, मधेशी, पिछडिएका क्षेत्र र अन्य समुदायको अर्थपूर्ण सहभागिता पनि सुनिश्चित हुनु पर्छ। निर्वाचन प्रणालीको पनि गम्भीर पुनरवलोकन आवश्यक छ। समानुपातिक प्रणालीले समावेशिता बढाउने उद्देश्य राखे पनि यसको प्रयोग र सञ्चालनप्रति जनस्तरमा प्रश्न उठेका छन् । समावेशिताको मूल उद्देश्य जोगाउँदै प्रतिनिधित्व प्रणालीलाई बढी जवाफदेही, पारदर्शी र जनउत्तरदायी बनाउनु पर्छ । वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक र निर्वाचनका समयमा आफ्नो मतदाता केन्द्रमा उपस्थित हुन नसक्ने नागरिकलाई मताधिकार प्रयोग गर्न सहज व्यवस्था गर्नु पनि लोकतान्त्रिक सुशासनको महत्त्वपूर्ण पक्ष हो।

### संस्कार विकास

नेपालमा सङ्घीयता कार्यान्वयन भएको लामो समय बितिसक्दा पनि प्रशासनिक र कानुनी संरचना पूर्ण रूपमा व्यवस्थित हुन सकेको छैन। सङ्घीय शासनलाई प्रभावकारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबिच जिम्मेवारी, स्रोत र जवाफदेहिताको स्पष्टता आवश्यक छ । विकेन्द्रीकरण र सङ्घीयताको मर्मलाई वास्तविक अर्थमा कार्यान्वयन गर्नु पर्छ।

सार्वजनिक पदाधिकारीको जिम्मेवारी स्पष्ट र परिणामसँग जोडिनु पर्छ। मन्त्री, सचिव र विभागीय प्रमुखलाई निश्चित लक्ष्य तोकिन पर्छ । अपराध नियन्त्रण, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा सुधार, गुणस्तरीय शिक्षा, गरिबी न्यूनीकरण, पूर्वाधार विकास जस्ता क्षेत्रमा मापनयोग्य उपलब्धिका आधारमा कार्यसम्पादन मूल्याङ्कन हुनु पर्छ। राम्रो काम गर्नेले प्रोत्साहन र असफल हुने जिम्मेवार पदाधिकारीले जवाफ दिनुपर्ने संस्कार विकास गर्नु पर्छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई केवल समन्वय गर्ने निकाय नभई सरकारको कार्यसम्पादन मापन गर्ने प्रभावकारी संस्थाका रूपमा विकसित गर्न सकिन्छ । प्रत्येक मन्त्रालयको वार्षिक लक्ष्य सार्वजनिक गरी त्यसको प्रगति नागरिकले समेत हेर्न सक्ने व्यवस्था गरिनु पर्छ।

### निष्कर्ष

नेपालमा सुशासनको चुनौती केवल सरकार परिवर्तनको समस्या होइन । यो राजनीतिक संस्कार, संस्थागत कमजोरी, भ्रष्टाचार, दण्डहीनता, प्रशासनिक राजनीतीकरण र कमजोर आर्थिक उत्पादनसँग जोडिएको बहुआयामिक समस्या हो । सुशासनको वास्तविक यात्रा कानुनको समान शासनबाट सुरु हुन्छ र जवाफदेही राज्यमा पुगेर पूर्ण हुन्छ। भ्रष्टाचार नियन्त्रण, सक्षम प्रशासन, निष्पक्ष न्यायपालिका, पारदर्शी राजनीति र उत्पादनमुखी अर्थतन्त्र यसका आधार हुन्। नेपालसँग जनशक्ति छ, प्राकृतिक स्रोत छ, भौगोलिक सम्भावना छ र विदेशमा सिप आर्जन गरेको ठुलो युवाशक्ति पनि छ। अभाव स्रोतको भन्दा बढी सुशासन, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयनको देखिन्छ।

अब नेपालले व्यक्तिकेन्द्रित शासनबाट संस्थाकेन्द्रित शासनतर्फ यात्रा गर्नु पर्छ। सार्वजनिक पदलाई अधिकार होइन, जिम्मेवारीका रूपमा बुझ्ने संस्कार विकास गर्नु पर्छ। जब राज्यका प्रत्येक निकाय नागरिकप्रति उत्तरदायी हुने छन्, कानुन शक्तिशाली र कमजोर सबैका लागि समान रूपमा लागु हुने छ र सार्वजनिक स्रोत जनहितमा प्रयोग हुने छ। त्यही दिन नेपालमा सुशासनको वास्तविक आधार निर्माण हुने छ।

# पिताप्रतिको श्रद्धा



अच्युतप्रसाद पौडेल 'चिन्तन'

आज कुसेऔँसी। कुश ग्रहण गर्ने वैदिक मन्त्र यस प्रकार छ– विरिन्चिनां सहोत्पन्नः परमेष्ठी निसर्गतः । नुद सर्वाणि पापानि दर्भ स्वस्ति करो भव ॥ अर्थात् सृष्टिको उषाकालमै ब्रह्माजीका साथ उत्पन्न भएको कुशले मानवका सबै पाप प्रक्षालित गरोस्, सर्वकल्याण, सर्वसुख, सबैतिर समृद्धि छाओस्। हामी अहिले विपत्तिमा छौँ, धर्मकर्म गर्ने नदी ताल, स्नान गर्ने तल्लो तटीय क्षेत्रको मार खेपिरहेका छौँ, तथापि मातृऔँसीमा मातातीर्थ वा पितृऔँसी भनौँ कुसेऔँसीमा गोकर्ण वा अन्यान्य तीर्थक्षेत्रमा जान, मृत पितृहरूका नाममा पिण्ड, तर्पण गर्न लालायित छौँ र यसबाट हामीले हाम्रो वैदिक संस्कृतिले पितृऋण चुक्ता हुने भनेको छ। जन्मँदै मान्छेले तीन ऋण लिएर जन्मन्छ देव, पितृ र ऋषिऋण। पितृऋण चुक्ता गर्ने पावन दिन हो– भाद्रकृष्ण औँसी, कुसेऔँसी, विवाहित नारीहरूका लागि तिजको पूर्वसन्ध्या जहाँ पितृगृहमा गई बाबुको मुख हेरेर मिठा खानेकुरा, वस्त्रहरू आदि अर्पण गरेर तिजको निम्ता ग्रहण गर्ने बेला। मातृदेवो भव, पितृदेवो भव र अतिथिदेवो भव हाम्रो प्राचीन संस्कार र सभ्यता हो। चलेको संस्कृति जोगाउन हामीलाई अहिले हम्मे हम्मे परेको छ, मौलिकतामै आँच आएको भान हुँदै छ।

पितृऔँसीको महत्त्वपूर्ण पक्ष हो, कुश ग्रहण ! कुशको स्पर्श, दर्शन आदि। यसै दिन घर घरमा नयाँ कुश राख्नाले पितृहरू प्रसन्न रहन्छन् । कुश एउटा असल वनस्पति हो, यसका वरिपरि ब्रह्मा, विष्णु र महेश तीन देवताले बास गर्ने गर्छन् । कुश अति नै चोखो वनस्पति हो । यो तुलसी झैँ महत्त्वपूर्ण छ । कुनै पनि कार्यमा कुश आवश्यक पर्छ। जन्मदेखि मृत्यु सबै संस्कारमा कुश नभई हुँदैन। गाई, गीता, गायत्री झैँ कुशको उच्च स्थान रहेको छ। तिल, कुश र जौ कुनै पनि कार्य गर्नुअघि प्रतिज्ञा सङ्कल्पलाई पनि आवश्यक हुन्छ। पितृकार्यमा कुश अनिवार्य नै छ। असल गुरु पुरोहितहरूबाट कुश लिने कार्य यसै दिन गरिन्छ। भाद्रकृष्ण औँसीलाई कुशच्छेदनको औँसी भनिए पनि त्रयोदशीदेखि नै कुशच्छेदन कार्य गरिने चलन देखिन्छ र एकाबिहानैदेखि ब्राह्मणहरूले यजमानहरूको घर घरमा कुश पुऱ्याउने काम गर्ने गर्छन्। विवाहित छोरीबेटीका लागि कुसेऔँसी बढी महत्त्वपूर्णको दिन हो। आँसु बगाउँदै बाबुले कन्यादान दिई विवाहपछि छोरीलाई अर्काको घर पठाउने गर्छन् र छोरीहरूले तिनै आँसुको मूल्य चुकाउँदै स्नेहको उपहार लिएर कुसेऔँसीमा माइती आउने गर्छन्।

हिजोआजको संस्कार संस्कृति केही फरक हुने गरेको देखिन्छ। अन्यथा यस दिन बाबुले आफ्ना सन्ततिबाट धेरै प्यारको आकाङ्क्षा गरेको हुन्छ । टाढा रहेका छोराछोरीहरू बिदेसिएका सन्ततिहरूले अघिपछि स्नेह, प्यार दिन नसके पनि पितृ सम्मान गर्ने दिन कुसेऔँसीका दिन वर्षभरिको मानसम्मान दिन सकून, यही प्रेरणा दिन खोजेको छ वैदिक संस्कारका चाडपर्वहरूले। सदाबहार, बाबुप्रति श्रद्धा अर्पण गर्ने चाड कुसेऔँसी पर्वले सबैको, सबैप्रतिको सम्मान गर्ने छ, धर्तीप्रेम बढाउने छ र आमबाबुहरू वृद्धाश्रमतिर धकेलिने छैनन्। यो आशा गरौँ, कुसेऔँसीमा बाबुलाई वृद्धाश्रममा होइन घरमै भेटौँ। जीवित नभए तीर्थ, मन्दिरमा दानदक्षिणा गरेर भए पनि भेटौँ, छोराछोरीको कर्तव्य पूरा गरौँ। बाबुले आफूले नखाएर पनि सन्ततिको सुखका लागि हरतरहले प्रयास गरेको हुन्छ, काँधमा बोकेको हुन्छ, दिसापिसाब सन्ततिको कष्ट सहेको हुन्छ । जवान सन्तान यतिबेला पनि आफ्नो साथमा नपाउँदा बाबु रुन्छ मात्रै होइन, अभाव महसुस गर्छ। हाम्रा सन्तति कति खाडीतिर छन् अहिले।

- कुसेऔँसीका दिन घर घरमा नयाँ कुश भित्र्याइन्छ
- जीवित पितालाई मनपर्ने खानेकुरा खुवाइन्छ
- मृत पितृलाई गोकर्णलगायतका तीर्थमा तर्पण गरिन्छ
- चाडपर्वले बाबुआमाप्रति आदरबोध गराउँछ

पितृदेवो भव भन्ने हाम्रो संस्कृतिले पितालाई देवताका रूपमा लिने चलन छ। जन्मदिने आमा, कर्म दिने बुवा शिक्षा दिने गुरु यी सबैको स्थान उच्च छ। पिताको आज्ञा पालना गर्नेले कुनै तीर्थ गरिरहनु पर्दैन भनी शास्त्रहरूले स्पष्ट किटान गरेका छन्। त्यसैले पिता आफैँमा एक महत्त्वपूर्ण तीर्थ पनि हुन्। 'पुँ' नामक नरकबाट उद्धार गर्ने हुनाले छोरोलाई पुत्र भनिएको हो । लालनपालन गरेर वा पिण्डपानी दिएर या मृत्युपछि बाबाआमालाई सागरसम्म लग्दा आफ्नै काँधमा बोकेर आमाबाबुको लासलाई बोकेर घाटसम्म लाँदा प्रत्येक पाइलामा एक यज्ञ बराबरको फल पाइने कुरा शास्त्रमा वर्णित छ। आद्यगुरु शङ्कराचार्यले भन्नुभएको छ– कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति अर्थात् वंशमा सन्तान खराब आउन सक्छन् तर कु बाबु वा कु आमा कहिल्यै हुन्नन्, कलिमा यदाकदा देखिनु अर्कै कुरा हो।

पिताको स्थान हरेक दिन नै उच्च रहन्छ। तथापि विशेष दिनका रूपमा कुसेऔँसीलाई बाबुको मुख हेर्ने भन्ने हाम्रो चलन छ। जीवित बाबुलाई उनलाई मन परेको खाना, वस्त्र, उपहार चढाएर खुसी पारी आशीर्वाद लिने गरिन्छ भने मरेका बाबुका नाममा तीर्थ गएर स्नान, दान, तर्पण, पिण्ड आदि श्राद्ध गरेमा बाबुका नाममा तीर्थ गएर, स्नान दान गरेर, तर्पण, पिण्ड आदि श्राद्ध गरेर पितृहरूबाट स्नेह, आशीर्वाद लिने चलन छ। काठमाडौँको पूर्वोत्तर गोकर्ण क्षेत्रमा यस दिन मरेका पिताको दर्शन पाइन्छ भन्ने मान्यता छ। यहाँ यस दिन स्नान, दान गर्ने श्राद्ध, पिण्डदान दिने, तर्पण, सिदा दान गर्नाले पितृहरूले परम गति प्राप्त गर्छन् भनी धर्मशास्त्रहरूले किटानी गरेका छन्। यस दिन तीर्थयात्रुहरूको यहाँ ठुलै भिड लाग्ने गर्छ। यहाँ जान नसक्नेले आफ्ना पिताका नाममा घरमा, घाटमा नजिकको तीर्थक्षेत्र, गौशाला, सार्वजनिक स्थल, उद्यान आदि क्षेत्रमा बसेर श्राद्ध आदि कार्य गर्ने गराउने चलन पनि छ।

संसारबाट बिदाइ लिँदा साथमा जाने पाप र पुण्य मात्रै हो; भौतिक सम्पत्ति, धन, वाहन, पशु, कुलकुटुम्ब, इष्टमित्र सबै यतै रहन्छन्। पुत्रले पाप गरे पितालाई आधा जान्छ भनेको छ महाभारत शान्तिपर्वले। पुत्रले गरेको पाप आमालाई भने जाँदैन। यस अर्थमा पिताको संस्कार र पुत्रको कर्तव्य एकअर्काका परिपूरक हुन् तर हामीले पिताको संस्कारलाई धेरै छाड्दै आएका छौँ र बढी कष्टकर जीवन सञ्चालन हुँदै छ, नयाँ पुस्तामा। अंशमा याद गर्ने, कर्तव्यपालना नगर्ने अरूको संस्कृति हुर्काइरहेका छौँ हामीले । अरू देशहरूमा सक्षम भएपछि पुर्खाले त्यति वास्ता गर्नु परेको छैन सन्ततिलाई । हाम्रोमा फरक के छ भने पिण्डपानीलगायतका धार्मिक कृत्यले पितापुत्रको स्नेह अझ बलियो पार्ने संस्कार स्थापित गर्न खोजेको हो शास्त्रले तर शास्त्र शस्त्र भएर नआउने हुँदा हाम्रा कर्तव्यहरू ओझेलमा परेका छन्। वृद्ध बाबुआमाको लालनपालनमा समेत समस्या देखिएको छ। बुढ्यौलीको सहारा लौरो र सन्तान हुनुपर्नेमा एक्लो जीवन बिताउनु परेको र एकै घरमा पनि सन्तति हुँदा भान्सा अलग रहेको विषम परिवेश भोग्दै छौँ। यसले हाम्रो धार्मिक र सांस्कृतिक धरोहर एवं मूल्यमान्यतामा प्रश्न खडा भएको छ।

# सभ्यताको मुहान संरक्षण

डा. शोभाकर पराजुली



- भोटेकोशीमा आएको अचानकको प्रलयले ठूलो जनधनको क्षति
- धनी राष्ट्रको कार्बन उत्सर्जनले नेपाल जस्ता देश मारमा
- अन्तर्राष्ट्रिय मञ्चबाट जलवायु परिवर्तनको क्षतिपूर्ति दाबी
- कूटनीतिको माध्यमबाट नेपालले न्याय र अधिकार खोज्नु पर्छ।

कहिलेकाहीँ पीडाहरू यति अग्ला हुन्छन् कि मान्छेको सामर्थ्यले त्यसको सामना गर्न भ्याउँदैन। विसं २०८३ भदौ १० गते नेपालमा प्रकृतिको यस्तै निर्मम रूप देखियो; जुन यो पुस्ताले भोगेको सबैभन्दा ठुलो प्राकृतिक आपद् थियो। कुनै पूर्वसूचनाबिना नै भोटेकोशी नदी अचानक भयङ्कर रूपमा उर्लियो। लामटाङ हिमालको करिब साढे छ हजार मिटरमाथिको साँघुरो खोचबाट हिउँ, लेदो र चट्टानका टुक्रासँगै आएको बाढी क्षणभरमै बस्तीमा पस्यो।

यस प्रलयले हजारौँ मान्छेको जीवन मात्रै खोसेन, बरु सभ्यताका आधार, भूगोलका सिमाना र मान्छेका सपनामाथि नै बज्रियो। नदी किनारबाट सुरु भएको मानव सभ्यता फेरि त्यसैको छातीमा बिलिन भयो। यसका वैज्ञानिक कारण जटिल भए पनि मूल कुरा स्पष्ट छ, जब मान्छेले प्रकृतिको छातीमाथि अति गर्न थाल्यो, तब प्रकृतिले आफ्नो अनुशासन देखाएको छ। यो घटनाले मान्छे र प्रकृतिबिचको सम्बन्धमाथि गहिरो प्रश्न उठाएको छ।

अहिले हामी जुन 'जलवायु परिवर्तन' का कुरा गर्दै छौँ, अनुशासनको त्यही परिवर्तित बाटो नै जलवायु परिवर्तन हो। पृथ्वी तातिएर हिमताल कुनै बमभन्दा शक्तिशाली भएर विस्फोट हुन थालेका छन्। हिमनदीहरू हिउँले पुरेको जमिनभित्रै हराउन थालेका छन्। यसको अर्थ हिमनदी हराउनु होइन। बरु त्यो हिउँ पग्लिएर बनेको पानी जमिनमुनि कहीँ न कतै मूलको बाटो खोजिरहेको भन्ने हो, जुन कुनै न कुनै बेला धर्तीको कुनै न कुनै मुहान भएर बाहिर निस्किन्छ नै। हिमताल फुट्नु भनेको उम्लिनु नै हो। जसरी भोटेकोशीको प्रलयकारी बाढी ल्याउने गरी हिउँको चट्टान खस्यो, त्यो विशाल चट्टानको पतन भनेको त्यही पानी उम्लिनुअघिको ताप हो। हिउँ पग्लिन्छ, स्वाभाविक हो। पग्लिनु त हिउँको चरित्र नै हो तर जुन गतिमा हामीले त्यसलाई पगालिरहेका छौँ, मानव सभ्यताका लागि त्यो त्यति नै खतरनाक छ। त्यो भनेको मान्छेले नै उत्पादन गरिरहेको कार्बन रूपी 'विष' हो। त्यो प्रलयसँगै विश्व वैज्ञानिकले गरेका अनेकन खोज अनुसन्धान अनुसार जसरी भोटेकोशीको सिरानमा लाखौँ टन हिउँको त्यो चट्टान बज्रियो, त्यही गतिमा त्यो ओराली लाग्यो, साँघुरा खोचका चट्टान अनि माटोलाई लेदो बनाउँदै आफैँमा समाहित गर्दै लग्यो। सँगै भोटेकोशीले यसपालि हाम्रो यस्तो मूल्य बगाएको छ जसलाई पूरै विश्वले पनि चुकाउन सक्दैन।

## विश्वलाई सुनाउने मौका

यो हाम्रो अधिकार हो। अर्थात्, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टिनियो गुटेरेसले दुई वर्षअघि सगरमाथाको काखमा उभिएर भने जस्तै ती विश्व नेताहरूका कारण नेपाल जस्ता हिमालयको देशले मानवीय मूल्य चुकाइरहनु परेको छ। हो, त्यही मूल्यको ' बही खाता' लिएर यसपालि संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिन नेपालका प्रधानमन्त्री वालेन्द्र शाह न्युयोर्क जाँदै हुनुहुन्छ। सेप्टेम्बर २३ देखि सुरु हुने महासभाको बैठकलाई सम्बोधन गर्नका लागि प्रधानमन्त्री, परराष्ट्रमन्त्रीलगायत यसपालि न्युयोर्क जाँदै छ। यद्यपि यसअघि परराष्ट्रमन्त्रीले नै नेपालको प्रतिनिधित्व गरेर महासभामा जाने तय भएको थियो। अचानक भोटेकोशीको प्रलयपछि प्रधानमन्त्री आफैँ यो कथा सुनाउन त्यहाँ जाने निधो गर्नुभएको छ। नेपालका लागि यो आफैँमा महत्त्वपूर्ण र ऐतिहासिक कदम हुने छ। प्रधानमन्त्रीस्तरबाटै नेपालले भोग्नु परेको यो खालको विपत्को कथा विश्वलाई सुनाउने मौका कमै पाइन्छ। त्यसैले यो ऐतिहासिक क्षण नेपालका लागि आफैँमा महत्त्वपूर्ण हुने छ। यद्यपि हामीले गुमाएको यो मानवीय मूल्यको हिसाबकिताब त्यो बही खातामा नअटाउन सक्छ तर जुन मूल्य हामीले चुकाएका छौँ, त्यसको क्षतिपूर्ति विश्वका ती राष्ट्रहरूले तिर्नै पर्छ जसको औद्योगिक लडाइँले हाम्रा हिमाल उजाडिन थालेका छन्।

## जलवायु कूटनीति

'कार्बन' को मूल्य ती देशहरूले चुकाउनै पर्छ, जसले कैयौँ नेपालीको ज्यान निल्न थालेको छ। यो हामीले चुकाएको मूल्य मात्रै होइन, प्रधानमन्त्रीले पनि बुझ्नुभएको त्यो हाम्रो अधिकार हो र त्यही अधिकारको वकालत गर्न यसपालि उहाँ एउटा ऐतिहासिक वैश्विक सम्मेलनमा आफैँ सहभागी हुने निधो गर्नुभएको छ। अर्थात् नेपालको एउटा त्यस्तो वैश्विक सार्वभौम अधिकार जहाँ विश्वका ती धनी राष्ट्रहरूको हस्ताक्षरसमेत छ। त्यसका लागि पक्कै पनि हामीले 'हिसाबकिताब' त बुझाउनै पर्छ। जो हामीसँगै छ। त्यो भनेको भोटेकोशी र त्रिशूलीले छोडिगएका यिनै आला घाउहरू हुन्। यिनै उजाड बस्तीहरू हुन्, यिनै मान्छेका जीवन हुन्, जो अझै भोटेकोशी र त्रिशूलीका गर्भभित्र अझै कतै दबिएका छन्। उनीहरूकै भाषामा भन्दाखेरि यही नै 'जलवायु कूटनीति' हो। यो कुरा प्रधानमन्त्री शाहले हरेक दिन आफ्नो सामाजिक सञ्जालमा लेख्दै र भन्दै पनि आउनुभएको छ।

हामीले विश्वलाई लामो समयदेखि भनिरहेकै थियौँ, जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रमा ठुलो असर परिरहेको छ, हिमालहरू पग्लँदै छन्। यसको असर हिमालय क्षेत्रमा मात्रै होइन, समुद्रको तटसम्म पुगिरहेको छ। हामीलाई विगतदेखि नै जुन डर थियो त्यो यथार्थमा रसुवाको भोटेकोशी नदीमा भीषण बाढी बनेर आयो अहिलेसम्म विश्वले नजरअन्दाज गरिरहेको अनि हामीले पनि बुझाउन नसकेको कुरा पनि यही हो। त्यसैले प्रधानमन्त्रीले निरन्तर भन्दै आउनुभएको छ, "नेपालले त्रासदीपूर्ण घटना बेहोर्‍यो। हामीले यसको जवाफ विश्व समुदायसँग खोज्नु पर्छ र हामीले यसबारे मानवसभ्यतालाई जवाफ दिनुपर्ने छ। यो हाम्रो जिम्मेवारी पनि हो।"

यसका लागि नेपाल पनि साक्षी बसेको 'जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि' (युएनएफसिसिसी) का कैयौँ धारा र उपधारा छन्। सन् १९९२ को यो महासन्धिले एउटा यस्तो अवधारणा बोकेको छ, जहाँ हामीले विश्व समुदायसँग छाती ठोकेरै हामीले चुकाइरहेको मूल्य पाउन सक्छौँ। यसको एउटा गुत्थी कुरो के हो भने 'जलवायु संरक्षणको जिम्मेवारी विश्वका सबै राष्ट्रहरूको साझा जिम्मेवारी त हो तर समान भने होइन।' यो भनेको जसले जलवायु परिवर्तनको कारक मानिने धेरै कार्बन उत्सर्जन गर्छ, उसको बढी जिम्मेवारी हुन्छ। जलवायु परिवर्तनका सवालमा नेपालको शून्य बराबर पनि योगदान छैन। त्यसैले नेपाल त्यसबाट सृजित परिणामको मूल्य पाउन हकदार छ।

त्यसैले जति हामी जलवायु परिवर्तनका प्रभावलाई कम गर्नका लागि जिम्मेवारीको साझेदारी गर्छौं त्यति नै समान रूपमा हामीले हाम्रो अधिकार पनि पाउनु पर्छ। यसको अर्थ सिधा र सरल छ। हामीसँग सबैको जस्तै साझा जिम्मेवारी छ, त्यसको मात्रा र हिसाबकिताब भने समान हुँदैन। अर्थात् हामीले जति चुकाउनु परिरहेको छ, त्यो अरूले चुकाउनु पर्दैन। त्यसैले त्यसको मोल हामीले पाउनै पर्छ, अधिकारमा। जलवायु न्यायमा अनि, क्षतिको भरणमा पनि। त्यही महासन्धिको धारा ४ को उपधारा ४ मा जोखिममा रहेका विकासशील देशको अनुकूलता लागत विकसित मुलुकले बेहोर्नुपर्ने प्रस्टसँग उल्लेख गरेको छ। त्यसकै उपधारा ८ मा 'प्राकृतिक विपत्को जोखिममा रहेका, भूपरिवेष्टित तथा कमजोर पारिस्थितिक प्रणाली (विशेषतः पर्वतीय पारिस्थितिक प्रणाली) भएका मुलुकको विशेष आवश्यकता र परिस्थितिलाई ध्यान दिनुपर्ने' भनेर किटानै गरिएको छ। विकसित देशको औद्योगिक युद्धको मार खेपिरहेका हाम्रा हिमालले हिउँको मूल्य जसरी चुकाइरहेका छन्, त्यसको बदलामा नेपालले पनि मान्छेको मूल्य चुकाइरहेको छ। यो अनाहकको 'भुक्तान' अब नेपालले पाउनै पर्छ। किनकि यही विश्वले सूचीकृत गरेको जलवायु परिवर्तनको जोखिमयुक्त ५५ देशमध्ये पनि अझ उच्च जोखिममा रहेका १० शीर्ष देशमा नेपाल पर्छ। किनकि हामीसँग हिमाल छन्, नेपालका यी हिमाल जो आधा विश्वको पानीको कुण्ड पनि हुन्।

सरकारले यसलाई 'हिमालको सुनामी' भनेर अन्तर्राष्ट्रियकरण गर्ने प्रयासमा लागेको छ। यसको अर्थ हो, त्यो सुनामी निम्त्याउने देशहरूले हामी सुनामीको छाल बेहोर्नेलाई क्षतिपूर्ति दिनै पर्छ। ' जलवायु विज्ञान' को भाषामा त्यसैलाई 'लस एन्ड ड्यामेज' अर्थात् (हानिनोक्सानी क्षतिपूर्ति) भनिएको हो। यसका लागि नेपालले हानिनोक्सानी तथा क्षति कोष 'लस एन्ड ड्यामेज फन्ड' मा पत्र लेखिसकेको छ। परराष्ट्रमन्त्री शिशिर खनालले नेपालमा रहेका कूटनीतिक नियोगका प्रमुखलाई बोलाएर यो विपत्बारे ब्रिफिङ गरिसक्नुभएको छ। सारा विश्वले थाहा पाउने गरी पत्र लेखिसकेको जानकारी पनि दिनुभएको छ।

## कूटनीतिक शालीनता

'जलवायु परिवर्तन' आफैँमा एउटा राजनीतिक मुद्दा हो। नेपालका लागि त 'भूराजनीति' पनि हो। अनि नेपाल जस्ता राष्ट्रका लागि जलवायु परिवर्तन आफैँमा एउटा आर्थिक अनि सामाजिक र मानवीय मूल्य बोकेको एक वैश्विक मुद्दा हो। 'जीवाष्मा युगको अन्त्यको सुरुवात' गर्ने सहमति गरेर सन् २०२३ मा दुबईबाट छुट्टिएका राष्ट्रहरू अर्को वर्ष अजरबैजनको बाकु सहरमा अझ महत्त्वाकाङ्क्षी अनि एउटा ठुलो वृत्ताकारमा एकाकार भए। त्यो भनेको 'जलवायु वित्त' हो, जसका लागि विश्वका सबै जसो राष्ट्रले नै कम्तीमा एक सय अर्ब डलरको 'कबोल' गरिसकेका छन्। जलवायु राजनीतिको उच्च सुरुवात यहीँबाट भयो। यो कबोल त भयो अब भने औद्योगिक छलाङ मार्न कस्सिएका शक्तिराष्ट्रहरू त्यसैमा विवाद खडा गर्न थाले। त्यो भनेको कसले कति पैसा त्यो कोषमा जम्मा गर्ने विषय थियो। अहिलेसम्म पनि त्यो विवाद कायमै छ। तीन वर्षपछि फेरि यही विवादको शीर्षासनमा टर्कीको ऐतिहासिक सहर अन्टाल्यामा जुट्दै छन्। यसपालि पनि मुख्य मुद्दा भनेको त्यही जलवायु कोष नै हुने छ, जसबाट नेपालले पनि क्षतिपूर्तिको दाबी गर्दै छ।

जलवायु वित्त भनेको एउटा विश्वस्तरीय कोष हो। यो कोषले जलवायु परिवर्तनको असर झेलिरहेका नेपाल जस्ता गरिब राष्ट्रलाई आर्थिक सहयोग उपलब्ध गराउने भन्ने उद्देश्य समेटेको छ। अनि यो कोषमा धनी राष्ट्रहरू जसले जलवायु परिवर्तन हुने गरी धेरै कार्बन उत्पादन गर्छन् उनीहरूले त्यही कार्बन उत्पादन गरेका आधारमा रकम जम्मा गर्नुपर्ने हुन्छ। कार्बन उत्सर्जन योगदानका आधारमा उनीहरूले गरिब देशका लागि उपलब्ध गराउने रकम नै जलवायु वित्त हो। नेपाल जस्ता धेरै मुलुकको कार्बन उत्पादनमा अति न्यून योगदान छ तर यिनै देशले जलवायु परिवर्तनका कारण धेरै क्षति भोगिरहेका छन्। जस्तो कि नेपालका हिमाल रित्तिँदै छन् र प्राकृतिक प्रकोपहरू झन् बढ्दै छन्। भोटेकोशीले माथि हिमालको शिरबाट बोकिल्याएको प्रलय त्यसैको परिणाम हो। त्यसैले जलवायु परिवर्तनको 'मूल्य' नेपालको अधिकार हो।

हामीसँग जलवायु कूटनीति चाहिन्छ। त्यो भनेको हाम्रा वरिपरि रहेका दुई विशाल छिमेकी राष्ट्र नै हुन्। यी दुई राष्ट्रले हाम्रो विपत्मा जसरी दिल खोलेर साथ र सहयोग दिन्छन्, त्यसै गरी हामीले पनि कूटनीतिक सन्तुलन राख्दै हाम्रो न्यायको पक्षमा यी शक्ति राष्ट्रलाई पनि पक्षमा लिनुपर्ने जरुरी छ। त्यसका लागि हामीले अधिकारको लडाइँ मात्रै होइन कूटनीतिको शालीनता पनि अपनाउनुपर्ने जरुरी देखिन्छ। भोटेकोशीले छोडिगएका घाउ आलै छन्। नेपालीको चीत्कार सारा विश्वका हरेक कुनामा ठोक्किएकै छ। नेपालले भिक्षाका अञ्जुली होइन, वैश्विक कूटनीतिका दरिला हाँगा समाएर राष्ट्रसङ्घको त्यो 'महासभा' बाट भन्नै पर्छ, नेपालले चुकाएको यो मूल्यको 'अनमोल' भुक्तानी विश्वले तिर्नै पर्छ।

हामीसँग जलवायु कूटनीति चाहिन्छ। त्यो भनेको हाम्राविरपरि रहेका दुई विशाल छिमेकी राष्ट्र नै हुन्। यी दुई राष्ट्रले हाम्रो विपत्मा जसरी दिल खोलेर साथ र सहयोग दिन्छन्, त्यसै गरी हामीले पनि कूटनीतिक सन्तुलन राख्दै हाम्रो न्यायको पक्षमा यी शक्ति राष्ट्रलाई पनि लिनुपर्ने जरुरी छ। त्यसका लागि हामीले अधिकारको लडाइँ मात्रै होइन कूटनीतिको शालीनता पनि अपनाउनुपर्ने देखिन्छ।

# एकीकृत जलाधार योजना

डा. प्रचण्ड प्रधान

- हिमाली क्षेत्रको बहुआयामिक विपत् जोखिम उजागर
- नदी जलाधारको जोखिम व्यवस्थापन गर्नु पर्छ
- एकीकृत बहुजोखिम पूर्वसूचना प्रणाली आवश्यक
- विपत् रोकथाम र पूर्वतयारीमा वित्तीय प्राथमिकता

रसुवाको भोटेकोशी नदी प्रणालीमा आएको विनाशकारी बाढीले नेपालको हिमाली क्षेत्रमा बढ्दै गएको क्रमिक तथा बहुआयामिक विपत् जोखिमलाई गम्भीर रूपमा उजागर गरेको छ। उच्च हिमाली क्षेत्रमा हिमनदी, बरफ, चट्टान, माटो तथा ढुङ्गाजन्य पदार्थको ठुलो हिस्सा खस्ने वा भत्किने घटनासँग सम्बन्धित यो विपत् ल्हेन्दे–भोटेकोशी–त्रिशूली नदी प्रणाली हुँदै तल्लो क्षेत्रमा फैलिएको थियो। यसले मानव जीवनसँगै बस्ती, सडक, पुल, जलविद्युत् आयोजना र अन्य महत्त्वपूर्ण पूर्वाधारमा व्यापक क्षति पुर्‍यायो। साथै अस्थिर पहाडी भूभाग र नयाँ रूपमा बनेका गेग्रानले थप ताल बन्ने, फुट्ने तथा क्रमिक विपत् निम्त्याउने जोखिमसमेत सिर्जना गरेको छ।

यस घटनालाई सामान्य मनसुनी बाढीका रूपमा मात्र बुझ्नु उपयुक्त हुँदैन। हिमालय विश्वकै अत्यन्त सक्रिय भौगोलिक तथा वातावरणीय क्षेत्र हो। नेपालको तीव्र भिरालोपन, सक्रिय भूकम्पीय अवस्था, मनसुनी वर्षाको तीव्रता, तापक्रम तथा हिमनदीमा भइरहेको परिवर्तन र तीव्र गतिमा बढिरहेको मानवीय बस्तीले बाढीपहिरो, हिमपहिरो, हिमताल विस्फोट तथा गग्यान बहाब जस्ता जोखिमलाई एकअर्कासँग जोडिदिएको छ। भोटेकोशी घटना यस अन्तरसम्बन्धित जोखिम प्रणालीको गम्भीर उदाहरण हो।

## विपत्बाट प्राप्त मुख्य पाठ

उपलब्ध प्रारम्भिक अध्ययन अनुसार विपत्को सुरुवात नेपाल–चीन सीमाक्षेत्र नजिकको उच्च हिमाली भूभागबाट भएको हुन सक्ने देखिन्छ। हिमनदीको तल्लो भाग भत्किँदा वा खस्दा बरफ, चट्टान, माटो तथा गेग्रान ठुलो मात्रामा तलतर्फ सरेर ल्हेन्देखोलामार्फत भोटेकोशी नदीमा प्रवेश गरेको र त्यसपछि विनाशकारी बाढीको रूप लिएको देखिन्छ। यस्तो बहाबमा पानी मात्र नभई बरफ, ढुङ्गा, माटो, गेग्रान र जैविक पदार्थसमेत मिसिने भएकाले यसको विनाशकारी शक्ति सामान्य बाढीभन्दा धेरै हुन्छ। नदीको मार्ग थुनिएर अस्थायी ताल बन्ने र पछि अचानक फुट्दा थप ठुलो बाढी आउन सक्ने जोखिम पनि रहन्छ।

यस घटनाले नेपालको विद्यमान विपत् व्यवस्थापन प्रणालीको एउटा महत्त्वपूर्ण कमजोरी पनि देखाएको छ। हाल नदी, सडक, पुल, जलविद्युत्, बस्ती र अन्य विकास आयोजनाको योजना प्रायः छुट्टाछुट्टै निकाय वा प्रशासनिक सीमाभित्र बनाइन्छ तर नदीले प्रशासनिक सीमा मान्दैन। माथिल्लो जलाधारमा उत्पन्न जोखिम केही मिनेट वा घण्टामै सयौँ किलोमिटर तलसम्म प्रभाव पार्न सक्छ। त्यसैले विकास योजना र विपत् जोखिम व्यवस्थापनलाई नदी जलाधारको भौतिक निरन्तरतासँग जोड्नु आवश्यक छ।

## त्रिशूली जलाधार योजना

भोटेकोशी घटनाबाट प्राप्त सबैभन्दा महत्त्वपूर्ण पाठ भनेको नदीलाई जिल्ला वा स्थानीय तहको सीमाभित्र सीमित गरेर व्यवस्थापन गर्न नसकिने तथ्य हो। भोटेकोशी नदी प्रणाली उच्च हिमाली उद्गम क्षेत्रबाट रसुवा हुँदै त्रिशूली र नारायणी प्रणालीसम्म जोडिन्छ। त्यसैले यसको जोखिम व्यवस्थापन पनि यही भौतिक निरन्तरताका आधारमा हुनु पर्छ। नेपालले 'एकीकृत भोटेकोशी–त्रिशूली नदी जलाधार क्षेत्र जोखिम व्यवस्थापन योजना' तयार गर्नु पर्छ। यस योजनाले उच्च हिमाली क्षेत्रमा विपत् सुरु हुन सक्ने सम्भावित स्थानदेखि तल्लो क्षेत्रमा रहेका बाढी मैदानसम्मको सम्पूर्ण जोखिम मार्ग पहिचान गर्नु पर्छ। योजनामा हिमनदी, हिमताल तथा उच्च हिमाली जोखिमको सूचीकरण, पहिरो नक्साङ्कन, नदी थुनिन सक्ने स्थानको पहिचान, बाढी तथा गेग्रान बहाबको नमुना–विश्लेषण, जोखिममा रहेका बस्ती र पूर्वाधारको नक्साङ्कन तथा नदी कोरिडोर र बाढी मैदानको भूउपयोग निर्धारण समावेश हुनु पर्छ। यस्तै अन्य जलाधारमा पनि योजनाको व्यवस्था हुनु पर्छ।

यस्तो योजना प्राविधिक अध्ययनमा मात्र सीमित हुनु हुँदैन। यसलाई कानुनी र संस्थागत आधार दिनु पर्छ। सङ्घीय, प्रदेश र स्थानीय सरकारका साथै जल तथा मौसम विज्ञान, भूगर्भ, सुरक्षा निकाय, पूर्वाधार निर्माण गर्ने निकाय तथा वैज्ञानिक संस्थाबिच प्रभावकारी समन्वय आवश्यक छ।

## बहुजोखिम पूर्वसूचना प्रणाली

हिमाली क्षेत्रमा परम्परागत वर्षामा आधारित बाढी पूर्वसूचना प्रणाली मात्र पर्याप्त छैन। विनाशकारी बाढी, हिमनदी भत्किने, हिमपहिरो, पहिरो, चट्टान खस्ने, नदी थुनिने वा अस्थायी ताल फुट्ने जस्ता विभिन्न कारणबाट आउन सक्छ। त्यसैले नेपालले एकीकृत बहुजोखिम पूर्वसूचना प्रणाली विकास गर्नु पर्छ। यसमा उपग्रहबाट निगरानी, स्वचालित जलमापन केन्द्र, वर्षामापन, भूचलन तथा पहिरो निगरानी, हिमनदी र हिमतालको अवस्था अनुगमन, रिमोट क्यामरा तथा नदीको वास्तविक समयको बहाब मापनलाई एकीकृत गर्नु पर्छ तर प्रविधि मात्र पर्याप्त हुँदैन। पूर्वसूचनाले मानिसलाई कहाँ जाने, कसरी सुरक्षित हुने र कसले उद्धार गर्ने भन्ने स्पष्ट जानकारी दिनु पर्छ। त्यसैले पूर्वसूचना प्रणालीका चार अनिवार्य पक्ष हुन्छन्– जोखिम पहिचान, सूचना सञ्चार, समुदायको बुझाइ र तत्काल प्रतिक्रिया। भोटेकोशी जस्तो सीमावर्ती क्षेत्रमा नेपाल र चीनबिच जलविज्ञान, मौसम, हिमनदी तथा जोखिमसम्बन्धी सूचना आदानप्रदानका लागि पूर्वनिर्धारित संस्थागत संयन्त्र आवश्यक छ। विपत् आएपछि मात्र सहकार्य खोज्नुको सट्टा नियमित संयुक्त अध्ययन र आपत्कालीन सञ्चार प्रोटोकल विकास गर्नु पर्छ।

## विपत् प्रतिरोधी पूर्वाधार

भोटेकोशी विपत्ले सडक, पुल, जलविद्युत्, विद्यालय, अस्पताल र सार्वजनिक भवनको डिजाइनसम्बन्धी मापदण्ड पुनर्विचार गर्नुपर्ने आवश्यकता देखाएको छ। विगतमा देखिएको बाढीको स्तरलाई मात्र आधार बनाएर हिमाली नदी कोरिडोरमा पूर्वाधार निर्माण गर्नु पर्याप्त छैन। अब अत्यधिक बाढी, गेग्रान बहाब, नदीको मार्ग परिवर्तन र पहाडी भिरालोपन अस्थिरतालाई समेत डिजाइनमा समावेश गर्नु पर्छ। विद्यमान जोखिमयुक्त संरचनाको जोखिम परीक्षण गरी आवश्यकता अनुसार पुनः सुदृढीकरण गर्नु पर्छ।

त्यसै गरी जोखिम संवेदनशील भूउपयोग योजना स्थानीय तहमा कानुनी रूपमा लागु गर्नु पर्छ। नदी किनार र बाढी मैदान आर्थिक तथा पर्यटन गतिविधिका लागि आकर्षक भए पनि दीर्घकालीन जोखिम उच्च हुन सक्छ। त्यसैले भूउपयोगलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ– उच्च जोखिमयुक्त निषेधित क्षेत्र, सीमित विकास क्षेत्र र व्यवस्थित विकास क्षेत्र। अत्यधिक जोखिममा रहेका बस्तीका लागि सामाजिक रूपमा स्वीकार्य र योजनाबद्ध पुनर्स्थापना कार्यक्रम आवश्यक छ।

## समुदाय र सुरक्षा निकाय

विपत्को समयमा राष्ट्रिय उद्धार टोली पुग्नुअघि स्थानीय समुदाय नै पहिलो उद्धारकर्ता हुन्छ। त्यसैले उच्च जोखिमयुक्त प्रत्येक स्थानीय तहमा प्रशिक्षित सामुदायिक विपत् प्रतिक्रिया टोली गठन गर्नु पर्छ। नियमित उद्धार तथा सुरक्षित स्थानान्तरण अभ्यास, सुरक्षित भेला हुने स्थान, आकस्मिक आश्रयस्थल, प्राथमिक उपचार, सुरक्षित निकास मार्ग र स्थानीय सञ्चार प्रणाली पहिले नै तयार हुनु पर्छ। रेडक्रस, स्काउट, विद्यालय, स्वास्थ्यकर्मी तथा समुदायलाई यस प्रक्रियामा सहभागी गराउन सकिन्छ।

नेपाल सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई हिमाली उद्धार, तीव्र जल प्रवाहमा उद्धार, गेग्रान बहाब, हेलिकोप्टर तथा ड्रोनमार्फत खोजी, आपत्कालीन सञ्चार र ठुलो सङ्ख्यामा प्रभावित व्यक्तिको व्यवस्थापनसम्बन्धी विशेष तालिम दिनु पर्छ। मनसुन सुरु हुनुअघि नागरिक प्रशासन, सुरक्षा निकाय र स्थानीय समुदायको संयुक्त अभ्यास नियमित गरिनु पर्छ। भोटेकोशीबाट प्राप्त पाठलाई राष्ट्रिय नीतिमा रूपान्तरण गर्न पाँच प्रमुख स्तम्भ आवश्यक छन् :

**नदी जलाधारस्तरीय जोखिम समन्वय संयन्त्र** : स्थायी भोटेकोशी–त्रिशूली नदी जलाधारस्तरीय समन्वय संयन्त्र स्थापना गरी सङ्घ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित वैज्ञानिक र सुरक्षा निकायलाई एउटै प्रणालीमा जोड्नु पर्छ।

**हिमाली जोखिम निगरानी सञ्जाल** : हिमनदी, हिमताल, हिमपहिरो, पहिरो, चट्टान खस्ने सम्भावना र नदीको बहाब परिवर्तनको एकीकृत वैज्ञानिक निगरानी गर्नु पर्छ। विश्वविद्यालय, अनुसन्धान संस्था र विशेषज्ञलाई नीति निर्माणमा संस्थागत रूपमा जोड्नु पर्छ।

**राष्ट्रिय विपत् प्रतिरोधी पूर्वाधार मापदण्ड** : सडक, पुल, जलविद्युत्, विद्यालय, अस्पताल तथा सार्वजनिक आश्रयस्थलका लागि बहुजोखिममा आधारित अनिवार्य निर्माण मापदण्ड लागु गर्नु पर्छ।

**सीमापार सूचना तथा सहकार्य** : नेपाल–चीनबिच जलविज्ञान, मौसम, हिमनदी, हिमताल तथा आपत्कालीन पूर्वसूचनासम्बन्धी नियमित सूचना आदानप्रदान र संयुक्त अध्ययनको व्यवस्था गर्नु पर्छ।

**राहतभन्दा पूर्वतयारीमा वित्तीय प्राथमिकता** : विपत् आएपछि राहत र पुनर्निर्माणमा ठुलो रकम खर्च गर्ने वर्तमान अभ्यासलाई परिवर्तन गरी विपत् रोकथाम, पूर्वतयारी र जोखिम न्यूनीकरणमा पर्याप्त बजेट लगानी गर्नु पर्छ। यस्तो लगानी मानवीय मात्र नभई दीर्घकालीन आर्थिक दृष्टिले पनि बढी प्रभावकारी हुन्छ, किनकि बारम्बारको विनाश र पुनर्निर्माणले राष्ट्रिय विकासमा ठुलो लागत थप्छ।

## निष्कर्ष

विसं २०८३ भदौ १० गतेको भोटेकोशी बाढी नेपालका लागि एउटा गम्भीर चेतावनी हो। हिमाली क्षेत्रमा सुरु भएको एउटा घटना छोटो समयमै सम्पूर्ण नदी बेसिनमा ठुलो विपत्मा परिणत हुन सक्छ। हिमनदीको अस्थिरता, चट्टान र बरफको खसाइ, गेग्रान, बहाब, नदी थुनिनु र अचानक बाढी आउनु जस्ता घटनालाई छुट्टाछुट्टै विपत्का रूपमा होइन, अन्तरसम्बन्धित बहुजोखिम प्रणालीका रूपमा बुझ्नु पर्छ। नेपालले विपत् आएपछि प्रतिक्रिया दिने प्रणालीबाट अब विपत् आउनुअघि जोखिम पहिचान, व्यवस्थापन र न्यूनीकरण गर्ने प्रणालीतर्फ रूपान्तरण गर्नु पर्छ। यसको आधार एकीकृत नदी जलाधार योजना, बहुजोखिम पूर्वसूचना, जोखिम संवेदनशील भूउपयोग, विपत् प्रतिरोधी पूर्वाधार, प्रशिक्षित समुदाय तथा सक्षम उद्धार प्रणाली हुनु पर्छ।

भोटेकोशीको त्रासदीलाई दीर्घकालीन नीतिगत विरासतमा बदल्ने हो भने अबको बाटो स्पष्ट छ– एकीकृत नदी जलाधार योजना, बहुजोखिम निगरानी, सीमापार सूचना आदानप्रदान, जोखिम संवेदनशील विकास र विपत् पूर्वतयारीमा आधारित शासनप्रणाली। यही परिवर्तनले नेपालको हिमाली क्षेत्रलाई भविष्यको विपत्का अगाडि अझ सुरक्षित, सक्षम र लचिलो बनाउन सक्छ।

भोटेकोशीको त्रासदीलाई दीर्घकालीन नीतिगत विरासतमा बदल्ने हो भने अबको बाटो स्पष्ट छ- एकीकृत नदी जलाधार योजना, बहुजोखिम निगरानी, सीमापार सूचना आदानप्रदान, जोखिम संवेदनशील विकास र विपत् पूर्वतयारीमा आधारित शासनप्रणाली। यही परिवर्तनले नेपालको हिमाली क्षेत्रलाई भविष्यको विपत्का अगाडि अझ सुरक्षित, सक्षम र लचिलो बनाउन सक्छ।

नयाँ  नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

भोजपुरी भाषा पृष्ठ



# नेपाल के चाहीं जलवायु न्याय



■ रितेश त्रिपाठी

> अन्तर्राष्ट्रीय एकीकृत पर्वतीय विकास केन्द्र (ईसीमोड) के अनुसार सन् १९९० से २०२० के बीच हिन्दूकुश हिमालय के हिमनदी आपन कुल क्षेत्रफल के करीब १२ प्रतिशत गँवा चुकल बा।



एही २०८३ भदौ १० गते आचानक आइल रसुवा बाढ़ के कारण ई दिन नेपाल खातिर एगो अउरी त्रासदीपूर्ण आ दुखद इयाद के रूप में अंकित हो गइल बा। राष्ट्रीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण के भादो २३ मंगल के दिन तकले के विवरण के अनुसार साढ़े १२ सय से अधिक लोगन के मृत्यु के पुष्टि भइल बा, जबकि ५८३ विदेशी नागरिक समेत ५० हजार ५३ लोग बेपता बाड़ें।

घाइते लोगन के संख्या ५३ सय ८४ बा। २१ हजार २०४ सुरक्षाकर्मी के उद्धार में परिचालन कइल गइल बा। अबले १२ हजार ३८ लोग के उद्धार भइल बा। प्राधिकरण के कार्यकारी प्रमुख डा. धर्मराज उप्रेती के ओर से सार्वजनिक कइल गइल प्रारम्भिक मूल्यांकन के अनुसार बाढ़ से भवन, बस्ती, पुल, स्वास्थ्य आ शैक्षिक संरचना, कृषि, ऊर्जा, विद्युत् आ दूरसञ्चार समेत अलग-अलग क्षेत्र में कुल रु. ३८७.५४ अर्ब बराबर के क्षति भइल बा।

पिछिला १० साल, अर्थात् सन् २०१६ से २०२६ के अगस्त तक के देखल जाँव त नेपाल तिब्बत ओर के हिमताल भा हिमनदीजन्य आकस्मिक बाढ़ के कारण कम से कम चार गो बड़ा आ त्रासदीपूर्ण घटना झेल चुकल बा। सन् २०१६ के भोटेकोशी के बाढ़, २०२५ के रसुवा घटना आ एह साल रसुवा में दोहराइल घटना सब से बड़ा आ भयावह घटना में गिनल जा सकेला। ई तीनू घटना तिब्बत सीमा से शुरू भइल विपद रहे। अइसन जोखिम अगर लगातार बढ़त गइल त ई नेपाल खातिर आणविक अस्त्र जइसन विनाशकारी खतरा बन सकेला।

एह बीचे नेपाल के आपन हिमाली क्षेत्र थामे में भी २०८२ साउन ३२ गते एगो बड़ा हिमताल विस्फोटजन्य बाढ़ आइल रहे। ई सोलुखुम्बु के थामे उपत्यका में रहल उपरी आ निचला नागोले-चो हिमताल के क्रमिक विस्फोट के कारण भइल रहे। एहसे अलगे छोट-बड़ बाढ़ आ भूस्खलन के घटना त रहबे करेला। सवाल उठेला आखिर अइसन घटना काहे होखेला ? का अइसन त्रासदी से बचे के उपाय नइखे ? आ अगर उपाय बा त समय रहते ओकरा पर काम काहे ना भइल ?

### पूर्वसूचना में चूक:

"ओह घटना में पूर्वानुमान भइल देखाई ना देत बा। बाढ़ आवे लागला के बाद निचला इलाका के लोगन के म्यासेज गइल बा। बाढ़ त आहीं जाई। बाकिर एकर पूर्वानुमान आ पूर्वसूचना से लोगन के जान बचावल जा सकेला। मालजाल के बचावल जा सकेला। आदमी के जिनगी के आगे सम्पत्ति के सवाल बाद में आवेला," प्राध्यापक डा. अर्याल कहलें, "हमनी के पानी तिब्बत ओर से आवेला, एहसे उहाँ के सूचना हमनी के समय रहते मिलल जरूरी बा। समय रहते सूचना मिल गइल रहित त मानवीय क्षति शून्ये कइल जा सकत रहे।"

मेलम्ची में आइल बाढ़ के घटना में पहिले से पर्याप्त सूचना प्रवाह भइल रहे, एहसे मानवीय क्षति से बचे में सफलता मिलल रहे। चीन से नेपाल आवे वाला नदी- में बहाव ओनहीं से आवेला। एहसे पूर्वसूचना भी उहाँ से ना मिलल त नेपाल के समय रहते जानकारी मिल पावल मुश्किल हो जाला। अइसन सूचना खातिर नेपाल सरकार के खुद पहल करके प्रभावकारी संयन्त्र बनावे के काम करे के चाहीं।

अधिक घटना में पानी के श्रोत तिब्बत ओर देखल गइल बा। एहसे चीन-नेपाल सीमापार नदी प्रणाली में हिमताल के निगरानी, वास्तविक समय में सूचना आदान-प्रदान आ पूर्वसूचना प्रणाली नेपाल खातिर जरूरी बा। विपद के उत्पत्ति आ क्षति होखे वाला जगह एके होखे जरूरी नइखे। बाकिर पूर्वसूचना में चूक अबकीर के जनधन के क्षति के एगो प्रमुख कारण मानल गइल बा।

अधिकांश घटनन में भी हिमताल नेपाल में ना रहे, बाकिर ओहसे पैदा भइल विपद के बड़ा हिस्सा नेपाल के झेले के पड़ल। आखिर नेपाल के अइसन नियति काहे भोगे के पड़त बा ? का एकरा पीछे केहू के जिम्मेदार मान के भविष्य खातिर जिम्मेवार बनावे के जरूरत नइखे ? ई सवाल अब केवल बहस के विषय ना, बल्कि राष्ट्रीय सुरक्षा आ मानवीय सुरक्षा से जुड़ल सवाल बन गइल बा।

### पघिलत बा, जलवायु न्याय कहाँ बा ?

हिमाली क्षेत्र के पृथ्वी के जलवायु प्रणाली के एगो संवेदनशील सूचक मानल जाला। बाकिर पिछिला कुछ साल के अध्ययन देखावत बा कि ई सूचक असामान्य गति से बदल रहल बा। पिघल के हिमाल उघार होत जाता आ हिमताल फैलत जात बा। एकर सीधा असर नेपाल, भारत, भूटान, पाकिस्तान आ चीन के तिब्बत क्षेत्र समेत करोड़ों लोगन के पानी, कृषि, ऊर्जा आ जीविका पर पड़े लागल बा।

अन्तर्राष्ट्रीय एकीकृत पर्वतीय विकास केन्द्र (ईसीमोड) के अनुसार सन् १९९० से २०२० के बीच हिन्दूकुश हिमालय के हिमनदी आपन कुल क्षेत्रफल के करीब १२ प्रतिशत गँवा चुकल बा।

सन् २००० के बाद हिमनदी के बरफ गँवावे के दर अउरी तेज भइल बा। २०२६ में प्रकाशित ईसीमोड के नया मूल्यांकन देखावत बा कि सन् २००० के तुलना में हिमनदी के बरफ गँवावे के दर दूगुना भइल बा।

मतलब साफ बा हिमालय पघील रहल बा। एह बदलाव के भविष्य के सम्भावित संकट भर मानल अब पर्याप्त नइखे। संकट वर्तमान में बा आ एकर असर बाढ़, भूस्खलन, पानी के असुरक्षा, कृषि संकट आ ऊर्जा प्रणाली पर पड़ रहल बा। 'अर्थ सिस्टम एण्ड इन्भाइरन्मेन्ट' नामक जर्नल में सन् २०२१ में प्रकाशित अनुसन्धान में भी इहे तथ्य लउकल रहे। हिमनदी आ ताल से अचानक आवे वाला बाढ़ के खतरा के बारे में सन् २०२१ में ही अध्ययन साफ चेतावनी दे चुकल रहे।

एह चेतावनी के गम्भीरता से लेके नेपाल के अउरी अनुसन्धान, जोखिम से निपटे खातिर सूचना संयन्त्र, निगरानी प्रणाली आ पूर्वतयारी करे के जरूरत रहे। बाकिर विपद आवे के पाँच साल बाद भी नेपाल के तैयारी के स्तर पर सवाल उठ रहल बा।

छो रोल्पा के उदाहरण देखल जाए त जब ओकरा फूटे के खतरा लउकल त ओह पर काम भइल आ मजबूत नेटवर्क बनावल गइल। अर्थात् जोखिम पहचान भइल त समाधान के उपाय भी सम्भव बा।

### जिम्मेवार के ?

जलवायु परिवर्तन के खाली 'प्राकृतिक परिवर्तन' के रूप में बुझल अब वैज्ञानिक रूप से पर्याप्त नइखे। औद्योगिक क्रान्ति के बाद कोइला, तेल आ ग्यास के व्यापक इस्तेमाल, औद्योगिकीकरण, यातायात, उत्पादन आ उपभोग के बढ़त स्तर से वायुमण्डल में हरितगृह ग्यास के मात्रा बढ़ल बा। एहसे जलवायु संकट के एगो महत्वपूर्ण सवाल ई भी बा_'केतना उत्सर्जन के कइल ?'

जलवायु परिवर्तन के कारण पैदा करे में सबसे कम भूमिका निभावे वाला नेपाल जइसन देश एकर सभसे गम्भीर परिणाम झेल रहल बा। हिमालय के बरफ पघिले के गति तेज होत गइला के बावजूद अन्तर्राष्ट्रीय सम्मेलन में भइल प्रतिबद्धता, विकसित देशन के वित्तीय दायित्व आ वास्तविक जलवायु न्याय के बीच के दूरी अबहियो कम नइखे भइल। अध्ययन अनुसार नेपाल के हरितगृह ग्यास उत्सर्जन विश्व के कुल उत्सर्जन के करीब ०.०२७ प्रतिशत मात्र अर्थात् अत्यन्त न्यून बा।

ई विरोधाभासे जलवायु न्याय के मूल सवाल पैदा करेला। उत्सर्जन में नगण्य योगदान करे वाला देश के क्षति आ अनुकूलन के भारी कीमत काहे चुकावे के पड़ेला ? एहसे हिमालय के बरफ पघिलल नेपाल भा भारत के मात्र पर्यावरणीय समस्या नइखे। ई दक्षिण एसिया के पानी सुरक्षा, खाद्य सुरक्षा, ऊर्जा सुरक्षा आ क्षेत्रीय स्थायित्व से जुड़ल सवाल ह।

विज्ञ लोग के अनुसार नेपाल के पहिल प्राथमिकता हिमालय के अन्तर्राष्ट्रिय जलवायु वार्ता के एगो अलग एजेन्डा बनावे के होखे के चाहीं। जलवायु संकट के असर जब सीमा ना माने, त समाधान भी सीमा के भीतर सीमित ना रह सके। नेपाल खातिर अब हिमालय के संरक्षण केवल वातावरण के मुद्दा नइखे; ई मानवीय सुरक्षा, आर्थिक भविष्य आ जलवायु न्याय के सवाल बन चुकल बा।

# जे नाची से बाँची



■ कनक किशोर

*रोज ना पैदा होले*
*भिखारी ठाकुर*
*बता गइले उहे बाँची*
*जे नाची।*

ई एगो हमरे कविता के अंश ह। डॉ. रामदयाल मुंडा मानत रहन कि कवनो समाज के अस्तित्व ओकर भाषा, गीत, संगीत अउर नृत्य से सुरक्षित रहेला। जदी संस्कृति मिट गइल त समाज के पहचानो मिट जाईडॉं मुंडा के देल नारा ह - 'जे नाची से बांची'। बाकिर एह कथन के जीवंत कइले बाड़े अपना जिनगी में भिखारी ठाकुर जी लोक नृत्य के समर्पित अपना जीवन से। उहाँ के भोजपुरी लोक संस्कृति का प्राण रहीं। उहाँ के पारंपरिक नाट्य कला 'लौंडा नाच' आ 'बिदेसिया' विधा के माध्यम से २०वीं सदी में लोक संस्कृति के एगो सम्मानजनक पहचान देनीं। भिखारी ठाकुर के नाच, नाच भर ना रहे भोजपुरिया लोक संस्कृति के साँच रहे। ओह में व्यष्टि के भाव ना समष्टि के भाव, सामाजिक पीड़ा रहत रहे। ऊ नाच के महज सतही मनोरंजन से ऊपर उठाके गंभीर सामाजिक विमर्श के माध्यम बनवलें। लोक बाँचे वाला भिखारी ठाकुर के लोक नाट्य में लोक के सच्चाई भरल रहत रहे जे उहाँ के लोक में स्थापिते ना कइलस एगो नचनिया के 'अनगढ़ हीरा ' आ 'भोजपुरी के शेक्सपियर' के संज्ञा से नवजलस। लोक संस्कृति के सजग प्रहरी आ सामाजिक सरोकार के पैरोकार अपना पोथियन के आपन बोली भोजपुरी में रचनीं। उनका नाटकन में बाल विवाह, बेमेल बियाह, गरीबी अउर नशाखोरी जस सामाजिक कुरितियन पर जम के प्रहार देखे के मिलेला। 'बिदेशिया' में रोजी रोटी खातिर आपन माटी के छोड़ि आन देश में पलायन कर गइल मरद आ घरे रह गइल मेहरारूयन के मार्मिक पीड़ा के लोक मानस के बड़ी सुन्दर ढ़ंग से सामने रखल गइल बा। उनुका लोक नाट्य साहित्य में बिदेसिया, गबरघिचोर, बेटी-बेचवा अउर भाई-बिरोध जइसन रचना लोक संस्कृति आ समाजिक सच्चाई बयान करे दिसाई मील के पत्थर बाड़ी सं।

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग भद्रपुर झापामा प्रा.फ.र.नं ४१४/२३६९, मिति २०६७/११/३० मा दर्ता भई आन्तरिक राजस्व कार्यालय भद्रपुरबाट स्थायी लेखा नम्बर ६०१२७८५८१ प्राप्त गरी झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ६ को परिवर्तित कोशी प्रदेश, झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ कृष्णहल जाने बाटोस्थित रजिस्टर्ड ठेगाना रहेकोमा दुर्गा स्टोरका प्रोप्राइटर टंक प्रसाद लम्सालकी छोरी, तारा प्रसाद लुइटेलकी बुहारी, ओम प्रकाश लुइटेलकी पत्नि झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. १ को परिवर्तित कोशी प्रदेश, झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १० बस्ने वर्ष ४८ की दुर्गा लम्साल (ना.प्र.नं. १८६०२६४२, जि.प्र.का. झापा) (सञ्चालक/ऋणी......१

त्रिलोचन लुइटेलको नाति, तारा प्रसाद लुइटेलको छोरा, झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ७ को परिवर्तित कोशी प्रदेश, झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ७ बस्ने वर्ष ५१ को सुर्य कान्त लुईटेल (ना.प्रा.नं. ६९७११२०४०, जि.प्र.का. झापा) (जमानी कर्ता)......१

त्रिलोचन लुइटेलको नाति, तारा प्रसाद लुइटेलको छोरा, झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ७ को हाल परिवर्तित कोशी प्रदेश, झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ७ बस्ने वर्ष ४९ को ओम प्रकाश लुइटेल (ना.प्रा.नं. ६९७१२०३९, जि.प्र.का. झापा) (जमानी कर्ता)......१

हरिभक्त काफ्लेकी छोरी, त्रिलोचन लुईटेलकी बुहारी, तारा प्रसाद लुईटेलकी पत्नि, झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ७ को हाल परिवर्तित कोशी प्रदेश, झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ७ बस्ने वर्ष ६८ की रेनुका कुमारी लुईटेल (ना.प्रा.नं. २५९५/१३५, जि.प्र.का. झापा) (जमानी कर्ता)......१

नेपाल सरकार
गृह मन्त्रालय
**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,**
**मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,**
**भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भू, काठमाडौँ।**

# नयाँ भर्ना सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८३/०५/२६ गते, सूचना नं. १(०८३/८४)**

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समूह, साधारण उपसमूहतर्फ उल्लिखित पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट अनलाइन मार्फत वा रु. १०/- को टिकट टाँसी स्वयं उपस्थित भई आफूलाई पायक पर्ने सशस्त्र प्रहरी बल, नेपालको तोकिएको कार्यालयहरुमा दरखास्त फाराम बुझाउन सकिने गरी यो दरखास्त आह्वान गरिएको छ।

**१. दरखास्त लिने मिति:-**

(क) मिति:- **२०८३/०५/३०** गतेदेखि **२०८३/०६/२८** गते कार्यालय समयसम्म।

(ख) अनलाइन मार्फत तोकिएको समयभित्र दरखास्त फाराम भरेका सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदका आवेदकहरुले मिति **२०८३/०६/३०** गते कार्यालय समयभित्र आफूले दरखास्त आवेदन दिंदा रोजेको कार्यालयमा स्वयं उपस्थित भई सक्कलै दरखास्त फाराम बुझाउनु पर्नेछ।

**२. सम्पर्क मिति, समय र स्थान:-**

(क) साधारण समूहतर्फका सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको प्रारम्भिक शारीरिक परीक्षण सम्बन्धी सूचना **मिति: २०८३/०७/१३ गते** सशस्त्र प्रहरी बल, नेपालको वेबसाइट www.apf.gov.np र फेसबुक पेजमा प्रकाशन गरिनेछ।

**३. आवश्यक पद संख्या (साधारण समूह, साधारण उपसमूहतर्फ):-**

| सि. नं. | | पद | विज्ञापन नम्बर | खुला | अमर/अशक्त स.प्र.क.सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| १. | | सशस्त्र प्रहरी जवान | ०१(०८३/८४) | ३२६ | १२ | ५३ | ८५ | ७४ | ४० | १४ | ६०४ |
| २. | क. | सशस्त्र प्रहरी परिचर (भान्छे) | ०२(०८३/८४) | २० | १ | ३ | ६ | ५ | २ | १ | ३८ |
| | ख. | सशस्त्र प्रहरी परिचर (कूचिकार) | ०३(०८३/८४) | ५ | ० | १ | १ | १ | ० | ० | ८ |
| | ग. | सशस्त्र प्रहरी परिचर (सूचिकार) | ०४(०८३/८४) | २ | १ | १ | १ | ० | ० | १ | ६ |
| | घ. | सशस्त्र प्रहरी परिचर (केशकर्तक) | ०५(०८३/८४) | ४ | ० | ० | १ | ० | १ | १ | ७ |
| | ङ. | सशस्त्र प्रहरी परिचर (चर्मकर्मी) | ०६(०८३/८४) | १ | ० | ० | ० | ० | ० | १ | २ |
| | च. | सशस्त्र प्रहरी परिचर (माली) | ०७(०८३/८४) | ० | ० | १ | ० | ० | ० | ० | १ |

**४. दरखास्त फाराम दर्ता गर्ने स्थानहरू:-**

**(क) सशस्त्र प्रहरी जवान पदका लागि:-**

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालयहरु | सम्पर्क नं. | सम्पर्क तथा परीक्षा सञ्चालन हुने कार्यालयहरू |
|---|---|---|---|
| **१.** | **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भू, काठमाडौँ।** | ०१-५२४९०२४ | **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भू, काठमाडौं।** |
| **२.** | **सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गढीमाई बाहिनी मुख्यालय, मकवानपुर।** | ९८५१२७२१७६ | |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुर। | ९८५१२७२५३२ | |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल नं. १५ गण हे.क्वा., काभ्रेपलान्चोक। | ९८५१२७२०७५ | |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. १६ गण हे.क्वा., सिन्धुपाल्चोक। | ९८५१२७२१३३ | |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गुल्म हे.क्वा., दोलखा। | ९८५१२७२५३७ | |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल नं. १९ गुल्म हे.क्वा., नुवाकोट। | ९८५१२७२५३५ | |
| ८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २० गुल्म हे.क्वा., रसुवा। | ९८५१२७२२७५ | |
| ९. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा. सिन्धुली। | ९८५१२७२६०२ | |
| १०. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा. रामेछाप। | ९८५१२७२५५७ | |
| ११. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा. धादिङ्ग। | ९८५१२७२४९१ | |
| **१२.** | **सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी।** | ९८५१२७२०२९ | **सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी।** |
| १३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ गण हे.क्वा. श्रीअन्तु, ईलाम। | ९८५१२७२२४२ | |
| १४. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा., झापा। | ९८५१२७२१२५ | |
| १५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गण हे.क्वा. कंकालिनी, मोरङ्ग। | ९८५१२७२१३६ | |
| १६. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ गण हे.क्वा. त्रियुगा, उदयपुर। | ९८५१२७२२७२ | |
| १७. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ गुल्म हे.क्वा. कञ्चनजंघा, ताप्लेजुङ्ग। | ९८५१२७२२४१ | |
| १८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ गुल्म हे.क्वा. हिमशिखर, पाँचथर। | ९८५१२७२२४० | |
| १९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गुल्म हे.क्वा., म्याग्लुङ्ग, तेह्रथुम। | ९८५१२७२२६२ | |
| २०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ गुल्म हे.क्वा. अरुण, संखुवासभा। | ९८५१२७२२५४ | |
| २१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ गुल्म हे.क्वा. टक्सार, भोजपुर। | ९८५१२७२२४५ | |
| २२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गुल्म हे.क्वा. छिन्ताङ्ग, धनकुटा। | ९८५१२७२२४६ | |
| २३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गुल्म हे.क्वा. हलेसी, खोटाङ्ग। | ९८५१२७२२४७ | |
| २४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., सोलुखुम्बु। | ०३८-५२०१०१ | |
| २५. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., ओखलढुङ्गा। | ०३७-५२०६४२ | |
| **२६.** | **सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी।** | ९८५१२७२०२४ | **सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी।** |
| २७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ गण हे.क्वा., सप्तरी। | ९८५१२७२१४३ | |
| २८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण हे.क्वा., सिरहा। | ९८५१२७२१२६ | |
| २९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण हे.क्वा., धनुषा। | ९८५१२७२१२७ | |
| ३०. | सशस्त्र प्रहरी बल, नेपाल नं. १० गण हे.क्वा., सर्लाही। | ९८५१२७२१२९ | |
| ३१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हे.क्वा., रौतहट। | ९८५१२७२१३० | |
| ३२. | सशस्त्र प्रहरी बल, नेपाल नं. १२ गण हे.क्वा., बारा। | ९८५१२७२१५१ | |
| ३३. | सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हे.क्वा., पर्सा। | ९८५१२७२१३२ | |
| **३४.** | **सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्की।** | ९८५१२७२०२५ | **सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्की।** |
| ३५. | सशस्त्र प्रहरी बल, नेपाल नं. २३ गण हे.क्वा. मनकामना, तनहुँ। | ९८५१२७२०९९ | |
| ३६. | सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका, पर्वत। | ९८५१२७२०७९ | |
| ३७. | सशस्त्र प्रहरी बल, नेपाल नं. २९ गुल्म हे.क्वा., गोरखा। | ९८५१२७२२७१ | |
| ३८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३० गुल्म हे.क्वा., स्याङ्गजा। | ९८५१२७२५१८ | |
| ३९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३१ गुल्म हे.क्वा., पूर्वी नवलपरासी। | ९८५१२७२५१६ | |
| ४०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३२ गुल्म हे.क्वा., मनाङ्ग। | ९८५१२७२५२१ | |
| ४१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गुल्म हे.क्वा., मुस्ताङ्ग। | ९८५१२७२४७४ | |
| ४२. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., लमजुङ। | ९८५१२७२६१५ | |
| ४३. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., म्याग्दी। | ९८५१२७२५९० | |
| ४४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., बाग्लुङ्ग। | ९८५७६६८७०० | |
| **४५.** | **सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यवासिनी बाहिनी मुख्यालय, रुपन्देही।** | ९८५१२७२०७८ | **सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यवासिनी बाहिनी मुख्यालय, रुपन्देही।** |
| ४६. | सशस्त्र प्रहरी बल, नेपाल सिमा सुरक्षा तालिम शिक्षालय बर्दघाट, नवलपरासी। | ९८५१२७२०६१ | |
| ४७. | सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी जवान तालिम शिक्षालय, नौवस्ता, बाँके। | ९८५१२७२०६३ | |
| ४८. | सशस्त्र प्रहरी बल, नेपाल नं. २७ गण हे.क्वा., रुपन्देही। | ९८५१२७२१४४ | |
| ४९. | सशस्त्र प्रहरी बल, नेपाल नं. २९ गण हे.क्वा. ज्वालामाई दाङ्ग। | ९८५१२७२०८४ | |
| ५०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३१ गण हे.क्वा., बर्दिया। | ९८५१२७२१३९ | |
| ५१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गुल्म हे.क्वा., पाल्पा। | ९८५१२७२५८० | |
| ५२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३६ गुल्म हे.क्वा., अर्घाखाँची। | ९८५१२७२०५७ | |
| ५३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३७ गुल्म हे.क्वा., गुल्मी। | ९८५१२७२२८१ | |
| ५४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., पूर्वी रुकुम। | ९८५७८४५४५२ | |
| ५५. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., रोल्पा। | ९८४९७५७८४३ | |
| ५६. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., प्युठान। | ९८५७८९०४०२ | |
| **५७.** | **सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत।** | ९८५१२७२०२६ | **सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत।** |
| ५८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गण हे.क्वा. त्रिपुरा, जुम्ला। | ०८७-५२०५०३ | |
| ५९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गुल्म हे.क्वा., हुम्ला। | ९८५१२७२७५७ | |
| ६०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४५ गुल्म हे.क्वा., मुगु। | ९८५१२७२७६१ | |
| ६१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४६ गुल्म हे.क्वा., डोल्पा। | ०८७-५५०१८४ | |
| ६२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४७ गुल्म हे.क्वा., पश्चिम रुकुम। | ९८५१२७२६४६ | |
| ६३. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., सल्यान। | ०८८-५२०४१५ | |
| ६४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., जाजरकोट। | ९८५१२७११४९ | |
| ६५. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., दैलेख। | ९८५१२७११४१ | |
| ६६. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., कालिकोट। | ९८६४७९६४०० | |
| ६७. | **सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, कैलाली।** | ९८५१२७२०२७ | **सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, कैलाली।** |
| ६८. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी, कंचनपुर। | ९८५१२७२१४१ | |
| ६९. | सशस्त्र प्रहरी बल, नेपाल नं. ३६ गण हे.क्वा., डोटी। | ९८५१२७२०८७ | |
| ७०. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गण हे.क्वा., दार्चुला। | ९८५१२७२२७६ | |
| ७१. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४९ गुल्म हे.क्वा. खप्तड, अछाम। | ९८५१२७२३४९ | |
| ७२. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५१ गुल्म हे.क्वा., बैतडी। | ९८५१२७२०८५ | |
| ७३. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५२ गुल्म हे.क्वा., डडेलधुरा। | ९८५१२७२५१३ | |
| ७४. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., बाजुरा। | ९८५१२७२७५२ | |
| ७५. | सशस्त्र प्रहरी बल, नेपाल गुल्म हे.क्वा., बझाङ्ग। | ९८५१२७२७६४ | |

**(ख) सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदका लागि:-**

| सि.नं. | दरखास्त फाराम संकलन गर्ने कार्यालय | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भू, काठमाडौं। | ०१-५२४९०२४ |

**५. आवश्यक न्यूनतम योग्यता:-**

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | सशस्त्र प्रहरी जवान | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको (जन्म मिति **२०६१/०५/२६** गतेदेखि मिति **२०६५/०५/२६** गतेसम्म),<br>(ख) कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको,<br>(ग) पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट दुई इन्च र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तीमा ४२ के.जी. भएको,<br>(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>(ङ) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाको लागि नपर्ने),<br>(च) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(छ) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने)<br>(ज) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>(झ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>(ञ) दरखास्त दिंदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>(ट) आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>(ठ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>(ड) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>(ढ) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको। |
| २. | सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) | (क) विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको (जन्म मिति **२०५८/०५/२६** गतेदेखि मिति **२०६५/०५/२६** गतेसम्म),<br>(ख) साधारण लेखपढ गर्न जानेको,<br>(ग) पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा चार फिट दश ईन्च र तौल कम्तीमा ४२ के.जी. भएको,<br>(घ) सशस्त्र प्रहरी जवान पदको (क), (ख) र (ग) बाहेकको अन्य योग्यता भएको। |

**६. राजश्व दस्तुर:-**

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | सशस्त्र प्रहरी जवान | दरखास्त फाराम बुझाउँदा रु. ३०० (तीन सय) बुझाउनु पर्नेछ। समावेशी समूहतर्फ दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम [रु. ६० (साठी)] थप दस्तुर बुझाउनु पर्नेछ, **सम्बन्धित भर्ना केन्द्रहरुले तोकेको राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शिर्षक नं.** मा जम्मा गर्नु भई सोको सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ। |
| २. | सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) | दरखास्त फाराम बुझाउँदा रु २०० (दुई सय) बुझाउनु पर्नेछ। समावेशी समूहतर्फ दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम [रु. ४० (चालिस)] थप दस्तुर बुझाउनु पर्नेछ एवं उक्त दस्तुर बापतको शुल्क **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको राजश्व खाता नं. १०००१००२०००१००००,** कार्यालयको **कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४ मा** जम्मा गर्नु भई सोको सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ। |

**७. दरखास्तसाथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु सक्कलै प्रति साथमा ल्याई उम्मेदवार आफैले प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ, केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुने छैन।**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति।

(ख) हालसालै खिचेको पासपोर्ट साइजको दुबै कान देखिने फोटो ३ (तीन) प्रति।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति। (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा नेपाल सरकारको मान्यता प्राप्त कार्यालयबाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।

(घ) **अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरुको सन्तति**हरुको लागि अमर/अशक्त भएको पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र १ (एक) प्रति।

(ङ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति।

(छ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि १ (एक) प्रति वा मिति २०७५/०४/२३ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको पत्रको सक्कल प्रति।

(ज) **पिछडिएका क्षेत्रका** लागि **अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला** जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको पत्रको सक्कल प्रति।

**८. परीक्षा विधि:-**

(क) प्रारम्भिक शारीरिक परीक्षण,
(ख) शारीरिक सहिष्णुता परीक्षा,
(ग) विस्तृत स्वास्थ्य परीक्षण,
(घ) लिखित परीक्षा (सशस्त्र प्रहरी जवान पदको लागि),
(ङ) प्रयोगात्मक परीक्षा (सशस्त्र प्रहरी परिचर पदको लागि),
(च) विशेष स्वास्थ्य परीक्षण,
(छ) अन्तर्वार्ता।

**पुनश्च:-**

(क) रित नपुगेका र म्याद भित्र राजश्व दस्तुर नतिरेका दरखास्त फाराम दर्ता हुने छैन।

(ख) सशस्त्र प्रहरी जवान पदको लागि बुँदा नं. ४ (क) मा आफूलाई पायक पर्ने उल्लिखित सशस्त्र प्रहरी बल, नेपालको जुनसुकै कार्यालय/स्थानबाट दरखास्त फाराम दर्ता गर्न सकिने छ। प्रारम्भिक शारीरिक परीक्षणदेखि अन्तर्वार्तासम्मको **परीक्षाहरुको संचालन सम्बन्धित कार्यालयहरुमा** हुनेछ।

(ग) सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदमा अनलाइन मार्फत दरखास्त फाराम दर्ता गरेका उम्मेदवारहरुले आफूले फाराम दर्ता गराए पश्चात मिति **२०८३/०६/३०** गते भित्र उपर्युक्त समयमा तोकिएका कार्यालयमा सम्पर्क गरी आफूले म्यादभित्र भरेको दरखास्त फाराम डाउनलोड गरी प्रिन्ट गरेको प्रति, तोकिएको राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शिर्षक नं. मा राजश्व जम्मा गरेको भौचरको सक्कल प्रति, आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस, रु. १० को टिकट र बुँदा नं. ७ मा उल्लेख भए अनुसारका सम्पूर्ण कागजातहरु लिई अनिवार्य रुपमा उम्मेदवार स्वयं उपस्थित भई प्रवेश-पत्र लिनु पर्नेछ। यदि उल्लिखित मितिमा उपस्थित नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ।

(घ) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेश-पत्र र नागरिकताको सक्कल प्रति साथमा लिएको हुनु पर्नेछ।

(ङ) प्रत्येक चरणको परीक्षा समाप्ति पश्चात नतिजा प्रकाशन गरिनेछ, उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ।

(च) परीक्षा संचालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अङ्कको आधारमा समावेशीतर्फका उम्मेदवारहरु बीचमा छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(छ) बुँदा नं. ६ मा उल्लिखित राजश्व दस्तुर शुल्कको अतिरिक्त उम्मेदवारहरुको विस्तृत र विशेष स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम थप शुल्क लाग्नेछ।

**(ज) बुँदा नं. ८ (घ) मा उल्लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ।**

(झ) लिखित (परिचरको हकमा प्रयोगात्मक परीक्षा) र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिनेछ।

(क) खुला (ख) महिला (ग) आदिवासी/जनजाति (घ) मधेसी
(ङ) दलित (च) पिछडिएको क्षेत्र (छ) अमर/अशक्त स.प्र.क. सन्तति

(ञ) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुबै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र)।

(ट) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुनेछ।

(ठ) सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १२ को उपनियम (५) मा व्यवस्था भए बमोजिम सशस्त्र प्रहरी जवान र सशस्त्र प्रहरी परिचर (विभिन्न ट्रेड) पदको लागि अन्तर्वार्ताको नतिजा प्रकाशन नहुँदासम्म रिक्त हुन आएका पदहरुलाई सोही विज्ञापनमा समावेश गर्न सकिनेछ।

(ड) नियुक्ति पाए पछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको सम्बन्धित दर्जाको आधारभूत तालिम गर्नु पर्नेछ।

**नोट:-**

(१) सम्मानित सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाडौं समेत विपक्षी रहेको रिट नं. ०७८-WO-०३८४ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानूनी प्रावधान मिलाए पछि कायम हुन आउने कूल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. ०७९/०८० मा कानूनमा तोकिएका समावेशी समूहलाई समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटी हुन गएको क्षति समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानूनहरुमा भएको व्यवस्था बमोजिम नै पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ।

(२) सशस्त्र प्रहरी सेवामा बहाल रहेका कर्मचारीहरुको हकमा ३० (तीस) वर्ष (जन्म मिति **२०५३/०५/२६** गतेसम्म) ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछन्। त्यस्ता विभागीय उम्मेदवारहरुको हकमा सम्बन्धित दर्जाको आधारभूत तालिम अनिवार्य सम्पन्न गरेको र विभागीय कारबाही नभएको तथा कारबाही प्रक्रियामा नरहेको भनी सम्बन्धित कार्यालयको सिफारिस पत्र दरखास्तसाथ संलग्न गर्नु पर्नेछ।

(३) अनलाइन माध्यमबाट दरखास्त फाराम भर्नका लागि उम्मेदवारहरुले https://bharna.apf.gov.np/ मा गई दरखास्त फाराम भर्न सकिनेछ। Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा टेलिफोन नं. **९८५१२७२५८४** मा सम्पर्क गर्न सकिनेछ।

(४) साधारण समूह, साधारण उपसमूहतर्फ सम्बन्धित पदहरुको पाठ्यक्रम, अनलाइन आवेदन दिने दरखास्त फाराम तथा परीक्षा संचालन हुने मिति, समय, स्थान र परीक्षाको नतिजा लगायतका विवरणहरु सशस्त्र प्रहरी बल, नेपालको वेबसाइट ***www.apf.gov.np,*** टोल फ्रि नं. **१११४** एवं आधिकारिक ***Facebook Page: Armed Police Force, Nepal*** बाट समेत जानकारी लिन सकिनेछ।

**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,**
**मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,**
**भर्ना तथा छनौट शाखा,**
**हलचोक, काठमाडौं।**

# चुनावी हारको कारण खोज्दै एमाले

**केशवराज पौडेल**
*ललितपुर, भदौ २५ गते*

राजनीतिक दलका लागि चुनाव जित्नु जति महत्त्वपूर्ण हुन्छ, हारको कारण पहिचान गर्नु त्योभन्दा बढी महत्त्वपूर्ण मानिन्छ किनभने जितले आत्मविश्वास दिन्छ भने हारले आत्मसमीक्षाको अवसर। नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले निर्वाचनको छ महिनापछि पछिल्लो आमनिर्वाचनमा बेहोरेको अपेक्षाभन्दा कमजोर परिणामपछि तयार भएको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन प्रतिवेदन यतिबेला पार्टीभित्र मात्रै होइन, राष्ट्रिय राजनीतिमा समेत बहसको विषय बनेको छ।

एमालेले प्रतिवेदनलाई अझै औपचारिक रूपमा सार्वजनिक गरेको छैन तर पार्टीको आन्तरिक स्रोतबाट बाहिरिएको प्रतिवेदनले एउटा महत्त्वपूर्ण तथ्य उजागर गरेको छ। निर्वाचनमा भएको पराजयलाई एमालेले केवल बाह्य शक्ति, सत्ता गठबन्धन वा प्रतिकूल राजनीतिक परिस्थितिको परिणामका रूपमा मात्र व्याख्या गरेको छैन। आफ्नै सङ्गठनात्मक कमजोरी, नेतृत्व शैली, जनतासँगको दुरी र बदलिँदो जनअपेक्षा बुझ्न नसक्नु नै पराजयको प्रमुख कारण भएको निष्कर्ष निकालेको छ।

## हारको कारण पार्टीभित्रै

पार्टी उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा गठित १५ सदस्यीय कार्यदलले चुनावी पराजयलाई केवल विपक्षी गठबन्धन वा बाह्य प्रभावको परिणाम मानेको छैन, बरु पार्टीभित्र बढ्दो शक्ति केन्द्रीकरण, नेतृत्वकेन्द्रित कार्यशैली, कमजोर कमिटी प्रणाली, कार्यकर्ताको असन्तुष्टि र जनताको बदलिएको मनोविज्ञान बुझ्न नसक्नु नै मूल समस्या रहेको औँल्याएको छ। प्रतिवेदनको सबैभन्दा चर्चित पक्ष सार्वजनिक क्षमायाचनाको प्रस्ताव हो। कार्यदलले पार्टी र सरकारले विगतमा गरेका कामको वस्तुनिष्ठ समीक्षा गरी भएका कमजोरीका लागि जनता र कार्यकर्तासँग माफी माग्नुपर्ने सुझाव दिएको छ।

कार्यदलले नेतृत्वले नैतिक जिम्मेवारी लिनुपर्ने उल्लेख गरेको छ। साथै २०६४ सालको संविधान सभा निर्वाचनपछि तत्कालीन एमाले महासचिव माधवकुमार नेपालले नैतिकताका आधारमा दिएको राजीनामाको प्रसङ्ग पनि स्मरण गराएको छ। प्रतिवेदनले अध्यक्ष केपी शर्मा ओलीको भूमिका र योगदानलाई अस्वीकार गरेको छैन। विगतमा एमालेलाई राष्ट्रिय राजनीतिमा सशक्त शक्तिका रूपमा स्थापित गर्न ओलीले खेलेको भूमिकाको प्रशंसा गरिएको छ। पार्टी पुनर्गठनको नेतृत्व पनि ओलीले नै गर्नुपर्ने सुझाव प्रतिवेदनमा समावेश छ। प्रतिवेदनले ७० बर्से उमेर हद र कार्यकारी नेतृत्वमा दुई कार्यकालको सीमा हटाउने निर्णयमाथि पनि प्रश्न उठाएको छ। कार्यदलले यी व्यवस्था हटाइएपछि पार्टीको विधि र विधान कमजोर बनेको निष्कर्ष निकालेको छ।

## सरकारमा सहभागिता

विसं २०७९ को निर्वाचनपछि एमाले पटक पटक सरकारमा सहभागी भए पनि जनताको विश्वास जित्न नसकेको निष्कर्ष निकालेको छ। सरकार सञ्चालनभन्दा सत्ता गठन र विघटनको राजनीतिमा बढी केन्द्रित भएको टिप्पणी प्रतिवेदनमा गरिएको छ। कार्यदलले जनसम्बन्ध सुधारका लागि आठ वटा महत्त्वपूर्ण सुझाव दिएको छ। सार्वजनिक क्षमायाचनादेखि मतदाताकेन्द्रित कार्यशैली, लक्षित वर्गको राजनीति, सम्पत्ति स्वघोषणा, पारदर्शिता, युवालक्षित कार्यक्रम, सरल भाषाशैली र प्रविधिमैत्री सङ्गठन निर्माणसम्मका विषय समेटिएका छन्। प्रतिवेदनले सङ्गठनात्मक पुनर्संरचनादेखि वैचारिक पुनर्गठनसम्मका १७ प्रस्ताव अघि सारेको छ। आवश्यक परे सबै तहका कमिटी विघटन गरेर पुनः कार्यकर्तामाझ जाने विकल्पसमेत प्रस्तुत गरिएको छ।

# आविष्कार केन्द्रले उत्पादन गर्दै छ अस्पतालजन्य सामग्री



**नेपाल आविष्कार केन्द्र चितवनले उत्पादन गरेको विद्युतीय ट्राइसाइकल।**

**चितवन समाचारदाता**
*चितवन, भदौ २५ गते*

शारीरिक अशक्तता भएका व्यक्तिका लागि आवश्यक ह्विलचेयर, ट्राइसाइकल र बिरामीमैत्री शय्यालगायतका उपकरण चितवनमै उत्पादन हुन थालेका छन्। विदेशबाट आयात गरिएका उपकरण व्यक्तिको शारीरिक अवस्था अनुसार अनुकूल बनाउन र मर्मत गर्न कठिन हुने समस्या रहेकोमा नेपाल आविष्कार केन्द्र चितवनले स्थानीयस्तरमै त्यस्ता उपकरण उत्पादन थालेको हो। भरतपुर महानगरपालिका–७ मा रहेको केन्द्रले अशक्तता भएका व्यक्तिको शारीरिक अवस्था र आवश्यकतालाई ध्यानमा राखेर नापजाँच गरी उनीहरूका लागि उपयुक्त उपकरण निर्माण गर्दै आएको छ। केन्द्रले हालसम्म विभिन्न १६ प्रकारका ह्विलचेयर निर्माण गरिसकेको जनाएको छ।

केन्द्रका अध्यक्ष विजय सुवेदीले कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौँमा २०८३ जेठ २० गते मुनाफा नबाँड्ने कम्पनीका रूपमा संस्था दर्ता गरी काम सुरु गरिएको जानकारी दिनुभयो। सामाजिक क्षेत्रमा सक्रिय विज्ञ तथा प्रतिष्ठित व्यक्तिको पहलमा स्थापना गरिएको केन्द्रमा ५१ जना संस्थापकले जनही एक लाख रुपियाँ लगानी गरेका छन्।"समाजका विज्ञ तथा प्रतिष्ठित व्यक्ति मिलेर केही नयाँ काम गरौँ भनेर संस्था दर्ता गरेका हौँ," अध्यक्ष सुवेदीले भन्नुभयो, "सुरुवाती चरणमा भएकाले अहिले अध्ययन, सिकाइ र उत्पादनलाई सँगसँगै अघि बढाएका छौँ।" २२ कट्ठा क्षेत्रफलमा रहेको केन्द्रले हाल तीन वटा घर भाडामा लिएर अध्ययन अनुसन्धानका काम गरिरहेको छ। केन्द्रमा इन्जिनियर सुनील परियार, आइटीविज्ञ अनुप घिमिरेसहित पाँच जना दक्ष कर्मचारी कार्यरत छन्।

केन्द्रका प्रमुख इन्जिनियर परियारका अनुसार व्यक्तिको शारीरिक अवस्था र आवश्यकताका आधारमा ह्विलचेयरको डिजाइन र संरचना फरक फरक बनाइन्छ। हिँडडुलमा समस्या भएका व्यक्तिका लागि ह्विलचेयरसँगै यात्रा गर्न तथा सानो व्यापार व्यवसायमा सामान ओसारपसार गर्न सक्ने गरी विद्युतीय ट्राइसाइकलसमेत निर्माण गरिएको छ। "अशक्तता भएका व्यक्तिका लागि विभिन्न १६ प्रकारका ह्विलचेयर निर्माण गरेका छौँ। बिरामीको शारीरिक अवस्था हेरेर आवश्यकता अनुसार ह्विलचेयर, हिँडडुलका लागि ट्राइसाइकल र बिरामीका लागि विशेष शय्यासमेत निर्माण गरेका छौँ," इन्जिनियर परियारले भन्नुभयो। केन्द्रले निर्माण गरेको विद्युतीय ट्राइसाइकल एक पटक पूर्ण चार्ज गरेपछि करिब ६० किलोमिटरसम्म चलाउन सकिने जनाइएको छ। त्यसमा बसेर यात्रा गर्न सकिने र सानो व्यापार तथा सामान ढुवानी गर्नसमेत प्रयोग गर्न सकिने केन्द्रले जनाएको छ।

केन्द्रका अनुसार हालसम्म एक सयभन्दा बढी ह्विलचेयर बिक्री भइसकेका छन् भने दुई दर्जनभन्दा बढी ट्राइसाइकल बिक्री भएका छन्। भरतपुर महानगरपालिकासँगको सहकार्यमा मोबाइल शौचालय निर्माण गरी विभिन्न स्थानमा राखिएको छ। बिरामीको शारीरिक अवस्था अनुसार निर्माण गरिएका विशेष शय्यासमेत आवश्यक व्यक्तिलाई वितरण गरिएको केन्द्रले जनाएको छ।

**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कलैया, बारा, मधेश प्रदेश, नेपाल**

**बोलपत्र रद्द तथा पुनः आह्वानसम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रकाशित मितिः २०८३/०५/२६**

सार्वजनिक खरिद अनुगमन कार्यालयको प.सं. २०८३/०८४ च.नं. **MIT**/१८२, मिति २०८३/०५/११ गतेको प्राप्त पत्रानुसार विद्युतीय खरिद प्रणली **(e-GP)** मा उच्च सुरक्षा जोखिम रहेको र प्रणाली सुधार/मर्मत सम्भार भइरहेको हुनाले अर्को सूचना जारी नभएसम्म विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गरी हार्डकपी **(Hard Copy)** मार्फत खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन प्राप्त भए अनुरुप यस कलैया उपमहानगरपालिकाबाट मिति २०८३/०५/०५ गते विद्युतीय खरिद प्रणली **(e-GP System)** मार्फत पेश गर्ने गरी आह्वान गरिएको तपसिल बमोजिमका बोलपत्र रद्द गरी पुनः हार्डकपी **(Hard Copy)** मार्फत खरिद प्रक्रिया अगाडि बढाउन यो सूचना प्रकाशन गरिएको छ।

| S.N. | Contract No. | Name of Contract |
|---|---|---|
| 1 | KSMC/NCB/ GOODS-03-083/84 | "Supply and Delivery of 18-Watt LED Bulb and Accessories" |
| Deadline for Bid Submission: | | 12:00 PM on 2083/06/16(02nd Oct 2026 |
| Date, Time and Place of Bid Opening: | | 1:00 PM on 2083/06/16 (02nd Oct 2026 at Office of Kalaiya Sub Metropolitan City, Kalaiya, Bara |
| Account Number for Bid Document Purchase: NPR. 3000 | | Name of Bank: Rastriya Banijya Bank, Kalaiya<br>Name of Office: Office of Kalaiya Sub-Metropolitan City, Kalaiya Bara<br>Office Account No.: 1260100301010004<br>Rajaswa (revenue) Shirshak no. 14229 |
| Account Number for Bid Security Deposit: NPR. 1,11,000.00 (90/120 Days) | | Name of Bank: Rastriya Banijya Bank, Kalaiya<br>Name of Office: Office of Kalaiya Sub-Metropolitan City, Kalaiya Bara<br>Office Account no.: 1260100303000004 |

**Government of Nepal**
**Ministry of Home Affairs**
**Department of Prison Management**
**Central Jail Hospital**
Tripureswor, Kathamndu, Nepal
Tel: **+977-1-5359712**, Email: **info@cjhospital.gov.np**

**Invitation for Bids**

Contract Identification Number: **CJH/NCB/G/2083/84-01**
Date of Notice Publication: **11 September 2026**

1. The **Central Jail Hospital (CJH),** Tripureswor, Kathmandu invites **Sealed Bids** for the Procurement of Goods "**Supply, Delivery, Installation, Testing and Commissioning of Fully Automated 5 Part Hematology Analyzer with Auto Loader and Fully Automated Urine Analyzer at CJH, Tripureshwor, Kathmandu"** under **National Competitive Bidding (NCB) Single Stage Single Envelope** Bidding procedures**.** Bidding is open to all eligible Bidders from all countries as defined in ITB Clause 4 (Eligible Bidders).
2. Complete set of Bidding Documents may be purchased from the office of **CJH, Tripureshwor, Kathmandu** during office hours on all working days by eligible bidders from **11 September 2026** onwards on the submission of **a Written Application**, copies of **Firm/Institution Registration & PAN/VAT Registration certificates** and upon payment of a non-refundable fee of **NRs. 3,000** to the Current Account Number:**1000100200010000** maintained at **Rastriya Banijya Bank, Teku,** Office Code: **314023504** and Revenue head: **14229** and original voucher/ receipt of the deposited amount must be submitted along with the Application. The Bidding Documents are available for sale till **1O ctober 2026** during office hours.
3. Interested Bidders are required to submit the Sealed Bids to the office of **CJH, Tripureshwor, Kathmandu** on or before **1:00 P.M. on 2 October 2026.** Bids received after this deadline will not be accepted.
4. Submitted Sealed Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:30 P.M.** on **2 October 2026** at the office of **CJH, Tripureshwor, Kathmandu.**
5. Bid must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to minimum of **NRs. 90,000,** which shall be valid for minimum 30 days beyond the validity period of the Bid (i.e. **Valid up to a minimum of 29 January 2027**).
6. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in **KA-2-3 Dharauti A/CKO.LE.NI.K(11002) 1700100102030000, Account of Office the Comptroller of Treasury** and should be deposited in the Name of **CJH, Tripureshwor, Office Code - 314023504, at Rastriya Banijya Bank Teku Branch** and original voucher/receipt of the deposited amount must be submitted along with the Sealed Bid.
7. Other details are provided in the issued Bidding Document.

**कार्यालय प्रमुख**

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**वीरगञ्ज नगर विकास समिति पर्सा, वीरगञ्ज**

**सपिङ कम्प्लेक्स भवन तथा कोठाहरू भाडामा दिनको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः ०८३।०५।२६ गते शुक्रबार**

यस समितिको वीरगञ्ज घण्टाघर लिंक सडकस्थित सपिङ कम्प्लेक्स भवनको सम्पूर्ण कोठा तथा भवन वा छुट्टाछुट्टै कोठा तथा भवन भाडामा लगाउनु पर्ने हुँदा तपसिलमा लेखिए बमोजिमका शर्तहरूको अधिनमा रही इच्छुक नेपाली व्यक्ति वा संस्थाहरूको लागि बोलपत्र आह्वान गरिएको छ।

**भाडामा लगाउने भवनसम्बन्धी विवरण**

| क्र.सं./आ.व. | सपिङ कम्प्लेक्स भवन/कोठा | मासिक न्यूनतम भाडा दर | | भाडा सम्झौता अवधि | बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) |
|---|---|---|---|---|---|
| १/०८३।०८४ | पसल कोठा नं.२ | १८,७००।०० | अठार हजार सातसय | २ (दुई) वर्ष | १,०००।- |
| २/०८३।०८४ | पसल कोठा नं.६ | १२,१००।०० | बाह्र हजार एकसय | २ (दुई) वर्ष | १,०००।- |
| ३/०८३।०८४ | पसल कोठा नं.८ | १४,३००।०० | चौध हजार तिनसय | २ (दुई) वर्ष | १,०००।- |
| ४/०८३।०८४ | पसल कोठा नं.९ | १४,३००।०० | चौध हजार तिनसय | २ (दुई) वर्ष | १,०००।- |
| ५/०८३।०८४ | प्रथम तल्ला | १,००,६००।०० | एक लाख छसय | २ (दुई) वर्ष | १,०००।- |
| ६/०८३।०८४ | दोश्रो तल्ला | ६६,०००।०० | छयसटठी हजार | २ (दुई) वर्ष | १,०००।- |

**शर्तहरू**

१) बोलपत्र फाराम तपसिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदको साथ यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयसम्म यस समितिको कार्यालयबाट दस्तुर रु. १,०००।- एक हजार (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सक्नेछ।
२) प्रत्येक कोठा तथा प्रथम र दोश्रो तल्ला भवनको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गर्नुपर्नेछ।
३) बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस समिति कार्यालयमा बोलपत्र दर्ता गराउन सक्नेछ। उल्लेखित समयभित्र दर्ता हुन आएका बोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरूको रोहवरमा समितिको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
४) बोलपत्र साथ आफूले कबुल गरेको अंकको ५% रकम यस कार्यालयको वीरगञ्जस्थित कृषि विकास बैंक, वीरगञ्जमा रहेको खाता नं.०५०७४००२९९८६००१९ मा जम्मा गरेको सक्कलै भौचरको सक्कल प्रति संलग्न राख्नु पर्नेछ।
५) बोलपत्रमा आफूले कबोल गरेको अंक र अक्षर दुवै स्पष्टरूपले उल्लेख गर्नु पर्नेछ। केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
६) बोलपत्र दाखिला गर्दा खाममा राखी सिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र लिन चाहेको भवन, कोठा स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
७) बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय क्रमशः कायम हुनेछ।
८) बोलपत्र साथ नागरिकता प्रमाणपत्र, भवन तथा पसल कोठा कुन प्रयोजनको लागि लिने हो सो व्यहोरा स्पष्ट उल्लेख गरी पान नं. सहितको ततसम्बन्धी कागजपत्रहरूको प्रतिलिपि पेश गर्नुपर्ने छ।
९) यो बोलपत्रमा उल्लेख भएका कुराहरूको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन तथा समितिको निर्णयानुसार भई जानेछ।
१०) बोलपत्र स्वीकृत भएपछि (जानकारी गराए बमोजिम) १२ महिनाको घरभाडा रकम अग्रिम स्वरुप दाखिला गर्नु पर्नेछ।
११) बोलपत्रसम्बन्धी कुनै विवाद भएमा वीरगञ्ज नगर विकास समिति कार्यालयको बैठकले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।
१२) अन्य कुनै आवश्यक कुरा बुझ्नु परेमा समिति कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

**नोट**: साविक पसल कवलवालाहरूको हकमा उक्त भवन कोठा भाडामा लिनको लागि बोलपत्र भर्न चाहेमा समितिलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण भाडा तथा कर बाँकी बक्यौता चुक्ता गरेको हुनुपर्नेछ।

**सदस्य सचिव**

**नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)**
**अनुसन्धान वृत्ति र प्रतिभा विकास कार्यक्रम**

**आवेदन आह्वानसम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६ गते)**

यस प्रज्ञा प्रतिष्ठानबाट आ.व. २०८३/०८४ सालमा प्रदान गरिने निम्नानुसारका अनुसन्धान वृत्ति र प्रतिभा विकास कार्यक्रमको लागि आवेदन आह्वान गरिएको छ।

**क) अनुसन्धान वृत्ति**
- २ वटा ब्रेन पुलिङ्ग वृत्ति
- ५ वटा नवीनतम प्रविधि विकास अनुदान वृत्ति
- ५ वटा युवावैज्ञानिकहरूको लागि अनुसन्धान सहयोग वृत्ति
- १० वटा आर्थिक सहयोग प्रदान

**ख) प्रतिभा विकास कार्यक्रम अन्तर्गत**
- २ जनालाई अनुसन्धान फेलो **(RF)**
- १२ जनालाई सहायक अनुसन्धान फेलो **(ARF)**
- १५ जनालाई सहायक अनुसन्धान **(RA)**
- ५ जनालाई स्नातकोत्तर वृत्ति **(MSc Thesis)**
- २ जनालाई विद्यावारिधि वृत्ति प्रदान **(PhD)**

रीतपूर्वक प्राप्त नभएका तथा म्याद नाघी आएका निवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदछौँ। यस सूचनाको विस्तृत विवरणको लागि नास्टको वेबसाइट हेर्न अनुरोध छ।
**आवेदन दिने अन्तिम मिति : २०८३/०६/१२ गते (कार्यालय समयभित्र)**
**आवेदन फाराम नास्ट वेबसाइटः www.nast.gov.np** बाट डाउनलोड गर्न सकिने छ।
**थप जानकारीको लागि Email: rgpawardnast@gmail.com or promotion@nast.org.np** वा फोन नं. ०१-५२५३७१५/१७ मा सम्पर्क गर्न सकिनेछ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**केन्द्रीय कार्यालय**
**कर्जा प्रशासन विभाग**

**मूल्याङ्कनकर्ता सूचीकरणको लागि मूल्याङ्कनकर्ता छनोट गरिएको सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०५/२६)**

यस बैंकबाट प्रवाह गरिने कर्जाको सुरक्षणको लागि धितो राखिने चल/अचल सम्पत्तिहरू तथा गैह्न बैंकिङ सम्पत्तिहरू मूल्याङ्कन गर्ने प्रयोजनको लागि सूचीकृत मूल्याङ्कनकर्ता छनोट गर्नको लागि मिति २०८३/०२/२५ मा गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरी इच्छुक मुल्याङ्कनकर्ताहरू (व्यक्ति/फर्म/कम्पनी) बाट आवेदन माग गरिएकोमा म्याद भित्र पर्न आएका रीतपूर्वकका आवेदनहरूमध्ये बैंक नियमानुसार योग्य ठहरिएका आवेदकहरूलाई मूल्याङ्कनकर्ताको रुपमा सूचीकृत गर्न मिति २०८३/०५/२५ गतेको निर्णय अनुसार छनोट भएका मूल्याङ्कनकर्ताहरूको विवरण यस विभागको सूचना पाटीमा र बैंकको आधिकारिक **Website: www.rbb.com.np** को **General Notice** मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

छनोट भएका मूल्याङ्कनकर्ताहरूले बैंकले तोकेको रकम बराबर यस बैंक बाहेक अन्य "क" वर्गको वाणिज्य बैंकको बैंक जमानत वा सो बराबरको रकम यस बैंकमा खोलिएको चल्ती/बचत खाता एयरमार्क **(Earmark)** वा खाता रोक्का **(Account Hold)** गरेको पत्र, **KYC** फाराम, हालसालको शेयर लगत दर्ता किताब/साझेदारी सम्झौतापत्र तथा अन्य आवश्यक कागजात र १ जना साक्षीसहित यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र सम्बन्धित प्रादेशिक कार्यालयहरूमा वा यस विभागमा सम्झौता गर्न आउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। थप जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालयको फोन नं. ०१-५७२१२२० **Ext.** ३७४४ वा ३७५७ र सम्बन्धित प्रादेशिक कार्यालयहरूमा सम्पर्क गर्नु हुन अनुरोध छ।

**पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**लगनखेल, ललितपुर**
**सूचना प्रकाशन मितिः २०८३/०५/२६**

यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु अवस्थामा रहेको तपसिलमा उल्लेखित सवारी साधनहरू प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली, २०६६ को ४.७ को उपनियम (७) को व्यवस्था बमोजिम लिलाम बिक्री गर्न यो सूचना प्रकाशन गरिको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। **तपसिल**

| क्र.सं. | सवारी साधनहरूको विवरण | च्यासिस नं./इञ्जिन नं./बनेको साल | न्यूनतम मूल्य रु. |
|---|---|---|---|
| १. | बा. ८ च ३८७ प्राइभेट कार सेभ्रोलेट एभियो १.४ | **MA६TF६९४BHA०२३२०१/F१४D३७७०६८०१/२०१०** | ४,४०,०००।- |
| २. | बा. ८ च ३८८ प्राइभेट कार सेभ्रोलेट एभियो १.४ | **MA६TF६९४BAH०२३२०३/F१४D३७६७३०९१/२०१०** | ४,४०,०००।- |
| ३. | बा. ७ च ९६५० प्राइभेट कार सेभ्रोलेट एभियो १.४ | **MA६TF६९४AAH०२२७२१/F१४D३७६४७३२१/२००९** | ४,३०,०००।- |
| ४. | बा. ११ च ४०२५ हुलास, मुस्ताङ V2 | **H-QFQ-QW-MUP-5300510/0132872X/ 2013** | ३,२०,०००।- |
| ५. | बा. १ क १४३१ मिनी बस | **BB**२१-०००६०७४ र ०८११५२९० | ६५,०००।- |

उपरोक्त सवारी साधनहरूको मिति २०८३/०६/१५ गते मध्यान्न १२:०० बजे भित्र प्रतिष्ठानको रजिष्ट्रार कार्यालयमा लिलाम बढाबढको प्रस्ताव पेश गर्न यसै सूचनामार्फत सूचित गरिन्छ। लिलाम सकार गर्न डाँक पेश गर्नुअघि नै बोल मूल्यको दश प्रतिशतले हुने धरौटी प्रतिष्ठानको लक्ष्मी सनराइज बैंकमा रहेको खाता नं. ०१८११०००२९५ मा जम्मा गर्नु पर्नेछ। लिलाम सकार गरेको सवारी साधनहरू ३५ दिनभित्र उठाई लैजानु पर्नेछ। लिलाम बढाबढ सम्बन्धी प्रस्ताव फारम प्रतिष्ठानको रजिष्ट्रार कार्यालयमा उपलब्ध हुनेछ।

Government of Nepal
Ministry of Infrastructure Development
Department of Local Infrastructure Development
**Local Infrastructure Development Project Office**
**Hetauda, Makawanpur**

**Invitation for Bids**

**IFB No.: LIDPO/Htd/IFB/Works/01/083-84**
**Date of Publication: 2083/05/26**

Local Infrastructure Development Project Office (LIDPO), Hetauda, Makawanpur invites sealed bids **(Hard Copy Only)** from eligible bidders for the following projects mentioned below under National Competitive Bidding (NCB) procedure. A complete sets of bidding documents shall be purchased from Local Infrastructure Development Project Office (LIDPO), Hetauda by the eligible bidders on submission of written application along with the **Copy of Firm/Company Registration Certificate, Business Registration License, VAT/PAN Registration Certificate, Tax Clearance Certificate of FY 2081/82 and Cash Deposit Original Voucher** for cost of bidding documents as mentioned below on or before the last date of bid purchase. Eligible bidders may obtain further information at office (Tel: 057-590659, Email:lidpohtd@gmail.com). For other information, bidders are advised to refer the bidding documents.

| S.N. | Contract ID | Work Description |
|---|---|---|
| 1 | LIDPO/Htd/W/ NCB/083-84//03 | Construction/Upgrading of Nagarjun Manamati Khola Corridor, Kathmandu |
| 2 | LIDPO/Htd/W/ NCB/083-84/TB/01 | Fabrication, Supply, Transportation, Construction and Erection of : Palchwok Gairabeshi Gyalthum Jho.Pu., Helambu 3,4, Sindhupalchwok |
| 3 | LIDPO/Htd/W/ NCB/083-84/TB/02 | Fabrication, Supply, Transportation, Construction and Erection of : Ramche Danda Salghari Jho.Pu., Sindhupalchwok |
| 4 | LIDPO/Htd/W/ NCB/083-84/01 | Upgrading/Maintenance of<br>• Kalikasthan Jibjibe Road, Rasuwa<br>• Shantibazar dekhi Bahundanda Road, Rasuwa<br>• Panchmule-Milantole-Sirise-Chimteshwor Road, Belkotgadhi, Nuwakot |
| 5 | LIDPO/Htd/W/ NCB/083-84/02 | Road Safety and Maintenance of<br>• Changunarayan NaPa-9, Tathali-Bhaktapur sthit Chundevi Dandapati Saudole Gothalechaur Sadak<br>• Bhatedhekur-Nandakeshwor Mahadev-Kakrabari-Ashapuri Sadak, Suryabinayak, Bhaktapur<br>• PIA park dekhi Ranagaun hudai Konjyomsom Gapa Godawari Sadak, Lalitpur |

**Information to deposit the cost of bidding document in Bank**

| | |
|---|---|
| Name of the Bank | Nepal Bank Limited |
| Name of the Office | Local Infrastructure Development Project Office, Hetauda, Makawanpur |
| Office Code Number | 347023201 |
| Account Number | 02501000002003000001 |
| Bid Fee for Each Bidding | NRs. 5000 |

**Office Head**

# जीर्ण बन्दै पोखरा खानेपानी योजना

**अमरगढी समाचारदाता**
*डडेलधुरा, भदौ २५ गते*

अमरगढी नगरपालिका–७, पोखराको खानेपानी तथा उपभोक्ता समिति दुई वर्षदेखि अध्यक्षविहीन हुँदा खानेपानी योजना अस्तव्यस्त बन्दै गएको छ । तत्कालीन अध्यक्ष टेक भण्डारी बालिका हत्या अपराधसम्बन्धी मुद्दामा जेल चलान भएपछि समिति नेतृत्वविहीन बनेको हो । ६०४ घरधुरीमा खानेपानी पुऱ्याउने लक्ष्यसहित करिब चार वर्षअघि पूरा गरिएको 'एक घर, एक मिटर धारा' यो जना अहिले संरक्षण र मर्मतसम्भारको अभावमा जीर्ण बन्दै गएको स्थानीयको गुनासो छ ।

समिति निष्क्रिय भएपछि धारामा समस्या आए पनि मर्मत नहुने, खाने पानीका पाइप सडक तथा बाटोमा खुला रूपमा छरिने र ट्याङ्की तथा वितरण प्रणालीको नियमित सरसफाइ नहुने समस्या बढेको स्थानीय बताउनुहुन्छ । वडा कार्यालयले पछिल्ला वर्षमा खाने पानी योजनामा २० लाख रुपियाँभन्दा बढी खर्चेर पनि उपभोक्ताले भने सहज रूपमा स्वच्छ पानी पाउन नसकेको गुनासो गरेका छन् ।

बर्खायाममा समस्या झनै गम्भीर हुने गरेको छ । सामान्य वर्षा हुँदासमेत धारामा धमिलो पानी आउने गरेको स्थानीय धर्मराज भट्टले बताउनुभयो । उहाँले भन्नुभयो, "कतिपय पाइप र धारामा लेदो भरिएर पानी नै नआउने भएपछि हामी न्वाला, पँधेरा तथा बर्सातमा रसाउने पानीका मुहानमा निर्भर हुन बाध्य छौँ ।"

स्थानीय बलदेव भट्टराईका अनुसार समिति निष्क्रिय भएपछि नयाँ समिति गठनका लागि स्थानीयले जिल्ला प्रशासन कार्यालय डडेलधुरामा निवेदन दिएका थिए । त्यसपछि जिल्ला प्रशासन कार्यालयले गत वैशाख ३० गते आवश्यक कारबाहीका लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय डडेलधुरालाई पत्राचार गरेको थियो तर पत्राचार भएको चार महिना बितिसक्दा पनि नयाँ समिति गठन तथा खानेपानी समस्या समाधानका लागि ठोस पहल नभएको भट्टराईको गुनासो छ ।

उहाँले भन्नुभयो, "समिति नै सक्रिय छैन । धारा बिग्रिएपछि कसले बनाउने भन्ने समस्या छ । प्रशासनमा निवेदन दिए पनि अहिलेसम्म सुनुवाइ भएको छैन । स्थानीयले बर्सौंदेखि खाने पानीको समस्या खेपिरहेका छन् ।"

तीन करोड अन्ठाउन्न लाखको योजना, सहज भएन पानी पोखरा क्षेत्रका १० वटा गाउँमा खानेपानी पुऱ्याउने उद्देश्यले 'एक घर, एक धारा पोखरा खानेपानी योजना' सञ्चालन गरिएको थियो । २०७६ मङ्सिर १३ गते सम्झौता भएर २०७८ असार २० गते काम सम्पन्न गर्ने लक्ष्य राखिएको योजना निर्धारित समयभन्दा करिब एक वर्ष ढिला गरेर पूरा भएको थियो ।

योजना निर्माणका क्रममा घर घरमा मिटर धारा जडान गरिए पनि लामो समयसम्म पानी सञ्चालन नहुँदा उपभोक्ता समस्यामा परेका थिए । पुराना धारा जीर्ण भइसकेका र नयाँ धारामा पानी नआएपछि स्थानीयलाई नाउला तथा पँधेराबाट पानी बोक्नुपर्ने अवस्था आएको थियो । नयाँ योजना निर्माण सम्पन्न भएको चार वर्षमै फेरि त्यही समस्या दोहरिएको स्थानीय सन्तोष भण्डारीले बताउनुभयो ।

तत्कालीन पोखरा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भण्डारीका अनुसार योजनाको अनुमानित लागत तीन करोड ५८ लाख ७२ हजार रुपियाँ थियो ।

सुरुमा ६०४ धारामा पानी पुऱ्याउने गरी योजना निर्माण गरिएको थियो । पछि केही धारा थपिएका छन् । ९० मिलिमिटरको पाइपमार्फत पानी ल्याएर १५ वटा नयाँ र तीन वटा पुराना गरेर १८ वटा ट्याङ्कीबाट पानी वितरण गर्ने संरचना बनाइएको थियो । उपभोक्ताबाट मात्रै १२ लाख रुपियाँ अग्रिम सङ्कलन गरिएको थियो ।

अमरगढी–७ कै खालीगाड मुहानबाट पानी ल्याएर उपभोक्तालाई वितरण गर्ने योजना बनाइएको थियो । पोखरा क्षेत्रबाट करिब साढे तीनदेखि साढे चार किलोमिटरको दुरीमा रहेका मुहानबाट पानी ल्याउने संरचना निर्माण गरिएको थियो । २०७७ असोज–कात्तिकमा परेको बेमौसमी वर्षाका कारण मुहान क्षेत्रमा पहिरो खस्दा पानी सञ्चालनमा समेत अवरोध पुगेको थियो । स्थानीयले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र वडा कार्यालयसँग तत्काल नयाँ उपभोक्ता समिति गठन गरी योजना सञ्चालनलाई व्यवस्थित बनाउन माग गर्दै आएका छन् ।

# कांग्रेस महाधिवेशन कार्यतालिका परिमार्जन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

केन्द्रीय महाधिवेशनको मिति यथावत् राख्दै नेपाली कांग्रेस १५ औँ महाधिवेशन कार्यतालिका परिमार्जन भएको छ । परिमार्जित कार्यतालिका अनुसार जिल्ला र सात वटै प्रदेशको निर्वाचन केन्द्रीय महाधिवेशनपछि हुने छ । नेपाली कांग्रेस निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काका अनुसार मङ्गलबार बसेको केन्द्रीय निर्वाचन समितिको बैठकले तल्लो तहका अधिवेशनको कार्यतालिका परिमार्जन गरेको हो । नयाँ कार्यतालिका अनुसार अब गाउँपालिका तथा नगरपालिकाका वडा अधिवेशन असोज ३ र ४ गते हुने छ । स्थानीय अनुकूलता अनुसार यी दुई दिनमध्ये उपयुक्त दिनमा अधिवेशन सम्पन्न गरिने संयोजक खड्काले जानकारी दिनुभयो ।

देशभर ६ हजार ७४३ वडामा वडा कार्यसमितिको निर्वाचन तथा क्षेत्रीय प्रतिनिधिहरू चयन हुने छन् । यस्तै गाउँपालिका र नगरपालिकाको अधिवेशन असोज ७ गतेका लागि तोकिएको छ । प्रदेश सभा क्षेत्रीय अधिवेशन र प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन असोज १० गतेका लागि निर्धारण गरिएको छ ।

**मधेश प्रदेश सरकार**
**अर्थ मन्त्रालय**
**जनकपुरधाम, धनुषा**
**बढुवा समितिको सचिवालय**

## बढुवा सिफारिश सम्वन्धी सूचना

**प्रकाशित मिति** : २०८३/०५/२६

प्रदेश लोक सेवा आयोगको देहायको बढुवा सूचना नं.–११८/२०८२–८३, सेवा– प्रशासन, समूह– लेखा, उपसमूह........तह–सहायक चौथोको पदमा ज्येष्ठता र कार्यसम्पादनबाट हुने बढुवाको लागि बढुवा समितिको मिति २०८३/०५/२५ को निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारलाई बढुवाको लागि सिफारिश गर्ने निर्णय भएकोले प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३८ (१) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**बढुवा सूचना नं. ११८/२०८२–८३, सेवा– प्रशासन, समूह– लेखा, उपसमूह......... तह – सहायक चौथो**

| योग्यताक्रम | उम्मेदवारको संकेत नं. | उम्मेदवारको नाम |
|---|---|---|
| १ | १६३६९४ | मदन कुमार यादव |

**Government of Koshi Province**
**Ministry of Water Supply, Irrigation and Energy**
**Water Supply and Sanitation Division Office, Panchthar**

## Invititation For Bids

**Date of Publication :** 11 September 2026 (26 Bhadra 2083)

1. Water Supply and Sanitation Division Office, Panchthar invites **(Hard Copy)** bids from eligible bidders for the following procurement Under National Competitive Bidding (NCB) – Single Stage Single Envelope (1S1E) procedure.

| Bid Notice No. | Name of Work | Estimated Amount (with VAT) | Bid Document Fee | Bid Security Fee | Last Date for Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| WSSDO Panchthar/ NCB/ GOODS/01/ 2083-084 | Supply,transportation, delivery,and unloading of HDPE pipe(PE-100 PN SDR, NS:40:2079) for different water supply projects of Panchthar district | 61,06,862.90 | NPR 3,000.00 | NPR 1,55,000.00 | Before 12:00 hrs 2nd October 2026 (2083 Ashoj 16th) | At 14:00 hrs 2nd October 2026 (2083 Ashoj 16th) |

2. Eligible bidders can purchase the bidding document from Water Supply and Sanitation Division Office, Panchthar (Address : Phidim Municipality-1) and may obtain further information by email or phone (Email : wssdo.panchthar@gmail.com, Mobile 9852660110)
3. **Information to deposit the cost of bidding document in Bank:.**
   Name of the Bank : Nepal Bank Limited, Phidim, Panchthar Branch
   Office Code No : 3130102011
   Name of Office : Water Supply and Sanitation Division Office, Panchthar
   Rajaswa Shirshak No : 14229
   Rajaswa Account No : 27002000001001000001

**Act. Division Chief**

# अवैध उत्खननमा रोक

**गुल्मी समाचारदाता**
*गुल्मी, भदौ २५ गते*

गुल्मीको मदाने गाउँपालिकाले नदीजन्य पदार्थको अवैध उत्खनन र ओसारपसारमा रोक लगाएको छ ।

सो गाउँपालिकाभित्र पर्ने नदीजन्य पदार्थको चोरीनिकासी तथा अनधिकृत उत्खनन, सङ्कलन एवं ओसारपसारमा रोक लगाएको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण कँडेलका अनुसार पालिका क्षेत्रभित्रका खोला तथा नदीबाट अवैध रूपमा नदीजन्य पदार्थको चोरीनिकासी, उत्खनन तथा ओसारपसार गर्नेमाथि कडा कारबाही गरिने भएको छ । गाउँपालिकाको स्वीकृति र प्रचलित कानुन तथा तोकिएको प्रक्रियाविपरीत बालुवा, गिट्टी तथा ढुङ्गालगायतका नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्ने कार्यलाई नियन्त्रण गर्न यस्तो निर्णय गरिएको हो ।

गाउँ कार्यपालिकाको भदौ १८ गते बसेको बैठकको निर्णय अनुसार नदीजन्य पदार्थको अवैध उत्खनन र ओसारपसारमा संलग्न व्यक्ति, फर्म वा व्यवसायीलाई प्रचलित कानुनबमोजिम कारबाही तथा जरिबानासमेत गरिने उहाँले जानकारी दिनुभयो ।

नदीजन्य पदार्थको चोरीनिकासी वा अनधिकृत उत्खनन, सङ्कलन र ओसारपसार गरेको पहिलो पटक भेटिएमा १५ हजार र दोस्रो पटकदेखि प्रत्येक पटक भेटिएमा २० हजार रुपियाँ जरिबाना गरिने छ । उत्खनन गरिएका नदीजन्य पदार्थ र प्रयोग गरिएका साधनसमेतलाई नियन्त्रणमा लिई प्रचलित कानुनबमोजिम थप कारबाही प्रक्रिया अगाडि बढाइने छ ।

नदीजन्य पदार्थ उत्खनन गर्दा अनिवार्य रूपमा गाउँपालिकाबाट स्वीकृति लिन र तोकिएको प्रक्रिया पालना गर्नुपर्ने गाउँपालिकाले जनाएको छ ।

# जेनजी सहिद जोशीको परिवारलाई आर्थिक सहयोग

**धनगढी समाचारदाता**
*धनगढी, भदौ २५ गते*

धनगढी उपमहानगरपालिका–५, तारानगरका जेनजी सहिद गौरव जोशीको परिवारलाई आर्थिक सहयोग गरिएको छ । जेनजी दिवसको अवसर पारेर धनगढीमा रहेको निसर्ग अस्पताल एन्ड रिसर्च प्रालिले सहिद जोशीका परिवारलाई तीन लाख ५१ हजार रुपियाँ आर्थिक सहयोग गरेको हो । अस्पतालले मङ्गलबार साँझ जेनजी सहिदको सम्झनामा दीप प्रज्वलन गर्दै सहिद जोशीकी आमा गुन्ना जोशीलाई चेक हस्तान्तरण गरेको थियो । शिक्षाविद् डा. हेमराज पन्त, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष तीर्थराज पन्त, बालरोग विशेषज्ञ डा. प्रदीप मिश्रले संयुक्त रूपमा चेक हस्तान्तरण गर्नुभयो । विदेश जाने सपना बोकेर काठमाडौँ छिरेका २३ वर्षीय जोशीको जेनजी आन्दोलनको क्रममा गत वर्ष भदौ २४ गते गोली लागेर ज्यान गएको थियो । माइकमा बोलिरहेको अवस्थामा उहाँमाथि गोली प्रहार भएको थियो ।

**पोखरा नर्सिङ क्याम्पस**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८३।०५।२६**

यस पोखरा नर्सिङ क्याम्पस पोखराको मिति २०८३।०४।१९ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार सुरक्षा गार्ड सेवा आपूर्ति गर्नको लागि माग गरिएको सिलबन्दी बोलपत्रहरू मिति २०८३।०५।१८ गते खोली मूल्याङ्कन गरी हेर्दा त्रिमुर्ति सेक्युरिटी सर्भिस प्रा.लि.ले पेश गरेको बोलपत्र प्रस्ताव सारभुत रूपमा प्रभावग्राही भएकाले उक्त बोलपत्र प्रस्ताव स्वीकृत गरी आसयपत्र माग गर्ने निर्णय अनुसार सम्बन्धित सरोकारवालाहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सह.प्रा शारदा शर्मा**
**क्याम्पस प्रमुख**

**त्रि.वि.शिक्षण अस्पताल**
**महाराजगंज, काठमाडौं**

## भूल सुधारको सूचना

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यायमा दर्ता नं. १९६९७३/०७५/०७६ अन्तर्गत मिति २०७५/०५/०७ मा दर्ता रहेको बागमती प्रदेश, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० स्थित भिजन प्लस टेक्नोलोजिज प्रा.लि. (ऋणी..........................................१

शिवभक्त श्रेष्ठको नाति, विश्वमित्र श्रेष्ठको छोरा, चितवन जिल्ला, गर्दी गा.वि.स. वडा नं. ८ को हाल परिवर्तित बागमती प्रदेश, चितवन जिल्ला, माडि न.पा. वडा नं. १ बस्ने अं वर्ष ३३ को महादीप श्रेष्ठ (ना.प्रा.नं. ०३८१६५, जि.प्र.का. चितवन) (जमानी कर्ता/सञ्चालक)..........................................१

शिवभक्त श्रेष्ठको नाति, विश्वमित्र श्रेष्ठको छोरा, चितवन जिल्ला, गर्दी गा.वि.स. वडा नं. ८ को हाल परिवर्तित बागमती प्रदेश, चितवन जिल्ला, माडि न.पा. वडा नं. १ बस्ने अं वर्ष ३६ को प्रतिक श्रेष्ठ (ना.प्रा.नं. १४०७/०४४, जि.प्र.का. चितवन) (जमानी कर्ता)..........................................१

शिवभक्त श्रेष्ठकी बुहारी, विश्वामित्र श्रेष्ठकी पत्नी, हरि विलास पन्तकी छोरी, चितवन जिल्ला, गर्दी गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित बागमती प्रदेश, चितवन जिल्ला, माडि न.पा. वडा नं. १ बस्ने अं वर्ष ६१ की सावित्री पन्त (ना.प्रा.नं. १६३५, जि.प्र.का. चितवन) (जमानी कर्ता)..........................................१

## श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।

**प्रकाशित मिति : २०८३।०५।२६** **मुद्दा शाखा, मुद्दा नं. ०८२-DR-०१०७**

वादी **प्राइम कमर्सियल बैंक लिमिटेड** प्रतिवादी तपाईं समेतका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०५।११ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।१२।०८ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुरी लाग्ने छैन।

नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौँमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३।०२।०३ मा दर्ता नं. १४९३९२/०७२/०७३ कायम भई दर्ता भएको कोशी प्रदेश, मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ मुनालपथस्थित भुमि इन्फ्रास्टक्चर प्रा.लि. (स्थायी लेखा नं. ६०४२६०४४८) (ऋणी)..........................................१

दिनदयाल बोहराको नाति, कृष्ण कुमार बोहराको छोरा, मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ हाल परिवर्तित कोशी प्रदेश, मोरङ जिल्ला, कटहरी गा.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल कोशी प्रदेश, मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ४ बस्ने वर्ष ३० को भावेश वोहरा (ना.प्र..नं. ०५-०१-६९-००७८६, जिल्लाः मोरङ) (सञ्चालक तथा जमानी कर्ता)..........................................१

मेहर चन्द वोहराको नाति, दिनदयाल वोहराको छोरा, मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ हाल परिवर्तित कोशी प्रदश, मोरङ जिल्ला, कटहरी गा.पा वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल कोशी प्रदेश, मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ४ बस्ने वर्ष ५९ को कृष्ण कुमार वोहरा (ना.प्र..नं. ०५/१६९२०, जिल्लाः मोरङ) (जमानी कर्ता)..........................................१

गुलाव चन्द वोहराको नाति, मेहर चन्द वोहराको छोरा, मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ४ हाल परिवर्तित कोशी प्रदश, मोरङ जिल्ला, कटहरी गा.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल कोशी प्रदेश, मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ४ बस्ने वर्ष ९३ को दिनदयाल वोहरा (ना.प्र..नं. १५२२३/१०६, जिल्लाः मोरङ) (जमानी कर्ता)..........................................१

# समस्याग्रस्त बाघका लागि खुला उद्धार केन्द्र



चितवन राष्ट्रिय निकुञ्जमा रहेको बाघ ।

**वसन्त पराजुली**
*नारायणगढ (चितवन), भदौ २५ गते*

समस्याग्रस्त बाघलाई उद्धार गरेर प्राकृतिक वातावरणकै झल्को दिने गरी व्यवस्थापन गर्ने अवधारणासाथ अगाडि बढेको 'टाइगर सेन्चुरी' चितवनमा राखिने भएको छ। नेपालमा बाघको सङ्ख्या बढेसँगै बाघको व्यवस्थापन, संरक्षण र मानव–वन्यजन्तु सहअस्तित्वलाई थप प्रभावकारी बनाउन समस्याग्रस्त बाघलाई चितवनको देवनगरमा एक किसिमको खुला खोर 'टाइगर सेन्चुरी' निर्माण गर्ने तयारी अगाडि बढाइएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता हरिभद्र आचार्यले जानकारी दिनुभयो।

नेपालमा सबैभन्दा बढी बाघ पाइने चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने देवनगरमा अहिले पनि बन्द खोरमा दुई वटा बाघ छन्। यसलाई विस्तार गरेर खुला खोर बनाउने लक्ष्य सरकारले लिएको हो। प्रवक्ता आचार्यले 'टाइगर सेन्चुरी' एक किसिमको बाघको उद्धार केन्द्र भएको बताउनुभयो। "अहिलेसम्म समस्याग्रस्त बाघलाई उद्धार गरेर ठ्याक्कै खोरमा राखिएको छ। अब खुला रूपमा खोर बनाएर राखिने योजना 'टाइगर सेन्चुरी' को हो," उहाँले भन्नुभयो। बुढो वा घाइते तथा बिरामी भएर प्राकृतिक रूपमा सिकार गर्न नसक्ने बाघलाई समस्याग्रस्त बाघ भनिन्छ। यस्ता बाघले मानव बस्तीनजिक बसेर मानिस वा घरपालुवा जनावरलाई आक्रमण गर्ने गर्छन्।

विभागका अनुसार नेपालमा अहिले १९ वटा बाघ खोरमा छन्। खोरमा भएकामध्ये सबैभन्दा बढी चितवनमा सात वटा, बर्दिया र चिडियाखानामा पाँच/पाँच वटा एवं पर्सा र बाँकेमा एक/एक वटा छन्। प्रवक्ता आचार्यका अनुसार करिब पाँच प्रतिशत बाघ प्राकृतिक रूपमै समस्याग्रस्त हुन्छन्। उनीहरूलाई समयमा पहिचान गरी व्यवस्थापन गर्न सके यसबाट मानवीय क्षति हुनबाट रोक्ने उद्देश्यले 'टाइगर सेन्चुरी' को अवधारणा अगाडि बढाइएको हो।

यसरी बनाउन थालिएको 'टाइगर सेन्चुरी' को संरचनामा बाघ बाहिर जान नसक्ने गरी सीमित जङ्गलक्षेत्रलाई घेरेर कम्पाउन्ड र त्योभन्दा माथि इलेक्ट्रिक फेस जडान, अवलोकनका लागि ठुलठुला मचान, पानीपोखरीलगायतका संरचना बनाउने योजना छ। अहिले नेपाल सरकारले पाँच करोड रुपियाँ लगानी गरेर सुरु अवस्थाको पूर्वाधार निर्माणका लागि काम गर्न लागिएको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश मगरले जानकारी दिनुभयो। "टाइगर सेन्चुरी विशेषतः मानिसलाई सफारी गर्न मिल्ने गरी बनाउने योजना हो। यसका लागि अर्बौं रुपियाँ खर्च लाग्छ। अहिले हामीले यस कामको सुरुवात गर्न थालेका छौँ," उहाँले भन्नुभयो।

टाइगर सेन्चुरीमा रहेका बाघलाई सुरक्षित सवारीसाधनमा सफारी र मचानमार्फत हेर्न सकिने व्यवस्था मिलाइने पनि उहाँले जनाउनुभयो। यही प्रकृतिको बाघ संरक्षण केन्द्र छिमेकी देश भारतको विहारस्थित राजगिर वाइल्डलाइफ सफारी रहेको छ। अफ्रिका, थाइल्यान्ड र भारतका केही ठाउँमा समेत वन्यजन्तुलाई यसरी राखी सफारीमार्फत देखाउने गरिएको पाइन्छ।

### आहारामा बजेट वृद्धि

खोरमा पालिएका बाघको आहाराका लागि सरकारले नियमित दिने बजेटभन्दा यस वर्ष छ गुणा बढी बजेट विनियोजन गरेको छ। सूचना अधिकारी मगरका अनुसार यस वर्ष चितवनलाई मात्रै बाघ पाल्न २४ लाख रुपियाँ बजेट विनियोजन भएको छ। जबकि अघिल्लो वर्ष चार लाख रुपियाँ मात्रै बजेट निकासा भएको थियो।

बाघलाई नियमित मासु आहारा दिनु पर्छ। अहिले बजेट बढेसँगै बाघ व्यवस्थापन तथा आहाराको व्यवस्था गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ अनुसार नेपालमा बाघको सङ्ख्या ४२९ छ। सन् २०२२ को राष्ट्रिय बाघ गणना अनुसार यो सङ्ख्या ३५५ थियो। सन् २०१० मा १२१ रहेको बाघको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएपछि बाघको संरक्षणसँगै यसको व्यवस्थापन र वासस्थानको क्षमता पनि महत्त्वपूर्ण विषय बनेको छ।

## मध्यविन्दु प्रादेशिक अस्पतालमा जलन उपचार सेवा सुरु

**नवलपरासी समाचारदाता**
*कावासोती, भदौ २५ गते*

पूर्वी नवलपरासीको मध्यविन्दु प्रादेशिक अस्पतालमा असोज १ गतेदेखि जलन उपचार सेवा सुरु हुने भएको छ। ६८ लाखको लागतमा जलन उपचार सेवा सुरु गरिने र सो अस्पताल र रोटरी क्लब कावासोतीबिच सम्झौता भएको हो।

रोटरियन प्रदीपराज भट्टराईकी छोरी आन्भी भट्टराईको स्मृतिमा सञ्चालन हुने उक्त जलन उपचार सेवाको सुरुवाती लागत ६८ लाख रहेको अस्पतालका अध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो।

असोज १ गतेदेखि जलन उपचार सेवा सञ्चालन गरिने र पहिलो चरणमा पाँच वर्षका लागि जलन उपचार सेवा नियमित गर्ने गरी दुई संस्थाबिच सहमति भएको रोटरीका संस्थापक अध्यक्ष भरतराज पोखेलले जानकारी दिनुभयो। जलनमा परेकाको उपचारमा सघाउन मध्यविन्दु अस्पतालले यस्तो सेवा पहिलो पटक सुरु गरेको अस्पतालले जनाएको छ। आन्भी मेमोरियल मध्यविन्दु अस्पताल जलन उपचार केन्द्र असोज १ गतेदेखि सुरु हुने रोटरी क्लब कावासोतीका अध्यक्ष यमप्रसाद न्यौपानेले बताउनुभयो। यो अस्पतालमा जलन उपचार सेवाको तालिम लिएका चिकित्सकको टिमले यो सेवा दिने बताइएको छ।

मध्यविन्दु अस्पताल पूर्वी नवलपरासीमा जलन उपचार सेवा दिने पहिलो अस्पताल हो। हाल अस्पतालले दिँदै आएको सेवालाई थप व्यवस्थित र विशेषज्ञ चिकित्सकको सेवासहित आन्भी स्मृति जलन उपचार सेवा सुरु हुने भएपछि यस क्षेत्रका स्थानीय खुसी भएको कावासोती नगरपालिकाका नगरप्रमुख विष्णु भुसालले बताउनुभयो।

# अस्थायी आवासको रकम पाइएन

**बनेपा समाचारदाता**
*बनेपा, भदौ २५ गते*

बाढीपहिरोबाट प्रभावित काभ्रेपलाञ्चोकका झन्डै आधा परिवारले अस्थायी आवास निर्माणबापतको दोस्रो किस्ताको रकम पाउन सकेका छैनन्। २०८१ असोजमा आएको बाढीका कारण जिल्लाका १३ स्थानीय तहका तीन हजार १६५ घरपरिवार प्रभावित भएका थिए। जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हालसम्म एक हजार ६६० परिवारले मात्रै अस्थायी आवास निर्माणबापतको दोस्रो किस्ताको २५ हजार रुपियाँ बुझेका छन्।

कार्यालयका लेखापाल नरहरिप्रसाद खनालका अनुसार हालसम्म १० स्थानीय तहका लाभग्राहीका लागि दोस्रो किस्ताबापत चार करोड १५ लाख रुपियाँ पठाइएको छ। उहाँका अनुसार नमोबुद्ध नगरपालिकाका ४४२, बेथानचोक गाउँपालिकाका २०८, महाभारत गाउँपालिकाका ३६, पनौती नगरपालिकाका २९४, पाँचखाल नगरपालिकाका ६६ र धुलिखेल नगरपालिकाका ३२ परिवारलाई रकम पठाइएको छ।

त्यस्तै चौँरीदेउराली गाउँपालिकाका ८७, रोसी गाउँपालिकाका ४६१, बनेपा नगरपालिकाका एक र भुम्लु गाउँपालिकाका ३३ परिवारले दोस्रो किस्ताबापतको रकम पाएका छन्। मण्डनदेउपुर नगरपालिका, खानीखोला गाउँपालिका र तेमाल गाउँपालिकाका लाभग्राहीलाई दोस्रो किस्ताको रकम निकासा गर्न सिफारिस पठाउन लिखित आग्रह गरिए पनि ती स्थानीय तहबाट अपेक्षित चासो नदेखाइएको लेखापाल खनालले बताउनुभयो।

जिल्ला प्रशासन कार्यालयका अनुसार हालसम्म नमोबुद्ध नगरपालिकामा अस्थायी आवासका लागि तीन करोड १६ लाख ५० हजार, बेथानचोकमा एक करोड ११ लाख ७५ हजार, महाभारतमा १८ लाख ७५ हजार, पनौतीमा दुई करोड ३२ लाख, पाँचखालमा ३८ लाख ५० हजार र धुलिखेलमा ३० लाख ५० हजार रुपियाँ निकासा भएको छ। त्यस्तै मण्डनदेउपुरमा ३३ लाख २५ हजार, खानीखोलामा १३ लाख २५ हजार, चौँरीदेउरालीमा ९१ लाख ७५ हजार, रोसीमा दुई करोड ५६ लाख, बनेपामा एक करोड ५० हजार, भुम्लुमा १८ लाख २५ हजार र तेमालमा ३५ लाख २५ हजार रुपियाँ अस्थायी आवासका लागि निकासा भएको कार्यालयले जनाएको छ।

बाढीपहिरोबाट नमोबुद्ध नगरपालिकाका ८२४, बेथानचोकका २३९, महाभारतका ३९, पनौतीका ६३४, पाँचखालका ८८, धुलिखेलका ९० र मण्डनदेउपुरका १३३ घरपरिवार प्रभावित भएका थिए। त्यस्तै खानीखोलाका ५३, चौँरीदेउरालीका २८०, रोसीका ५६३, बनेपाका ४१, भुम्लुका ४० र तेमालका १४१ घरपरिवार प्रभावित भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

यसैबिच विपत्पछि विस्तृत क्षति आकलन (डिडिए) गरी पुनर्निर्माण गर्नुपर्ने ९५ र प्रबलीकरण गर्नुपर्ने १३ घर पहिचान भएका छन्। गत असार ३० र भदौ १५ गते बसेको जिल्ला विपत् व्यवस्थापन समितिको बैठकले बेथानचोकका आठ परिवारको घर पुनर्निर्माणका लागि पहिलो किस्ता निकासा गरिदिन राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गरेको छ।

नेपाल सरकार
गृह मन्त्रालय

**जिल्ला प्रहरी कार्यालय गोरखा**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०५/२६ गते**

जिल्ला प्रहरी कार्यालय गोरखा मातहत प्रहरी चौकी नयाँसाँघु गोरखाको भवन निर्माण गर्ने सम्बन्धमा मिति २०८३/०४/०६ गते E-Bidding मार्फत प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तोकिएको अवधिभित्र दर्ता हुन आएका बोलपत्र दाताहरूको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात् तपसिल बमोजिमका बोलपत्र दाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलीको नियम ३१ ज (५) अनुसार आर्थिक प्रस्ताव यही मिति २०८३/०६/०२ गते १३:०० बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | निर्माण कार्यको विवरण | प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सफल भएको बोलपत्र दाताहरू | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १. | Construction of office cum Barrack, mess, and Allied Words at police post Narasanghu, Gorkha Contract No.: NCB/GP/WORKS/PPNAYASANGHU 2083/84-01 | 1. Sapana Sundari Construction and Engineering Pvt.Ltd.<br>2. Aama Engineering Construction Pvt.Ltd<br>3. Shrayash-Ganesh Joint venture<br>4. Sammridhi/Mahadev/Thute-Bazzar J.V. | मिति : २०८३/०६/०२ गते १३:०० बजे जिल्ला प्रहरी कार्यालय गोरखा |

नेपाल सरकार
गृह मन्त्रालय

**जिल्ला प्रहरी कार्यालय पर्वत**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०५/२६ गते**

जिल्ला प्रहरी कार्यालय पर्वतबाट मिति २०८३/०४/०६ गतेको प्रकाशित सूचना मार्फत प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएकोमा E-Bidding को माध्यमबाट रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव खोली यस कार्यालयमा गठित मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात् तपसिल बमोजिमका बोलपत्र दाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावलीको नियम ३१ज (५) अनुसार आर्थिक प्रस्ताव यही मिति २०८३/०६/०१ गते १३:०० बजेको समयमा यस कार्यालयमा खोलिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | कार्यको विवरण/ कन्ट्र्याक्ट कोड नं. | प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सफल भएका बोलपत्र दाताहरू | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| 1. | Construction of Office Cum Barrack, Mess and Allied Works AT TPO Khanigaun Parbat Contract No:- NCB/GP/WORKS/ TPPKHANIGAUN/ 2083-84/01 | 1. Panchase Siddha Baraaha Nirman Sewa. Arthar Dandakharka 03, Parbat<br>2. Acharya-Sharma, J.V., Arma-6, Myagdi<br>3. Khusi Nirman/Khusi Homes Joint Venture Beni Municipality Myagdi<br>4. Machhapuchre Nirman Sewa, Dhairing-05, milanchowk, Parbat.<br>5. Sapanasundari Engineering, Tilottama-14, Rupandehi | मिति : २०८३/०६/०१ गते १३:०० बजे जिल्ला प्रहरी कार्यालय पर्वत कुश्मा |

**प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह**
जितपुरसिमरा उ.म.न.पा. ४, बारा

**२१ दिने काठ लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित : २०८३।०५।२६ गते**

यस प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह, जितपुरसिमरा उ.म.न.पा. ४, बाराको आ.व. २०८२।०८३ मा उत्पादन भएको मसला जातको गोलिया थान १०६९ को ६०१९.६९ क्यु.फि. काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीका लागि २१ दिने (प्रथम पटक) सूचना प्रकाशित मितिले २१औँ दिनको ४:०० बजेभित्र काठ लिलाम बिक्री सम्बन्धी बोलपत्र प्रतिस्पर्धामा वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएका प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठ/दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले डिभिजन वन कार्यालय, सिमरा बारा वा यस सामुदायिक वनको कार्यालयबाट बोलपत्र खरिद गरी २२औँ दिनको ४:०० बजेभित्र माथि उल्लिखित कुनै एक कार्यालयमा आवश्यक कागजात सहित सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि यस सामुदायिक वनको सूचना पाटीमा टाँस गरिएको विस्तृत सूचनामा हेर्नुहुन वा मो.नं. ९८५५०२४७२८, ०५३-५९०३७६ मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

नेपाल सरकार
गृह मन्त्रालय

**जिल्ला प्रहरी कार्यालय बागलुङ**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०५/२६ गते**

जिल्ला प्रहरी कार्यालय बागलुङबाट मिति २०८३/०४/०६ गतेको प्रकाशित सूचना मार्फत प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएकोमा E-Bidding को माध्यमबाट रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव खोली यस कार्यालयमा गठित मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात् तपसिल बमोजिमका बोलपत्र दाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावलीको नियम ३१ज (५) अनुसार आर्थिक प्रस्ताव यही मिति २०८३/०६/०१ गते १३:०० बजेको समयमा यस कार्यालयमा खोलिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | कार्यको विवरण/ कन्ट्र्याक्ट कोड | प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सफल भएका बोलपत्र दाताहरू | आर्थिक प्रस्ताब खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| 1. | Construction of Office Cum Barrack, Mess and Allied Works At PPO Kushmisera Baglung Contract No.:- NCB/GP/WORKS/ PPKUSHMISERA/ 2083-084/01 | 1. Rs Nirman Sewa and Traders Guthi Baglung<br>2. Yatraa Construction & suppliers Pvt. Ltd. Koteshwor.<br>3. Niwas Engineering Consultancy Pvt. Ltd. Walling Syangja.<br>4. Khusi Nirman/Khusi Homes joint Venture Beni Municipality Myagdi | मिति २०८३/०६/०१ गते १३:००ब बजे जिल्ला प्रहरी कार्यालय बागलुङ |

**बागमती विश्वविद्यालय**
केन्द्रीय कार्यालय
हेटौँडा, मकवानपुर

**बागमती विश्वविद्यालय हेटौँडाको सेवा आयोगको अध्यक्ष तथा सदस्य (आंशिक समय काम गर्ने) नियुक्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/२६**

बागमती विश्वविद्यालय, सेवा आयोगको अध्यक्ष तथा सदस्य नियुक्तिका लागि तपसिल बमोजिमको योग्यता पुगेका योग्य उम्मेदवारहरूलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा बागमती विश्वविद्यालय, संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को सचिवालय, हेटौँडामा आवश्यक कागजात सहित निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। भौतिक रूपमा कार्यालयमा उपस्थित हुन नसकेमा info@bagmatiuniversity.edu.np मा आवश्यक कागजात सहित निवेदन पेश गर्न सकिनेछ। रीत नपुगी तथा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनोट प्रक्रियामा समावेश गरिने छैन। प्रदेश उच्च शिक्षा ऐन, २०७८ तथा नियमावली, २०७९ संशोधन सहित, बागमती विश्वविद्यालयको विधान, २०८१ र बागमती विश्वविद्यालय, सेवा आयोगको अध्यक्ष तथा सदस्य नियुक्ति सिफारिस सम्बन्धी मापदण्ड, २०८३ बागमती विश्वविद्यालयको वेबसाइट bagmatiuniversity.edu.np मा हेर्न/डाउनलोड गर्न सकिनेछ।

**तपसिल**

**उम्मेदवारले पेश गर्नुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरू**

१. निवेदन (आफूले सेवा गर्न चाहेको पद खुलाइएको निवेदन),
२. वैयक्तिक विवरण (CURRICULUM VITAE),
३. विश्वविद्यालय सेवा आयोगसम्बन्धी अवधारणा सहितको सङ्क्षिप्त व्यावसायिक कार्ययोजना (बढीमा २००० शब्दसम्म),
४. **निवेदन साथ पेश गर्नुपर्ने कागजातः**
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
   ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी विद्यावारिधि गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
   ग) तोकिए बमोजिम स्तरीकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरीकृत भएका पुस्तक तथा सामग्रीहरू, प्रकाशित पुस्तकहरूको सक्कल प्रति तथा प्रकाशित लेख रचना (प्रकाशित जर्नलको पहिचान प्रष्ट खुल्ने गरी) प्रमाणित प्रतिलिपि,
   घ) अन्तर्राष्ट्रिय विश्वविद्यालयमा अध्यापन गरेको भए कार्य अनुभवको प्रमाणित कागजात,
   ङ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाको नेतृत्व (PI, Co-PI O Member) तथा कोष वृद्धि र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्य सम्बन्धी भए गरेका अनुभवका कागजात,
   च) उच्च शिक्षा प्रदायक संस्थामा काम गर्दा वा नेतृत्व तहमा वा व्यवस्थापन तहमा गरेको कार्य अनुभव र उपलब्धि स्पष्ट खुल्ने प्रमाणित विवरण, आफूले शैक्षिक, प्राज्ञिक क्षेत्रमा योगदान गरेको अन्य थप कुनै प्रमाण भएमा प्रमाणित विवरण,
   छ) वैदेशिक विश्वविद्यालयका शैक्षिक प्रमाणपत्रहरू त्रिभुवन विश्वविद्यालय वा विश्वविद्यालय अनुदान आयोगबाट समकक्षता प्राप्त भएको हुनुपर्नेछ,
   ज) अध्यक्षको हकमा विश्वविद्यालयको बहालवाला वा निवृत्त प्राध्यापक र सदस्यको हकमा विश्वविद्यालयको निवृत्त प्राध्यापक, सोको प्रमाणित गर्ने कागजात,
   झ) विश्वविद्यालयसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरूमा लगानी नभएको/नगरेको स्वघोषणा,
   ञ) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्वघोषणा (कुनै कानूनले अयोग्य नठहरिएको),
   ट) कुनै राजनैतिक दलको सदस्य नरहेको र पदमा रहँदासम्म राजनैतिक दलसँग आबद्ध नहुने स्वघोषणा।

**– सिफारिस समिति**

**राष्ट्रिय वाणिज्य बैंक लि.**
राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK ...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था
शाखा कार्यालय, पुतलीसडक

**निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०५।२६**

बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका, वडा नं. २९ स्थायी घर भई बस्ने श्री राधेश्याम भट्टराईको मिति २०७९/०६/०५ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं. ११३०१००००७३७८०१० खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको भाइहरू श्री रामहरि भट्टराई, शम्भु प्रसाद भट्टराई भतिजाहरू कौशल कुमार भट्टराई, शिव कुमार भट्टराई, विष्णु कुमार भट्टराई र भाउजूहरू समेतले यस बैंकमा मिति २०८३/०५/१० मा निवेदन दिनुभएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय पुतलीसडकमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**रंगेली नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ, कोशी प्रदेश, नेपाल

**प्राविधिक प्रस्ताव सफल भएको सूचना**

**प्रकाशित मिति : २०८३/०५/२६**

रंगेली अस्पतालका लागि Supply, Delivery and Installation of Medical Gas Pipe line System with Suction Plant ठेक्का नं. NCB/RangeliHopital/Goods/24/082/83 को निम्न बमोजिमका ई–बोलपत्रहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही रहेको भनी मूल्याङ्कन समितिबाट सिफारिस भई आएको हुँदा सरोकारवालाहरूको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

**निम्न**

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | ई–बोलपत्र दाताको नाम | नतिजा |
|---|---|---|---|---|
| १. | NCB/ Rangeli Hospital/ Goods/ 24/082/83 | रंगेली अस्पतालका लागि Supply, Delivery and Installation of Medical Gas Pipe line System with Suction Plant. | द मेडिकल सोल्युसन प्रा.लि. | प्राविधिक प्रस्ताव सफल |
| २. | | | टेक्निक्ल एसोसिएटस सर्भिस प्रा.लि. | प्राविधिक प्रस्ताव सफल |
| ३. | | | शुभारम्भ सर्भिस ट्रेडर्स प्रा.लि. | प्राविधिक प्रस्ताव सफल |
| ४. | | | पोष्ट मेडिकल इन्टरनेश्नल | प्राविधिक प्रस्ताव सफल |

**Invitation for Bids**

**Madhesh Institute of Health Sciences**
**Janakpurdham, Dhanusha**
**Date of Publication : 26 Bhadra 2083 (11 Sep. 2026)**
**Invitation for Bids No. : MIHS/NCB/GOODS/2083-84/01**

1. The **Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham** invites **sealed** bids from eligible bidders for the **Procurement,Supply and Delivery of Hospital Pharmacy Medicine Items** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham.**
3. A complete *set* of Bidding Documents may be purchased from the office **Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham** and the office **Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham** by eligible Bidders on the submission of a written application and along with the copy of company/ firm registration certificate till before **12:00 Noon** on **02 Oct. 2026** during office hours.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank :** Laxmi Sunrise Bank Ltd., Janakpurdham, Dhanusha
   **Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha
   **Office Code no. :** 3700017022
   **Office Account no. :** 1681699536011101
   **Bid Fee (NRs) :** 3,000.00 Rajaswa (revenue) Shirshak no. : 14229
4. Sealed bids must be submitted to the office **Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham** by hand before **12:00 Noon** on**) 02 Oct. 2026**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on **02 Oct. 2026** at the office of **Madhesh Institute of Health Sciences, Janakpurdham**. Bids must be valid for a period of **90 days** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NPR **4,50,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid (i.e**120 days)**
   **Name of the Bank**: **Laxmi Sunrise Bank Ltd., Janakpurdham**, **Dhanusha**
   **Office Dharauti Account no.: 1681699540011103**
6. If the last date of purchasing and/or submission falls on a public holiday applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the Bid Price which is closest to the Average Bid Price AND is not substantially higher than the cost estimate shall be selected for awarding the contract of the individual commodities (Itemwise).
8. After Signing Of Contract this rate shall be valid for One year and bidder must supply the goods as per approved rate there may be decrease or increase in quantity in contract period. Purchaser shall issue the multiple purchase order as per requirement in differents dates.

# अलपत्र सडकका कारण सास्ती

**मुगु समाचारदाता**
*मुगु, भदौ २५ गते*

नाग्म–गमगढी सडक अन्तर्गत भ्यारीखोला र ताल्चाको चोरमेलामा सडक चौडा गर्ने क्रममा निर्माण कम्पनीले सडक अलपत्र पारेपछि यात्रु तथा स्थानीयवासीले सास्ती खेप्नु परेको छ। सडक अवरुद्ध भएको २४ दिन बितिसक्दा पनि यातायात सञ्चालन सहज हुन सकेको छैन।

सडक चौडा गर्ने जिम्मा पाएको उपमा प्रभात जेभीले निर्माणका क्रममा सडकको केही भाग भत्काएपछि लामो समयसम्म सडक खुलाउन पहल नगरेको कञ्चनपुरको कृष्णपुर नगरपालिका–६ का सवारीचालक जगनाथ जैसीले आरोप लगाउनुभयो। उहाँका अनुसार कम्पनीका सञ्चालक खड्कबहादुर शाही सम्पर्कविहीन भएपछि सडक थप अलपत्र परेको हो।



*तस्बिर : हरिकृष्ण ऐडी*
**नाग्म–गमगढी सडक अन्तर्गत झ्यारीखोला र ताल्चाको चोरमेलामा सडक अवरुद्ध भएपछि सामान बोकेर सदरमुकाम गमगढीतर्फ आउँदै स्थानीय।**

गमगढी बजारमा व्यवसाय गर्दै आउनुभएकी भवानी चन्द स्टोरकी सञ्चालक सुस्मिता कार्कीका अनुसार सडक अवरुद्ध हुँदा यात्रु, चालक तथा दैनिक उपभोग्य सामग्री ढुवानी गर्ने व्यवसायीसमेत प्रभावित भएका छन्। लामो समयसम्म सडक अवरुद्ध हुँदा यातायातका साधन बाटोमै रोकिएका छन् भने यात्रुले वैकल्पिक बाटो प्रयोग गर्नु पर्दा थप समय र खर्च बेहोर्नु परेको छ।

मुगुमा १३ वर्षदेखि घुम्ती व्यवसाय गर्दै आउनुभएका जुम्लाको कनकासुन्दरी गाउँपालिका–८ का प्रभातजङ्ग शाहीले सडक सहज हुँदा कर्णालीका विभिन्न स्थानबाट ल्याइने सामान सजिलै गमगढीसम्म पुग्ने गरेको बताउनुभयो। अहिले सडक अवरुद्ध हुँदा सामान बोकेर लैजानुपर्ने अवस्था आएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "जिल्लामा प्रतिनिधि सभा सदस्यदेखि प्रदेश सदस्य, मुख्यमन्त्री र सामाजिक विकासमन्त्रीसम्म हुनुहुन्छ तर ठेकेदारले सडक अलपत्र पारेको २४ दिन बितिसक्दा तत्काल सडक खुलाउन कसैको चासो देखिएन।"

स्थानीयका अनुसार सडक अवरुद्ध भएको लामो समयसम्म सम्बन्धित निकायले निर्माण कम्पनीलाई सडक खुलाउन प्रभावकारी दबाब दिन नसक्दा समस्या झन् जटिल बनेको हो। सडक अलपत्र पार्ने निर्माण कम्पनीमाथि कारबाही गर्नुको साटो सडक डिभिजन कार्यालयसमेत बेखबर बनेको शाहीको आरोप छ।

२४ दिनसम्म सडकमा यातायात सञ्चालन हुन नसक्दा चालकलाई खान, बस्नसमेत समस्या भएको मालवाहक सवारीका चालक रविलाल चौधरीले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "गमगढीसम्म पुग्ने वैकल्पिक मार्ग छैन। भएको रकम पनि सकियो, थप खर्च गर्ने अवस्था छैन। अब कसरी जोहो गर्ने भन्ने समस्या भएको छ।" चौधरीका अनुसार लामो समयसम्म गाडीमा पाल, सिमेन्टलगायतका सामग्री राखेर बस्नु पर्दा ती सामग्री बिग्रिने सम्भावना रहेको छ।

लामो समयदेखि सडक अवरुद्ध हुँदा नागरिकलाई आवतजावतमा समस्या भएपछि छायानाथ रारा नगरपालिकाका प्रमुख विष्णुकुमार भामको पहलमा बुधबारदेखि श्रमदानमार्फत ग्याबिन भर्ने काम सुरु गरिएको छ। यता सडक डिभिजन कार्यालय जुम्लाका कार्यालय प्रमुख श्रवणकुमार महताराले उपमा प्रभात जेभीका सञ्चालक खड्कबहादुर शाहीलाई सडक निर्माण तथा अवरोध हटाउन पटक पटक पत्राचार गरिएको बताउनुभयो।

नाग्म–गमगढी सडक मुगुलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने प्रमुख मार्ग हो। सडक अवरुद्ध हुँदा दैनिक उपभोग्य वस्तुको ढुवानीदेखि बिरामीलाई उपचारका लागि जिल्लाबाहिर लैजानसमेत समस्या हुने गरेको छायानाथ रारा नगरपालिका–७ का स्थानीय जयबहादुर विटालुले बताउनुभयो। सडक डिभिजन कार्यालयले निर्माण कम्पनीको कामको निगरानी, सडक अवरोधको अवस्था तथा कम्पनीमाथि गरिने कारबाहीबारे स्पष्ट जानकारी दिनुपर्ने स्थानीयको माग छ।

# जैविक विविधतामाथि बढ्दो जोखिम

**शारदा समाचारदाता**
*शारदा (सल्यान), भदौ २५ गते*

सल्यानमा अरिङ्गाल, कालिज, माछा तथा अन्य वन्यजन्तुको संरक्षणमा बेवास्ता गरिएको प्रति चिन्ता थपिएको छ। अरिङ्गालको गुँड नष्ट गर्ने, कालिजलगायत जङ्गली चराचुरुङ्गीको सिकार गर्ने तथा नदी, खोलामा करेन्ट र विषादी प्रयोग गरेर माछा मार्ने गतिविधिले स्थानीय जैविक विविधता र पारिस्थितिकीय सन्तुलनमा पार्न सक्ने असरप्रति यहाँ चिन्ता व्यक्त हुन थालेको हो।

वन्यजन्तु र जलचरको संरक्षणसँगै कृषि प्रणालीका लागि लाभदायी जीवजन्तुको संरक्षणलाई समेत जोड दिँदै जिल्लामा सचेतना र नियन्त्रणको पहल थालिएको छ। प्रकृतिमा साना जीवदेखि वन्यजन्तु र जलचरको आआफ्नै भूमिका हुने भएकाले तिनको अनियन्त्रित सिकार वा वासस्थान विनाशले पारिस्थितिकीय सन्तुलनमा असर पार्न सक्ने भन्दै संरक्षणकर्मी तथा स्थानीय तहले सचेत हुन आग्रह गरेका छन्। विशेष गरी अरिङ्गाललगायत परागसेचक किरा कृषि उत्पादनका लागि आवश्यक परागसेचन र प्राकृतिक कीट नियन्त्रणमा समेत महत्त्वपूर्ण मानिन्छन्।

यही सन्दर्भमा दार्मा गाउँपालिकाले अरिङ्गाल, वन्यजन्तु तथा जलचरको संरक्षणलाई जोड दिँदै कानुनविपरीत कार्य भएमा कारबाहीको सिफारिस गरिने चेतावनी दिएको छ। वन कार्यालय र स्थानीयस्तरबाट समेत यस्ता गतिविधिका विषयमा अनौपचारिक जानकारी आउन थालेपछि पर्यावरण संरक्षणका लागि समयमै सचेत गराउने उद्देश्यले सार्वजनिक सूचना नै जारी गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत पुष्कर कार्कीले बताउनुभयो।

उहाँका अनुसार सिकार व्यापक रूपमा बढेको भन्ने आधारमा नभई पर्यावरणसँग जोडिएको विषय भएकाले अरिङ्गाल तथा माछाको सिकार नियन्त्रणसँगै वन्यजन्तु संरक्षण र अवैध तथा विनाशकारी गतिविधि रोक्न सचेतना आवश्यक ठानेर सूचना जारी गरिएको हो।

गाउँपालिकाले अरिङ्गाल तथा अन्य परागसेचक एवं लाभदायी किरालाई अनावश्यक रूपमा मार्ने, समात्ने, गुँड तथा वासस्थान नष्ट गर्ने वा सङ्कलन नगर्न आग्रह गरेको छ। कालिजलगायत जङ्गली चराचुरुङ्गी तथा अन्य वन्यजन्तुको अवैध सिकार, गुँड तथा अन्डा नष्ट गर्ने, मासु वा अन्य भागको बिक्री वितरण तथा ओसारपसार नगर्न पनि गाउँपालिकाले सचेत गराएको छ।



*फाइल तस्बिर*
**सल्यानको वनमा रहेको अरिङ्गालको गोला।**

नदी, खोला, ताल, पोखरी तथा अन्य जलाशयमा विषादी, करेन्ट, विस्फोटक पदार्थ वा अन्य विनाशकारी तथा अवैध विधि प्रयोग गरी माछा तथा अन्य जलचर मार्ने कार्य नगर्न गाउँपालिकाले आग्रह गरेको छ। मानव बस्ती, विद्यालय, सार्वजनिक स्थल, सडक, घरगोठ वा मौरीपालन केन्द्रनजिक अरिङ्गालको गुँड रही मानव तथा पशुपन्छीलाई प्रत्यक्ष जोखिम भएको अवस्थामा आफैँ जोखिमपूर्ण तरिकाले गुँड नष्ट नगरी सम्बन्धित वडा कार्यालय वा डिभिजन वन कार्यालयमा जानकारी गराउन गाउँपालिकाले आग्रह गरेको छ।

# दैनिक बाइस घण्टा लोडसेडिङ



*तस्बिर : राजन रावत*
**हुम्ला सदरमुकाम सिमकोट बजार।**

**हुम्ला समाचारदाता**
*हुम्ला, भदौ २५ गते*

हुम्ला सदरमुकाम सिमकोटलगायत दुई वटा गाउँपालिकाका ११ वटा वडाका उपभोक्ताले हाल दैनिक २२ घण्टा लोडसेडिङको मार खेप्नु परेको छ। ती वडामा विद्युत् आपूर्ति गर्दै आएको हिल्दुम विद्युत् वितरण केन्द्रको पावरहाउसमा रहेको मेसिनमा समस्या आएर थन्किएको र पावरहाउसको मेसिनबाट सिधै विद्युत् उत्पादन गर्दा दुई घण्टा मात्र धान्ने गरेको हो।

सदरमुकाम सिमकोट गाउँपालिका–५ र ६ नं. वठावासी र बजारवासीले दैनिक २२ घण्टा लोडसेडिङको मार खेप्नु परिरहेको नेपाल कम्युनिस्ट पार्टी नेकपा (एमाले) हुम्लाका उपाध्यक्ष प्रकाशबहादुर शाहीले बताउनुभयो। विद्युत् उत्पादन गर्ने मेसिनमा नियन्त्रणबिनै सिधै उत्पादन गर्ने गरी काम चलाउन दिउँसो दुई घण्टामात्र विद्युत् दिइरहेको उहाँले बताउनुभयो। यसबाट कार्यालयलाई पत्र लेख्न, प्रशासन कार्यालयलाई आफ्ना सेवा दिनका लागि थोरै भए पनि सहयोग पुगेको प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंले बताउनुभयो। पावरहाउसको महत्त्वपूर्ण मेसिनको गभर्नरले काम गर्न छाडेपछि केन्द्रले सदरमुकाममा रहेको सिमकोट गाउँपालिकाका छ वटा वडा र खार्पुनाथ गाउँपालिकाका पाँच वटै वडामा पूर्ण रूपमा विद्युत् आपूर्ति बन्द छ।

विद्युत् लोडले गर्दा कन्ट्रोल गर्ने महत्त्वपूर्ण उपकरण (गभर्नर) ले काम गर्न छाडेपछि विद्युत् उत्पादन नै बन्द भएको विद्युत् केन्द्रका प्रमुख जितेन्द्र साहले बताउनुभयो। यो कार्य कहिलेसम्म गरिन्छ भन्ने यकिन छैन। यसबाट सबै क्षेत्र मर्कामा परेको उहाँको भनाइ छ। केन्द्रको विद्युत् आपूर्ति बन्द भएपछि सदरमुकाम सिमकोटलगायतका क्षेत्रको जनजीवन प्रभावित भएको छ। समस्या सदरमुकामका सबै सरकारी र गैरसरकारी कार्यालयले भोग्नु परिरहेको छ। विद्युत् नभएपछि मोबाइल चार्जसमेत नभएका कारण १५ दिनदेखि कतै सम्पर्क हुन नसकेको सिमकोट गाउँपालिका–२ का स्थानीय जय बोहोराले बताउनुभयो।

# चिस्यान केन्द्र सञ्चालनको तयारी

**घोराही समाचारदाता**
*घोराही, भदौ २५ गते*

दाङको दङ्गीशरणमा निर्माण भएको चार वर्षपछि चिस्यान केन्द्र (कोल्डस्टोर) सञ्चालनको तयारी गरिएको छ। दङ्गीशरण गाउँपालिका–३, हेकुलीमा २०७९ मा ९४ लाख २६ हजार रुपियाँको लागतमा चिस्यान केन्द्र निर्माण गरिएको थियो।

सङ्घीय सरकारको समपूरक अनुदान अन्तर्गत ५० प्रतिशत र दङ्गीशरण गाउँपालिकाको ५० प्रतिशत लगानीमा २०७९ सालमा चिस्यान केन्द्र लोकमणि बिल्डर्स घोराहीले निर्माण गरेको थियो। निर्माण भएको चिस्यान केन्द्रको भवनमा प्राविधिक त्रुटिका कारण संरचनाको केही भाग जमिनमुनि थिचिन पुगेको थियो। जसका कारण निर्माण भएको लामो समय चिस्यान केन्द्र सञ्चालनमा आउन सकेको थिएन।

दङ्गीशरण गाउँपालिकाका सबइन्जिनियर कालुराम चौधरीका अनुसार चिस्यान केन्द्रको क्षतिग्रस्त बाह्य संरचना तथा भण्डारण च्याम्बरको मर्मतसँगै सञ्चालनमा ल्याउन लागिएको हो। गत आर्थिक वर्ष दङ्गीशरण गाउँपालिकाको सात लाख रुपियाँ बजेटबाट चिस्यान केन्द्रको चर्किएको बाहिरी भाग र च्याम्बर मर्मत गरिएको थियो। उहाँका अनुसार सुरुमा जेनेरेटरका माध्यमबाट सञ्चालन गर्ने योजनासहित निर्माण गरिएको उक्त केन्द्रलाई हाल विद्युत् प्रणालीमा आबद्ध गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

जेनेरेटरबाट सञ्चालन गर्दा लाग्ने खर्च बढी हुने भएपछि विद्युत् प्राधिकरणलाई लाइन जडानका लागि निवेदन दिएको सबइन्जिनियर चौधरीले जानकारी दिनुभएको छ। विद्युत् प्राधिकरणले ट्रान्सफर्मरको प्राविधिक जाँच गरेपछि लाइन जडान गरिने चौधरीले बताउनुभयो।

उहाँले ट्रान्सफर्मर जाँचका लागि नेपालगन्जस्थित विद्युत् प्राधिकरणको कार्यालयमा लैजानुपर्ने बाध्यताका कारण लाइन जडानमा ढिलाइ भएको बताउनुभयो। "तुलसीपुरमै ट्रान्सफर्मरको प्राविधिक जाँच हुने भए लाइन जोड्नलाई समस्या हुने थिएन," सबइन्जिनियर चौधरीले भन्नुभयो, "तुलसीपुरमा जाँचको व्यवस्था नहुँदा बाहिर लैजान समस्या भएको छ।"

चिस्यान केन्द्र सञ्चालनमा आएपछि दङ्गीशरणसँगै बबई र शान्तिनगर गाउँपालिकाका किसानलाई समेत उत्पादन गरेका तरकारी र फलफूल राख्न सहज हुने छ।

# पर्यटकीय स्थलको प्रचार डिजिटल बोर्डबाट

**कपिलवस्तु समाचारदाता**
*कपिलवस्तु, भदौ २५ गते*

गौतम बुद्धको जन्मस्थलसँग जोडिएका ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाले भरिएको कपिलवस्तुमा पर्यटकीय स्थलको प्रचारप्रसार डिजिटल माध्यमबाट गर्न थालिएको छ। कपिलवस्तु नगरपालिकाले नगरभित्र रहेका पर्यटकीय तथा पुरातात्त्विक क्षेत्रको प्रवर्धन गर्ने उद्देश्यले बजार क्षेत्रमा डिजिटल एलइडी स्क्रिन जडान गरेको हो।

नगरपालिकाले प्रमुख बजार क्षेत्र नयाँ टोलका सडकमा २३ वटा डिजिटल स्क्रिन जडान गरेको छ। प्रत्येक स्क्रिन दुई फिट चौडाइ र तीन फिट लम्बाइका छन्। यी स्क्रिनमार्फत कपिलवस्तुका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलका दृश्य तथा जानकारी प्रसारण भइरहेको नगरपालिकाले जनाएको छ।

नगरप्रमुख सुदीप पौडेलका अनुसार गौतम बुद्धसँग जोडिएका पुरातात्त्विक स्थलसँगै विश्व सिमसार सूचीमा सूचीकृत जगदीशपुर ताल, तिलौराकोट, कुदान, अरौराकोट, ताम्रेश्वर महादेव मन्दिरलगायतका क्षेत्रको पर्यटन प्रवर्धनलाई प्राथमिकता दिइएको छ।


## नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रहरी कार्यालय झापा**
**आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०८३।०५।२६**

जिल्ला प्रहरी कार्यालय झापा मातहत इलाका प्रहरी कार्यालय झिलझिले, झापाको भवन निर्माण कार्य गर्ने सम्बन्धमा मिति २०८३।०४।०५ गते E-Bidding मार्फत प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तोकिएको अवधिभित्र दर्ता हुन आएका प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात् तपसिल बमोजिमका बोलपत्र दाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज (६) अनुसार आर्थिक प्रस्ताव यही मिति २०८३।०६।०५ गते १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| निर्माण कार्य | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्र दाताहरू |
|---|---|
| **Construction of Office/Barrack, Mess, Hawaghar, UG water Tank at Area Police Office Jhiljhile, Jhapa (DPOJ/NCB/APOJHIL/2083-084/01)** | 1. P. and G. Construction Bhadrapur, Jhapa<br>2. Rukmini Engineering and Construction Pvt. Ltd Radhe Radhe-9, Bhaktapur<br>3. Sambriddi Sampanna Nirman Sewa Pvt. Ltd Madhyapur, Thimi Bhaktapur<br>4. Prime Company Pvt. Ltd. Tarakeshwor, Kathmandu<br>5. Mangmalungma Construction Sukedhara-04, Kathmandu<br>6. Satashi Nirman Sewa Pvt.Ltd sivasatakshi -8, Jhapa<br>7. Koshi-Durbasa Joint Venture (JV) Kupondol-10, Lalitpur<br>8. PAPAIYA-ARSHA-BLUE SQUARE JV, Phungling municipality-4, Taplejung<br>9. Garima-Prashna Jv Bhadrapur-08, Jhapa<br>10. Maa Om Birat Nirman Sewa Pvt.Ltd. Biratnagar, Morang<br>11. PES-SR JV Kalanki Kathmandu<br>12. Dipadil Construction Bharoul-5, Sunsari<br>13. Siddhithumka Nirman Sewa Pvt.Ltd. Suryodaya-8, Ilam<br>14. Laxmimata construction company Pvt. Ltd. Kankai-03, Jhapa<br>15. PRABIN-NSC,J/V Damak-05, Jhapa<br>16. Suryakunda Engineers And Builders Pvt. Ltd. Dhapasi-4, Kathmandu |



## Invitation for Bids
**Date of First Publication: 2083.05.26**

**Madan Bhandari Academy of Health Sciences**, invites Hard Copy from eligible bidders for the below mentioned activities in Madan Bhandari Academy of Health Sciences under National Competitive Bidding Procedure (NCB). Eligible Bidders may obtain further information at the office of Madan Bhandari Academy of Health Sciences or may visit Website of Madan Bhandari Academy of Health Sciences (www.mbahs.edu.np)

| S. No. | Notice No. | Tender Description | Bid Document Fee | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| 1. | MBAHS/VEHICLE/NCB/1S1E/2083/084-001 | The Procurement of Electric SUV for Madan Bhandari Academy of Health Sciences | Rs.3,000.00 | Rs.2,20,000.00 | 12:00 on 2083/06/16 (Friday 2nd October 2026 | 13:00 2083/06/16 on (Friday 2nd October 2026 |

**Madan Bhandari Academy of Health Sciences**



## Shitaganga Municipality
**Office of Municipal Executive**
**Thada, Arghakhanchi**
**Invitation for Bid**
**Date of publication: 2083-05-26 (11th Sept ,2026)**

Shitaganga Municipality, Office of the Municipal Executive, Thada, Arghakhanchi invites Sealed Bids (Hard Copy Only) from eligible bidders for the construction of Road Project mentioned below under National Competitive Bidding: All other information and Bid Document can be obtained from this Office during Office Hours. All eligible bidders are requested to submit Bid though Hard Copy as per instructions, within the mentioned period.

**Information to deposit the cost in the Bank:**
Name of the Bank: Rastiya Banijya Bank, Thada, Arghakhanchi
Name of Office: Shitaganga Municipality, Thada, Arghakhanchi
Rajaswa (Internal revenue) Account no. : 3380100301010003 **(For Bid Document)**
Dharauti Khata no.: 3380100303010003 **(For Bid Security)**

| Tender No. | Name of Project | Bid Price (Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of Bid Purchase | Last date of Bid submission | Bid Open | Requirement Annual construction turnover |
|---|---|---|---|---|---|---|---|---|
| 03-SM/W01/NCB/2083/084 | Bhedamare Simalpani Bouri Bhatganu Chidichour Hudai Cholarauni Dhawa Pawar Bikram Sadak | NRs 5,000.00 | NRs. 8,90,000 | 120 Days | 01th Oct 2026. 17:00 Noon | 02th Oct 2026. 12:00 Noon | 02th Oct 2026. 13:00 Noon | Rs. 53.31 million |

**Chief Administrative Officer**



## नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख (CEO) पदका लागि दरखास्त आह्वानको सूचना।
**प्रथम पटक प्रकाशन मिति: २०८३/०५/२६ (११ सेप्टेम्बर २०२६)**

नेपाल पर्यटन बोर्ड ऐन, २०५३ बमोजिम स्थापना भएको नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख (Chief Executive Officer, CEO) पदका लागि योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिएको छ। इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिनभित्र आवश्यक सम्पूर्ण कागजात सहित दरखास्त दिन सूचना गरिन्छ। दरखास्त दिने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ।

**क. उम्मेदवारको योग्यता:**
१. नेपाली नागरिक,
२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी पर्यटन क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,
३. प्रचलित कानून बमोजिम उम्मेदवार हुन अयोग्य नभएको।

**ख. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू:**
१. बुँदा (क) सम्बन्धी उम्मेदवार स्वयंले प्रमाणित गरेका कागजातहरू,
२. नेपाल पर्यटन बोर्डको प्रभावकारिता अभिवृद्धिका लागि गर्नुपर्ने क्रियाकलापहरू समेटिएको रणनीतिक कार्ययोजना (Strategic Action Plan) – (तीन हजार शब्दमा नबढ्ने गरी),
३. उम्मेदवारले आफूले काम गरेको संस्था वा सङ्गठनमा आफ्नो प्रयासमा हासिल गरेका उल्लेख्य उपलब्धिको बारेमा तयार गरिएको प्रतिवेदन – (एक हजार शब्दमा नबढ्ने गरी),
४. कुनै सार्वजनिक संस्थाको विभागीय जिम्मेवारीमा रहेको अवस्थामा विभागीय स्वीकृति प्राप्त भएको पत्र,
५. नेपाल पर्यटन बोर्ड, कार्यकारी प्रमुख छनोट तथा नियुक्ति सिफारिस कार्यविधि, २०८३ को दफा ४ को उपदफा (५) बमोजिमको स्वघोषणा (उक्त कार्यविधि www.trade.ntb.gov.np मा उपलब्ध छ)।

**ग. दरखास्त दस्तुर:**
नेपाल पर्यटन बोर्डको नाममा नबिल बैंक लिमिटेड, तीनधारा शाखामा रहेको खाता नं. ०१०१०१७५००३५३ (Nepal Tourism Board–PSSK) मा जम्मा गरिएको रु. १५,०००/– (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र)को बैंक भौचर आवेदनसाथ पेश गर्नुपर्नेछ।

**घ. दरखास्त बुझाउने स्थान:**
१. कार्यकारी प्रमुखको सचिवालय, नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौँ।
२. इमेलमार्फत दरखास्त दिने भएमा उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरू संलग्न गरी hr@ntb.org.np मा दरखास्त दिन सकिनेछ। यस्ता उम्मदवारले बैंक भौचर र प्रमाणित प्रतिलिपि कागजातहरू प्रस्तुतीकरणको समयमा उपलब्ध गराउनुपर्नेछ।

यो सूचना नेपाल पर्यटन बोर्डको वेबसाइट www.trade.ntb.gov.np मा समेत उपलब्ध छ। साथै छनोट सम्बन्धी विभिन्न चरणका सूचनाहरू नेपाल पर्यटन बोर्डको वेबसाइटमा प्रकाशन गरिनेछ। यस सूचना सम्बन्धी कुनै अस्पष्टता भएमा नेपाल पर्यटन बोर्डमा सम्पर्क गर्न सकिनेछ।

**कार्यकारी प्रमुख छनोट उपसमिति**
**नेपाल पर्यटन बोर्ड**
**भृकुटीमण्डप, काठमाडौँ, नेपाल**
**फोन नं. ०१–५३५६९०९**

### पन्ध्र लाखको बजेटमा योजना अस्पष्ट

# भइपरी तथा विविध शीर्षकले उठायो प्रश्न

**अमरगढी समाचारदाता**
*डडेलधुरा, भदौ २५ गते*

अमरगढी नगरपालिका–७ ले चालु आर्थिक वर्ष २०८३/८४ का लागि नगरपालिकाबाट प्राप्त १५ लाख रुपियाँको बजेट विभिन्न शीर्षकमा विनियोजन गरेको विवरण सार्वजनिक भएपछि वडावासीबिच चर्को बहस सुरु भएको छ ।

वडाको बजेट विवरणमा माली व्यवस्थापनका लागि एक लाख ८० हजार, चाडपर्व तथा संस्कृति जगेर्ना कार्यक्रमका लागि दुई लाख २० हजार, अवलोकन अध्ययन भ्रमणका लागि तीन लाख ५० हजार, उग्रतारा मावि अनुदानका लागि दुई लाख, सडक सरसफाइ तथा ग्राभेलका लागि दुई लाख ५० हजार र भइपरी तथा विविध कार्यक्रमका लागि तीन लाख रुपियाँ छुट्याइएको उल्लेख छ ।



तस्बिर : पुष्कर भण्डारी

**अमरगढी नगरपालिका–७ को पोखरा क्षेत्र ।**

त्यस्तै तीन लाख ५० हजार रुपियाँको अवलोकन अध्ययन भ्रमण र दुई लाख २० हजार रुपियाँको चाडपर्व तथा संस्कृति जगेर्ना कार्यक्रमको प्रकृति, सहभागी, कार्यक्रमस्थल तथा अपेक्षित उपलब्धिबारे पनि थप स्पष्टता आवश्यक रहेको स्थानीयको भनाइ छ ।

यी शीर्षक अन्तर्गत कुन स्थानमा, कुन प्रकृतिको काम गर्ने, लाभग्राही को हुने, कति परिमाणमा काम गर्ने र खर्चको आधार के हुने भन्ने विस्तृत विवरण चाहिँ नखुलाइएको भन्दै वडावासीले प्रश्न उठाएका छन् । विशेष गरी तीन लाख रुपियाँ भइपरी तथा विविध कार्यक्रम शीर्षकमा राखिएको विषयले सामाजिक सञ्जालमा बढी चर्चा पाएको छ । वडावासीले बजेटमा स्पष्ट योजना, स्थान, उद्देश्य र कार्यान्वयनको आधार नखुलाई ठुलो रकमलाई विविध वा भइपरी शीर्षकमा राख्दा त्यसको खर्च प्रक्रिया र निगरानी कसरी हुने भन्ने प्रश्न गरेका छन् । स्थानीय दीपकराज जोशीले भन्नुभयो, "न वडा भेला गरियो न त वडावासीले माग गरेका योजनामा वडा कार्यालयले बजेट हालेको छ । वडाध्यक्ष र सदस्यहरूले मनलाग्दी तरिकाले बजेट राखेर आफूखुसी खर्च गर्ने योजना बनाएको जस्तो देखिन्छ ।"

यस्तै स्थानीय रोशन भण्डारीका अनुसार खानेपानी, शिक्षा, स्वास्थ्य, बाटोघाटोका समस्य वडा नम्बर ७ का साझा समस्या हुन् । थोरै भए पनि बाटो निर्माण गरिनुपर्ने, खानेपानीका पाइप व्यवस्थापन गरिनुपर्ने; शिक्षा, स्वास्थ्यका क्षेत्रमा बजेट विनियोजन हुनुपर्ने हो । तर वडा कार्यालयले भ्रमण र विविध खर्च भनेर मनलाग्दी खर्च गर्न योजना बनाएको छ । यो परिमार्जन हुनुपर्ने उहाँलगायतका वडावासीको माग छ ।

वडावासीले सामाजिक सञ्जालमार्फत बजेटको पारदर्शिता र जवाफदेहितामाथि प्रश्न उठाउँदै करदाताको रकम कहाँ र कसरी खर्च हुन्छ भन्ने कुरा बजेटमै स्पष्ट हुनुपर्ने माग गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाका वडा समितिले आफ्नो बजेट सीमाभित्र रहेर योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरेर कार्यपालिकामा पेस गर्नुपर्ने व्यवस्था छ । त्यस्तै बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राथमिकीकरण गर्ने र योजनाबिच दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्ने जिम्मेवारी पनि तोकिएको छ ।

> बजेटमा स्पष्ट योजना, स्थान, उद्देश्य र कार्यान्वयनको आधार नखुलाई ठुलो रकमलाई विविध वा भइपरी शीर्षकमा राख्दा त्यसको खर्च प्रक्रिया र निगरानी कसरी हुने भन्ने प्रश्न वडावासीले गरेका छन् ।

कानुनले स्थानीय तहको वित्तीय व्यवस्थापनसम्बन्धी कामकारबाही पारदर्शी रूपमा गर्नुपर्ने स्पष्ट गरेको छ । स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइसमेत सञ्चालन गर्नुपर्ने व्यवस्था छ । अमरगढी नगरपालिका–७ ले भने यी कुनै पनि प्रक्रिया कार्यान्वयन नगरेको अर्का स्थानीय सिद्धराज जोशीको भनाइ छ ।

स्थानीय सरकार सञ्चालन ऐनले स्वीकृत बजेटको परिधिभित्र रहेर खर्च गर्नुपर्ने र कार्यपालिकाले सभाबाट स्वीकृत सीमा तथा शीर्षकबाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था गरेको छ ।

यसैकारण अमरगढी नगरपालिका–७ को बजेटमा राखिएका शीर्षकहरू पर्याप्त स्पष्ट छन् कि छैनन्, ती शीर्षक अन्तर्गत कुन कुन कार्यक्रम स्वीकृत भएका छन् र खर्चको कार्ययोजना के छ भन्ने विषयमा वडावासीले नगरपालिकासँग जवाफ मागिरहेका छन् । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले पनि सङ्घ, प्रदेश र स्थानीय तहले वित्तीय व्यवस्थापनसम्बन्धी कामकारबाही पारदर्शी रूपमा गर्नुपर्ने उल्लेख गरेको उहाँले बताउनुभयो ।

# बालमैत्री पालिका बनाउन बालविवाह चुनौती

**एकिन्द्र तिमिल्सेना**
*टीकापुर, भदौ २५ गते*

कैलालीको भजनी नगरपालिकालाई बालमैत्री स्थानीय पालिका बनाउन लागिएको छ । बालमैत्री बनाउन पूरा गर्नुपर्ने ५१ वटा सूचक पूरा गर्न बालविवाह चुनौतीका रूपमा देखिएको छ । नगरका शिक्षा, स्वास्थ्य, प्रहरीको तथ्याङ्कले यही देखाउँछ । थारू, मुस्लिम समुदायको बसोबास भएको भारतसँग सिमाना जोडिएको यो पालिकामा बालविवाह धेरै हुने गरेको छ । बालविवाह गरेका बालबालिकाले आधारभूत तहको पढाइ पूरा नगरी छोड्ने, विवाहदर्ता नहुने, विवाहपछि कलिलै उमेरमा बालश्रममा लाग्ने, उमेर नपुग्दै गर्भवती हुने, प्रोटोकल अनुसार गर्भजाँच नगराउने, परिवार, समुदाय वा रोजगारीमा रहँदा पनि श्रम शोषण, दुर्व्यवहारमा पर्ने, कुलतमा लाग्न सक्ने, कम उमेरका बुवाआमाले बच्चा जन्माएमा कुपोषित हुने, ख्याउटे पुड्को हुने, जन्मदर्ता नहुने, विवाहदर्ता नभई सम्बन्ध बिग्रिने जस्ता समस्या देखिएका छन् । बालमैत्री वडा वा पालिका बनाउन यी सबै कुराबाट मुक्त हुनुपर्ने व्यवस्था छ ।

बालमैत्री पालिका गठनपूर्व बालमैत्री स्थानीय शासन समिति गठन गरी काम गर्नुपर्ने व्यवस्था छ । काम गर्दा पनि पार नपाइने खालका समस्या रहेका समितिका सदस्य तथा शिक्षक अर्जुन चौधरी बताउनुहुन्छ । बालविवाह र सीमावारपार विवाहका कारण विद्यालयमा पढिरहेका ६४ बालबालिकाको जन्मदर्ता हुन नसकेको मुहन्याल मावि भजनीका प्रधानाध्यापक विद्याप्रसाद भट्ट बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "पाठ्यपुस्तक, दिवा खाजा दिनु पर्छ, उनीहरूको जन्मदर्ता नभएकाले बेरुजु आउन थालेको छ ।"

शैक्षिक सत्र २०८२ मा १४९ जना विद्यालय जाने उमेरका बालबालिका विद्यालयबाहिर रहेका छन् । ३९८ जनाले शैक्षिक सत्रको बिचैमा पढाइ छाडेको शिक्षा युवा तथा खेलकुद शाखाका अधिकृत देवराज अवस्थी बताउनुहुन्छ । स्वास्थ्यको तथ्याङ्क अनुसार पनि एक वर्षमा ८०७ जनाले गर्भ जाँच गराएकोमा १०६ जना र ३१४ जनाले बर्थिङ सेन्टरमा बच्चा जन्माएकोमा ५५ जना २० वर्षमुनिका बालिका रहेका स्वास्थ्य शाखा प्रमुख कैलास डगौरा थारूको भनाइ छ ।

आर्थिक वर्ष २०८२/८३ मा २१ वटा घरेलु हिंसाका उजुरी दर्ता भएकामा ११ वटा कम उमेरका विवाहित परेको, एक वर्षमा छ महिला र तीन जना १७ वर्षमुनिका बालिकाले आत्महत्या गरेको इलाका प्रहरी कार्यालय भजनीका प्रहरी निरीक्षक खगेन्द्रसिंह साउद बताउनुहुन्छ । नगर विकासका लागि बालमैत्री पालिका आवश्यक ठानी नगरपालिकाले सुरु गरेको काममा गैरसरकारी क्षेत्रको सहयोग पनि रहेको तर बालबालिकाका समस्या समाधान गर्न बालबालिका स्वयम् देखि शिक्षक, अभिभावक, सामाजिक अगुवा, जनप्रतिनिधि सबैको योगदान आवश्यक रहेको भजनी नगरपालिकाका प्रमुख केवल चौधरी बताउनुहुन्छ । पालिकाले वडा नं. १ बाट बालमैत्री पालिका घोषणा गर्न लागेको छ, यसका लागि विकासका लागि युवा ऐक्यबद्धता संस्थाले प्राविधिक सहयोग गरी वडा बाल पार्श्वचित्र बनाएर सूचक पूरा गर्ने काममा लागेको रतनलाल चौधरी बताउनुहुन्छ ।


नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**भरतपुर अस्पताल, चितवन**
**बोलपत्र आह्वान सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति २०८३।०५।२६)

भरतपुर अस्पतालको लागि आवश्यक तपशिलका सामाग्रीहरू (as per technical specifications) सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले मू.अ.करमा दर्ता भएका इच्छुक इजाजत प्राप्त कम्पनी/फर्म तथा सप्लायर्सले रीतपूर्वकको सिलबन्दी बोलपत्र भरतपुर अस्पताल, चितवनमा निर्धारित समयभित्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र सम्बन्धी विस्तृत जानकारी एवं शर्तहरू बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको व्यहोरा जानकारी गराइन्छ । साथै बोलपत्र सम्बन्धि कागजात (हार्ड कपी) यस अस्पतालबाट प्राप्त गर्न सकिनेछ वा सफ्ट कपी यस अस्पतालको आधिकारिक वेबसाइटः bharatpurhospital.gov.np बाट डाउनलोड गर्न सकिनेछ । तपसिल :–

| क्र.सं. | ठेक्का नं. | विवरण | धरौटी रकम रु. | बोलपत्र खरिद दस्तुर रु. |
|---|---|---|---|---|
| १. | १६ –२०८३/०८४ | ECG,USG & CTG related goods खरिद । | ६०,०००।०० | ३०००।० |
| २. | १७ –२०८३/०८४ | Cloth related items खरिद । | २,३०,०००।०० | ३०००।० |
| ३ | १८ –२०८३/०८४ | Printing Related Items खरिद । | १,८०,०००।०० | ३०००।० |
| ४ | १९ –२०८३/०८४ | सुरक्षागार्ड आपूर्ति सम्बन्धी कार्य खरिद । | ५,०००००।०० | ३०००।० |
| ५ | २० –२०८३/०८४ | सरसफाइकर्मी तथा कार्यालय सहयोगी आपूर्ति सम्बन्धी कार्य खरिद । | १६,०००००।०० | ५०००।० |



**Gandaki Provincial Government**
**Ministry of Energy, Water Resources and Water Supply**
**Water Resources and Irrigation Development Division Office**
**Syangja, Putalibazar**
**Invitation for Bids**
**Date of Publication: 26-05-2083**

1. Water Resources and Irrigation Development Division Office, Syangja invites **Sealed Bids (Hard Copy only)** from eligible bidders for the construction of works given in the table below under National Competitive Bidding procedures.

| S. N. | Sealed Quotation No. | Description of Work | Estimated cost NRs. (without VAT &With PS) | Bid Security Amount (NRs) | Cost of Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | NCB/01/ WRIDDOS/ DKKIP/ 2083/84 | Irrigation Canal and Its Related Structures Construction works at DadaKhet Kadenee Kubhindee Sinchai Yojana, Phedikhola-1, Syangja | 3,440,459.33 | 112,000.00 | 3,000 |
| 2 | NCB/02/ WRIDDOS/ AKRTW/ 2083/84 | River Training Works at Adhikhola Nadi Niyantran Works, Adhikhola, Putalibazar, Virkot Syangja | 3,029,505.30 | 98,000.00 | 3,000 |

Last Date & time of Bid Purchase : 16-06-2083 17.00 Hours
Last Date & time for Bid submission 19/06/2083 12.00 Hour
Last Date & time Bid Opening: 19/06/2083 (14:00 Hour)

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| • Name of the Bank: Nepal Bank Ltd, Syangja<br>• Name of Office: Water Resource and Irrigation Development Division Office, Syangja<br>• Office Code no. 3400343014<br>• Office Account no.: 27302000001001000001 Rajaswa (revenue) Shirshak no. : 14229 | • Name of the Bank: Nepal Bank Ltd, Syangja<br>• Name of Office: Water Resource and Irrigation Development Division Office, Syangja<br>• Dharauti Account No: 07202000002003000001 |
| **For Purchasing Bidding Document** | **Cash Deposit for Bid Security** |

**Division Chief**


# बाढीको डरले पस्दैनन् कक्षामा



तस्बिर : रणबहादुर बुढा

**बाढीको डरमा विद्यालयबाहिरै बसेर पढ्दै आएका बालबालिका ।**

**बाजुरा समाचारदाता**
*बाजुरा, भदौ २५ गते*

बाजुराको हिमाली गाउँपालिका–२ मा रहेको बुढीनन्दा आधारभूत विद्यालय नातिखोलाका शिक्षक तथा बालबालिकाले कक्षाकोठाबाहिर पठनपाठन गर्दै आएका छन् । साउन २८ गतेको अविरल वर्षाका कारण बिछ्याखोलामा आएको बाढीले यहाँका गाउँबस्ती, बाटो, सडक, पुल, बिछ्या माविलगायतका भौतिक संरचनामा ठुलो क्षति भएको थियो । पानी पर्न अझै रोकिएको छैन । कक्षाकोठामा बसेको बेला बाढी आउँछ कि भन्ने डरले यहाँका बालबालिका विद्यालयको कक्षाकोठाभन्दा बाहिर बसेर पठनपाठन गर्न थालेका हुन् ।

बुढीनन्दा आवासीय विद्यालय खोलाको किनारमा छ । २०७७ सालमा आएको भूकम्पले जमिन चिरा चिरा परेको छ । प्रधानाध्यापक अजमति विष्ट भन्नुहुन्छ, "भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि अहिले यहाँका बालबालिका तथा कर्मचारी सबै त्रसित छन् । हाम्रो विद्यालय पनि खोलाको नजिक छ । बाढी आएर विद्यालय बगाउँछ कि भन्ने त्रास सधैँ रहन्छ । त्यसैले बालबालिकालाई बाढी आएको बेलामा भाग्न सहज होस् भनेर बाहिरै राखेर पठनपाठन गर्ने गरेका छौँ ।" कक्षा १ देखि ३ सम्मको पढाइ हुने यो विद्यालयमा २८ जना बालबालिका अध्यनरत छन् । एक स्थायी, एक राहत, एक बालविकास र एक जना कार्यालय सहयोगी गरी चार जना कर्मचारी रहेको प्रधानाध्यापक विष्टले बताउनुभयो ।

हिमाली गाउँपालिकाका शिक्षा शाखा संयोजक पराम पाण्डेले भन्नहुन्छ, "विद्यालयको अवस्था नाजुक छ । विद्यालयलाई त्यहाँबाट सुरक्षित स्थानमा सार्न जरुरी छ । त्यसका लागि ठुलो रकम आवश्यक पर्छ ।" हिमाली गाउँपालिकामा करिब २२ वटा विद्यालय सञ्चालनमा छन् । तीमध्ये अधिकांश विद्यालयको अवस्था उस्तै रहेको हिमाली गाउँपालिकाका शिक्षा शाखा संयोजक पाण्डेको भनाइ छ ।

# तरकारी सङ्कलन केन्द्र प्रयोगविहीन

**धनगढी समाचारदाता**
*धनगढी, भदौ २५ गते*

किसानको सुविधाका लागि लाखौँ रुपियाँ लगानी गरी निर्माण गरिएको तरकारी सङ्कलन केन्द्र प्रयोगविहीन बनेको छ । धनगढी उपमहानगरपालिका–१७, पथरीमा बनेको तरकारी सङ्कलन केन्द्रमा किसानले तरकारी दिन नमानेपछि प्रयोगविहीन भएको हो ।

२५ लाख रुपियाँ लगानीमा पथरीको दक्षिणतर्फ खुटिया पुल नजिक तरकारी सङ्कलन केन्द्र बनाइएको थियो । २०७८ सालमा निर्माण सम्पन्न भएको तरकारी सङ्कलन केन्द्रमा किसानले तरकारी नदिएपछि प्रयोगमा आउन नसकेको वडाध्यक्ष माधव रानाले बताउनुभयो ।

उहाँका अनुसार सुरुवाती समयमा तरकारी सङ्कलन केन्द्रमा समितिले तरकारी सङ्कलन थालेको थियो तर सस्तो मूल्यमा तरकारी नदिने भन्दै किसानले सङ्कलन केन्द्रमा आफ्नो उत्पादन दिन नमानेको जनाइएको छ । वडाध्यक्ष राना भन्नुहुन्छ, "पाँच रुपियाँ सस्तो भएको भन्दै किसानले यहाँ तरकारी राखेनन् ।

बरु आफैँले धनगढीसम्म लगेर बिक्री गर्न थालेपछि सङ्कलन केन्द्रले किसानको तरकारी पाएन ।" वडा नम्बर १७ मा पथरी, धुरझन्ना, दमौलियालगायतका गाउँका किसानले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् ।

दमौलियामा तीन वटा तरकारी पकेट क्षेत्र बनाएर तरकारी खेती गरिएको छ । यसै गरी पथरीगाउँका ७५ प्रतिशत कृषकले व्यावसायिक तरकारी खेती गर्दै आएका वडा कार्यालयले जानकारी दिएको छ ।


**परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल,**
**थापाथली, काठमाडौं (फोन नं.०१–५३६०२३१)**
**लागत इष्टिमेटको लागि दररेट पेश गर्ने सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति २०८३।०५।२६)

आ.ब.२०८३/०८४ मा अस्पतालको लागि आवश्यक पर्ने तपसिलबमेजिम शीर्षकका सामानहरू खरिद गर्नुपर्ने भएकोले सोको लागि लागत अनुमानको प्रयोजनको लागि इकाई दररेट आवश्यक भएको हुंदा इच्छुक फर्म/कम्पनी/सप्लायर्सले सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र यस अस्पतालमा दररेट पेश गर्नु हुन यो सूचना प्रकशित गरिएको छ । सामानहरूको स्पेसिफिकेसन सहितको लिष्ट अस्पताल प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ । तपसिल :

| सि.नं. | शीर्षक विवरण |
|---|---|
| 1 | Computer, Printer and Electronics Goods |
| 2 | Voltage stabilizer |
| 3 | Lab Serology Kits |
| 4 | Bloodbank Related Equipments |


# एक वर्षसम्म निःशुल्क खानेपानी

**घोडाघोडी समाचारदाता**
*घोडाघोडी (कैलाली), भदौ २५ गते*

कैलालीको बर्दगोरिया गाउँपालिकाले शुद्ध खानेपानी सेवा निःशुल्क गर्ने भएको छ । गाउँपालिकाले वडा नम्बर ३ मा निर्माण पूरा गरेको रानीकुण्डा खानेपानी आयोजना उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष कर्णबहादुर कुँवरले आयोजनाबाट सेवा लिने उपभोक्तालाई एक वर्षसम्म खानेपानी निःशुल्क उपलब्ध गराइने घोषणा गर्नुभएको हो ।

अध्यक्ष कुँवरले एक वर्षपछि पनि उपभोक्तालाई निश्चित युनिटसम्म खानेपानी महसुलमा छुट दिने विषयमा सङ्घीय तथा प्रदेश सरकार र विश्व बैङ्कसँग समन्वय तथा छलफल भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले यस आयोजना अन्तर्गतका जनतालाई एक वर्षसम्म निःशुल्क खानेपानी दिने छौँ ।

त्यसपछि पनि जनतालाई कति छुट दिन सकिन्छ भन्ने विषयमा सङ्घीय, प्रदेश र स्थानीय सरकार तथा विश्व बैङ्कसँग समन्वय र छलफल गरिरहेका छौँ ।" अन्यत्र जस्तो खानेपानीको धारा जडान गर्न ठुलो रकम तिर्नुपर्ने र मासिक रूपमा महँगो महसुल बुझाउनुपर्ने बाध्यता आफ्नो पालिकामा नरहेको उहाँले बताउनुभयो ।



तस्बिर : चाँदनी आचार्य

**रानीकुण्डा खानेपानी आयोजना उद्घाटन गर्नुहुँदै बर्दगोरिया गाउँपालिकाका अध्यक्ष कर्णबहादुर कुँवर ।**

स्थानीय तह निर्वाचन, २०७९ मा अध्यक्ष कुँवरले गरेका प्रतिबद्धता क्रमशः कार्यान्वयन हुँदै गएको भन्दै स्थानीयवासीमा उत्साह बढेको छ । गाउँपालिकाले निःशुल्क शिक्षा, घरआँगनमै स्तरीय स्वास्थ्यसेवा, कलेज सञ्चालन, शव चिस्यान सेवा, काजकिरिया खर्च व्यवस्थापन तथा पोस्टमार्टम सेवा सञ्चालन गरिरहेको छ । रानीकुण्डा खानेपानी आयोजनाका अध्यक्ष टङ्क ओलीले निर्वाचनका बेला गरिएका प्रतिबद्धता व्यवहारमा कार्यान्वयन भएको देख्दा आफूहरू उत्साहित भएको बताउनुभयो ।


**Department OF Passports**
**Tripureshwor, Kathmandu**
**Invitation for Sealed Quotation for the procurement of Sanitation Services in Department of Passports.**
**Sealed Quotation No: DoP/O/SQ/01-2083/084**
**Date of first Publication: 11th September, 2026**

1. The Department OF Passports invites sealed quotations from registered Suppliers for the supply of ***Sanitation Services in Department of Passports***.
2. A complete set of Bidding Documents may be purchased from the office ***above*** and the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till ***17 September 2026*** during office hours.
3. Sealed bids must be submitted to the ***Department of Passports, Tripureshwor, Kathmandu*** by hand on or before ***12:00 Noon*** on ***18 September 2026.*** Bids received after this deadline will be rejected.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***Department of Passports , Tripureshwor, Kathmandu***.



**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिरहा**
**मधेश प्रदेश, नेपाल**
**विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का सम्बन्धी टेन्डर(प्रस्ताब)हरु स्वीकृत गर्ने आशयको सूचना**
(सूचना प्रकाशित मितिः- २०८३।०५।२६)

यस कार्यालयबाट मिति २०८३ को असोज महिना देखि २०८४ असार मसान्तसम्मका लागि आन्तरिक आय तर्फको विज्ञापन कर र सेवा शुल्क संकलन मध्ये गुदरी हाट बजार सेवा शुल्क संकलन ठेक्का व्यवस्थापन कार्यार्थ मिति २०८३/०५/१७ गते चौथो पटक प्रकाशित विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का सम्बन्धी सीलबन्दी टेण्डर आमन्त्रण सम्बन्धमा मिती २०८३/०५/२५ को यस कार्यालयको निर्णय वमोजिम देहाय वमोजिमको टेण्डर (प्रस्ताब)हरु "अधिकतम मूल्यांङ्कित सारभूत रूपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनोट भएकाले सो सम्बन्धमा कुनै टेण्डरदाता (प्रस्तावदाता)लाई चित्त नबुझेमा ७(सात) दिनभित्र पुनरावलोकनका लागि आवेदन दिनुहुन सम्बन्धित सबै टेण्डरदाताहरूको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । तपशिलः-

| ठेक्काको नाम र स्थान | ठेक्का अवधी | टेण्डरदाताको नाम र ठेगाना सबै भन्दा अधिकतम अंक रकम कबोल गर्ने टेण्डरदाताको नाम र ठेगाना | सबै भन्दा अधिकतम कबोल कबुल अंक (मू.अ.कर, आय कर र दुर्गा पुजा चन्दा बाहेक) रकम रु. |
|---|---|---|---|
| १. गुदरी हाटबजार सेवा शुल्क वडा नं. १ देखि १० सम्म एकमुष्ट | २०८३ असोज देखि २०८४ असार मसान्तसम्म | १. पि.आर. कन्स्ट्रक्सन, लहान-५ सिरहा | रु.२९,७१,०००।- |

प्रमुख प्रशासकीय अधिकृत

# कर्मचारीको वृत्तिविकास अन्योलमा

**बुलबुले समाचारदाता**
*सुर्खेत, भदौ २५ गते*

प्रदेशको ऐनले कर्मचारीको वृत्तिविकासमा अन्योल छाएको छ। कर्णाली प्रदेशले ढिला गरी ऐन जारी त गऱ्यो तर राप तृतीय श्रेणीको पाठ्यक्रम र योग्यता अनुसार भएको परीक्षा उत्तीर्ण भएका कर्मचारीको वृत्तिविकासमा भने अन्योल सिर्जना गरेको हो।

कर्मचारीले ऐनका विभेदकारी प्रावधानले आफ्नो वृत्तिविकासमा गम्भीर असर परेको बताएका छन्। विशेष गरी भौगोलिक क्षेत्र (क, ख, ग) मा आधारित कर्मचारी सरुवा र स्तरवृद्धिको व्यवस्थाले योग्य कर्मचारी अन्यायमा परेको स्थानीय सेवा कर्मचारी सञ्जाल कर्णालीका संयोजक विक्रम शाहीले बताउनुभयो। उहाँले स्थानीय सेवा गठन तथा सञ्चालनमा भएको अन्यायपूर्ण व्यवस्थाले कर्मचारीको वृत्तिविकास अन्योलमा परेको भन्दै संशोधन गर्नुपर्ने माग गर्नुभएको छ।

विभिन्न प्रदेश जस्तै बागमती प्रदेशले स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश २०७८ जारी गरी छैटौँ तहमा पदपूर्ति भएका कर्मचारीलाई सुरु नियुक्ति मितिदेखि लागु हुने गरी सातौँ तह कायम गरेको छ। कर्णाली प्रदेशले २०८१ साल असोजमा स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०८१ जारी गरी दफा ८ मा तह कायमसम्बन्धी व्यवस्था त गरेको छ तर यो व्यवस्था अन्य प्रदेशको तुलनामा अन्यायपूर्ण रहेको कर्मचारीको गुनासो छ ।

हालै कर्णाली प्रदेशका सबै जसो स्थानीय तहले मिति २०७७ फागुन ६ देखिको ज्येष्ठतालाई आधार मानेर आठौँ तह वृद्धि गरेका छन् तर मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले दफा २६ को उपदफा १ मा स्तरवृद्धि हुने पदभन्दा तल्लो तहको पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेस गर्नुपर्ने व्यवस्था देखाई स्तरवृद्धि अभिलेखीकरण नगर्दा कर्मचारीको मनोबल थप कमजोर बनेको छ।

यस्तै सङ्घीय लोक सेवा आयोगले पदपूर्ति गरेको तर हाल प्रदेशले ऐन जारी गरी अधिकृतस्तरको सुरु पदपूर्ति सातौँ तहबाट हुने व्यवस्था गरेको छ। छैटौँ तहबाट सेवा प्रवेश गरेका कर्मचारीको तह कायम गरिएको विषयको गाम्भीर्यता नबुझेर निर्णय गर्नाले अन्योल छाएको कर्मचारीको गुनासो छ। कर्णाली प्रदेश लोक सेवा आयोगले उही पाठ्यक्रममा रही आव २०७९/८० मा विज्ञापन गरी आव २०८१/८२ मा सिफारिस गरिएका सातौँ तहका कर्मचारीभन्दा पनि वरिष्ठ हुने गरी तह कायमको व्यवस्था ऐनमा गरिएको छ।

अन्य प्रदेशबाट सातौँ तह कायम भई कर्णाली प्रदेशमा पदस्थापना भएका कर्मचारीसमेत आठौँ तह कायम भइसकेको र नवौँ तहका सम्भावित हुँदा समान प्रतिस्पर्धाबाट छनोट भई कर्णाली प्रदेशमा सिफारिस भएका कर्मचारी भने वृद्धिविकासका लागि पछाडि धकेलिएको स्थानीय सेवा कर्मचारी सञ्जाल कर्णालीका संयोजक शाहीले बताउनुभयो। साबिक स्थानीय निकायबाट स्थानीय तहमा समायोजन भएका कर्मचारी पनि ऐनमा भएको व्यवस्थाबाट सन्तुष्ट नभएको उहाँको भनाइ छ। सङ्घीय सरकारले मसौदा तयार गरेको निजामती सेवा ऐनमा अन्तरप्रदेश सरुवाको प्रावधान राखेको र त्यही व्यवस्था गरी ऐन जारी भएमा भविष्यमा हुने वृत्तिविकासमा अन्य प्रदेशबाट सरुवा भएर आउने आफूसँगैका तर सुरु नियुक्ति मितिदेखि नियुक्ति पाएका कर्मचारीभन्दा पछि परिने कर्मचारीको गुनासो छ।

कार्यालयका विभिन्न शाखामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रशासन, लेखा, इन्जिनियरिङ, शिक्षालगायतका कर्मचारीको वृद्धिविकास अन्योलमा परेको हो। आफूहरूले विभिन्न समयमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलमार्फत ऐनको दफा ८ को उपदफा ४ र ५ संशोधनका लागि प्रयास गरे पनि सफल हुन नसकेको र फेरि पनि ऐन संशोधनका लागि आफूहरू निरन्तर लागिरहने र आवश्यक परे चरणबद्ध आन्दोलन गर्ने संयोजक विक्रम शाहीले जानकारी दिनुभयो।

प्रदेश सरकारले भने कर्मचारी अनुकूलकै ऐन बनेको जनाएको छ। केही बुँदामा संशोधन भए पनि कर्मचारीका माग भने यथावत् रहेका छन्। कर्मचारीले राखेका माग जायज भएको र हेरफेर गर्न सकिने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ। यस विषयमा पुनः ध्यानाकर्षण भएको कार्यालयका सूचना अधिकारी सुरेन्द्र शाहीले बताउनुभयो।



तस्बिर : रजनी योगी

**कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय ।**

# आत्महत्या रोकथामका प्रयास कमजोर

**दैलेख समाचारदाता**
*दैलेख, भदौ २५ गते*

दैलेखमा पछिल्ला वर्षमा कम उमेरका बालबालिका आत्महत्याको घटनामा पर्न थालेको पाइएको छ। यस्ता घटनाको तथ्याङ्क हेर्दा विभिन्न निकायबाट भएको आत्महत्या रोकथामका प्रयासलाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ। जिल्ला प्रहरी कार्यालय दैलेखको तथ्याङ्क अनुसार पछिल्ला तीन आर्थिक वर्षमा जिल्लामा १३५ जनाले आत्महत्याका कारण ज्यान गुमाएका छन्।

आव २०७९/८० मा ५७ जनाले आत्महत्या गरेका थिए। आव २०८०/८१ मा यो सङ्ख्या ४० र आव २०८१/८२ मा ३८ मा झरेको छ। आव २०८३/८४ को साउन र भदौमा मात्रा नौ जनाले आत्महत्या गरेका छन्। तीन वर्षमा आत्महत्याका घटना ५७ बाट ४० हुँदै ३८ मा झर्नु सकारात्मक सङ्केत भए पनि १३५ जनाको मृत्यु हुँदा २६ जना बालबालिका पर्नु गम्भीर विषय भएको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी निरीक्षक पुष्पराज रोकायले बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "साना बालबालिकाले आत्महत्या रोज्नु निकै चुनौतीको विषय हो। सात वर्षकी बालिकाले समेत आत्महत्या गरेको अवस्था आउनु हाम्रो समाजको चेतना निकै कमजोर भएको सङ्केत हो।" प्रदेश अस्पताल सुर्खेतमा कार्यरत डा. सुशील समदर्शीले कर्णालीमा वयस्कसँगै बालबालिकामा मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढ्दै जानु चिन्ताजनक रहेको बताउनुहुन्छ। कर्णालीको भौगोलिक कठिनाइसँगै सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशले मानसिक स्वास्थ्यमा थप असर पारिरहेको उहाँको भनाइ छ। छाउपडी, लैङ्गिक हिंसा, सामाजिक विभेद, आर्थिक समस्या तथा पारिवारिक तनाव जस्ता कारणले मानसिक स्वास्थ्यमा चुनौती थपिरहेको डा. समदर्शी बताउनुहुन्छ।

नारायण नगरपालिका दैलेखका स्वास्थ्य शाखा सहसंयोजक लालबहादुर खड्काले नगरपालिकाले आफ्ना विभिन्न कार्यक्रममार्फत मानसिक स्वास्थ्यसम्बन्धी समस्या, त्यसको पहिचान तथा उपचारका विषयमा नागरिकलाई जानकारी गराउँदै आएको बताउनुभयो। उहाँले भन्नुभयो, "नगरपालिकाका सबैखाले कार्यक्रममा मानसिक स्वास्थ्य समस्याबारे सचेतना र उपचारको व्यवस्थाका विषयमा जानकारी गराउने गरेका छौँ।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका प्रतिवादीका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

प्रकाशित मिति : २०८३।०५।२६ | मुद्दा फाँट-२, मुद्दा नं. ०८२-DR-०७४६

वादी **हिमालयन बैंक लिमिटेड** प्रतिवादी तपाईं तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।११।११ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०५।११ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।

**तपसिल**
नेपाल सरकार कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. २०२९७८/०७५/०७६, अन्तर्गत मिति २०७५/०८/०७ मा दर्ता भएको बागमती प्रदेश, चितवन जिल्ला, राप्ती नगरपालिका वडा नं. ९ स्थित **मेरो पोल्ट्रि एण्ड ब्रिडिङ्ग प्रा.लि**.........१

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका प्रतिवादीका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

प्रकाशित मिति : २०८३।०५।२६ | मुद्दा फाँट-२, मुद्दा नं. ०८२-DR-०५७६

वादी **ग्लोबल आईएमई बैंक लिमिटेड** प्रतिवादी तपाईं तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०९।२१ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८३।०५।२२ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।

**तपसिल**
कम्पनी रजिस्ट्रारको कार्यालयको दर्ता नं. १८७९४६/७४/०७५ मिति २०७५/०१/०६ मा बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २९ नयाँवस्ती रजिस्टर्ड ठेगाना भई दर्ता भएको संस्थागत जमानी कर्ता **हामी सबैको यातायात प्रा.लि.** (सम्पर्क नं. ९८५१०३१५२६).......................................................१

# पुल नभएपछि जोखिम मोलेरै यात्रा

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, भदौ २५ गते*

रुकुमपश्चिमको त्रिवेणी गाउँपालिका-३ र ४ जोड्ने कुल्सिवाङ जिउलास्थित खारेखोलामा पुल नहुँदा स्थानीय जोखिम मोलेरै यात्रा गर्न बाध्य भएका छन्। उक्त खोलामा पुल नहुँदा त्यस ठाउँका स्थानीय बर्सौंदेखि जोखिम मोलेर खोला वारपार गर्ने गरेका छन्। हरेक बर्खायाममा त्यस क्षेत्रका स्थानीयले खोला तर्न ठुलो जोखिम मोल्ने गरेको स्थानीय कर्णबहादुर खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार बर्खामा खोला बढेर स्थानीयलाई आउजाउमा समस्या हुने गरेको छ। स्थानीयका अनुसार उक्त खोलामा झोलुङ्गे पुल निर्माणका लागि २०८० सालमा गाउँपालिका र वडाको टोली आएर नापजाँच भएको थियो। खड्काले भन्नुभयो, "पुल बन्ने भयो भनेर हामी खुसी थियौँ, प्राविधिकसहितको टोली आएर नापजाँच पनि गरेको हो, पुलका लागि प्रदेश र सङ्घमा पहल गर्ने आश्वासन पनि आएको थियो तर अहिलेसम्म पुल निर्माणको योजना कहाँ गयो हामीलाई थाहा छैन।" यस विषयमा पटक पटक आवाज उठाउँदा पनि सम्बन्धित निकायबाट सुनुवाइ हुन नसकेको अर्का स्थानीय दीपक ओलीले गुनासो गर्नुभयो।

## कपुरकोट दुर्घटना

# नक्कली चालक खडा गरिएको आरोप

**प्रतीक इच्छुक शर्मा**
*सल्यान, भदौ २५ गते*

पाँच जनाको ज्यान गएको कपुरकोट सवारी दुर्घटनामा वास्तविक चालकलाई जोगाएर अर्कै व्यक्तिलाई चालकका रूपमा प्रस्तुत गरिएको आरोपमा तत्कालीन प्रहरी अधिकारीसहित सम्बन्धित व्यक्तिको भूमिकामाथि छानबिन सुरु भएको छ। २०८२ साल असोज १२ गते कपुरकोट गाउँपालिका-३, चोरखोलास्थित राप्ती राजमार्गमा लु २ ख ६५०२ नम्बरको फोर्स गाडी दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको थियो। तीन जनाको घटनास्थलमै र दुई जनाको उपचारका क्रममा मृत्यु भएको थियो। दुर्घटनामा दुई जना गम्भीर घाइते भएका थिए।

दुर्घटनाको अनुसन्धानका क्रममा वास्तविक चालकलाई जोगाएर कर्णबहादुर खड्कालाई चालकका रूपमा प्रस्तुत गरी मुद्दा चलाइएको आरोप सार्वजनिक भएपछि कर्णाली प्रदेश प्रहरी कार्यालयले छानबिन समिति गठन गरेको हो।

कर्णाली प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) जयराज सापकोटाका अनुसार जिल्ला प्रहरी कार्यालय सल्यानका तत्कालीन प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) डा. हेमबहादुर केसी, इलाका प्रहरी कार्यालय लुहामका तत्कालीन प्रमुख प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङ, सवारीधनी वसन्त केसी, दुर्घटनाका वास्तविक चालक भनिएका देबहादुर विक तथा यातायात व्यवसायी न्युटन श्रेष्ठको भूमिकामाथि अनुसन्धान भइरहेको छ।

उहाँले उजुरी परेपछि विशेष सुरक्षा गण नेपालगन्जका प्रहरी उपरीक्षक रुगमबहादुर कुँवरको नेतृत्वमा छानबिन समिति गठन गरिएको बताउनुभयो। डिआइजी सापकोटाले भन्नुभयो, "नक्कली चालकलाई आठ लाख रुपियाँ दिने सहमति भएको रहेछ तर अहिलेसम्म आधा मात्र पैसा दिएको बुझिएको छ।" उहाँका अनुसार दुर्घटनापछि सुरुमा वास्तविक चालक पक्राउ परे पनि र पछि अर्कै व्यक्तिलाई चालकका रूपमा खडा गरिएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।

सल्यान कारागारमा रहेका कर्णबहादुर खड्काले आफू दुर्घटनाको वास्तविक चालक नभए पनि चार लाख रुपियाँ दिने र केही दिनमै जेलबाट निकालिदिने आश्वासन पाएपछि चालक बन्न तयार भएको बताउनुभएको छ। कपुरकोट गाउँपालिका-३, डाँडागाउँ घर भई रुकुमपश्चिमको सदरमुकाम खलङ्गामा बस्दै आएका खड्काले भन्नुभयो, "हाम्रो लाइसेन्स छैन। तपाईंसँग लाइसेन्स छ। तपाईंले यो काम गरिदिनुभयो भने चार लाख रुपियाँ आउँछ भनियो। श्रीमती सुत्केरी हुने समय भएकाले मलाई पनि पैसाको खाँचो थियो। २०/२२ दिनमा निकालिहाल्छौँ भनेका थिए। जेल बस्दा दैनिक पाँच हजार पनि दिने भनेका थिए। त्यसैले म राजी भएँ।"

खड्काले आफूलाई चार लाख रुपियाँ नगद दिइएको र बयानका क्रममा के बोल्ने भन्ने विषयमा समेत सिकाइएको दाबी गर्नुभएको छ तर उनीहरूले भने जस्तै छोटो समयमै छुट्न नसकेको उहाँले बताउनुभयो। उहाँलाई जिल्ला अदालत सल्यानले २०८२ माघ ७ गते आफूलाई तीन वर्ष कैद र ३० हजार रुपियाँ जरिबाना हुने फैसला गरेको छ।

घटनाको अनुसन्धानमा तत्कालीन डिएसपी डा. केसी र प्रहरी निरीक्षक गुरुङको भूमिकामाथि समेत छानबिन भइरहेको छ। तत्कालीन डिएसपी केसीसँग प्रतिक्रिया लिन सम्पर्क गर्दा उहाँले यस विषयमा आफू केही नबोल्ने बताउनुभयो। तत्कालीन प्रहरी निरीक्षक गुरुङले भने आफूले गरेको अनुसन्धान सही रहेको दाबी गर्नुभएको छ। उहाँले अहिले आफू छानबिनको दायरामा रहेकाले थप प्रतिक्रिया दिन नमिल्ने बताउनुभयो।

डिआइजी सापकोटाका अनुसार यातायात व्यवसायी न्युटन श्रेष्ठको भूमिकामाथि पनि अनुसन्धान भइरहेको छ। उहाँका अनुसार श्रेष्ठको खातामा नौ लाख रुपियाँ आएको देखिएको छ। श्रेष्ठले आफूले घटनाको समाधानमा सहयोगीको भूमिका मात्र निर्वाह गरेको बताउनुभएको छ।

गृह मन्त्रालयको निर्देशन अनुसार कर्णाली प्रदेश प्रहरी कार्यालयले विशेष सुरक्षा गण नेपालगन्जका प्रहरी उपरीक्षक रुगमबहादुर कुँवरको नेतृत्वमा छानबिन समिति गठन गरेको हो।

समितिमा प्रहरी निरीक्षक बजिरसिंह विष्ट, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतका प्रहरी निरीक्षक रेवन्त सेनलगायत सदस्य रहेको प्रहरीले जनाएको छ। समितिले कारागारमा रहेका खड्काको समेत बयान लिएको छ। तत्कालीन प्रहरी अधिकारी, सवारीधनी, चालक तथा अन्य सम्बन्धित व्यक्तिसँग बयान लिनुका साथै उपलब्ध प्रमाण र कागजात अध्ययन भइरहेको प्रहरीले जनाएको छ। समितिलाई १५ दिनभित्र प्रतिवेदन बुझाउने समय दिइएको डिआइजी सापकोटाले बताउनुभयो।

**ईश्वरपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८३।०५।२६**

यस नगरपालिकाबाट मिति २०८३/०४/१४ मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरू मध्ये मूल्यांकन समितिको निर्णयानुसार देहायका बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | काम | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क. समेत) |
|---|---|---|---|
| NCB/ GOODS/ 01/083/084 | Supply and Delivery of Backhoe Loader | श्री धनलक्ष्मी इन्टरप्राईजेज एण्ड सप्लायर्स, लहान | ने.रु. ६५,३७,०५०।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# उस्तै छ राप्ती राजमार्गको दुरवस्था

**शारदा समाचारदाता**
*शारदा (सल्यान), भदौ २५ गते*

हिउँदयाममा धुलो, वर्षामा हिलो, पहिरोले सडक थुन्ने, यात्रु घन्टौँसम्म बिचबाटोमै अलपत्र पर्ने र पहिरो पन्छाएर बल्ल बल्ल यातायात सञ्चालन गर्ने राप्ती राजमार्गको पुरानै समस्या यस वर्ष पनि दोहोरिएको छ। सोमबार रातिदेखि अवरुद्ध सल्यान-दाङ सडकखण्ड मङ्गलबार बिहान खुले पनि राजमार्गको दीर्घकालीन समस्या भने अझै उस्तै छ। खारखोलाको पहिरोमा परेर घाइते हुनुभएका सल्यान त्रिवेणी गाउँपालिका-३, लोटाउने निवासी झक्कु पुनका १७ वर्षीय छोरा भलिबल खेलाडी मदन पुनको उपचारका क्रममा मृत्यु भएको छ। साथै १८ वर्षीय सुनील थापा घाइते हुनुहुन्छ। यस राजमार्गको चोरखोला, खारखोला, राम्री, रारेचौरलगायतका क्षेत्रमा पहिरो खस्ने र घन्टौँसम्म सडक बन्द हुने समस्या बर्सौंदेखि दोहोरिँदै आएको छ। खारखोला क्षेत्र नयाँ कटिङ भएकाले जोखिमयुक्त छ भने चोरखोला, राम्री, हरनेटी क्षेत्र पनि भौगोलिक अवस्थालगायतका कारणले खतरायुक्त छन्।

**Kathmandu Metropolitan City**
**येँ महानगरपालिका**
**Office of the Municipal Executive**
**Kathmandu Plaza, Kamaladi, Kathmandu**

**Notice for Opening of Financial Proposal**

**Date of Publication: 2083-05-26**
**नेपाल सम्वत: 1146 गुंलागा आमै**

This is to notify all the qualified bidder for the opening of financial proposal as per schedule mentioned below:

| IFB No. | Description of work | Financial Proposal Opening Date and Time | Qualified Bidders |
|---|---|---|---|
| **20-30-082-083-NCBW- PWD-KMC-Re** | **Construction of overhead Bridge Connecting Two Buildings at Bir Hospital, KMC-27** | 2083-06-05 14:00 hours 2026-09-21 | 1. Super Saugat/ PC/Drabya JV |

**Procurement Unit**

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**सिन्धुली अस्पताल, सिन्धुली**

**बोलपत्र आह्वानको गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३।०५।२६**

यस सिन्धुली अस्पतालद्धारा आ.व.२०८३।०८४ का तपशिलमा उल्लेखित बमोजिमको बोलपत्र आह्वान भएकोले इच्छुक फर्म वा आपूर्तीकर्ताबाट प्यान वा भ्याट दर्ता प्रमाणपत्र, आ.व.२०८२।०८३ को करचुक्ता प्रमाणपत्र, लगायतका कागजातहरू संलग्न राखि तोकिएको अवधिभित्र निम्न शर्तहररुको अधिनमा रहने गरी रितपूर्वक बोलपत्र प्रस्ताव पेश गर्न यो सूचना आह्वान गरिन्छ।

१. तोकिएको धरौटी रकम रा.वा.बैंक, सिन्धुलीमा रहेको, प्रदेश को.ले.नि.का., सिन्धुलीको धरौटी हिसाब नं. १०६०१००२०२०३०००० र कार्यालय कोड नं. ३७००१२५०१३ मा दाखिला गरिएको दोश्रो प्रति सक्कल बैंक भौचर वा ७५ दिन म्याद भएको (क) श्रेणीको मान्यता प्राप्त बैंकको विडवण्ड बोलपत्र साथ पेश गर्नुपर्नेछ।
२. बोलपत्र खरिद दस्तुर वापतको रकम यस कार्यालयको कोड नं. ३७००१२५०१३ कायम गरी राजश्व शिर्षक नम्बर १४२२९, राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको भौचर संलग्न राख्नु पर्नेछ।
३. बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम मिति सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट अन्तिम मिति मानिनेछ।
४. बोलपत्र यस अस्पतालको लेखा शाखाबाट हार्डकपि खरिद गर्न सकिनेछ।
५. अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।
६. विस्तृत जानकारीको लागि अस्पताल प्रशासन शाखामा ९८५४०४२५७५ मा सम्पर्क राख्नुहोला।

| सि. नं. | ठेक्का सूचना नं. | कार्य विवरण | लागत अनुमान (मू.अ.कर सहित) | जमानत/ धरौटी रकम | बोलपत्र दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | NCB-SH-01-083/084 | Supply and delivery of Hemodialysis Items for NIPRO (model SURDIAL 55 plus) | ९४,६०,६३५।- | २,४०,०००।- | ३,०००।- | (मिति २०८३।०६।१५ गते ५:०० बजेसम्म कार्यालय समय भित्र) | (मिति २०८३।०६।१६ गते १२:०० बजेसम्म कार्यालय समय भित्र) | मिति २०८३।०६।१६ गते २:०० बजे |
| २ | NCB-SH-02-083/084 | Supply and Delivery of X-Ray Film (Konika & Carestream) | ५५,९१,८३३।३३ | १४५,०००।- | ३,०००।- | | | |
| ३ | NCB-SH-03-083/084 | Supply and Delivery of Lab Chemicals | ३,८३,५५,३०७।- | ९५९०००।- | ५,०००।- | | | |
| ४ | NCB-SH-04-083/084 | Supply and Delivery of Surgical Items | २३९६३४७७।- | ६०००००।- | ५,०००।- | | | |
| ५ | NCB-SH-05-083/084 | Supply and Delivery of Bima Medicines | ४२७८३२७३।- | १०७०००० ।- | ५,०००।- | | | |

नोटः ठेक्का सूचना नम्बर १ देखि ३ सम्मको मूल्यांकन प्याकेज अनुसार र ४ देखि ५ सम्मको मूल्यांकन आईटक वाईज हुनेछ।

**परोहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लौकाहा, रौतहट**
**मधेश प्रदेश , नेपाल**

**प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- २०८३/०५/२६)**

**यस परोहा नगरपालिकाको कार्यालयबाट मिति २०८३/०२/१२ गते प्रकाशित ठेक्का नं.PAROHA/ RAUT/EOI/W/ NCB/-09/082/083 Construction of Paroha Birthing Center Paroha Municipality-4, Rautahat को निर्माण कार्यका लागी E-Bidding सम्बन्धी प्रकाशित सूचना अनुसार तोकिएको मिति भित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन समितिबाट विस्तृत मूल्याङ्कन हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सार्वभूत रुपमा प्रभावग्राही भएको हुँदा मिति २०८३/०६/०२ गते शुक्रवार दिनको १२:०० बजे नगर कार्यपालिकाको कार्यालय, लौकाहा, रौतहटमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ज. को उपनियम ५ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | **PAROHA/RAUT/ EOI/W/NCB/- 09/082/083** | **Construction of Paroha Birthing Center Paroha Municipality-4, Rautahat** | **Chandi Devi Nirman Sewa Trishuli Nuwakot** | सम्बन्धित सबैको जानकारीका लागी |

**प्रमुख प्रशासकीय अधिकृत**

# बाढीले खोस्यो दसैँ मनाउने सपना

- रोजगारीका लागि रसुवा पुगेको छोराले दसैँ रमाइलोसँग मनाउने कुरा भनेको थियो तर अहिले परिवार डिएनए नमुनाको पर्खाइमा
- बर्दियाका सम्पर्कविहीन ७६ जनामध्ये ६१ जनाका आफन्तले डिएनए दिइसकेका

**लक्ष्मण पौडेल/भैरहवा**
**ज्योति पन्थी/बर्दिया**
*भैरहवा, भदौ २५ गते*

"ममी, म दसैँमा आउँछु होला।" रसुवा जानुअघि बुटवलको तामनगरस्थित घरबाट टाढा पुगेका २५ वर्षीय अनुज पुनले आमासँग फोनमा गरेको अन्तिम कुराकानी यही थियो।

दसैँमा घर फर्केर विदेश जाने तयारी गर्ने योजनामा रहेका अनुज अहिले दसैँमा घर फर्कने होइन, सम्पर्कविहीनको सूचीमा रहेका छन्।

रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते आएको हिमबाढीपछि अनुज सम्पर्कविहीन हुनुहुन्छ। बाढी आएको दुई साता पुग्दासमेत उहाँको अवस्था थाहा हुन नसकेपछि परिवारले जीवितै भेटिने आशा गर्दै खोजीका लागि सरकारसँग आग्रह गरिरहेको छ। बुवा टेकबहादुर पुनले लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पुगेर सम्भावित शव पहिचानका लागि गत सोमबार डिएनए परीक्षणको नमुना दिनुभएको छ।

बाढीपछि अनुजको खोजीमा बुवा टेकबहादुरसहित दुई जना धादिङको गल्छीदेखि रसुवाको स्याफ्रुबेँसीसम्म पुग्नुभयो। विभिन्न ठाउँमा खोजी गरे पनि अनुजको अवस्था पत्ता नलागेपछि उहाँले डिएनए परीक्षणको नमुना दिनुभएको हो। बुटवल उपमहानगरपालिका–१२, तामनगरमा रहेको एकतले घरको पिँढीमा बुवा टेकबहादुर र आमा मञ्जु छोराको खबर पर्खेर बसिरहनुभएको छ। घरमा आउनेजाने आफन्त, छिमेकीको मुख्य चासो पनि अनुजको अवस्थाबारे नै हुने गरेको छ। बुवा टेकबहादुर भन्नुहुन्छ, "छोरा अझै जीवितै होला भन्ने आशा छ। सरकारले खोजी र उद्धारमा थप पहल गरिदिए हुन्थ्यो।"

अनुज चार महिनाअघि रोजगारीका लागि रसुवा पुग्नुभएको थियो। चिलिमे जलविद्युत् आयोजनामा काम सकेर त्रिशूली थ्री 'बी' आयोजनामा जोडिनुभएको उहाँले त्यहाँ काम थालेको करिब १५ दिन मात्रै भएको थियो।

गाउँकै असिम सुवेदीले रसुवाका जलविद्युत् आयोजनामा काम गर्दा राम्रो आम्दानी हुने र अतिरिक्त समय काम गर्न पाइने बताएपछि अनुज रसुवा जानुभएको परिवारले बताएको छ। बुटवलका विभिन्न ग्रिल उद्योगमा वेल्डिङ गर्दै आएका उहाँले कोरिया नेपाल बहुप्राविधिक शिक्षालयमा तीनमहिने तालिम लिएर वेल्डिङसम्बन्धी सिप हासिल गर्नुभएको थियो।

टेकबहादुरले भन्नुभयो, "गत चैतमा गएपछि एक पटक घरमा पैसा पनि पठाएको थियो। दसैँमा घर आएर विदेश जाने केही प्रक्रिया गरौँला भन्थ्यो। अब छोरा कहिले आउला र खै ?"

दैनिक ज्यालामजदुरीबाट परिवार चलाउँदै आएको पुन परिवारका लागि अनुज पछिल्लो समय आम्दानीको महत्त्वपूर्ण आधार बन्दै जानुभएको थियो। खोजीको पीडासँगै पुन परिवारले सरकारी विवरणमा भएको त्रुटिले पनि दुःख थपिएको जनाएको छ। विपत् व्यवस्थापनसम्बन्धी सार्वजनिक विवरणमा अनुजको ठेगाना बुटवल उल्लेख भए पनि नाम 'अनुप पुन' र उमेरसमेत गलत उल्लेख भएको परिवारको भनाइ छ। आफ्नो छोराको विवरण सच्याइदिन पनि उहाँले माग राख्नुभयो।

अनुजसँगै काम गर्ने छिमेकी अंश गिरी पनि बाढीपछि सम्पर्कविहीन हुनुहुन्छ। अनुज र अंश मिल्ने साथीसमेत हुनुहुन्थ्यो। एउटै ठाउँमा काम गर्ने दुई युवाको अवस्था अज्ञात भएपछि तामनगरका बासिन्दा पनि चिन्तित छन्।

यसै गरी भोटेकोशी नदीमा आएको बाढीमा परी सम्पर्कविहीन भएका बर्दियाका ७६ जनाका आफन्त डिएनए परीक्षणको प्रतिवेदन कुरेर बसेका छन्। बर्दियाका गुलरिया, बारबर्दिया र राजापुर नगरपालिका तथा गेरुवा र बाँसगढी गाउँपालिकाबाट रोजगारीका लागि रसुवाका विभिन्न जलविद्युत् आयोजनामा पुगेका उनीहरू बाढी आएको दुई साता बितिसक्दा पनि परिवारको सम्पर्कमा आउन सकेका छैनन्। बाढीमा भेटिएका शवको पहिचान गर्न प्रहरीले सम्पर्कविहीन व्यक्तिका आफन्तको डिएनए नमुना सङ्कलन गरेको हो। जिल्ला प्रहरी कार्यालय बर्दियाले शव र सम्पर्कविहीनका आफन्तको डिएनए परीक्षण गरी मिलान गरेपछि शवको पहिचान गर्न सकिने भएकाले आफन्तबाट नमुना सङ्कलन गरिएको जनाएको छ। कार्यालयका अनुसार सम्पर्कविहीन ७६ जनाका आफन्तमध्ये बर्दियामा ५५ जना, नेपाल प्रहरी अस्पतालमा एक जना, रसुवामा एक जना, चितवनमा एक जना र बाँकेमा तीन जनाले डिएनए परीक्षणका लागि नमुना दिएका छन्। बाँकी आफन्तबाट पनि आवश्यक प्रक्रिया पूरा गरी नमुना सङ्कलन भइरहेको जनाइएको छ।

बाँसगढी नगरपालिका–४, नेवादाका रणबहादुर मगरका छोरा पनि भदौ १० गतेको बाढीपछि सम्पर्कविहीन हुनुहुन्छ। छोराको अवस्था अझै थाहा नभएपछि मगरले जिल्ला प्रहरी कार्यालय पुगेर डिएनए परीक्षणका लागि नमुना दिनुभएको छ। त्यसै गरी गेरुवा गाउँपालिका–५, सुगियाटोलकी भागीरथी थारूले पनि बाढीपछि छोरा सम्पर्कविहीन भएकाले डिएनए परीक्षणका लागि नमुना दिनुभएको छ। जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले भन्नुभयो, "सम्पर्कविहीनका आफन्तको डिएनए नमुना सङ्कलन गरेर पठाइएको छ। मृत्यु भएकाहरूको शवसँग डिएनए मिलान गरेर पहिचान गर्नुपर्ने भएकाले रिपोर्ट आउन केही समय लाग्न सक्छ।"

## छ वर्षमा पनि बनेनन् अस्पताल


मालिका गाउँपालिकाको निर्माणाधीन अस्पताल।

**तिलाचन पाण्डे**
*तम्घास (गुल्मी), भदौ २५ गते*

गुल्मीका स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने योजना अघि बढेको करिब छ वर्ष पुग्न लाग्दा पनि अधिकांश अस्पताल अझै निर्माणाधीन छन्। कतिपयको काम अन्तिम चरणमा पुगे पनि केही अस्पतालको निर्माण सुरु हुन सकेको छैन। यसले स्थानीयस्तरमै आधारभूत स्वास्थ्यसेवा विस्तार गर्ने सरकारको योजना कार्यान्वयनमा ढिलाइ भएको देखाएको छ।

२०७७ मङ्सिर १५ गते तत्कालीन सरकारले देशभरका ३९६ स्थानीय तहमा एकै दिन अस्पताल शिलान्यास गरेको थियो। गुल्मीमा पनि तत्कालीन मन्त्री, पूर्वमन्त्री, प्रदेशमन्त्री तथा प्रदेश सभा सदस्यहरू गाउँ गाउँ पुगेर १५ शय्याका अस्पताल शिलान्यास गरेका थिए। तर शिलान्यास भएको लामो समयसम्म पनि अस्पताल निर्माणले अपेक्षित गति लिन सकेन। जग्गा मापदण्ड अनुसार नहुनु, नयाँ स्थानमा जग्गा व्यवस्थापन, डिजाइन परिवर्तन, भवन निर्माण हुने स्थानमा पहिरो खस्नु र सङ्घीय सरकारको अनुमति तथा ठेक्का प्रक्रिया जस्ता कारणले निर्माणमा ढिलाइ भएको स्थानीय तहले जनाएका छन्।

छत्रकोट गाउँपालिका–४, सृङ्गामा शिलान्यास गरिएको १५ शय्याको अस्पतालको निर्माण अझै सुरु हुन सकेको छैन। शिलान्यास गरिएको जग्गा भवन निर्माणका लागि उपयुक्त नभएपछि करिब तीन सय मिटर पर नयाँ जग्गा व्यवस्थापन गरिएको छ। सङ्घीय सरकारको अनुमति र पछिल्लो समय बोलपत्रसम्बन्धी काम रोक्न आएको परिपत्रका कारण प्रक्रिया काम अघि बढ्न नसकेको गाउँपालिकाका सूचना अधिकारी हरि टन्डनले बताउनुभयो। अस्पताल निर्माण हुने निश्चित नभएपछि सृङ्गामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई गत महिना पाँच शय्याको अस्पतालका रूपमा सञ्चालनमा ल्याइएको छ।

निर्माण सुरु भएका अस्पतालको अवस्था पनि समान छैन। मालिका, इस्मा र धुर्कोटका अस्पतालको भौतिक प्रगति करिब ४५ प्रतिशत पुगेको छ। धुर्कोटमा पहिरोका कारण निर्माण रोकिएपछि भवनको नक्सा परिवर्तन गरेर गत वर्षदेखि पुनः काम सुरु गरिएको हो। रुरुक्षेत्रको अस्पतालको भौतिक प्रगति करिब ९० प्रतिशत पुगेको छ भने मुसीकोटको ९५ प्रतिशत र सत्यवतीको ८५ प्रतिशत काम सम्पन्न भएको छ। कालीगण्डकीमा करिब ७० प्रतिशत र मदानेमा ६४ प्रतिशत भौतिक प्रगति भएको सम्बन्धित पालिकाले जनाएका छन्। गुल्मी दरबार गाउँपालिका–३, झाँक्रीडाँडा र चन्द्रकोट गाउँपालिका–४, शान्तिपुरका अस्पताल भने निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन्।

निर्माण भइरहेका अस्पतालका लागि १० करोडदेखि १४ करोड रुपियाँभन्दा बढी लागतका ठेक्का भएका छन्। ठुलो लगानीमा निर्माण थालिएका संरचना लामो समयसम्म अधुरै रहँदा स्थानीय बासिन्दाले भने गाउँमै विशेषज्ञसहितको स्वास्थ्यसेवा पाउने अपेक्षा अझै पूरा हुन नसकेको बताएका छन्। एकै दिन गरिएको शिलान्यासले गाउँ गाउँमा स्वास्थ्यसेवाको पहुँच विस्तार हुने आशा जगाएको थियो तर छ वर्ष पुग्न लाग्दा पनि कतिपय ठाउँमा अस्पतालको भवनसमेत तयार नहुनुले नागरिकमा निराशा छाएको छ।

## दानको रकम बाढीपीडितलाई

**बुटवल समाचारदाता**
*बुटवल, भदौ २५ गते*

भक्तजनले दिएको दानबाट सञ्चालन हुँदै आएको बुटवलको नवदुर्गा मन्दिरले बाढी प्रभावितलाई सहयोग गरेको छ। मन्दिरका संरक्षक कुलबहादुर केसीले नवदुर्गा मन्दिरले एक लाख ७० हजार रुपियाँ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरेको बताउनुभयो। यो मन्दिर भक्तजनले दिने दान र चन्दा तथा मन्दिरमा उठ्ने भेटीबाट सञ्चालन हुँदै आएको छ। यसै गरी कालाग्नी शक्तिपीठ सैनामैनाले समेत भोटेकोशी बाढीपीडितलाई खाद्यान्न सहयोग गरेको छ।

## काफ्लेको पद गुम्यो

**बुटवल समाचारदाता**
*बुटवल, भदौ २५ गते*

लुम्बिनी प्रदेश सभाका सदस्य अम्बिका काफ्लेको पद गुमेको छ। लुम्बिनी प्रदेश सभा सचिवालयले एक सूचना प्रकाशित गर्दै जनता समाजवादी पार्टी नेपालबाट निर्वाचित प्रदेश सभा सदस्य अम्बिका काफ्लेको दल त्यागसम्बन्धी सूचना प्रकाशन गरेपछि काफ्लेको प्रदेश सभा सदस्य पद गुमेको हो। प्रदेश सभा सचिवालयको सूचनामा सभासद् काफ्लेको पद नरहेको र ८३ सदस्य कायम रहेको प्रदेश सभा अब ८२ सदस्यीय भएको उल्लेख छ।


**श्री भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा भ.पु.जि., भ.न.पा. वडा नं. १४ हाल परिवर्तित वडा नं. ४ बस्ने किस माया त्वीजुले मेरो बुबा बुलाल कबुको नाममा २०२१ सालको सर्भे नापीका बखत नापनक्सा भई मोहीयानी हक कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गा ज.ध. ले रैकर परिणत नगरेको "ख" श्रेणीको कित्ता जग्गा साबिकदेखि हालसम्म जोत कमोद गरी कमाइ आएकोमा साबिक मोही बुलाल कबुको २०२९ सालमा परलोक भई निजको एक मात्र श्रीमती आमा नकली कबुले र. नं. ४६०० मिति २०५७।०३।०१ मा शे.ब. पारित गरी दिई आमाको पनि मिति २०६९।१०।२४ गते मृत्यु भई निजको हकखाने म निवेदिका किस माया त्वीजु भएकोमा सो जग्गा मैले नै जोत कमोत गरी कमाइ खाई आएको हुँदा बिर्ता उन्मूलन ऐन, २०१६ बिर्ता उन्मूलन नियमावली, २०१७ तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प दर्ता ना.सा गरिपाऊँ भनी माग निवेदन गरेकोमा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको १ नं. मोही लगत र २ नं. अनुसूचीमा बुलाल कबु, ज.ध. रत्न लाल श्रेष्ठ भ.पु. बोलाछे भुमिसुधार फाँट, भक्तपुरबाट भिडी आएका फिल्डबुकमा देखिएका ज.ध. लाई म्याद जारी हुँदा खोजतलास गर्दा फेला नपरेको भनी सम्बन्धित वडा कार्यालयबाट टाँस भई आएको देखिँदा यस निवेदिका बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम रैप दर्ता ना.सा हुन नपर्ने कुनै मनासिब कारण भए अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी सार्वजनिक सामुदायिक ऐलानी पर्ती, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए साथै उल्लिखित जग्गा सम्बन्धमा कुनै अड्डा अदालतमा मुद्दा मामिला भएमा कुनै पूर्व मिसिल भई कुनै दाबी विरोध परेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाण सहित हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोराको यसै सूचनाद्वारा सूचित गरिन्छ। **तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुकको व्यहोरा | |
|---|---|---|---|---|---|---|
| | | | | | मोही | किसानको व्यहोरा |
| भक्तपुर | कटुन्जे | ८(क) | २१७ | ०–२–२–० | बुलाल कबु भ.पु. तेखाचो | भ.पु बोलाछे बस्ने रत्न लाल श्रेष्ठलाई ३० पाथी चामल तिर्ने। |
| ऐ | ऐ | ऐ | २३१ | ०–२–१–० | बुलाल कबु भ.पु. तेखाचो | नं २१७ को सदर। |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
**बलरा बहुप्राविधिक शिक्षालय**
बलरा न.पा.–४, सर्लाही, मधेश प्रदेश
स्था.– २०७७

**सुरक्षाकर्मी सेवा आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

SQ. N. :- CTEVT/BPI/SQ/083/084-SECURITY
( प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०५/२६ )

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आंगिक शिक्षालयको रूपमा संचालित बलरा बहुप्राविधिक शिक्षालयमा सुरक्षा सेवा आपूर्ति गर्ने कार्य ठेक्कामा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था / कम्पनि / फर्म बाट निम्न शर्तहरूको अधिनमा रही रीतपुर्वकको सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ। यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन २०८३/०६/०१ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ। दर्ता भएको सिलबन्दी दरभाउपत्रहरू सोहि दिन दिनको २:०० बजे यस शिक्षालयमा खोलिने छ | सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ पत्र खोलिने छ। सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने, सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा सो को भोलि पल्ट शिक्षालय खुलेको दिन उपरोक्त तोकिएको समयमा उक्त कार्य सम्पन्न हुनेछ। सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने,नगर्ने सम्पूर्ण अधिकार यस शिक्षालय मा सुरक्षित रहने छ।

**विस्तृत सूचना यस शिक्षालयको** *website www.bpictevt.edu.np*. **वाट प्राप्त गर्न सकिने छ।**

**सम्पर्क नं.- ९८५४०४४०२१ & ९८५४०४४०२०** — **शिक्षालय प्रमुख**

**ललितपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पुल्चोक ललितपुर, बागमती प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६**

यस कार्यालयबाट मिति २०८२/१०/१९ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको खरिद कार्यको लागि सारभुतरूपमा प्रभावग्राहि बोलपत्रहरूको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम मिति २०८३/०६/०२ गते दिउँसो १:०० बजे ललितपुर महानगरपालिकाको कार्यालयमा खोलिने भएको हुँदा सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | IFB Number | Description | Technically Qualified Bidders |
|---|---|---|---|
| 1. | LMC-NCB-GOODS-2082/83-06 | Supply and Delivery of Firefighting Vehicle with Accessories at Lalitpur Metropolitan City (LMC) | M/S National Fire Safe Pvt. Ltd, *Bhaktapur, Nepal* |
| | | | M/S Worldwide Trading Co. Pvt. Ltd., *Kathmandu, Nepal* |

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा भ.पु.जि. भ.न.पा. वडा नं. १३ को परिवर्तित वडा नं. ३ बस्ने राम शरण साखकर्मीको नाममा नापीकै समयमा ११ नं. मौजे गुण्डु न.नं. ९८१ को रोपनी ॥ऽ॥। बाट भिडी दर्ता भई क्षेत्रीय किताब प्रमाणित भई ज.ध. स्रेस्ता कायम हुन बाँकी भई स्रेस्ता अद्यावधिक दर्ता प्रमाणितसम्म हुन बाँकी रहेको तपसिलमा उल्लेख भएका कित्ता जग्गाको फिल्डबुक उतार तथा अन्य कागजातमा राम शरण साखकर्मी भएको नागरिकता प्रमाण पत्रमा राम शरण साख भएकोले सो नाम, थर भएका व्यक्ति अलग अलग नभई एकै व्यक्ति भएको भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा सो नाम, थर समेत संशोधन गरी उक्त कित्ता जग्गाको तपसिलमै उल्लेख गरे बमोजिम साविक लगत भिडाई स्रेस्ता अद्यावधिक गरी छुट जग्गा दर्ता गरी ज.ध.प्र.पु. पाऊँ भनी माग निवेदन पेश भएको हुँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए सरकारी, सार्वजनिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| गुण्डु | ४ | ८५० | १–६–०–० | राम भक्त देववन्जार भ.पु.दोका थली | राम शरणको हकमा सही गर्ने दाई आद्या भक्त साखकर्मी भ.पु. बोलाछें | साविक ११ नं मौजे गुण्डु न.नं. ९८१ को रोपनी ॥S॥। भिडी दर्ता मिति २०२३।४।२।१ मा | यो जग्गा भ.पु.ई. बोलाछें बस्ने ज्ञान लाल साखकर्मीको हो मैले जोती खाएको मिति २०२३।४।२।१ मा मोहीले भाई राम शरणको नाउँ नजानी बाजे ज्ञान लालको नाउँ लेखाएको हो भनी सही गर्ने आद्या भक्त | यसमा राम भक्तको निवेदनमा श्री भू.सु.अ.का. तो. आ. बमोजिम कित्ता नं.४४७ काटी जग्गा वालको नाउँमा दर्ता हुन आएको। |

**भूमि प्रशासन कार्यालय डिल्लीबजार, काठमाडौँबाट जारी भएको**
**काठमाडौँ जिल्ला, साविक विष्णु बूढानीलकण्ठ गा.वि.स. वडा नं. १ हाल बूढानीलकण्ठ न.पा वडा नं. ३ निवासी कान्छा नेवार/कान्छा नगरकोटी नामको विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम म्याद सरहको उपस्थित हुन आउने बारेको ३० दिने सार्वजनिक सूचना।**

कृष्ण बहादुर खत्रीका नाममा दर्ता रहेको का.जि., विष्णु बूढानीलकण्ठ गा.वि.स. वडा नं. २ कि.नं. ३६४ क्षे.फ ०–२–१–० जग्गाको स्रेस्ता तथा फिल्डबुकमा मोही कान्छा नेवार काई बूढानीलकन्ठ तथा २ नं. अनुसूचीमा मोही कान्छा नगरकोटी गैरीगाउँ भनी उल्लेख भएकोमा निवेदक जग्गाधनी कृष्ण बहादुर खत्रीले उक्त जग्गामा साविकदेखि जग्गाधनीले नै भोगचलन गरी आएकाले मोही निस्कासन तथा लगत कट्टा गरिपाऊँ भनी माग गरेकोमा यस कार्यालयबाट मोहीका नाममा मिति २०८२।३।१७ मा म्याद जारी भएकोमा फेला नपरेको भनी म्याद फिर्ता भई आएकाले उक्त निवेदन उपर कारबाही प्रक्रिया अगाडि बढाउन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र स–प्रमाण उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., छालिङ–२ को हाल परिवर्तित चाँ.न.पा. वडा नं. ५ बस्ने राजेन्द्र पुरी समेत जना ३ ले हामीहरूकी आमा तुलसा देवी पुरीनीको नाममा मोहीयानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा, साविक मोही तुलसा देवी पुरीनीको मिति २०८०।१०।२२ मा, निजको पति हामी निवेदकहरूको पिता लक्ष्मण पुरी मिति २०२८ सालमा मृत्यु भई हक खाने छोराहरू राजेन्द्र पुरी, राज कुमार पुरी, राम वावु पुरी समेत जना ३ भएकोमा, सो जग्गा हामीहरूले नै जोत कमोद गरी कमाई आएको 'ख' श्रेणीको विर्ता जग्गा भएकोले विर्ता उन्मूलन ऐन २०१६, विर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम हाम्रो नाउँमा संयुक्त रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, स्रेस्तामा देखिएका ज.ध. त्रिलोके मोहन समेतलाई म्याद जारी गर्दा निजलाई खोजी गर्दा फेला नपरेकोले सम्बन्धित वडा कार्यालय २४ नं. को सूचना पाटीमा टाँस गरिएको भनी भू.प्र.का. डिल्लीबजार, काठमाडौँबाट म्याद तामेल भई आएको, १ नं. मोही लगत, २ नं अनुसूची पेश गरेको, मोहीको नाम कतै तुलसा देवी पुरीनी, कतै तुल्सा देवी पुरीनी, कतै तुल्सा पुरी भई फरक परेकोमा यी नामथर गरेको व्यक्ति अलग–अलग नभई एकै व्यक्ति भएको भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हकलाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| छालिङ | २ | १११ | २–२–०–० | तुल्सा देवी पुरीनी भ.पु. छालिङ कालीटार | यो जग्गा का.इ. इन्द्रचोक बस्ने त्रैलोके मोहन समेत दुई जनाको हो तिरी बुझाई जोती खाई आएको। |

**पुनश्च** : मोठ/स्रेस्तामा ज.ध. त्रिलोके मोहन समेत दुईको साझा उल्लेख भएको। का.ई. इन्द्रचोक बस्ने त्रिलोक मोहनका नाममा २१ दिने म्याद जारी भएको।

**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिजीफलाटे, ओखलढुङ्गा**
**कोशी प्रदेश, नेपाल**

**कार्यालयमा हाजिर हुन आउने सम्बन्धी जरुरी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०५।२६)**

यस कार्यालय अन्तरगत इन्जिनियरीङ सेवा, सिभिल समूह, असिष्टेन्ट सब इन्जिनियर पद, सहायक चौंथो तहमा कार्यरत कर्मचारी श्री लोक बहादुर सुनुवार (क.सं.नं. २४३१२१) ले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२१ को उपदफा (१) बमोजिम असाधारण विदा स्वीकृत गराई निजी प्रयासमा अध्ययन गर्न जानुभएको र सो असाधारण विदाको थप समायवधी (मिति २०८३।०५।१९ गते सम्म) समाप्त भएकोले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६९ को उपदफा (८) बमोजिम असाधारण विदा सकिएको ३० (तीस) दिनभित्र यस कार्यालयमा हाजिर भईदिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
**राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान**
भैंसेपाटी, ललितपुर

**खानपान (क्याटरिङ) सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्रको सूचना**

**प्रकाशित मितिः २०८३।०५।२६**

यस प्रतिष्ठानले आ.व. २०८३/८४ को इपिएस तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार इपिएस मार्फत कोरिया जाने कामदारहरूको ६ दिने पूर्वप्रस्थान अभिमुखीकरण कार्यक्रममा सहभागी हुनेहरूलाइ खानपान (क्याटरिङ्ग) सेवा सन्चालन गर्ने भएकोले उक्त कार्य गर्न इच्छुक बोलपत्रदाताले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम मिति २०८३।०६।१६ गते दिउँसो १२ बजे भित्र बोलपत्र कागजात (हार्डकपी) सहित प्रतिष्ठानमा उपस्थित भइ पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ । साथै बोलपत्र कागजात सम्बन्धी विस्तृत विवरण प्रतिष्ठानको वेबसाइट *www.navt.gov.np* बाट डाउनलोड गर्न सकिनेछ।

**कार्यकारी निर्देशक**

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि. वागेश्वरी वडा नं. ३ को हाल चाँ.न.पा. वडा नं. ७ बस्ने विश्वनाथ लामिछानेले मेरो पिता वासुदेव लामिछानेका नाममा नाप नक्शा भई साविक लगत मेरा बाजे स्व. धर्मानन्द लामिछानेका नामको ३६ नं. वागेश्वरी मौंजा सि.नं. ७०२ न.नं. १०१२ रो. ३S॥२ मध्येबाट भिडी नापीकै समयमा फिल्डबुकमा उल्लेख भएको तपसिल बमोजिमको कित्ता जग्गा भएकोमा, दर्तावाला पिता वासुदेव लामिछानेको मिति २०६०/०३/२० मा, निजकी पत्नी डल्ली लामिछानेको मिति २०५१/१०/०४ मा मृत्यु भई हक खांने छोराहरू धुर्ब प्रसाद लामीछाने–१, विश्व नाथ लामिछाने–१ समेत जना २ भएकोमा, धुर्ब प्रसाद लामिछानेको मन्जुरीले मेरा नाउँमा एकलौटी दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत, २ नं. अनुसूची, ७ नं. फाँटवारी पेश गरेको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकुल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| वागेश्वरी | ३/क | १२७ | ०–१–०–० | बासुदेव लामिछाने भ.पु. वागेश्वरी | धर्मानन्द लामिछाने हस्ते छोरा वासुदेव लामिछाने भ.पु. वागेश्वरी | यो जग्गा मेरो हो। | कि.नं. १४२ मध्येको बावु धर्मानन्द मरी मैंरै हक भएको अंशवाट। |
| ऐ. | ऐ. | १४७ | ०–८–०–० | ऐ. ऐ. | ऐ. ऐ. | ऐ. ऐ. | ऐ. ऐ. |

**पुनश्चः** ना.सा. मि.नं. २१९/०७४/७५ माधव प्रसाद लामिछानेबाट भिडी गएको भनी साविक लगत फाँटबाट लेखी आएको साथै कि.नं. १२७ बाटो मिति २०७५/०८/२८ भिडेको छ भनी मोठ फाँटबाट लेखी आएको।

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्वन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., छालिङ–५ को हाल परिवर्तित चाँ.न.पा. वडा नं. ५ बस्ने ज्ञानी बस्नेतले मेरो ससुरा भैरब बहादुर बस्नेतका नाममा मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा, साबिक मोही भैरब बहादुरको बस्नेतको मिति २०३९।०६।१५ मा, निजकी पत्नी चरी बस्नेतको २०४१।०५।२७ मा मृत्यु भई हक खाने छोराहरू कृष्ण वहादुर बस्नेत–१, खड्क ध्वज बस्नेत–१, तिर्थ वहादुर बस्नेत–१, भिम वहादुर बस्नेत–१, शेर वहादुर बस्नेत–१, हिरा वहादुर बस्नेत–१, टिका वहादुर बस्नेत–१ समेत जना ७ भएकोमा, सो जग्गा मेरो पति शेर वहादुर बस्नेतको अंशियारहरू आमा, बुबा, दाजुभाइबीच पहिले नै घरायसी अंशबण्डा भई मिति २०२७।०१।१८ गते ससुरा भैरब वहादुर बस्नेतले उक्त कित्ता जग्गा मेरो पति शेर वहादुर बस्नेतलाई मोही हक छोडी दिएको सो जग्गा जोत कमोद गरी कमाई आएको जग्गा भएकोमा, निज शेर बहादुर बस्नेतको मिति २०५९।०९।०४ मा मृत्यु भई हक खाने १ मात्र पत्नी म निवेदिका ज्ञानी बस्नेत भएको, सो जग्गा मैले नै जोत भोग गरी आएको 'ख' श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरो नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, फि.बु.मा देखिएका भ.पु. टेखाचो बस्ने ललित लाल जेन्जुलाई म्याद जारी गर्दा फेला नपरेकोले भ.न.पा. ३ नं. वडा कार्यालयको सूचना पाटीमा टाँस भई आएको, बिर्ता लगत खोजतलास गर्दा हाल फेला नपरेको भनी लेखिआएको, मि.नं. ६१ मा ज्ञानी बस्नेत मिति २०६७।०१।०८ मा भिडेको भनी लेखिआएको, १ नं. लगत रेकर्डबाट फेला नपरेको, २ नं. अनुसूची पेश गरेको देखिँदा यसमा निवेदिका बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| छालिङ | ५/क | ५३० | ०–६–०–० | भैरब वहादुर बस्नेत भ.पु. छालिङ | भ.पु. टेखाचो बस्ने लालीत लाल जेन्जुको नम्बरी हो। |

# बगेको घरको माटो परीक्षण

**सुलीकोट समाचारदाता**
*सुलीकोट (गोरखा), भदौ २५ गते*

गोरखा नगरपालिका–९, लक्ष्मी बजारमा गत साउन १८ गते बगेको घरको कारण पत्ता लगाउन विज्ञ टोलीले स्थलगत अध्ययनसँगै माटो परीक्षण थालेको छ। चारतले पक्की घर नै जमिनसहित बगेपछि घटनाको वास्तविक कारण पहिचान गर्न विज्ञ टोली परिचालन गरिएको हो।

लक्ष्मी बजारको दिवामार्गस्थित मानसिं गुरुङको घर बगेपछि त्यस क्षेत्रमा जमिनको अवस्था र वरपरका संरचनामा परेको प्रभावबारे अध्ययन गर्न इन्जिनियरिङ क्षेत्रका विज्ञ गोरखा आइपुगेको वडाध्यक्ष कुलबहादुर कुँवरले बताउनुभयो। गत शनिबारदेखि बुधबारसम्म बसेर टोलीले घटनास्थलको विस्तृत निरीक्षण गरी परीक्षणका लागि माटोको नमुना सङ्कलन गरेर लगेको छ। इन्जिनियर एसोसिएसनका प्रमुख भैरव धितालले भन्नुभयो, "घर बगाएको ठाउँको माटो लिएर गएका छौँ। माटोको भार क्षमता कति रहेछ भन्ने परीक्षण गर्छौं। रिपोर्ट अबको एक साताभित्र आउँछ। त्यसपछि घटनाको कारण पत्ता लाग्ने छ।" टोलीले घर बगेको स्थान मात्रै नभई त्यसबाट आसपासका घर तथा संरचनामा परेको असरको समेत मूल्याङ्कन गरेको छ। जमिनको प्रकृति, माटोको अवस्था र संरचनागत पक्षलाई आधार बनाएर अध्ययन भइरहेको जनाइएको छ।

विज्ञ टोलीको नेतृत्वमा स्ट्रक्चरल इन्जिनियर प्रभुराम पोखरेलले गर्नुभएको थियो। एसोसिएनतर्फबाट धितालले अध्ययनको समायोजन गर्नुभएको वडाध्यक्ष कुँवरको भनाइ छ। टोलीमा जियोटेक्निकल इन्जिनियर उदय न्यौपाने र सिभिल इन्जिनियर लोकेन्द्र अधिकारीको समेत सहभागिता रहेको थियो। माटो परीक्षणको प्रतिवेदन आएपछि घर बग्नुको प्राविधिक कारण स्पष्ट हुने अपेक्षा गरिएको छ। प्रतिवेदनका आधारमा घटनास्थलको जोखिम र आसपासका संरचनाको सुरक्षाबारे समेत आवश्यक सुझाव दिन सकिने विज्ञको भनाइ छ। गत साउन १८ गते मानसिं गुरुङको जीवनभर कमाएको चारतले पक्की घर बगाएपछि गोरखा नगरपालिका–९ का वडाध्यक्ष कुलबहादुर कुँवरले नगद ५० हजारसहित जिल्लाका विभिन्न सङ्घ संस्था र व्यक्तिले नगद सहयोग गर्ने काम भइरहेको पीडित गुरुङले बताउनुभयो।

# सुरु भयो स्याउ टिप्ने मौसम

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), भदौ २५ गते*

मुस्ताङमा सबै प्रजातिका स्याउ टिप्न सुरु भएको छ। एक साताअगाडिदेखि छिटो पाक्ने उच्च घनत्वको गाला, किङरोड टिप्न सुरु गरेका कृषकले सोमबारदेखि रैथाने प्रजातिमा पर्ने रेड, रोयल, गोल्डेन, रिचा रेड डेलिसियसलगायतका प्रजातिको स्याउ बिक्री गर्न थालेका छन्।

स्याउ पाकेपछि स्थानीय कृषक तथा व्यापारी स्याउ टिप्न व्यस्त देखिन्छन्। बोटमा स्याउ पाकेको र चाडपर्वको मौसम सुरु भएकाले स्याउ बगैँचामा व्यापारीले ठेक्का लगाएर स्याउ खरिद गरेको कृषि तथा पशु विकास कार्यालय मुस्ताङले जनाएको छ। निमित्त प्रमुख बबिता नेपालीले उच्च घनत्वको स्याउ बजारसम्म पुगेको अवस्थामा स्थानीय प्रजातिको स्याउसमेत भदौमै बजारमा पुग्ने बताउनुभयो। जिल्लाको थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा स्थानीय प्रजातिको स्याउ उत्पादन हुन्छ। जिल्लामा उत्पादित स्याउ कालीगण्डकी कोरिडोर अन्तर्गत जोमसोम–बेनी सडकखण्ड हुँदै सवारीसाधनमार्फत म्याग्दी, बागलुङ, पर्वत, कास्कीलगायत देशका विभिन्न सहरमा ढुवानी हुने वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, तिरीगाउँका आङ्ग्या ङवाङ गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "सबै प्रकारका स्याउ टिप्न सुरु भएपछि ढुवानीमा समेत सहज हुन्छ। अहिले उत्पादन पनि राम्रो छ, बजारमा माग पनि अत्यधिक छ।"

जिल्ला समन्वय समिति, पाँच वटै स्थानीय तह, शीतोष्ण बागवानी विकास केन्द्र (मार्फा), राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ स्याउ जोन (मुस्ताङ) ले स्याउ टिप्ने कार्यतालिका स्थानीय कृषक, समूह, सहकारी संस्था र स्याउ फार्मले पालना गरेका छन्। जिल्लाको थासाङ, घरपझोङ, वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र ल्होमन्थाङ गाउँपालिकामा स्याउ खेती गरिएको छ। ८३० हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकोमा ५६६ हेक्टर क्षेत्रफलमा लगाइएको स्याउ बोटले छ हजार ७८ मेट्रिक टन स्याउ उत्पादन हुने लक्ष्य राखिएको छ।

# 'आवश्यक परे नेतृत्व छाड्न तयार छु'

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, भदौ २५ गते*

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आगामी अधिवेशनमा आवश्यक परे नेतृत्व छाड्न तयार रहेको बताउनुभएको छ। नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री स्व. गोपालमान श्रेष्ठको ४५ औँ दिनको पुण्यतिथिका अवसरमा आयोजना गरिएको शोकसभामा बिहीबार सभापति थापाले आगामी अधेवेशनमा पुनः पार्टी जाग्ने बताउनुभयो। स्व. श्रेष्ठको राजनीतिक योगदान, लोकतान्त्रिक आन्दोलनमा उहाँले पुऱ्याउनुभएको भूमिका तथा पार्टी र स्याङ्जाको सामाजिक–राजनीतिक क्षेत्रको योगदानको स्मरण गर्दै नेपाली कांग्रेस स्याङ्जाले शोकसभा आयोजना गरिएको हो।

शासकीय अहङ्कारले सधैँ व्यवस्था हल्लिने गरेको बताउँदै सभापति थापाले गत भदौ २३ गतेको जेनजी आन्दोलन पनि त्यसकै प्रारूप भएको बताउनुभयो। सबै एक ठाउँमा पार्टी बलियो हुने भनिने गरे पनि त्यस्तो नभएको उहाँको भनाइ छ। सभापति थापाले सबैले कांग्रेसको महत्त्व कुन ठाउँमा छ हेनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "मतदाता पार्टीको हुँदैन, स्वतन्त्र हुन्छ। सम्पूर्ण समर्थक, शुभेच्छुक घटाउनेतिर लाग्नु हुँदैन।" चुनाव जित्ने र हार्ने कुरालाई महत्त्व राख्दा समर्थक र शुभेच्छुक परिवर्तन भएको बताउँदै थापाले फेरि एक पटक लोकप्रिय र जनताको भरोसा योग्य पार्टी बन्ने बताउनुभयो। थापाले पार्टीभित्रको फोहोर हटाउन कुनै कसर पनि नराख्ने बताउनुभयो। चार तहका कार्यकर्ता पार्टीमा रहेको बताउँदै थापाले स्व. गोपालनमान दाइले दिएको अन्तिम समयमा सबैको पालो आउने गरेर नयाँ पुस्तालाई पहिलो प्राथमिकता राख्न भने अनुसार अगाडि बढेको बताउनुभयो। सधैँ स्व. गोपालमानले पार्टी अगाडि बढाउन हौसला प्रदान गरेको सम्झिनु हुँदै उहाँले प्रजातन्त्रलाई आँच नआउने गरेर काम गरे उहाँको सच्चा सम्मान हुने बताउनुभयो।

कार्यक्रममा महामन्त्री प्रदीप पौडेल, केन्द्रीय सदस्य सरस्वती अर्याल, प्रदेश उपसभापति कल्पना तिवारी, मेखलाल श्रेष्ठ, कांग्रेस नेता भरतराज ढकाल, सचिव गुरुप्रसाद भट्टराई, मोहन पाण्डे, भोजराज आर्यललगायतले मन्तव्य राख्नुभएको थियो। कांग्रेस वरिष्ठ नेता श्रेष्ठको गत साउन १२ गते जावलाखेलस्थित हेलिअस हस्पिटलमा उपचारका क्रममा क्यान्सर रोगका कारण ८३ वर्षको उमेरमा मृत्यु भएको थियो। २०१७ सालदेखि विद्यार्थी अवस्थाबाटै प्रजातान्त्रिक आन्दोलनमा क्रियाशील श्रेष्ठ २०३६ को जनमतसङ्ग्रह, २०४२ को सत्याग्रह, २०४६ को जनआन्दोलन र २०६२–६३ को दोस्रो जनआन्दोलनमा श्रेष्ठ सक्रिय रहनुभएको थियो। नेपाली कांगेस (प्रजातान्त्रिक) का कार्यवाहक सभापतिसमेत बन्नुभएका श्रेष्ठ २०४८ र २०५६ र २०६४ मा स्याङ्जाबाट संसदीय निर्वाचनमा निर्वाचित हुनुभएको थियो। उहाँ उपप्रधानमन्त्रीको जिम्मेवारीसहित शिक्षा, भौतिक योजना तथा निर्माणमन्त्री, वन तथा भूसंरक्षणमन्त्री र उद्योगमन्त्रीको जिम्मेवारी समाल्नुभएको थियो।


## भूमि प्रशासन कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता नामसारी सहितको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. ४ बस्ने श्यामी पहरी समेत ५ ले हाम्रो ठुलो बुबा तथा ससुरा बाबु सिं. पहरीको नाममा साविक नापी सर्भेको बखत नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित जग्गा दर्तावालाको शेषपछि हक खाने हकदार हामी निवेदकहरूको नाममा दर्ता नामसारी गरिपाऊँ भनी द.नं. १७०२४ मिति २०७८।१०।२६ मा निवेदन माग गरेकोले उक्त जग्गा कसको नाममा नाप नक्सा र हकभोग रहेको कस्तो प्रकृतिको जग्गा हो ? उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी रहेमा वा निजका नाममा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम निवेदकको नाउँमा दर्ता भई जानेछ र यस बिषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| बडिखेल | २ख | १८ | ०–८–०–० | बाबु सिं. पहरी | बाबु सिं पहरी बडिखेल वडा नं. ५ | कि.नं. १८ को जग्गा मेरो दाजु बाबु सिं. को अंश हकमा परी निजको नाउँमा नामसारी हुन बाँकी भनी हस्ते गर्ने दसी पहरी दर्ता वाला निज बाबु सि पहरी | – |

## भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

भ.पु.जि., भ.न.पा.–८ हाल भ.न.पा.–५ बस्ने पुन केशरी ढुकुछुले ससुरा जगत धुकुछुको नाममा सर्भे नापीको पालामा मोही कायम भएको खण्डे हक हिस्साको तपसिल बमोजिमको कित्ता जग्गाको मोही ससुरा जगत धुकुछुको मिति २०५०।०९।१६ मा निजकी पत्नी कृष्ण कुमारी धुकुछुको मिति २०४६।०९।२९ मा परलोक भई निजहरूको शेषपछि हकखाने हकदार एक मात्र छोरा जगत बहादुर धुकुछुको पनि मिति २०६२।१०।१९ मा परलोक भई निजको शेषपछि हकखाने हकदारहरूमा एक मात्र पत्नी म निवेदिका पुन केशरी ढुकुछु–१, छोराहरू जगतमान धुकुछु–१, कृष्ण प्रसाद धुकुछु–१, कृष्ण ढुकुछु–१, विष्णु प्रसाद धुकुछु–१, सहदेव धुकुछु–१ समेत जना ६ मात्र भएको, उक्त तपसिलका कित्ता जग्गा हाल सम्म ज.ध.ले रैकर परिणत नगरेको ख श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन, २०१६ बिर्ता उन्मूलन नियमावली, २०१७ तथा मुलुकी देवानी संहिता २०७४ को दफा २३९ (ख) बमोजिम म निवेदिकाको नाममा रै.प. दर्ता ना.सा. गरिपाऊँ भनी माग निवेदन परेको। साथै म निवेदिका पुन केशरी धुकुछुको नागरिकतामा नाम थर पुन केशरी ढुकुछु भएको नाता प्रमाण पत्रमा पुन केशरी धुकुछ भएको हुँदा फरक फरक व्यक्ति देखिएतापनि फरक व्यक्ति नभई नाता प्रमाण पत्र बमोजिम एकै व्यक्ति भएको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस भई आएको। १ नं. मोही लगत, २ नं. अनुसूची फेला नपरेको, बिर्तातर्फको लगत फेला नपरेको, ज.ध. को नाममा म्याद जारी गर्दा फेला नपरी सम्बन्धित वडा कार्यालयमा म्याद टाँस भई आएको। यसमा निवेदकको बाहेक अन्य कसैको हक लाग्ने भएमा वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा वा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| चित्तापोल | १(ख) | ३५३ख | ०–८–१–० | जगत धुकुछु | X | यो जग्गा नरपति राजोपाध्याय, भ.पु. सोमला | यो जग्गा नरपति लेखे तापनि नीजको नम्वरी होइन मनमनेश्वरी देविको आधा र अनंतपति राजोपाध्यायको आधा भनी भूल सुधार गर्ने मोही जगत धुकुछ |

**पुनश्च** : यो ३५३ को कित्तामा अनंतपतिको आधा बाँकी राखी आधा आफ्नो भाग आधामा १७ नं. हनुमन्ते न.नं. १५७ को रोपनी १।२ बाट भिडाई साबिक रोपनीमा दामासाहीले पाउने गरी सही गर्ने कृष्ण कुमार

## भूमि प्रशासन कार्यालय डिल्लीबजार काठमाडौँका हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।

का.जि., का.म.न.पा. वडा नं. १० बस्ने श्रीमती रजनी के.सी र सुश्री शोभा के.सी. समेत जना २ को माग निवेदन अनुसार निजहरूका ससुरा तथा बुबा भैरव बहादुर खत्री क्षेत्री भन्ने भैरब बहादुर के.सी का नाममा मोहीयानी हक कायम भई दर्ता बाँकी रहेका तपसिल बमोजिमका कित्ता जग्गाहरू साविक मोहीको मिति २०५८।०२।१७ गतेमा, सासू आमा तथा आमा मिना के.सी. को मिति २०६०।०३।१६ गतेमा, पति तथा दाजु रविन्द्र कुमार के.सी.को मिति २०७८।०९।१९ गतेमा आ–आफ्नै कालगतिले परलोक भएको हुँदा नाता प्रमाणपत्र बमोजिम विवाहिता छोरीहरू बाहेक बुहारी नाताकी म निवेदिका रजनी के.सी र अविवाहिता छोरी म निवेदिका शोभा के.सी. जना २ मात्र भएको हुँदा र तपसिलमा उल्लिखित कित्ता जग्गाहरू हामीहरूले नै जोत कमोद गरी कमाइ खाई आएको 'ख' श्रेणीको विर्ता जग्गा भएकाले विर्ता उन्मूलन ऐन २०१६, विर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम हामीहरुका संयुक्त नाममा रै.प. दर्ता, ना.सा. तथा हा.सा समेत गरी स्थायी ज.ध.प्र. पुर्जा पाऊँ भनी माग निवेदन गरेको र साविक मोहीको फिल्डबुक समेतमा भैरव बहादुर खत्री क्षेत्री र नाता प्रमाणपत्र समेतमा भैरव बहादुर के.सी. समेत भई फरक परेकोमा यी नाम, थर भएका व्यक्ति अलग अलग व्यक्ति नभई एकै व्यक्ति हामीहरूका ससुरा तथा बुबा भएका, २ नं. अनुसूचीमा मोही भैरव बहादुर खत्री क्षेत्री भएको, ज.ध. का.ई. बानेश्वर बस्ने कृष्ण प्रसाद पराजुली भएको निज ज.ध.का नाममा म्याद जारी हुँदा निजका नाता प्रमाणपत्र बमोजिमका हकदारहरूले म्याद नबुझी सम्बन्धित १० नं. वडा कार्यालयको रोहवरमा घर दैलामा म्याद टास भएको, सो को म्यादभित्र कुनै लिखित प्रतिवाद गरेको कारबाही मिसिल सामेल नदेखिँदा तपसिलका जग्गाहरू निवेदकका माग बमोजिम 'ख' श्रेणीको विर्ता जग्गा नभएमा वा अन्य कसैको रैकर जग्गा भएमा वा निवेदकको निवेदन माग बमोजिम हुनु नपर्ने कुनै कारण भएमा वा सो जग्गाहरूमा कोही कसैको दाबी विरोध भएमा वा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा तपसिलका उक्त कित्ता जग्गाहरू सामूदायिक, गुठी, व्यक्तिगत लगायत अन्य प्रकृतिका जग्गाहरू भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| नगर | २९ (क) | १५२ | ०–२–३–० | भैरव बहादुर खत्री क्षेत्री का.ई. बानेश्वर | यो जग्गा कृष्ण प्रसाद पराजुली का.ई. बानेश्वरको हो। |
| ऐ ऐ | ऐ ऐ | १५४ | ४–५–१–० | ऐ ऐ | ऐ ऐ |

## भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

भ.पु.जि., ताथली ९ हाल चा.न.पा.–९ बस्ने बाबुकाजि कासुला समेतले हाम्रा बाजे बुद्धिलाल कासुला भन्ने बुलाल कासुलाको नाउँमा मोही कायम भई दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित कित्ता जग्गा साबिक मोही बुद्धिलाल कासुलाको मिति २०५१।०१।१५ मा, निजकी एक मात्र श्रीमती कान्छी कासुलाको पनि मिति २०३० सालमा मृत्यु भएको, निजहरूको मृत्युपछि हक खाने हकदारमा एक मात्र छोरा शंखलाल कासुला भएकोमा निजको पनि मिति २०७७।०५।२१ मा र निजकी श्रीमती आसमाया कासुलाको पनि २०७४।०१।०१ मा आ–आफ्नो कालगतिले मृत्यु भएको र त्यस पछिका हकदारहरूमा निजहरूका छोराहरू जेठा छोरा शंख नारायण कासुला–१, माहिला छोरा बाबुकाजि कासुला–१, कान्छा छोरा सानुकाजि कासुला–१ समेत गरी जना ३ भएकोमा जेठा छोरा शंख नारायण कासुलाको मिति २०५७।०६।०२ मा मृत्यु भएको, निजको मृत्यु पश्चात् निजका हकदारहरूमा एक मात्र श्रीमती भगवती कासुला–१, जेठा छोरा इन्द्र प्रसाद कासुला १ र कान्छा छोरा प्रकाश कासुला–१ गरी जना ३ भएकोमा एक मात्र श्रीमती भगवती कासुला अन्यत्र पोइल गएको भनी चाँ.न.पा. ९ को मिति २०७७/१२/०२ मा भएको नाता प्रमाणित प्रमाणपत्र कागजातमा स्थलगत सर्जमिनबाट लेखिआएको, उल्लिखित कित्ता जग्गाहरू जीवित हकदारहरूले नै जोत कमोद गरी कमाई आएको 'ख' श्रेणीको बिर्ता जग्गा भएको बिर्ता उन्मूलन ऐन, २०१६ बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम हाम्रा नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन पेश गरेको ताथली ९क कि.नं. २८० को १ नं. लगत र २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भनी लेखिआएको ताथली ९क कि.नं. १४४/२६७/३७१ को १ नं. लगत र २ नं. अनुसूची भिडी आएको बिर्ता लगत खोजतलास गर्दा हाल फेला नपरेको भनी लेखिआएको फिल्डबुकमा भएको ज.ध.लाई म्याद जारी गर्दा निज ज.ध.हरूको ठेगानाको वडा कार्यालयको सूचना पाटीमा सूचना टाँस भई आएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक गुठी, निजी गुठी लगायत तथा अन्य जग्गा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| ताथली | ९क | २६७ | ०–१३–०–० | बुद्धिलाल कासुला | यो जग्गा का.ई. चाविल बस्ने बुद्धि लक्ष्मी श्रेष्ठको हो जोती आएको छु। |
| ताथली | ९क | २८० | ०–७–१–० | बुद्धिलाल कासुला | यो जग्गा का.ई. चाविल बस्ने बुद्धि लक्ष्मी श्रेष्ठको हो जोती आएको छु। |
| ताथली | ९क | १४४ | ०–६–०–० | बुद्धिलाल कासुला | यो मंगलको हैन असलाल चित्रकार तुलाछें बस्नेको दर्ता हो। |
| ताथली | ९क | ३७१ | ०–८–२–० | बुद्धिलाल कासुला | यो जग्गा भ.पु. नासमना बस्ने अ.प्र. जोती आएको |

**पुनश्च** – कान्छि कासुला र ज्ञानथुक कासुला फरक फरक व्यक्ति नभई एकै व्यक्ति भएको सिफारिस भई आएको।

**Khumbu Pasanglhamu Rural Municipality**

## Office of the Rural Municipal Executive
## Chaurikharka, Solukhumbu, Koshi Province

### Invitation For Bids

**Date of publication: 2083-05-26(11th Sept,2026)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites Hard Copy bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Work | Estimated Amount Excluding VAT But including P.S | Bid Security NRs | Bid Fee | Bid Validity Period | Bid bond security period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 14/NCB/W/ BLDG/ KPLRM/083/84 | Construction of Sherpa Community Building at Kplrm-01,Solukhumbu | 8,282,918.48 | 185,000/- | 3000.00 | 90 Days | 120 Days | |
| 15/NCB/W/ BLDG/ KPLRM/083/84 | Maintainance of Surkey Khel maidan at kplrm-02,Solukhumbu | 3,480,829.69 | 104,000.00 | 3000.00 | 90 Days | 120 Days | |

- Interested Bidders may obtain the Bid Document from Khumbu Pasanglhamu Rural Municipality, Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, upon payment of the prescribed Bid Document fee into the designated Revenue Account and submission of the original bank voucher.
- The Bid Document shall be duly completed in the prescribed format. The Technical Proposal and Financial Proposal shall be sealed separately and then placed together in a single sealed envelope(for Single Stage-Double Envelope), which shall be submitted to the Office within the prescribed deadline.
- Last Date and Time for Submission of Bids: 2083/06/07 B.S. up to 12:00 PM,Khumbu Pasanglhamu Rural Municipality, Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu.
- Date, Time and Place of Bid Opening: 2083/06/07 B.S. at 1:00 PM,Khumbu Pasanglhamu Rural Municipality,Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu.

**Bank Account Details**

| Particulars | Revenue Account | Deposit Account |
|---|---|---|
| Bank Name | Rastriya Banijya Bank Ltd., Lukla, Solukhumbu | Rastriya Banijya Bank Ltd., Lukla, Solukhumbu |
| Account Name | Khumbu Pasanglhamu Rural Municipality | Khumbu Pasanglhamu Rural Municipality |
| A/C No. | 2580100301010002 | 2580100303000002 |
| Office Code | 80109501300 | 80109501300 |
| Revenue code | 14249 | |

**Government of Nepal**
**Ministry of Home Affairs**
**Area Administration Office, Mehelkuna, Surkhet**

### Invitation for Hard Copy Bids

**Notice No.: 1/AAO/Mehelkuna/083/84**
**Date of Publication: 11th September 2026**

1. **Area Administration Office, Mehelkuna, Surkhet** invites open competitive bids from Eligible Bidders for the following works under Single Stage Double Envelope National Competitive Bidding Procedure. Only eligible bidders should participate in this bidding:

| S.N | Contract Number | Description of Works | Price of bidding document (NRs.) | Bid Security Amount (NRs.) | Last Date and Time of Bid Submission/ Opening of bids. |
|---|---|---|---|---|---|
| 1 | AAO/Mehelkuna/ NCB/01/083/84 | Construction of Office building, of Area Administration Office, Mehelkuna, Gurbhakot-07, Surkhet. | 5000 | 14,00,000 | October 6th , 2026, 12:00 PM /October 6th , 2026, 13:00 P.M |

2. Eligible bidders shall deposit cost of bidding document at Rastriya Banijya Bank Ltd., Surkhet in name of **Area Administration Office, Mehelkuna, Surkhet**, with Office Code: **314926803** Account No: **1000100200010000** and Revenue Shirshak no:**14229.**
3. **Area Administration Office, Mehelkuna, Surkhet** reserves all the rights partially or fully to amend, reject or cancellation of the notice without specifying any reasons. A complete set of Bidding document can be purchased from Area Administration Office, Mehelkuna, Surkhet or District Administration Office, Birendranagar, Surkhet upto **5th October, 2026 during office hours** whereas the completely filled and sealed bids must be submitted to **Area Administration Office, Mehelkuna, Surkhet only**. For detail information eligible bidders may visit Area Administration Office located at Gurbhakot Municipality-7, Mehelkuna, Surkhet or contact via email id: aaomehelkunasurkhet@gmail.com.

**Office Chief**

### Invitation for Bids

## Securities Board of Nepal

**Date of publication: 2083/05/26**
**Invitation for Bids No: Sebon/NCB/02/2083/84**

Invitation for Sealed Bid for the procurement of Security Guard Service from eligible bidders for the following.

| S.No | Contract Identification No.: | Description of Work | Last date of Bid Submission | Price of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Sebon/NCB/02/2083/84 | Security Guard Service | 2083/06/16 upto 12 PM | Rs. 3,000/- | Rs. 63,000/- |

1. The Securities Board of Nepal invites bids from eligible bidders for the procurement of ***Securtity Guard Service*** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Under the Single Stage, Single Envelope Procedure, Bidders are required to bids from eligible bidders for the procurement of ***Securtity Guard Service*** under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Securities Board of Nepal, Khumaltar, Lalitpur as well as in official Website of Securities Board of Nepal "Sebon.gov.np."***
4. A complete *set* of Bidding Documents may be purchased and can be downloaded from ***official Website of Securities Board of Nepal "Sebon.gov.np."*** by Eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NPR 3000/- till 2083.06.16 on or before 12 PM in the account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Laxmi Sunrise Bank Limited**
   Name of Office: **Securities Board of Nepal**
   Account Name: **Securities Board of Nepal Account no.: 01811033214**
5. Pre-bid meeting shall be held at Securities Board of Nepal ***at 1:00 PM, on 2083/06/05 day***
6. Hard Copy of Bid must be submitted at the of Management Section of Securities Board of Nepal on or before ***12PM on 2083/06/16.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM, on 2083/06/16*** at the office of ***Securities Board of Nepal, Khumaltar, Lalitpur***. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of ***NRs 63,000/-*** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a public holiday applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submissions
9. ***Securities Board of Nepal*** reserves the right to accept or reject, wholly or partially any or all the sealed quotations without assigning any reason, whatsoever.

## खर्च जुटाउन नसक्दा

# अस्पतालको प्रवेशद्वारमा शिशुको जन्म

"हामीसँग त्यति पैसा थिएन । भोलि केही व्यवस्था गरेर आऊँला भनेर श्रीमतीसँग सल्लाह गरिरहेका थियौँ, त्यही बेला उहाँलाई फेरि प्रसव पीडाले च्याप्यो ।"

**विनय कर्ण**
*कल्याणपुर (सप्तरी), भदौ २५ गते*

राजविराजस्थित गजेन्द्रनाराण सिंह अस्पतालको प्रसूति वार्डमा भर्ना भएकी २९ वर्षीय बबिता पासमानले सुरक्षित र सहज रूपमा बच्चा जन्माउने अपेक्षा गर्नुभएको थियो। जाँच र उपचारका लागि लाग्ने रकम तत्काल जुटाउन नसक्दा उहाँले अस्पतालको सुरक्षित प्रसूति कक्षमा नभई अस्पतालकै प्रवेशद्वार नजिक सडक किनारमा बच्चा जन्माउनु पर्‍यो।

राजविराज नगरपालिका–१४, परसाहीटोलकी बबिता प्रसव पीडाले छटपटाएपछि यही भदौ २३ गते मङ्गलबार राति करिब २ बजे श्रीमान् हरेराम पासमानसँग गजेन्द्रनारायण सिंह अस्पताल पुग्नुभएको थियो। स्वास्थ्यकर्मीले उहाँलाई स्त्री तथा प्रसूति वार्डको २४ नम्बर शय्यामा भर्ना गरेका थिए।

बबितालाई भर्ना गरेपछि आवश्यक स्वास्थ्य परीक्षणका लागि पुर्जा दिइएको उहाँका श्रीमान् हरेरामले बताउनुभयो। पुर्जा लिएर अस्पतालको काउन्टरमा पुग्दा एउटा परीक्षणका लागि मात्र तीन हजार दुई सय रुपियाँ लाग्ने बताएपछि त्यहीँबाट अस्पतालबाहिर निस्केको बबिताले बताउनुभयो। बबिताले भन्नुभयो, "एउटै जाँचको तीन हजार दुई सय रुपियाँ भनेको छ, थप जाँच भन्यो भने के गर्ने ? पैसा छैन भन्ने सोच्दै अस्पतालबाट निस्केको हुँ।"

मजदुरी गरेर जीविका चलाउँदै आएका हरेरामका लागि तत्काल त्यति रकम जुटाउनु सहज थिएन। हरेरामले भन्नुभयो, "हामीसँग त्यति पैसा थिएन। भोलि केही व्यवस्था गरेर आऊँला भनेर श्रीमतीसँग सल्लाह गरिरहेका थियौँ, त्यही बेला उहाँलाई फेरि प्रसव पीडाले च्याप्यो।"




*तस्बिर : विनय कर्ण*

**गजेन्द्रनारायण सिंह अस्पतालमा बबिता र शिशुको पुनः उपचार गरिँदै ।**

तीन छोरीकी आमा बबिताले अस्पतालको प्रवेशद्वार नजिकै छिमेकी महिलाको सहयोगमा छोरा जन्माउनुभयो। अस्पतालकै नजिक रहेको एक औषधी पसलको सिसिटिभीमा कैद भएको दृश्य सामाजिक सञ्जालमा सार्वजनिक भएपछि घटना बाहिर आएको हो।

### सुरक्षामा लापर्बाही

अस्पतालको प्रसूति वार्डमा भर्ना भइसकेकी बबिता त्यहाँबाट बाहिर जानुले त्यहाँको सुरक्षाव्यवस्थामाथि प्रश्न उठेको छ। वार्डबाट बिरामी बाहिरिँदा स्वास्थ्यकर्मी र सुरक्षामा खटिएका कर्मचारीले निगरानी गर्न नसकेको स्थानीय बताउँछन्।

प्रसव पीडामा रहेकी महिलासँग स्वास्थ्यकर्मीले गर्ने बोली र व्यवहार समेत संवेदनशील हुनुपर्ने भए पनि त्यसमा कमी भएको बबिताको गुनासो छ। उहाँले अस्पतालको मुख्य प्रवेशनजिकै ४:३० बजे बिहान शिशु जन्मिएपछि अस्पतालमै ल्याएर सालनाल काटेको बताउनुभयो। त्यसपछि अस्पतालमै बस्न खोज्दा त्यहाँका स्वास्थ्यकर्मीले उचित व्यवहार नगरेको र घर पठाएको उहाँको भनाइ छ।

### घटना सार्वजनिक भएपछि पुनः उपचार

बिहीबार बिहानै सामाजिक सञ्जालमा सिसिटिभी फुटेजमार्फत घटना सार्वजनिक भएपछि बबिता र नवजात शिशुलाई पुनः अस्पताल ल्याइएको छ। स्वास्थ्यकर्मीले तत्काल बबिता र नवजात शिशुलाई अस्पताल ल्याएर उपचार सुरु गरेका छन् भने आमा र बच्चा दुवैको अवस्था सामान्य रहेको चिकित्सकले बताएका छन्।

बुधबार बिहान बबिता र उनका श्रीमान् बच्चालाई लिएर घर फर्किए पनि घटनापछि बिहीबार अस्पतालको स्वास्थ्यकर्मीको टोली एम्बुलेन्स लिएर उहाँको घर पुगेको थियो। टोलीले बबिता र नवजात शिशुलाई पुनः अस्पताल ल्याएर भर्ना गरेको र आवश्यक सबै उपचार निःशुल्क गरिने अस्पताल प्रशासनले जनाएको छ।

घटनापछि अस्पताल पुगेर राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले अस्पताल व्यवस्थापन र ड्युटीमा रहेका स्वास्थ्यकर्मीको लापर्बाहीका कारण गर्भवती महिलाले सडकमा बच्चा जन्माउनुपर्ने अवस्था आएको भन्दै घटनाको सूक्ष्म अनुसन्धान तथा छानबिन हुनुपर्ने माग गर्नुभयो।

### लापर्बाही नभएको दाबी

गजेन्द्रनारायण सिंह अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. जितेन्द्र कँडेलले भने घटना दुःखद भए पनि अस्पतालको लापर्बाही नभएको दाबी गर्नुभयो। उहाँले प्रसूति गराउनुअघि आवश्यक केही स्वास्थ्य परीक्षण गर्नुपर्ने भएकाले स्वास्थ्यकर्मीले सोही अनुसार पुर्जा दिएको बताउनुभयो। उहाँले भन्नुभयो, "जाँच गराएर आउँछु भनेर निस्कनुभएका पासमान दम्पती फर्केर नआएपछि के गर्ने ? जाँच तथा परीक्षणका लागि पैसा नभएको कुरा जानकारी गराएको भए तत्काल कुनै उपाय गरेर भए पनि उपचारको व्यवस्था मिलाउन सकिन्थ्यो।"

अस्पताल प्रशासनले बिहीबार प्रेस विज्ञप्ति जारी गरी घटना दुःखद भएको भन्दै सत्यतथ्य पत्ता लगाउन आन्तरिक छानबिन समिति गठन गरेको तथा बाह्य छानबिनलाई पूर्ण सहयोग गर्ने जनाएको छ।

# सहिदको सालिक अनावरण



*तस्बिर : नागेन्द्रकुमार कर्ण*

**मधेश आन्दोलनका सहिदको सालिक अनावरणपछि सहिद परिवारलाई सम्मान गर्नुहुँदै मधेश प्रदेशका सभामुख रामअशिष यादव ।**

**महोत्तरी समाचारदाता**
*महोत्तरी, भदौ २५ गते*

मधेश प्रदेशका सभामुख रामअशिष यादवले महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरको परिकौली चोकमा नवनिर्मित मधेश आन्दोलनका सहिद वीरेन्द्रकुमार विच्छा र राजेश ठाकुरको सालिक अनावरण तथा सहिद स्मारक उद्‌घाटन गर्नुभएको छ।

विसं २०७२/७३ मा भएको मधेश आन्दोलनका क्रममा सुरक्षाकर्मीको गोलीबाट जलेश्वर नगरपालिका–११ का वीरेन्द्रकुमार विच्छा र वडा नं. ९ का राजेश ठाकुर सहिद हुनुभएको थियो।

उहाँहरूको सम्मानमा जलेश्वर नगरपालिका–९ को परिकौली चोकमा यसअघि पनि सालिक निर्माण गरिएको थियो तर २०७७ सालमा दुवै सहिदको सालिक चोरी भएपछि पुनर्निर्माण गरी अनावरण गरिएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशका सभामुख यादवले मधेशी समुदायको पहिचान, समृद्धि, आत्मसम्मान तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सबै एकजुट हुनुपर्ने बताउनुभयो।

मधेश आन्दोलन अधिकार प्राप्तिका लागि भएको र यसका लागि धेरैले ज्यान गुमाएका, घाइते भएका तथा कतिपय झुटा मुद्दामा फरार र जेलमा रहेका बताउनुभयो।

उहाँले भन्नुभयो, "मधेश आन्दोलनपछि मधेशीको आफ्नो पहिचान मिलेको छ। सङ्घीयता, समावेशी प्रतिनिधित्व, विकासको गति पनि मधेश आन्दोलनको उपलब्धि रहेको छ। यसलाई बचाउन सबै एकजुट हुनै पर्छ।" उहाँले सङ्घीयताविरोधीले सङ्घीयताले आर्थिक भार भएको भन्दै व्यापक प्रचारबाजी गरे पनि त्यो गलत भएको बताउनुभयो।

नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रदेश कार्यालय,**
**भैरहवा, रुपन्देही**

**बोलपत्र रद्द तथा पुनः आह्वानको जरुरी सूचना**

प्रकाशित मितिः-२०८३।०५।२६

यस नेपाल प्रहरी प्रदेश कार्यालय, भैरहवा रुपन्देहीबाट मिति २०८३।०४।२२ गते भवन निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणाली (e-GP system) मार्फत पेस गर्ने गरी आह्वान गरिएको बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) केसरमहल, काठमाडौंको प.सं.सु.प्र.-०८३/०८४ च.नं. MIT/१८२ मिति २०८३।०५।११ गतेको सूचना अनुसार हाल सञ्चालनमा रहेको e-GP system मा सुरक्षा जोखिम उच्च रहेको र प्रणाली सुधार/मर्मतसम्भार भइरहेको हुनाले अर्को सूचना जारी नभएसम्म प्रणालीको प्रयोग स्थगन गरी हार्ड कपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन प्राप्त भएअनुसार उक्त बोलपत्र रद्द गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउन पुनः बोलपत्र आह्वान गरिएको छ।

**बोलपत्र पेश गर्दा पालना गर्नुपर्ने सर्तहरूः**

- इच्छुक बोलपत्रदाताहरूले बोलपत्र दस्तुर वापतको रकम तोकिएको बैंक खातामा जम्मा गरी सोको सक्कल बैंक भौचर पेस गरी नेपाल प्रहरी प्रदेश कार्यालय, भैरहवा रुपन्देहीबाट नमुना बोलपत्र (Bid Document) प्राप्त गर्न सक्नेछन्।।
- प्राप्त बोलपत्र कागजात तोकिएको ढाँचामा पूर्ण रूपमा भरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुटै सिलबन्दी गरी पुनः एउटै खाममा राखी सिलबन्दी साथ कार्यालयमा पेस गर्नु पर्नेछ।
- **बोलपत्र खरिद बिक्री मिति र समयः** मिति २०८३।०६।१५ गते कार्यालय समय १७:०० बजेसम्म नेपाल प्रहरी प्रदेश कार्यालय, भैरहवा रुपन्देहीमा।
- **बोलपत्र दर्ता तथा पेस गर्ने अन्तिम मिति र समयः** मिति २०८३।०६।१६ गते दिउँसो १२:०० बजेसम्म नेपाल प्रहरी प्रदेश कार्यालय, भैरहवा रुपन्देहीमा।
- **बोलपत्र खोलिने मिति, समय र स्थानः** मिति २०८३।०६।१६ गते दिउँसो १३:०० बजे नेपाल प्रहरी प्रदेश कार्यालय, भैरहवा रुपन्देही।

**ठेक्का तथा बैंक खाता सम्बन्धी विवरणः-**

| सि.नं. | ठेक्का नं. | बोलपत्र दस्तुर रकम रू | बैंक खातासम्बन्धी विवरण | कै. |
|---|---|---|---|---|
| १. | RB/NCB/NPPO/BHR/2083-084/01 | ५,०००।- | खाता नं.:-०१००२०१२७७००९०१६(कृषि विकास बैक लिमिटेड) कार्यालयको कोडः-३१४०४४८०१ राजश्व शीर्षकः-१४२२९ | |

बोलपत्र सम्बन्धी अन्य विवरण Bid Security, Average annual Construction Turnover, Bid Capacity, Similar Size and Nature, Key Production इत्यादी नेपाल प्रहरी प्रदेश कार्यालय भैरहवा रुपन्देहीको Official Facebook link : https://www.facebook.com/npporupandehi बाट प्राप्त गर्न सकिनेछ।

**प्रहरी निरीक्षक**
**(दिपक महत क्षेत्री)**

# 'बाढी प्रभावित क्षेत्रमा राहतलाई गति दिनु पर्छ'

**लहान समाचारदाता**
*लहान, भदौ २५ गते*

नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि उत्पन्न विपत्तिको एकताबद्ध रूपमा सामना गरी बाढी प्रभावित क्षेत्रमा राहत पुर्‍याउने कामलाई गति दिइनुपर्ने बताउनुभएको छ।

मिर्चैया नगरपालिका–५ स्थित दामोदरानन्द मोहन माध्यमिक विद्यालयमा आयोजित विज्ञान प्रविधि तथा नप्रवर्तन जिल्लास्तरीय विज्ञान प्रदर्शनी तथा भवन उद्‌घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

उहाँले यतिबेला देश राष्ट्रिय शोकमा डुबेको र बाढी प्रभावित क्षेत्रका जनता राहतको पर्खाइमा रहेकाले हिमाल, पहाड र तराई एक भएर राहत सङ्कलन गरी प्रभावित क्षेत्रमा पुर्‍याउन सबैसँग आग्रह गर्नुभयो।

अध्यक्ष प्रचण्डले हिमाल र पहाड सङ्कटमा परेका बेला मधेश सहयोग गर्न अघि आइरहेको र मधेशमा बाढी आउँदा पहाड र हिमाल साथमा रहने गरेको सहयोगको संस्कृति रहँदै आएकाले यतिबेला रसुवा, नुवाकोट र धादिङमा भएको जनधनको अपूरणीय क्षतिको समयमा मधेश प्रदेशबाट सङ्कलन भइरहेको राहत सन्तोषजनक देखिएको बताउनुभयो।

आफू प्रधानमन्त्री भएको समयमा हिमालको सुरक्षाका लागि उठाएको विषय अहिले सत्य साबित भएको पूर्वप्रधानमन्त्री प्रचण्डले बताउनुभयो। उहाँले भन्नुभयो, "जलवायु न्यायका लागि नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आवाज उठाउन आवश्यक छ। यतिबेला सरकार सहमति सहकार्यका लागि फराकिलो सोच लिएर प्रस्तुत हुनु पर्छ।" उहाँले मिर्चैया नगरपालिकाले शिक्षाको क्षेत्रमा गरिरहेको लगानी प्रशंसनीय रहेको भन्दै जेनजी पुस्तालाई ज्ञानविज्ञानको उच्च शिक्षा हासिल गर्न काठमाडौँ नै जानुपर्ने बाध्यता अन्त्य गरी विज्ञान प्रविधिमा जोड दिन जरुरी रहेको बताउनुभयो।

**आवश्यकता सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०८३/०५/२६)

यस अस्पतालद्वारा गोकर्णेश्वर न.पा. वडा नं. ६, जोरपाटीमा संचालित आँखा उपचार केन्द्र अन्तर्गत संचालित सामुदायिक आँखा स्वास्थ्य कार्यक्रम अवधि भरका लागि निम्न पद करार सेवामा आवश्यक भएकोले तोकिएको योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिएको छ।

| पद | संख्या | योग्यता |
|---|---|---|
| सामुदायिक आँखा स्वास्थ्य कार्यकर्ता (Community Eye Health Worker) | २ (दुइ) जना | - मान्यता प्राप्त शिक्षण संस्थाबाट SEE/SLC उत्तिर्ण गरी Eye Health Worker को तालिम प्राप्त ।<br>- आँखा स्वास्थ्य सम्बन्धी काम तथा तथ्यांक संकलनमा अनुभव भएको ।<br>- स्थानिय महिलालाई ग्राह्यता दिईनेछ । |

१. दरखास्त फाराम नेपाल आँखा अस्पतालको प्रशासन शाखा वा अस्पतालको वेभसाईटबाट उपलब्ध हुनेछ।
२. दरखास्त आईपुग्नु पर्ने मितिः २०८३ आश्विन ४ गते कार्यालय समय अपरान्ह ४:०० बजे भित्र।
३. अन्तरवार्ता हुने मितिः २०८३ आश्विन ६ गते बिहान ११:३० बजे।
४. दरखास्त शुल्कः रु. ५००।- (दरखास्त साथ नगदी रसिद संलग्न गर्नुपर्नेछ।)
५. दरखास्त बुझाउने स्थानः नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर, काठमाडौं।

**नेपाल आँखा अस्पताल**
त्रिपुरेश्वर, काठमाडौं, फोनः ५३६०८१३
website: www.nepaleyehospital.org

# बिरामी परिवारको खेती कोदो

**सर्लाही समाचारदाता**
*सर्लाही, भदौ २५ गते*

सर्लाहीमा कोदो खेती बर्सेनि घट्दै गएको छ। कोदो हिजोआज 'बिरामी परिवारको खेती' जस्तै बनेको छ। ग्रामीण भेगमा मधुमेहसहितका रोग भएका परिवारमा रोटी खानका लागि थोरै जग्गामा कोदो लगाइने गरे पनि अन्य किसानले भने कोदोको खेती नै गर्न छाडेका छन्। अहिले धमाधम कोदो रोप्ने समय हो तर फाट्टफुट्टबाहेक कोदो खेती हराउँदै गएको किसानले बताएका छन्। लालबन्दी नगरपालिका–१४, नारायणखोलाका मङ्गलसिंह भ्लोनले डाँडापाखाको बारीमा समेत कोदो खेती मासिँदै गएको जानकारी दिनुभयो।

अन्य उन्नत जातको बाली लगाउन थालेपछि कोदोबाली ओझेलमा परेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "किसानले अहिले त सजिलो र हाइब्रिड बाली लगाउन थालेकाले कोदो, जुनेलोज स्ता बाली मासिँदै जान थालेका छन्।" सर्लाहीमा ईश्वरपुर, लालबन्दी, हरिवन र बागमती नगरपालिकाको चुरे भेगमा कोदो खेती गरिन्छ। किसानले थोरै मात्रामा उत्पादन गर्ने कोदो रोटी तथा ढिँडो खान प्रयोग गरिन्छ भने केही मात्रामा घरेलु मदिरा बनाउनसमेत प्रयोग हुन्छ।

ईश्वरपुर नगपालिका–१२, घारीबथानका सन्तोष खड्काले विभिन्न पुरानो बाली हराउँदै जाँदा कोदो खेती पनि घटेको बताउनुभयो। बाली लगाउनदेखि भित्र्याउनेसम्मका लागि कामदार नपाउँदा धेरै पुरानो बाली मासिँदै गएको खड्काले बताउनुभयो।

कृषि ज्ञान केन्द्र सर्लाहीका सूचना अधिकारी एवं बाली विकास अधिकृत कवीन्द्रसिंह ठगुन्नाले सर्लाहीमा कतै कतै मात्र कोदो खेती हुने गरेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "कोदो खेती निकै कम किसानले गर्नुहुन्छ। उत्तरी चुरे भेगमा कतै कतै मात्र कोदो लगाउने गरेको पाइएको छ।" कृषि ज्ञान केन्द्रको तथ्याङ्क अनुसार सर्लाही जिल्लाभर करिब ६० देखि ६५ हेक्टरमा कोदो खेती हुने गरेको छ।

जिल्लामा वार्षिक ७० देखि ७५ मेट्रिक टन कोदो उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी ठगुन्नाले बताउनुभयो।

**Invitation for Bids**
***Panchkhal Municipality***
***Office of the Municipal Executive,***
***Panchkhal, Kavrepalanchok***
Date of publication: 2083/05/26

**Invitation for Bids No: PMUN/NCB/GOODS/01/2083/084**

1. ***Panchkhal Municipality, Office of the Municipal Executive, Panchkhal*** has ***allocated funds*** from Government of Nepal (GON) towards the cost of ***Procument of Medicine and Surgical Items Related to Basic and Emergency Health Services*** and intends to apply part of the funds to cover eligible payments under the Contract for **PMUN/NCB/GOODS/01/2083/084**. Bidding is open to all eligible Bidders from all countries as defined in ITB Clause 4 (Eligible Bidders).
2. The ***Panchkhal Municipality, Office of the Municipal Executive, Panchkhal*** invites ***sealed*** bids (Hard Copy) from eligible bidders for the procurement of ***Procument of Medicine and Surgical Items Related to Basic and Emergency Health Services*** under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Panchkhal Municipality, Panchkhal, Kavrepalanchok, Contact No. 011499453***.
4. A complete *set* of Bidding Documents may be purchased from the office of ***Panchkhal Municipality, Panchkhal, Kavrepalanchok*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a **non-refundable fee** of **NPr** ***3000/-*** during office hours on or before **2083/06/15 BS** in the account as specified below.
   Name of the Bank: Nepal Bank Ltd., Panchkhal Branch
   Name of Office: Panchkhal Municipality
   Office Code no.: 30-365-15
   Account No.- 12403000001001000001
   Rajashwa Shirshak no. 11691
5. Pre-bid meeting shall be held at ***Panchkhal Municipality Office at 1:00 PM, 2083/06/07.***
6. Sealed bids (Hard Copy) must be submitted to the office ***Panchkhal Municipality, Office of the Municipal Executive, Panchkhal Kavrepalanchok*** by hand/courier on or before 12:00 Noon 2083/06/16. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM, 2083/06/16 at the office of Panchkhal Municipality***. Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security amounting to a minimum of NPR ***80,000/-***, which **shall be valid for 30 days beyond the validity period of the bid**.
8. If the last date of purchasing and /or submission falls on a public holiday applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.

**Government of Province**
**Sudurpaschim Province**
**Ministry of Social of Development**
**Health Directorate**
**District Hospital Bajura**
**2075**

**Cancellation of Bids and Invitation for Sealed Bids**

The Tender Notice previously published by this hospital through the PPMO e-GP Portal on 2083/04/25 (Contract ID No.: DHB/NCB/GOODS/01/083-84) has been cancelled due to the technical issues currently encountered in the PPMO's e-GP System as per the letter issued by PPMO dated 2083-05-11(Ref no.083/84,MIT/182). Accordingly, this notice is hereby published for the information of all concerned. Here by, District Hospital Bajura Re-Invites Sealed quotation(SQ) through hardcopy medium from eligible Nepalese bidders for supply and delivery of medicine and surgical goods for hospital pharmacy program.

Invitation of Bid No:DHB/SQ/GOODS/01/083-84

Date of first Publication:2026-09-11 (2083-05-26)

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***District Hosital Bajura,|martadi,Bajura (bajuradhospital@gmail.com, telephone no 9858424660***)
2. A complete set of Bidding Documents may be purchased from the office of ***District Hospital Bajura*** by eligible Bidders on thesubmissionof a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till ***[2026-09-17]*** during office hours.
3. ***Hard copy Bid only allowed.***
4. Sealed bids must be submitted to the office ***District Hospital Bajura*** by hand before ***2026-09-18*** ,12:00 PM Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2026-09-18*** ,14:00 at the office of District Hospital Bajura Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***90,000***NRS which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 4070100202030000 at Rastriya Banijya Bank Martadi, Bajura Bank Address: Martadi, bajura and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Hospital Administration**

## 'गाउँघरमा सिंहदरबार' भएन कार्यान्वयन

# सीमा प्रशासन कार्यालय कर्मचारीविहीन

**राधा लुइटेल**
*फिदिम, भदौ २५ गते*

पाँचथरको सुदूर उत्तरपूर्वी उच्च भेगका नागरिकलाई घरआँगनमै प्रशासनिक सेवा दिने उद्देश्यले स्थापना भएको सीमा प्रशासन कार्यालय, च्याङथापु लामो समयदेखि कार्यालय सहयोगीको भरमा छ। पहिले सरकारले खटाएका कर्मचारी उपस्थित भएर छोटो समय काम गरे पनि पछिल्लो समय यहाँ सरकारले नै कर्मचारी पठाएको छैन। २०७६ सालदेखि यो कार्यालयबाट सम्पादन गर्नुपर्ने काम भएका छैनन्। प्रमुख जिल्ला अधिकारीले अख्तियारी दिएर सीमा प्रशासन कार्यालयबाट नागरिकता वितरणसमेत गरिन्छ।

उपल्लो तहका कर्मचारी अभावमा कार्यालय सहयोगीले कार्यालय खोल्ने र बन्द गर्नेबाहेक अन्य सेवा दिन सकेका छैनन्। यो कार्यालय दुर्गमका नागरिकलाई सहज बनाउन २०३४ सालमा स्थापना गरिएको सीमा प्रशासन कार्यालयको अभिलेखमा उल्लेख छ। कर्मचारी अभावको प्रत्यक्ष मारमा अपाङ्गता भएका, अशक्त तथा ज्येष्ठ नागरिक परेका छन्। नागरिकता, राहदानीलगायत सामान्य प्रशासनिक सेवा लिनसमेत उनीहरूले सदरमुकाम फिदिम पुग्नु पर्छ। च्याङथापु र फलैँचाबाट फिदिम पुगेर काम सकेर घर फर्कन मात्रै तीन दिनसम्म लाग्ने स्थानीय बताउँछन्।

सीमा प्रशासन कार्यालयमा अधिकृत र नायब सुब्बासहित छ जना कर्मचारीको दरबन्दी छ। साबिक च्याङथापु गाविसका अध्यक्ष मोहन ढुङ्गेलले भन्नुभयो, "स्थापना कालदेखि हालसम्म १५ जना कार्यालय प्रमुख नियुक्त भइसकेका छन् तर अधिकांश कर्मचारी जिम्मेवारी पाए पनि यहाँ आइपुगेनन्।" पछिल्लो पटक नेपाल सरकारका अधिकृत विष्णुप्रसाद कार्कीलाई २०७६ साल पुस ३० गते कार्यालय प्रमुखका रूपमा खटाइएको थियो। उहाँ कार्यस्थलमा उपस्थित नभएपछि त्यसयता अर्को कर्मचारी पनि नियमित रूपमा खटिएका छैनन्।

याङवाराक गाउँपालिका-१ का अगुवा नागरिक विश्वेश्वर बेघाले भन्नुभयो, "सरकारले कर्मचारी खटाउँछ तर दुर्गम भन्दै आउन मान्दैनन्। कार्यालयमा कर्मचारी नहुँदा अपाङ्गता भएका, अशक्त र ज्येष्ठ नागरिकले समेत नागरिकता र राहदानीका लागि सदरमुकाम धाउनु परेको छ।"



तस्बिर : राधा लुइटेल

**कर्मचारीविहीन पाँचथरको याङवाराक-१, च्याङथापुको सीमा प्रशासन कार्यालय।**

पछिल्लो समय भने सरकारले नै यहाँ कर्मचारी खटाउन सकेको छैन। जसले 'सिंहदरबार गाउँघरमा' भन्ने नीति व्यवहारमा कार्यान्वयन हुन सकेको छैन। बेघाले भन्नुभयो, "सरकारले नागरिकलाई घर घरमै सेवा दिन्छौँ भनेको छ, तर यहाँ सामान्य सेवा लिन पनि सदरमुकाम पुग्नुपर्ने अवस्था छ, यसले गाउँघरमा सिंहदरबार भन्ने नारासमेत सार्थक हुन सकेन।"

### पाँच दशकमा १३४ नागरिकता

च्याङथापुस्थित सीमा प्रशासन कार्यालयबाट अख्तियारी लिएर नागरिकता वितरणसम्म गरिन्छ। सीमा आवतजावतको अनुमति, शान्तिसुरक्षा, चोरीनिकासी नियन्त्रण तथा बजार अनुगमनलगायतका काम हुनुपर्ने हो। कर्मचारी अभावमा कार्यालय बर्सौंदेखि प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन।

सीमा प्रशासन कार्यालयको अभिलेख अनुसार २०७२ सालमा छ महिनासम्म निमित्त प्रमुखमार्फत ४० वटा नागरिकता वितरण भएको थियो। त्यस्तै २०७६ साल जेठदेखि मङ्सिरसम्म अधिकृतमार्फत ९४ वटा नागरिकता वितरण गरिएको थियो। स्थापनाकालपछि यो कार्यालयबाट कुल १३४ वटा मात्रै नागरिकता जारी भएको छ। तर कार्यालयको सेवाक्षेत्रमा दुई हजारभन्दा बढी घरधुरी छन्।

पछिल्लो समय यहाँ २०७६ सालपछि कार्यालय नियमित सेवा सञ्चालन हुन सकेको छैन। याङवाराक गाउँपालिका-१ का वडाध्यक्ष राजेन्द्र खालिङले कार्यालय सञ्चालनका लागि पटक पटक पहल गरिए पनि कर्मचारी व्यवस्थापन हुन नसकेको बताउनुभयो। उहाँले सीमावर्ती तथा दुर्गम क्षेत्रका नागरिकलाई सदरमुकामसम्म धाउनुपर्ने बाध्यता अन्त्य गर्न सङ्घीय सरकारले कार्यालयमा कर्मचारी उपस्थित गराउनुपर्ने बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल भने मन्त्रालयबाट दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन हुन नसक्दा सेवा प्रवाहमा समस्या भएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "मन्त्रालयबाट दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन हुन नसक्दा कार्यालयबाट नियमित सेवा प्रवाहमा समस्या भएको हो।"

सङ्घीय सरकारले कर्मचारी खटाएका खण्डमा त्यहाँबाट नागरिकता जारी गर्न समस्या नभएको उहाँको भनाइ छ। सीमावर्ती चिवाभन्ज्याङ नजिकै रहेको च्याङथापुबाट याङवाराक गाउँपालिका-१ र २ का साथै ओयाम, बेतेनी, बर्मे र फलैँचाका दुई हजारभन्दा बढी घरपरिवारलाई सेवा दिने उद्देश्यले कार्यालय स्थापना गरिएको हो।

स्थापना भएको करिब पाँच दशक पुग्न लाग्दा समेत कार्यालयले नियमित सेवा दिन नसक्दा स्थानीय नागरिकले राज्यको उपस्थिति महसुस गर्न नसकेको गुनासो गरेका छन्। कर्मचारी कार्यस्थलमा नजाने अवस्था अन्त्य गरी सरकारले खटाएका कर्मचारीलाई च्याङथापुमै उपस्थित गराउनुपर्ने उनीहरूको माग छ।

# रोजगारीको प्रतीक्षामा सहिदकी श्रीमती

**बाबुराम कार्की**
*वराहक्षेत्र, भदौ २५ गते*

जेनजी आन्दोलनका क्रममा प्रहरीको गोली लागेर ज्यान गुमाएका इटहरी उपमहानगरपालिका-१४ का ४० वर्षीय मोहन सरदारको मृत्यु भएपछि उहाँकी श्रीमती मञ्जु सरदारले दुई छोरीको पालनपोषण गर्दै आउनुभएको छ। श्रीमान्‌को मृत्युसँगै परिवारको नियमित आम्दानीको स्रोत गुमेपछि मञ्जुलाई दैनिक गुजारा चलाउन कठिनाइ हुँदै आएको छ। सुनसरीको इटहरी-१४, आदर्शटोलको ऐलानी क्षेत्रमा रहेको घरमा मञ्जु अहिले दुई छोरीसहित बस्दै आउनुभएको छ। उहाँका एक आठ पाँच वर्षका छोरी छन्। आठ वर्षीय छोरी कक्षा १ मा र पाँच वर्षीय छोरी युकेजीमा अध्ययनरत छन्।

राज्यको सहयोगमा दुवै छोरीको पढाइ भइरहेको मञ्जुले बताउनुभयो। विद्यालयले पढाइसँगै कापीकिताब, ट्युसनलगायत शैक्षिक खर्चमा समेत सहयोग गर्दै आएको उहाँको भनाइ छ। मोहनको मृत्यु भएपछि परिवारको आम्दानीको आधार गुमेको र दुई छोरीको पालनपोषणको जिम्मेवारी आफूमा आएको मञ्जुले बताउनुभयो। सरकारले सहिद परिवारका सदस्यलाई रोजगारी दिने आश्वासन दिए पनि आफूले अहिलेसम्म रोजगारी नपाएको उहाँको गुनासो छ।

मञ्जुले भन्नुभयो, "म धेरै पढेकी छैन। मेरो क्षमता अनुसारको जुनसुकै काम दिए पनि गर्छु। छोरीहरूलाई पढाएर मात्रै हुँदैन, उनीहरूलाई खानलाउन र बिरामी हुँदा उपचार गर्न पनि खर्च चाहिन्छ। कमाउने मान्छे नै गुमेपछि समस्या भएको छ।"

रोजगारीको माग लिएर आफू काठमाडौँ पुगेर सम्बन्धित पक्षसँग भेटघाट गरेको उहाँले बताउनुभयो। गृहमन्त्रीसँग समेत भेट गरी आफूलाई रोजगारी उपलब्ध गराइदिन आग्रह गरेको मञ्जुको भनाइ छ।

गत वर्ष भदौ २३ गते इटहरीमा भएको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर मोहन सरदारसँगै इनरुवा नगरपालिका-६ का अभिषेक श्रेष्ठको समेत मृत्यु भएको थियो। आन्दोलनका क्रममा ज्यान गुमाएका परिवारका सदस्यलाई राज्यले सहयोग तथा रोजगारी उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि त्यसको कार्यान्वयनमा आफूहरू प्रतीक्षामा रहेको मञ्जुले बताउनुभयो। दीर्घकालीन रूपमा परिवार चलाउन आफूलाई रोजगारी आवश्यक रहेको उहाँको भनाइ छ।

मोहनलाल सरदार राजमिस्त्रीको काम गरेर दैनिक ज्यालामजदुरीबाट परिवारको जीविका चलाउँदै आउनुभएको थियो। उहाँकी श्रीमती भने वैदेशिक रोजगारीबाट फर्किनुभएको थियो। श्रीमान्‌को मृत्युको केही दिनपछि वैदेशिक रोजगारीमा फर्किन पाउनुभएन। वैदेशिक रोजगारीबाट कमाएर बनाएको घरमा अहिले उहाँ छोराछोरीसहित बस्दै आउनुभएको छ।


## Buddhilal Bidya Munar Campus
**Shambhunath Municipality-7, Bhagwatpur, Badahari, Saptari**

## Invitation for Bids (Hard Copy)

Invitation For Bids (IFB):-UGC/BBMC/Saptari/NCB/Works/01-2083/084
**Date of Publication: 2083/05/26 ( 11th September 2026 )**

1. **Buddhilal Bidya Munar Campus** received the fund from University Grant Commission, Sanothimi, Bhaktapur, Nepal and has allocated funds towards the cost of construction for the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. **Buddhilal Bidya Munar Campus, Saptari** invites (hard) **bids** from eligible bidders for following under National Bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents.
3. A complete set of Bidding Documents may be purchased from the employer office (Buddhilal Bidya Munar Campus, Shambhunath Municipality-7, Bhagwatpur, Badahari, Saptari) during office HOURS or may visit employer's Official website: https://bbmcampus.edu.np for more information.

| S. N. | Contract ID. | Description of Works | Estimated Cost (Excluding VAT) | Bid Security amount (Nrs.) | Cost of Bidding Documents (Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | UGC/BBMC/ Saptari/NCB/ Works/01-2083/084 | Construction of Administrative Building | NRs 51,87,696.80 | 1,42,000.00 | 3000.00 | Single Stage Two Envelope Procedure | 2083/06/16 (2nd Oct , 2026) at 12:00 Noon | 2083/06/16 (2nd Oct 2026) at 01:00 P.M. |

| Information to deposit the cost of bidding document in Bank: | Information to deposit the Bid Security in Bank: |
|---|---|
| Name of the Bank: **Rastriya Banijya Bank, Rajbiraj Branch**<br>Name of Office: **Shree Buddhilal Bidya Munar Campus**<br>**Rajaswa Account No.: 2180100004597001** | Name of the Bank: **Rastriya Banijya Bank, Rajbiraj Branch**<br>Name of Office Account: **Shree Buddhilal Bidya Munar Campus**<br>Office Account no.: **2180100004597001** |

4. Employer's Name : **Shree Buddhilal Bidya Munar Campus**
5. Email :**bbmcampus@gmail.com, Telephone (Cell) : 00977-9862933747**
6. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| नाम : **रिता देवी चौधरी**<br>ठेगाना : हाटि फर्साटिकर ०४, रुपन्देही<br>पति : दिल बहादुर चौधरी<br>ससुरा : बुद्धिमान सिह थारु<br>ना.प्र.नं.: ३७-०१-७०-१५५०१<br>जारी जिल्ला : रुपन्देही<br>मिति : २०७०/१२/२७ | नाम : **दिल बहादुर चौधरी**<br>ठेगाना : हाटि फर्साटिकर ०४, रुपन्देही<br>बाबु : बुद्धिमान सिंह थारु चौधरी<br>बाजे : जितराम थारु<br>ना.प्र.नं.: २१२५६<br>जारी जिल्ला : रुपन्देही<br>मिति : २०५९/३/१९ | १. हरि प्रसादको नाति जितराम थारुको छोरा बुद्धिमान सिं थारुको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता स्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, हाटि फर्साटिकर ०४,रुपन्देही , स्थित कि.नं. १२३६,१२३२ र १२२७ को क्षेत्रफल क्रमशः ०-३-१५,०-२-८, ०-४-१८ (बिगाहा) को घरजग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. जितराम थारुको नाति, बुद्धिमान सिंह थारुको छोरा धन बहादुर चौधरीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता स्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, बसन्तपुर ०४, स्थित कि.नं. ९२९ को क्षेत्रफल ०-०-९ (बिगाहा) को घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

### बानेश्वर शाखा

| १. | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राइटरको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण | |
|---|---|---|---|---|
| ने.बैं.लि. समृद्ध व्यवसाय चालू पुँजी कर्जा, ग्यारेन्टी ओ.डी. र गैह्रकोषीय कर्जा | नाम : **वैभव लक्ष्मी ट्रेड**<br>ठेगाना : का.म.न.पा. ३४ शान्तिनगर काठमाडौँ<br>दर्ता नं.: १११५२५।०६९।७०<br>दर्ता कार्यालय : वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग<br>मिति : २०७०।०२।२३<br>स्थायी लेखा नं. ६०११७७८१३<br>आन्तारिक राजस्व कार्यालयः काठमाडौँ १,<br>करदाता सेवा कार्यालयः नयाँ बानेश्वर<br>मिति : २०७०।०२।२३ | नाम : **प्रचन ढकाल**<br>ठेगाना : का.म.न.पा. ३४ काठमाडौँ<br>बाबु : प्रकाश चन्द्र ढकाल<br>बाजे : तारानाथ ढकाल<br>ना.प्र.नं.: २७२७१०६०/२२१०६/१७७८५, काठमाडौँ<br>जारी मिति : २०६५।०३।२६ | नाम : **ईशा बास्तोला**<br>ठेगानाः नेचा बतासे ६ सोलुखुम्बु<br>पति : प्रचन ढकाल<br>ससुरा : प्रकाश चन्द्र ढकाल<br>ना.प्र.नं. २७१०६०/१२४५७८, काठमाडौँ<br>जारी मिति : २०७०।१०।१३ | नाम : **अमिता ढकाल**<br>ठेगाना : काठमाडौँ ११, काठमाडौँ<br>पति : प्रकाश चन्द्र ढकाल<br>ससुरा : तारानाथ ढकाल<br>ना.प्र.नं. ९२४८४५, काठमाडौँ<br>जारी मिति : २०४५।०२।१६ |

**सुरक्षणको विवरण**

१. तारानाथ ढकालकी बुहारी, प्रकाश चन्द्र ढकालकी श्रीमती श्री अमिता ढकालको नाममा मालपोत कार्यालय लगनखेलमा दर्ता स्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका बुङ्गमती १ क, स्थित कि.नं. ११३ को क्षेत्रफल २३८.४३ व.मि.को घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. तारानाथ ढकालकी बुहारी, प्रकाश चन्द्र ढकालकी श्रीमती श्री अमिता ढकालको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता स्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका १६ स्थित कि.नं. २४२ को क्षेत्रफल १९७ व.मि.को घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

# नेपाल एसिया कप नजिक



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

दीपेन्द्रसिंह ऐरीको सानदार अलराउन्ड प्रदर्शनको सहयोगमा नेपालले बिहीबार अपत्यारिलो जित हासिल गरी एसिसी प्रिमियर कपको फाइनलमा स्थान बनाएको छ।

मलेसियाको वयुमास क्रिकेट ओभल स्टेडियममा भएको खेलमा नेपालले ओमानलाई ८७ रनले हरायो। पहिले ब्याटिङ गरेको नेपाल ४५.४ ओभरमा १४७ रनमा अलआउट भएको थियो। पहिलो पालिमा कमजोर ब्याटिङपछि नेपालको एसिया कप खेल्ने सपना चकनाचुर हुने सम्भावना थियो तर कप्तान सन्दीप लामिछाने र दीपेन्द्रसहित अन्य स्पिनर शेर मल्ल र रोहित पौडेलको सानदार बलिङ प्रदर्शनको सहयोगमा नेपालले ओमानलाई २८.१ ओभरमा ६० रनमा अलआउट गरेर एसिया कप खेल्ने सम्भावना कायम राखेको छ। नेपालविरुद्ध यो दोस्रो न्यून स्कोर हो। नेपालले अमेरिकालाई ३५ रनमा अलआउट गरेको कीर्तिमानका रूपमा रहेको छ।

अब नेपाल दोस्रो पटक एसिया कप खेल्नबाट एक पाइला मात्र टाढा छ। यो एसिया कपको छनोट प्रतियोगिता हो। यस प्रतियोगिताको उपाधि जित्ने टिमले एसिया कप खेल्ने प्रावधान रहेको छ। सन् २०२३ मा एसिसी प्रिमियर कपमा च्याम्पियन भएर नेपालले पहिलो पटक एसिया कप खेलेको थियो। अब नेपाल र संयुक्त अरब इमिरेट्स (युएई) बिच शनिबार हुने फाइनलको विजेताले आगामी एसिया कप खेल्ने छ। बिहीबारै भएको अर्को सेमिफाइनलमा युएईले हङकङलाई सजिलै सात विकेटले हराएको थियो। बङ्गलादेशमा हुने एसिया कप–२०२७ मा आयोजकसहित गत विजेता भारत, पाकिस्तान, श्रीलङ्का र अफगानिस्तानको पनि सहभागिता रहने छ।

नेपाल सामान्य स्कोरमा सीमित भएपछि नेपालका कप्तान सन्दीपले टस जितेर गरेको पहिले ब्याटिङको निर्णय गलत देखिएको थियो तर स्पिनरहरू सन्दीप र दीपेन्द्रले तीन/तीन तथा ललित राजवंशी र रोहित पौडेलले दुई/दुई विकेट लिएर ओमानको पालि धराशायी पार्दै नेपालले सानदार पुनरागमन जित हासिल गर्‍यो।

ओमानका लागि प्रारम्भिक ब्याट्सम्यान जतिन्दर सिंह ४१ बलमा बनाएको २५ रन नै सर्वाधिक थियो। स्पिनर ललितले नेपाललाई न्यून स्कोर रक्षा गर्नका लागि चाहिएको सुरुवात दिलाउनुभयो। उहाँले पहिलो ओभरमै हस्नैन उल वहाब (०) र आफ्नो अर्को ओभरमा करन सोनाभाले (३ रन) लाई आउट गरेपछि नेपाल खेलमा फर्किएको हो। ललितले पाँच ओभरमा मात्र १२ रन खर्चनुभयो। त्यसपछि ओमानको मध्यक्रमलाई कमजोर पार्ने जिम्मेवारी कप्तान सन्दीपले लिनुभयो। सन्दीपले जतिन्दर, हमाद मिर्जा (५ रन) र जय (४ रन) लाई आउट गर्नुभयो। यस प्रतियोगितामा सन्दीप १५ विकेटसहित सर्वाधिक विकेटकर्ताको सूचीमा शीर्ष स्थानमा रहनुभएको छ। रोहितले पनि मध्यक्रमका दुई ब्याट्सम्यान जितेन रामानन्दी (१३ रन) र मुजिबुर अली (१ रन) लाई पवेलियन फर्काएर सन्दीपलाई उचित साथ दिनुभयो। त्यसपछि दीपेन्द्रले पुछारका ब्याट्सम्यानलाई आउट गरेर ओमानको पालि चाँडै सकाउनुभयो।

यसअघि नेपालका लागि दीपेन्द्रले ७६ बलमा चार चौकासहित सर्वाधिक ५१ रन पनि बनाउनुभएको थियो। दीपेन्द्र अलराउन्ड प्रदर्शनसहित 'म्यान अफ दी म्याच' घोषित हुनुभयो। बसिर अहमदले पनि ४७ रनको महत्त्वपूर्ण पालि खेल्नुभयो। यी दुईले पाँचौँ विकेटका लागि ९३ रनको साझेदारी निर्वाह गरेपछि नेपालले सङ्घर्ष गर्न सक्ने स्कोर तयार पारेको थियो। बसिरलाई अर्जुन कुमालको स्थानमा ओमानविरुद्ध खेल्ने अवसर दिइएको हो। टिम व्यवस्थापनको बसिरलाई खेलाउने निर्णय पनि सही साबित भएको छ।

प्रारम्भिक ब्याट्सम्यानद्वय देव खनालले १३ र आसिफ शेखले ११ रन मात्र बनाउनुभयो। त्यसपछि ईशान पाण्डे र रोहितको ब्याटबाट मात्र एक र तीन रन निस्केपछि नेपालले ३६ रन बन्दा चार विकेट गुमाएको थियो। दीपेन्द र बसिरको साझेदारीपछि नेपालका अन्य ब्याट्सम्यानले पनि निराश पारे। गुल्सन झा सात, करण केसी पाँच, सन्दीप तीन र शेर मल्ल शून्यमै आउट हुनुभएको हो। ओमानका लागि जय भिराम ओडेडारा र हस्नैन शाहले तीन/तीन तथा मोहम्मद इमरानले दुई विकेट लिनुभयो।

कप्तान सन्दीपले जितपछि दीपेन्द्र र बसिरको प्रशंसा गर्नुभयो। (दीपेन्द्र र बसिरले सङ्कटको समयमा उत्कृष्ट साझेदारी गरी नेपाललाई सङ्घर्ष गर्न मिल्ने स्कोरसम्म पुर्‍याए," उहाँले भन्नुभयो। यसै गरी 'म्यान अफ दी म्याच' दीपेन्द्रले नेपालले चाँडै चार विकेट गुमाएपछि बसिरसँग सकेसम्म लामो साझेदारी गर्ने सल्लाह अनुरूप दुवैले ब्याटिङ गरेको जानकारी दिनुभयो।

# अन्नपूर्ण एनभिएलको फाइनलमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

अन्नपूर्ण स्पाइकर किङ्ग्स एक्सट्रिम इनर्जी ड्रिङ्क नेपाल भलिबल लिग (एनभिएल) मा बिहीबार फाइनलमा प्रवेश गरेको छ। अन्नपूर्ण १२ अङ्कको अग्रतासहित अङ्क तालिकामा शीर्ष स्थानमा रहँदै उपाधि भिडन्तमा पुगेको हो। लिगमा शीर्ष स्थानमा रहने टोली सोझै फाइनलमा पुग्ने प्रावधान छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा अन्नपूर्णले सगरमाथा स्म्यासर्सलाई ३–१ को सेटमा पराजित गर्‍यो। पहिलो सेटमा २१–२५ ले पछि परेको अन्नपूर्णले बाँकी सेटको नतिजा लगातार आफ्नो पक्षमा पार्‍यो। अन्नपूर्णले दोस्रोमा २५–२३, तेस्रोमा २५–१४ र चौथोमा २५–२० को प्रदर्शन गर्दै जित सुनिश्चित गर्‍यो। अन्नपूर्णका एन्ख एर्डेन जार्गाल्ट्सगोट 'म्यान अफ दी म्याच' घोषित हुनुभयो।

छ टिम सहभागी लिगमा अन्नपूर्णको यो लगातार चौथो जित हो। अन्नपूर्ण पहिलो खेलमा कर्णाली शिवराजसँग ३–१ ले पराजित भएको थियो। अन्नपूर्णले दोस्रो खेलमा काठमाडौँ रेड्सलाई ३–०, तेस्रोमा मधेश वारियर्सलाई ३–१ र खप्तड फाल्कन्सलाई ३–० ले हराएको थियो।

सगरमाथा लगातार तेस्रो हारसँगै प्रतियोगिताबाट बाहिरिएको छ। अन्नपूर्णसँग पराजित हुनुअघि सगरमाथा कर्णालीसँग ३–२ तथा काठमाडौँ रेड्ससँग ३–० ले चुकेको थियो। दुई खेल जितेको सगरमाथाले मधेशलाई ३–१ र खप्तडलाई ३–० ले हराएको थियो।

बिहीबारै प्लेअफमा स्थान बनाइसकेको कर्णाली शिवराजले लिग चरणको आफ्नो अन्तिम खेलमा मधेश वारियर्सलाई हराएको छ। कर्णालीले मधेशविरुद्ध २०–२५, २०–२५, २५–२१ र १९–२५ को नतिजामा विजयी हासिल गर्‍यो। पुछारबाट दोस्रो स्थानमा रहेको मधेश प्लेअफ समीकरणबाट यसअघि नै बाहिरिसकेको थियो। दोस्रो स्थानको कर्णालीले शुक्रबार हुने प्लेअफमा काठमाडौँ रेड्ससँग प्रतिस्पर्धा गर्ने छ। सो खेलको विजेताले च्याम्पियन बन्न अन्नपूर्णसँग खेल्ने छ।

# एसियाड टोलीको बिदाइ



तस्बिर : विकास द्वारे

**यलु जोशी**
*काठमाडौँ, भदौ २५ गते*

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बुधबार २० औँ एसियाली खेलकुदमा सहभागी हुने नेपाली टोलीलाई शुभकामनासहित बिदाइ गर्नुभएको छ। जापानको आइची नायोगामा एसियाली खेलकुद असोज ३ देखि १८ गतेसम्म हुँदै छ।

मन्त्री पोखरेलले बिदाइ कार्यक्रममा नेपाली खेलाडीलाई उच्च मनोबल र दृढताका साथ जितका लागि खेल्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "सीमित स्रोत भए पनि खेलाडीले अनुशासन र मेहनतका साथ खेलिरहनुभएको छ। नेपालको शिर उच्च राख्न तपाईंहरूले गर्नुभएको मेहनत र लगनशीलताप्रति गर्वलायक छ।" मन्त्री पोखरेलले एसियाली खेलकुदमा खेलाडीले नेपाललाई नयाँ उचाइमा लाने विश्वास व्यक्त गर्नुभयो। देशका लागि पदक ल्याउनु ठुलो उपलब्धि हो तर त्यसमा सफल नभएका खेलाडीलाई पनि सरकारले उत्तिकै सम्मानका साथ स्वागत गर्ने मन्त्री पोखरेलको भनाइ छ। उहाँका अनुसार खेलमा हार र जित हुन्छ, महत्त्वपूर्ण भनेको शतप्रतिशत दिएर खेल्ने हो।

नेपालले जापानमा हुने एसियाडामा २१ वटा खेलमा सहभागिता जनाउने छ। नेपालबाट खेलाडी, पदाधिकारी गरी २११ जना सहभागी हुने छन्। जसमा २१ खेलका ५७ जना महिला र ७८ जना पुरुष गरी १३५ जना खेलाडी, २९ जना प्रशिक्षक र १७ व्यवस्थापक तथा खेल प्राविधिक दुई जना गरी जम्मा १८४ जना सहभागी हुने छन्। यसै गरी छ जनाको मेडिकल टिम, चार जना पत्रकारसहित विशिष्ट अतिथि, सेभ दी मिसन, डेपुटी सेभ दी मिसन र अन्य अफिसियलसमेत गरी नेपालबाट यस पटकको एसियाली खेलकुदमा जम्मा २११ जना सहभागी हुने छन्।

नेपालबाट आर्चरीमा चार, एथलेटिक्समा आठ, ब्याडमिन्टनमा छ, बक्सिङमा १०, ऱ्याफ्टिङ/क्यानोइङमा दुई, क्रिकेटमा १५, साइक्लिङमा दुई खेलाडीले खेल्ने छन्। यसै गरी नेपालबाट गल्फमा चार, साइक्लिङमा दुई, जुडोमा छ, कबड्डीमा २४, कराँतेमा आठ, स्केट एन्ड स्केट बोर्डिङ दुई, सफ्ट टेनिसमा चार, स्क्वासमा दुई, पौडीमा पाँच, तेक्वान्दोमा तीन, टेनिसमा पाँच, भलिबलमा १२, कुस्तीमा छ, उसु खेलमा १० खेलाडीको सहभागिता हुने छ। नेपालले यस पटक स्वर्णसहित दोहोरो अङ्कमा पदक जित्ने लक्ष्य लिएको छ। एसियाडकै लागि नेपाली खेलाडी तीन वर्षदेखि विशेष प्रशिक्षणमा रहेका छन्। यसै गरी नेपाली खेलाडीलाई दुई महिनादेखि बन्द प्रशिक्षणमा राखेर उच्च स्तरको प्रशिक्षण प्रदान गरिएको छ।

## कला/साहित्य

### 'लौरो' मञ्चन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

नाटक 'लौरो' को मञ्चन सुरु भएको छ। ललितपुर–१५, सातदोबाटोस्थित ब्राइट फ्युचर माध्यमिक विद्यालयका विद्यार्थी अभिनीत नाटकको मञ्चन कुञ्ज थिएटरमा सुरु भएको हो।

नाटक हजुरबुवा र नातिनीको सम्बन्धको कथा हो। युवाहरू आफ्नो र आफ्ना सन्तानको उज्ज्वल भविष्य भन्दै बिदेसिने र त्यसले निम्त्याएको समस्या जस्तै– गाउँमा युवाको अभाव, बुवाआमाको एक्लोपन, पारिवारिक दुरी नाटकमा दर्साउन खोजिएको निर्देशक अवस्थीले बताउनुभयो। नातिनी आफ्नो बुवाआमा भेट्ने पर्खाइमा छिन् भने हजुरबुवा र हजुरआमा छोराबुहारी भेट्ने पर्खाइमा। यसरी हजुरबुवाले नातिनीको र नातिनीले हजुरबुवाको लौरोको काम गरिरहेका छन्। यो नै नाटक 'लौरो' को कथा हो।

संरक्षण मिश्र, रिमुन दाहाल, सुशना सन्जेल, अग्रता अधिकारी, आरोग्य श्रेष्ठ, अभिमान श्रेष्ठ, अभिमन्यु भट्टलगायतको अभिनय रहेको नाटकको मञ्च व्यवस्थापन प्रसिज घिमिरेले, प्रप्स व्यवस्थापन रेश्मी राईले, प्रकाश परिकल्पना प्रकाश दाहालले गर्नुभएको छ। रुबिन सुनार सहायक निर्देशकका रूपमा देखिनुभएका नाटकको लेखन तथा निर्देशन पुष्पराज अवस्थीले गर्नुभएको हो।

नाटक मञ्चनले विद्यार्थीलाई अभिनयको सिप मात्र नभई संवादकला, अभिव्यक्ति क्षमता, समूहमा काम गर्ने संस्कार, समय व्यवस्थापन र आत्मविश्वास विकास गर्ने महत्त्वपूर्ण अवसर प्रदान गर्ने विद्यालयका प्रशासन प्रमुख रामरमण हुमागाईंले बताउनुभयो। नाटक शनिबारसम्म दैनिक तीन सो मञ्चन हुने छ।

# किन्नरको कथा 'एलिफेन्ट इन दी फग'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*



'एलिफेन्ट इन दी फग' (तिनीहरू) चलचित्रको कथावस्तु किन्नर समुदायको विषयमा आधारित छ। मानवताका बारेमा मानव समुदाय नै झन् बढी चुकेको अनुभूति चलचित्रले गराउँछ। समाजले हिजडाका रूपमा चिन्ने किन्नर समुदायलाई हेर्ने दृष्टिकोणप्रति सोच्न बाध्य बनाउँछ। किन्नर समुदायलाई आफ्नै समाजमा मान्छे भएर बाँच्न कति कठिन छ भन्ने विविध पक्षको अनुभूति पनि चलचित्रमा गर्न सकिन्छ।

जङ्गली हात्तीको गस्ती गर्न गएकी छोरी हराएपछि खोजीमा हिँडेकी आमाको भावनात्मक कथाले अन्त्यसम्म दर्शकलाई बाँधिरहन्छ। किन्नर समुदायकी पात्र पिरतीले आफ्नी हराएकी छोरी अप्सरालाई खोज्न गरेको चरम सङ्घर्ष नै चलचित्रको मूल कथा हो। मातृत्वको भावना उत्कृष्ट रूपमा चलचित्रमा प्रस्तुत गरिएको छ। मातृत्वको अनुभूति लैङ्गिक रूपमा महिलाले मात्रै बढी गर्न सक्छन् भन्ने हाम्रो आमबुझाइ सङ्कुचित रहेछ भन्ने लाग्छ। किन्नर समुदायका व्यक्ति आमा बन्न नसके पनि भावनात्मक रूपमा मातृत्व दिन सक्छन् भन्ने पाटोलाई चलचित्रमा निकै गहिरो रूपमा उजागर गरिएको छ। भावनात्मक संवेदना लैङ्गिकतामा मात्रै आधारित हुँदैन भन्ने दृष्टिकोण चलचित्रको छ।

तिनीहरूप्रति जङ्गली हात्तीले देखाउने जति संवेदना र सहिष्णुता समाजले देखाउँदैन। चलचित्रमार्फत हाम्रो सामाजिक संरचनामा पछाडि परेको किन्नर समुदायको जीवन सङ्घर्ष, हिजडा भनेर गरिने दुर्व्यवहारलगायतका विविध आयाम बुझ्न सकिन्छ।

चलचित्रमा कलाकारले जीवन्त अभिनय गरेका छन्। चलचित्रमा अभिनय प्राकृतिक छ। अनावश्यक तामझाम गरिएको छैन। पहिलो पटक चलचित्रमा काम गरेका कलाकारको अभिनय पनि तारिफयोग्य छ। सुरुवातमा दृश्यको लय सहज लाग्दैन तर कथा अगाडि बढ्दै जाँदा स्पष्ट र बलियो बनेको छ। दर्शकलाई अब के होला भन्ने प्रश्नले निकै बलियोसँग बाँध्न चलचित्र सफल भएको छ।

अविनाशविक्रम शाहको चलचित्र 'एलिफेन्ट इन दी फग' १९ औँ एसिया प्यासिफिक स्क्रिन अवार्ड्समा तीन विधामा मनोनयनमा परेको छ। एसिया प्यासिफिक स्क्रिन एकेडेमीले ३२ देश तथा क्षेत्रका ३६ चलचित्र समेटिएको मनोनयन सूची सार्वजनिक गरेको छ।

'एलिफेन्ट इन दी फग' उत्कृष्ट चलचित्र, उत्कृष्ट निर्देशक र उत्कृष्ट अभिनय विधामा मनोनीत भएको एसिया प्यासिफिक स्क्रिन एकेडेमीले जनाएको छ। 'एलिफेन्ट्स इन दी फग' ले जर्मनी, ब्राजिल, फ्रान्स र नर्वेसँग सहकार्य गरेको छ। अवार्ड अस्ट्रेलियामा अक्टोबर ३० मा हुने छ। 'एलिफेन्ट्स इन दी फग' गत शुक्रबारबाट घरेलु बक्स अफिसमा प्रदर्शन भइरहेको छ।

यस चलचित्रमा अभिनेत्री गौरी मल्ल, माओत्से गुरुङ, पुष्पा थिङ लामा, दीपिका यादव, जस्मिन विश्वकर्मा, एलिज घिमिरे, महिमा नवबाग, आकाङ्क्षा कार्कीलगायतको अभिनय छ।

निर्देशक शाहकै पटकथा रहेको चलचित्रमा अविनाशविक्रम शाह र सन्दीप बादलको कथा छ। चलचित्र निर्मातामा नेपालका अनुप पौडेल, फ्रान्सका जस्टिन पेचबर्टी र डेमियन मेघेर्बी, जर्मनीका माइकल हेनरिक्स रहनुभएको छ। सहनिर्मातामा प्रचण्डमान श्रेष्ठ, ब्रजिलबाट तातियाना लेइते, लेओनार्दो मेक्की, पल जिस्लर, भेरोना मेइर स्टोर्म, मार्टिन रेचबक, सुसन्ने मान, कुमुदिनी गुरुङ श्रेष्ठ र सोहम ढकाल हुनुहुन्छ।

चार्ल्स अडिनेट लाइन प्रोड्युसर रहेको चलचित्रका एसोसिएट निर्माता नायिका केकी अधिकारी, प्रतीक सुवेदी र प्रतिभा जोशी तथा अन्डरग्राउन्ड टकिज नेपालका तर्फबाट सहनिर्मातामा प्रवेश गुरुङ, एसोसिएट निर्माता आदित्य बस्नेत, अनुज पौड्याल, सन्तोष भट्टराई, बेन्जामिन ग्रुब्स हुनुहुन्छ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम्।

**मेष**: जलजन्य वस्तु लाभदायी रहने छन्। सामाजिक कार्यमा रुचिका साथै प्रतिष्ठा पनि बढ्ने छ।

**वृष**: दिन खर्चिलो रहन सक्ने छ। आर्थिक अस्थिरताका साथै कार्यक्षेत्र परिश्रमयुक्त रहन सक्ने छ।

**मिथुन**: साङ्गीतिक क्षेत्रबाट लाभ रहने छ। भौतिक सुखका साथै अध्यात्ममा संलग्नता बढ्ने छ।

**कर्कट**: द्रव्य लाभ हुने छ। कान्ति वृद्धिका साथै जलीय वस्तुबाट सुख रहने छ।

**सिंह**: व्यवसायमा वृद्धि हुने छ। मित्र मिलनका साथै पारिवारिक सुख मिल्ने छ।

**कन्या**: ग्रहगोचर कमजोर देखिन्छ। कार्यक्षेत्र अस्थिर रहनुका साथै मित्र भय रहने छ।

**तुला**: व्यवसाय वृद्धि हुने छ। प्राविधिक क्षेत्रबाट लाभका साथै अध्ययनमा रुचि बढ्ने छ।

**वृश्चिक**: धार्मिक कार्यमा रुचि बढ्ने छ। द्रव्य लाभका साथै प्रिय सुख मिल्ने छ।

**धनु**: सिर्जनात्मक पक्ष सुखद रहने छ। भौतिक वस्तु लाभका साथै आम्दानीका स्रोत बढ्ने छन्।

**मकर**: व्यवसाय मध्यम रहने छ। शत्रुपक्ष सबल रहने भएकाले निर्णयमा सजग रहनुहोला।

**कुम्भ**: नयाँ कार्यप्राप्तिको योग देखिन्छ। सन्तति सुखका साथै यात्राका योग देखिन्छन्।

**मीन**: अध्ययनमा रुचि जाग्ने छ। कलात्मक पक्ष सुखद रहनुका साथै आर्थिक लाभ हुने छ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल भदौ २६ गते (सेप्टेम्बर ११, २०२६) शुक्रबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५२।४१ | १५३।०१ |
| युरो | १ को रु. | १७७।३२ | १७८।०२ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०६।५३ | २०७।३४ |
| स्विस फ्रैङ्क | १ को रु. | १८८।०६ | १८८।८० |
| अस्ट्रेलियन डलर | १ को रु. | १०९।८९ | ११०।३२ |
| क्यानेडियन डलर | १ को रु. | ११०।३७ | ११०।८० |
| सिङ्गापुर डलर | १ को रु. | १२०।४७ | १२०।९४ |
| जापानी येन | १० को रु. | ९।९२ | ९।९६ |
| चिनियाँ युआन | १ को रु. | २२।७३ | २२।८२ |
| साउदी अरब रियाल | १ को रु. | ४०।५९ | ४०।७५ |
| कतारी रियाल | १ को रु. | ४१।८१ | ४१।९८ |
| थाई भाट | १ को रु. | ४।६३ | ४।६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।४९ | ४१।६६ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३७।४९ | ३७।६४ |
| दक्षिण कोरियन वन | १०० को रु. | ११।३५ | ११।४० |
| स्विडिस क्रोनर | १ को रु. | १५।८८ | १५।९४ |
| डेनिस क्रोनर | १ को रु. | २३।७२ | २३।८१ |
| हङकङ डलर | १ को रु. | १९।४४ | १९।५१ |
| कुवेती दिनार | १ को रु. | ४९७।०२ | ४९८।९७ |
| बहराइन दिनार | १ को रु. | ४०४।२४ | ४०५।८४ |
| ओमानी रियाल | १ को रु. | ३९५।८६ | ३९७।४२ |

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# जेनजी सहिद र घाइतेको संयुक्त कला प्रदर्शनी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*



तस्बिर : सागर बस्नेत

जेनजी आन्दोलनका सहिद कलाकार विनोद महर्जन र सोही आन्दोलनका घाइते फोटोग्राफर दीपेन्द्र ढुङ्गानाले खिच्नुभएका तस्बिरको विशेष प्रदर्शनी भइरहेको छ। नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानद्वारा जेनजी सहिद दिवसको अवसर पारेर आयोजित 'प्रतिध्वनि' कला प्रदर्शनीमा राखिएका कलाकृति र तस्बिरले उहाँहरूको योगदानलाई पुनः स्मरण गराएको छ।

गत वर्ष जेनजी आन्दोलनमा सहिद भएका महर्जन बहुप्रतिभाशाली कलाकार हुनुहुन्थ्यो। मूर्तिकला, काष्ठकला, धातुकला, चित्रकला तथा परम्परागत कलाका विभिन्न विधामा दक्ष महर्जन कलाक्षेत्रमै सक्रिय हुनुहुन्थ्यो। ललितपुर महानगरपालिका–७, पाटन सुन्धारा–दुपातका महर्जनले २०७० सालदेखि धातुको मूर्तिको मुहार चित्रण गर्दै आउनुभएको थियो। सुन तथा चाँदीको 'इलेक्ट्रोप्लेटिङ' मा समेत महर्जन दक्ष हुनुहुन्थ्यो।

धातु, काठका मूर्तिमा बुट्टा भर्ने कलाकार महर्जन क्यानभासमा पनि चित्र सिर्जना गर्नुहुन्थ्यो। परम्परागत सिप, पारिवारिक ज्ञान र निरन्तर अभ्यासबाट कलाक्षेत्रमा उदाएका प्रतिभाशाली कलाकार महर्जन जेनजी आन्दोलनमा सधैँका लागि भौतिक रूपमा बिदा हुनुभयो। कलाकार महर्जन ठेचोमा पुस्तैनी रूपमा मूर्ति निर्माण गर्ने परिवारसँग सम्बन्धित हुनुहुन्थ्यो। उहाँले करिब दुई दशकदेखि देवीदेवताका मूर्ति निर्माण गर्दै आउनुभएको थियो। उहाँ मैनबाट मूल आकृति तयार गर्ने, साँचो बनाउने, धातु ढालेर मूर्ति निर्माण गर्ने काम पनि गर्नुहुन्थ्यो। उहाँले बनाएका मूर्ति नेपालबाहिर मलेसिया, चीन, थाइल्यान्ड तथा युरोपेली देशसम्म पुगेका थिए।

चित्रकला र मूर्तिकलासँगै उहाँ बाँसुरी तथा धिमेबाजा बजाउन पनि दक्ष हुनुहुन्थ्यो। परिवारका अनुसार उहाँको घरका भित्ता आफूद्वारा सिर्जित मूर्ति र चित्रले सजिएका छन्। राजनीतिक दलमा आबद्ध नभएका कलाकार महर्जन भ्रष्टाचार तथा सुशासनको पक्षमा आवाज उठाउन २०८२ साल भदौ २३ गते जेनजी आन्दोलनमा सहभागी हुँदा सहिद हुनुभयो।

यसै गरी सोही आन्दोलनका क्रममा घाइते हुनुभएका युवा फोटोग्राफर ढुङ्गानाको सिर्जना, स्मृति र कलात्मक योगदानलाई सम्मानपूर्वक स्मरण गर्दै उहाँले आन्दोलनका क्रममा खिच्नुभएका तस्बिरको विशेष प्रदर्शनी 'प्रतिध्वनि' मै सम्मिलित गरिएको छ। नयाँ पत्रिकामा आबद्ध ढुङ्गानाले बिबिसी, नोओस्फियर, मोङ्गाबे र निक्केई एसिया जस्ता अन्तर्राष्ट्रिय सञ्चार माध्यममा पनि आबद्ध भई काम गर्नुभएको छ। विसं २०८२ भदौ २३ मा नयाँ बानेश्वरमा जेनजी आन्दोलनको तस्बिर खिचिरहेका बेला आन्दोलन हिंसात्मक बनेपछि उहाँको कानमुनि रबरको गोली लागेको थियो। यस प्रदर्शनीमा राखिएका उहाँका तस्बिरले जेनजी आन्दोलनको सम्झना गराएको छ। आइतबारसम्म चल्ने प्रदर्शनी अवलोकन गरेर जेनजी आन्दोलनका सहिद एवं घाइतेका कामको सम्मान गर्न प्रतिष्ठानले आह्वान गरेको छ।

**गोरखापत्र संस्थान**का लागि महाप्रबन्धक **हिक्मतबहादुर रावल**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

राष्ट्को गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com




विराटनगर संस्करण | अर्थबजार | उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री साहद्वारा पदभार ग्रहण | नेपाल एसिया कप नजिक २४

वर्ष १२६ | अङ्क १२८ | २०८३ साल भदौ २६ गते शुक्रबार | भाद्र कृष्ण औँसी | नेपाल संवत् ११४६ गुँलागा १५ | 2026 September 11 Friday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ

## प्रधानमन्त्री शाहको अमेरिका भ्रमण स्वीकृत


प्रधानमन्त्री वालेन्द्र शाह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

प्रधानमन्त्री वालेन्द्र शाहको संयुक्त राज्य अमेरिका भ्रमण स्वीकृत भएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार बसेको मन्त्रीपरिषद् बैठकले प्रधानमन्त्रीको असोज ६ गतेदेखि १० गतेसम्म संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभामा सहभागी हुन अमेरिका जाने नेपाली प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने निर्णय भएको नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो। प्रधानमन्त्री महासभामा पुगेर जलवायु परिवर्तनले नेपाललाई पारेको असरका बारेमा विश्वको ध्यानाकर्षण गराउनुहुने छ।

शिक्षा तथा खेलकुदमन्त्रीसमेत रहनुभएका प्रवक्ता पोखरेलले प्रधानमन्त्रीको भ्रमणमा को को सहभागी हुने भन्ने बारेमा खुलाउनुभएन। भारतको नयाँ दिल्लीमा आयोजना हुने नेपाल–इन्डिया इन्टर–गभर्मेन्टल सबकमिटीको बैठकमा सहभागी हुने

### मन्त्रीपरिषद् निर्णय

नेपाली वार्ता टोली गठन गर्ने र अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रणसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय मन्त्रीपरिषद् बैठकमा भएको छ।

मन्त्री पोखरेलले काठमाडौँ, भक्तपुर, ललितपुर, सप्तरी र दाङ जिल्लाका कुल २७ स्थानीय तहका १७ हजार ४३८ गरिब घरपरिवारको सूची स्वीकृत गर्ने निर्णय भएको जानकारी दिनुभयो। शिक्षक सेवा आयोगको अध्यक्षमा डा. हरिप्रसाद लम्साल तथा सदस्यद्वयमा रामशरण सापकोटा र विष्णु घिमिरे रिमाललाई नियुक्त गर्ने निर्णय भएको उहाँले बताउनुभयो।

उहाँले सहसचिव विनोदबहादुर कुँवरलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रमुख सचिव पदमा पदस्थापन गर्ने र सहसचिव उत्तरकुमार खत्रीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रमुख सचिव पदमा पदस्थापन गर्ने निर्णय भएको जानकारी दिनुभयो। नयाँ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीले जिम्मेवारी समाल्नुभएकाले सहज रूपमा ग्यास उपलब्ध हुन सक्ने उहाँले बताउनुभयो।

भोटेकोशी बाढी
# पुनर्निर्माणमा सात खर्ब तेइस अर्ब लाग्ने अनुमान



### क्षेत्रगत बजेट अनुमान

- **राहत तथा अल्पकालीन पुनर्निर्माण** — आठ अर्ब ७३ करोड
- **ऊर्जा तथा ग्रिड** — तीन खर्ब ९० अर्ब ६२ करोड
- **सडक तथा यातायात** — ७३ अर्ब ३४ करोड
- **सामाजिक** — एक खर्ब तीन अर्ब ५४ करोड
- **व्यवसाय तथा उत्पादन** — ५० अर्ब ७७ करोड
- **विपत् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापन** — ९४ अर्ब ७५ करोड
- **लेदो तथा भग्नावशेष व्यवस्थापन** — ५१ करोड ५४ लाख

द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदन अनुसार दुई चरणको पुनर्निर्माणका लागि सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपियाँ आवश्यक पर्ने देखिएको हो।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीपछिको पुनर्निर्माणका लागि सात खर्ब रुपियाँभन्दा बढी स्रोत आवश्यक पर्ने सरकारले अनुमान गरेको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसहितको संयुक्त प्राविधिक टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदन अनुसार दुई चरणको पुनर्निर्माणका लागि सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपियाँ आवश्यक पर्ने देखिएको हो। यो रकम चालु आर्थिक वर्ष २०८३/८४ को कुल बजेटको तुलनामा ३४ प्रतिशत हुन आउँछ।

पुनर्निर्माणको पहिलो चरण अन्तर्गत आगामी छ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणका लागि आठ अर्ब ७३ करोड ५० लाख रुपियाँ लाग्ने अनुमान गरिएको छ। त्यस्तै दीर्घकालीन पुनर्निर्माणका लागि सात खर्ब १४ अर्ब ५८ करोड दुई लाख रुपियाँ खर्च हुने सरकारको अनुमान छ।

प्रतिवेदन अनुसार विपत्बाट सबैभन्दा धेरै प्रभावित हुनेमा पूर्वाधार क्षेत्र रहेको छ। जसको पुनरुत्थानका लागि चार खर्ब ७३ अर्ब ५७ करोड १९ लाख रुपियाँ स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ।

» बाँकी पृष्ठ २ मा

## जलवायु न्यायप्रति कोष सकारात्मक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

जलवायु परिवर्तनको उच्च मार खेपिरहेको नेपाललाई जलवायु न्याय दिलाउने आश्वासनसहित क्षति तथा नोक्सानी सम्बोधनका लागि कोष (फन्ड फर रेस्पोन्स टु लस एन्ड ड्यामेज) ले नेपाललाई जवाफ पठाएको छ।

नेपालले मागेको जलवायु न्यायप्रति कोष निकै सकारात्मक रहेको जवाफमा प्रस्ट्याइएको छ। कोषका सहअध्यक्षद्वय क्यामिला मिनर्भा रोड्रिगेज तभारेज र जर्ज बोर्स्टिङले कोषको कार्यालय अमेरिकाको वासिङ्टन डिसीबाट जवाफ लेख्नुभएको हो।

नेपालको जलवायु न्याय मागको जवाफी पत्र अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीलाई सम्बोधन गर्दै कोषले पठाएको छ। कोषबाट आएको सकारात्मक जवाफ नेपालका लागि निकै महत्त्वपूर्ण रहेको कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जानकारी दिनुभयो। नेपालमा विनाशकारी भोटेकोशी हिमबाढीको तत्काल जवाफ दिन नेपालको अनुरोधको जवाफ भनेर विषय औँल्याइएको छ। जवाफी पत्र सकारात्मक रहेको कोषका लागि अतिकम विकसित मुलुकका तर्फबाट प्रतिनिधित्व गर्नुभएका नेपालका जलवायुविज्ञ डा. मञ्जित ढकालले बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

## ‘बजेट अभाव हुन्न’


**डा. घनश्याम उपाध्याय**
अर्थसचिव

बाढीपछिको पुनर्निर्माणका लागि आवश्यक बजेट अभाव हुन दिँदैनौँ। यसका लागि पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राखेर राजस्वको महत्तम प्रयोग गर्ने र वैदेशिक सहायता परिचालनलगायत विकल्प प्रयोग हुन्छ। बाढीपछिको क्षतिको अझै विस्तृत विवरण आउन बाँकी नै रहेकाले त्यसपछि पुनर्निर्माणका लागि स्रोत व्यवस्थापनमा जुट्छौँ। अहिले सम्पूर्ण ध्यान राहत, उद्धारमै केन्द्रित छ।

## घाइतेको स्वास्थ्य सुधारोन्मुख

**कृष्ण आचार्य**
*काठमाडौँ, भदौ २५ गते*

नुवाकोट बेत्रावतीकी चण्डिका श्रेष्ठ रसुवा बाढीमा परी बेपत्ता हुनुभयो। भदौ १० गतेको बाढीसँगै बेपत्ता श्रेष्ठ आठ दिनसम्म नभेटिएपछि परिवारले कुशको शव बनाएर दाहसंस्कार गरिसकेका थिए तर किरिया बसेको चार दिनमा उहाँ सकुशल भेटिएको खबर आयो।

सशस्त्र प्रहरी बल ११ नम्बर गुल्मबाट खटिएको टोलीले ६४ वर्षीय श्रेष्ठलाई घरको चौथो तलाबाट उद्धार गरेको थियो। उद्धारलगत्तै श्रेष्ठलाई प्राथमिक उपचारपछि हेलिकोप्टरमार्फत काठमाडौँ ल्याएर छाउनीस्थित नेपाली सेनाको अस्पतालमा भर्ना गरियो। छाउनी अस्पतालमा केही समयको उपचारपछि उहाँलाई महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पताल ल्याइयो।

अस्पतालको आइसियुमा उपचार भइरहेको उहाँको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको अस्पतालले जनाएको छ। अस्पतालका सहायक सूचना अधिकारी कालीप्रसाद रोस्याराले घाइते श्रेष्ठको अवस्था सुधारोन्मुख रहेको जानकारी दिनुभयो। "अस्पतालमा ल्याइसकेपछि श्रेष्ठको स्वास्थ्यमा राम्रो सुधार भइरहेको छ," उहाँले भन्नुभयो, "लामो समय हिलोभित्र रहेकाले चिकित्सकको प्रत्यक्ष निगरानीमा आइसियुमा उपचार भइरहेको छ, अब छिट्टै सामान्य वार्डमा सार्ने तयारीमा छौँ।"

सहायक सूचना अधिकारी रोस्याराका अनुसार घाइते श्रेष्ठलाई घुँडा तथा श्वासप्रश्वासमा समस्या देखिएको थियो, जसको उपचार भइरहेको छ। "हिलोमा गडेकाले घुँडा फ्याक्चर भएको थियो, इन्फेक्सन र श्वासप्रश्वासमा पनि समस्या थियो, अहिले विस्तारै सुधार हुँदै गएको छ," उहाँले भन्नुभयो।

अन्य अस्पतालबाट रिफर भएर आउने बिरामीका कारण अस्पतालमा चाप बढेको उहाँको भनाइ छ। "त्रिवि शिक्षण अस्पतालमा अन्य विभिन्न अस्पतालबाट रिफर भएरसमेत बिरामी आउने गरेका छन्। त्यसैले पनि यहाँ बिरामीको सङ्ख्या धेरै थियो तर अवस्था सामान्य भएका बिरामीहरू डिस्चार्ज गर्दै आएका छौँ," रोस्याराले भन्नुभयो।

» बाँकी पृष्ठ २ मा

### अग्रलेख



#### परिणाममा आधारित सुशासन

कुनै पनि राष्ट्रको आर्थिक विकास, सामाजिक सद्भाव र मानव पुँजी निर्माणका लागि सुशासन अपरिहार्य हुन्छ। आर्थिक वृद्धि मात्र विकास होइन; त्यो वृद्धिबाट नागरिकको जीवनस्तरमा आएको सुधार, अवसरको विस्तार र न्यायपूर्ण वितरण पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

● **श्यामप्रकाश मैनाली**

» विचार पृष्ठ ४

फिलिपिन्समा पानीजहाज दुर्घटना
## पाँच जनाको मृत्यु, सतासी बेपत्ता



तटरक्षकले पूर्ण रूपमा आगोमा लपेटिएको पानीजहाजबाट केही मानिसलाई उद्धार गरेका छन्।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

फिलिपिन्समा पानीजहाज दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ भने ८७ जना बेपत्ता भएका छन्। फिलिपिन्सको तटरक्षक बलले यात्रुवाहक उक्त पानीजहाजमा आगलागी भएसँगै दुर्घटनामा परेको बताएका छन्।

एमभी जुन एस्टर नामको उक्त पानीजहाजमा ११७ जना यात्रु र १७ जना चालक दलका सदस्य सवार थिए। सो दुर्घटना पर्यटकमाझ चर्चित पलावन प्रान्तमा भएको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ। पलावन आफ्ना सुन्दर टापुहरू तथा आइल्यान्ड हपिङ, स्नोर्क्लिङ र डाइभिङका लागि प्रसिद्ध छ।

### अन्तर्राष्ट्रिय

तटरक्षकले पूर्ण रूपमा आगोमा लपेटिएको उक्त पानीजहाजबाट केही मानिसलाई र पानीबाट केही यात्रुको उद्धार गरेका छन्। बेपत्ता यात्रुको खोजी जारी छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको छ।

फिलिपिन्समा यस्ता समुद्री घटना बारम्बार हुने गर्छन्। सात हजार एक सय वटा टापुको देश फिलिपिन्समा अन्तरद्वीप पानीजहाज टापुहरूबिच मानिस र सामान ओसारपसार गर्ने सस्ता माध्यम हुन्। तीमध्ये केही टापुमा हवाईमार्गबाट पुग्न सम्भव छैन तर खराब मौसम, मनसुनी वर्षा र आँधीका कारण समुद्रमा ठुलो जोखिम हुने गर्छ।

फिलिपिन्समा हरेक वर्ष औसतमा २० वटा आँधी आउने गर्छन्, जसले समुद्रमा ठुलो छाल र अशान्त अवस्था सिर्जना गर्छ।

यसअघि सन् २०२३ मा देशको दक्षिणपश्चिम छेउमा एउटा यात्रुवाहक पानीजहाजमा आगलागी हुँदा ३१ जनाको मृत्यु भएको थियो। अहिले भएको घटनामा ८७ जना बेपत्ता रहेकाले फिलिपिन्समा भएका गम्भीर समुद्री दुर्घटनामध्ये यो ठुलो दुर्घटना हुने समाचारमा जनाइएको छ।

# जोडियो रसुवाको ‘लाइफलाइन’

**मित्र भण्डारी**
*देवीघाट (नुवाकोट), भदौ २५ गते*

भोटेकोशीको हिमबाढीले सडकसँगै पुलहरू बगाएपछि टुटेको रसुवाको सडक सम्पर्क पुनः जोडिएको छ। बाढीले तहसनहस बनाएको सडक सञ्जालमा तादी खोलाले थपेको अवरोध हटाउँदै नेपाली सेनाले ७२ घण्टाको ‘रनिङ टाइम’मा बेलिब्रिज निर्माण गरेर रसुवाको ‘लाइफलाइन’ पुनः सञ्चालनमा ल्याएको हो।

तादी खोलामाथि पुल बनेपछि गल्छीदेखि देवीघाट–त्रिशूली हुँदै मैलुङ, स्याफ्रुबेँसी र रसुवागढीसम्मको सडक सम्पर्क पुनर्स्थापित भएको छ। भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण हिमबाढीले रसुवातर्फ जाने सडक र पुलमा क्षति पुर्‍याएपछि उत्तरी रसुवाको बाहिरी जिल्लासँगको स्थल सम्पर्क प्रभावित भएको थियो।

सडक सम्पर्क टुट्दा स्थानीयवासीको आवागमन नै ठप्प भएको थियो। तादी खोलामाथि पुल निर्माण भएपछि रसुवातर्फको आवागमन र राहत तथा पुनर्स्थापनाको कामलाई ठुलो राहत पुगेको छ।

नुवाकोटको त्रिशूलीस्थित नेपाली सेनाको नं. १४ बाहिनी अड्डाको इन्जिनियरिङ टोलीले सडक विभाग तथा स्थानीय तहसँगको समन्वयमा तादी खोलामा ५७.९ मिटर लामो र ५.५ मिटर चौडा ‘एक्रो ब्रिज’ निर्माण गरेको हो। कुल ६० टन भारवहन क्षमता रहेको पुल बिहीबारदेखि सवारीसाधनका लागि सञ्चालनमा आएको छ।

सेनाले भदौ २० गतेबाट उक्त पुल निर्माण कार्य सुरु गरी ७२ घण्टामै तयार गरी स्थानीय


रसुवास्थित तादी खोलामा नेपाली सेनाले बनाएको पुल।

तह र आयोजनालाई पुल हस्तान्तरणसमेत गरेको छ। निर्माण सम्पन्न उक्त पुल सडक आयोजना र विदुर नगरपालिकालाई संयुक्त रूपमा हस्तान्तरण गर्दै उपरथी रन्जित थापाले विपत्को अवस्थामा छोटो समयमै महत्त्वपूर्ण संरचना निर्माण गर्न सक्नु सेनाको पूर्वतयारी र प्राविधिक क्षमताको परिणाम भएको बताउनुभयो।

"हामीले भदौ २० गतेदेखि निर्माण कार्य सुरु गरेका थियौँ। सामग्री ढुवानीको समयसमेत जोड्दा पाँच दिन लागेको भए पनि पुल निर्माणको वास्तविक ‘रनिङ टाइम’ ७२ घण्टा मात्र हो," उहाँले भन्नुभयो।

पुल निर्माणमा नेपाली सेनाको ५५ सदस्यीय इन्जिनियरिङ टोली अहोरात्र खटिएको थियो। खोलाको बहाव, मौसम र भौगोलिक अवस्थालाई ध्यानमा राख्दै टोलीले निरन्तर काम गरेपछि तोकिएको समयभन्दा निकै कम अवधिमा पुल निर्माण सम्पन्न भएको हो।

सेनाले विपत्का बेला तत्काल प्रयोग गर्न सकिने गरी देशका विभिन्न रणनीतिक स्थानमा बेलिब्रिज निर्माणका सामग्री भण्डारण गरेर राखेका कारण छिटो पुनर्स्थापना सम्भव भएको हो।

» बाँकी पृष्ठ २ मा

## सुरुङभित्र खोजी तीव्र

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन व्यक्तिको खोजीका लागि नेपाली सेनाले जलविद्युत् आयोजनाका सुरुङदेखि नदीकिनार र प्रभावित बस्तीमा खोजी अभियान तीव्र पारेको छ। उद्धारसँगै अवरुद्ध सडक तथा पुल सञ्चालन, पहुँच मार्ग निर्माण र आपत्कालीन स्वास्थ्य सेवासमेत समानान्तर रूपमा अगाडि बढाइएको छ। नेपाली सेनाले बिहीबार साँझसम्म हवाई साधनमार्फत थप ३० जनाको उद्धार गरेको छ। यससँगै बाढीपछि हवाई माध्यमबाट उद्धार गरिएकाको सङ्ख्या चार हजार १११ पुगेको छ। उद्धार गरिएकामध्ये तीन हजार ८२८ नेपाली र २८३ विदेशी नागरिक छन्।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार रसुवागढी जलविद्युत् आयोजनाको पावरहाउस, ट्रान्सफर्मर रुम तथा कन्ट्रोल प्वाइन्टमा संयुक्त टोलीले खोजी गरिरहेको छ।

त्यसै गरी लाङटाङ आयोजनामा २५ सदस्यीय सैनिक टोली सुरुङभित्र परिचालित छन्। चिलिमे जलविद्युत् आयोजनामा सुरुङमा जमेको लेदो हटाउँदै भारी उपकरण पुर्‍याउन पहुँच निर्माण भइरहेको छ। आयोजनास्थलसम्म सडकको ट्र्याक खोलिएको र सुरुङसम्म ३५ मिटर दुरी बाँकी रहेको सेनाले जनाएको छ।

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।   gorkhapatraonline.com




कोहलपुर संस्करण | अर्थबजार | उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री साहद्वारा पदभार ग्रहण | नेपाल एसिया कप नजिक २४

वर्ष १२६ | अङ्क १२८ | २०८३ साल भदौ २६ गते शुक्रबार | भाद्र कृष्ण औँसी | नेपाल संवत् ११४६ गुँलागा १५ | 2026 September 11 Friday | पृष्ठ : १२+८+४ | मूल्य : दस रुपियाँ

## प्रधानमन्त्री शाहको अमेरिका भ्रमण स्वीकृत



प्रधानमन्त्री वालेन्द्र शाह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

प्रधानमन्त्री वालेन्द्र शाहको संयुक्त राज्य अमेरिका भ्रमण स्वीकृत भएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार बसेको मन्त्रीपरिषद् बैठकले प्रधानमन्त्रीको असोज ६ गतेदेखि १० गतेसम्म संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभामा सहभागी हुन अमेरिका जाने नेपाली प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने निर्णय भएको नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो। प्रधानमन्त्री महासभामा पुगेर जलवायु परिवर्तनले नेपाललाई पारेको असरका बारेमा विश्वको ध्यानाकर्षण गराउनुहुने छ।

शिक्षा तथा खेलकुदमन्त्रीसमेत रहनुभएका प्रवक्ता पोखरेलले प्रधानमन्त्रीको भ्रमणमा को को सहभागी हुने भन्ने बारेमा खुलाउनुभएन। भारतको नयाँ दिल्लीमा आयोजना हुने नेपाल–इन्डिया इन्टर–गभर्मेन्टल सबकमिटीको बैठकमा सहभागी हुने

### मन्त्रीपरिषद् निर्णय

नेपाली वार्ता टोली गठन गर्ने र अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रणसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय मन्त्रीपरिषद् बैठकमा भएको छ।

मन्त्री पोखरेलले काठमाडौँ, भक्तपुर, ललितपुर, सप्तरी र दाङ जिल्लाका कुल २७ स्थानीय तहका १७ हजार ४३८ गरिब घरपरिवारको सूची स्वीकृत गर्ने निर्णय भएको जानकारी दिनुभयो। शिक्षक सेवा आयोगको अध्यक्षमा डा. हरिप्रसाद लम्साल तथा सदस्यद्वयमा रामशरण सापकोटा र विष्णु घिमिरे रिमाललाई नियुक्त गर्ने निर्णय भएको उहाँले बताउनुभयो।

उहाँले सहसचिव विनोदबहादुर कुँवरलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रमुख सचिव पदमा पदस्थापन गर्ने र सहसचिव उत्तरकुमार खत्रीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रमुख सचिव पदमा पदस्थापन गर्ने निर्णय भएको जानकारी दिनुभयो। नयाँ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीले जिम्मेवारी समाल्नुभएकाले सहज रूपमा ग्यास उपलब्ध हुन सक्ने उहाँले बताउनुभयो।

भोटेकोशी बाढी

# पुनर्निर्माणमा सात खर्ब तेइस अर्ब लाग्ने अनुमान



### क्षेत्रगत बजेट अनुमान

- राहत तथा अल्पकालीन पुनर्निर्माण — आठ अर्ब ७३ करोड
- ऊर्जा तथा ग्रिड — तीन खर्ब ९० अर्ब ६२ करोड
- सडक तथा यातायात — ७३ अर्ब ३४ करोड
- सामाजिक — एक खर्ब तीन अर्ब ५४ करोड
- व्यवसाय तथा उत्पादन — ५० अर्ब ७७ करोड
- विपत् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापन — ९४ अर्ब ७५ करोड
- लेदो तथा भग्नावशेष व्यवस्थापन — ५१ करोड ५४ लाख

द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदन अनुसार दुई चरणको पुनर्निर्माणका लागि सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपियाँ आवश्यक पर्ने देखिएको हो।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीपछिको पुनर्निर्माणका लागि सात खर्ब रुपियाँभन्दा बढी स्रोत आवश्यक पर्ने सरकारले अनुमान गरेको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसहितको संयुक्त प्राविधिक टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदन अनुसार दुई चरणको पुनर्निर्माणका लागि सात खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपियाँ आवश्यक पर्ने देखिएको हो। यो रकम चालु आर्थिक वर्ष २०८३/८४ को कुल बजेटको तुलनामा ३४ प्रतिशत हुन आउँछ।

पुनर्निर्माणको पहिलो चरण अन्तर्गत आगामी छ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणका लागि आठ अर्ब ७३ करोड ५० लाख रुपियाँ लाग्ने अनुमान गरिएको छ। त्यस्तै दीर्घकालीन पुनर्निर्माणका लागि सात खर्ब १४ अर्ब ५८ करोड दुई लाख रुपियाँ खर्च हुने सरकारको अनुमान छ।

प्रतिवेदन अनुसार विपत्बाट सबैभन्दा धेरै प्रभावित हुनेमा पूर्वाधार क्षेत्र रहेको छ। जसको पुनरुत्थानका लागि चार खर्ब ७३ अर्ब ५७ करोड १९ लाख रुपियाँ स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ।

» बाँकी पृष्ठ २ मा

## जलवायु न्यायप्रति कोष सकारात्मक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

जलवायु परिवर्तनको उच्च मार खेपिरहेको नेपाललाई जलवायु न्याय दिलाउने आश्वासनसहित क्षति तथा नोक्सानी सम्बोधनका लागि कोष (फन्ड फर रेस्पोन्स टु लस एन्ड ड्यामेज) ले नेपाललाई जवाफ पठाएको छ।

नेपालले मागेको जलवायु न्यायप्रति कोष निकै सकारात्मक रहेको जवाफमा प्रस्ट्याइएको छ। कोषका सहअध्यक्षद्वय क्यामिला मिनर्भा रोड्रिगेज तभारेज र जर्ज बोर्स्टिङले कोषको कार्यालय अमेरिकाको वासिङ्टन डिसीबाट जवाफ लेख्नुभएको हो।

नेपालको जलवायु न्याय मागको जवाफी पत्र अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीलाई सम्बोधन गर्दै कोषले पठाएको छ। कोषबाट आएको सकारात्मक जवाफ नेपालका लागि निकै महत्त्वपूर्ण रहेको कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जानकारी दिनुभयो। नेपालमा विनाशकारी भोटेकोशी हिमबाढीको तत्काल जवाफ दिन नेपालको अनुरोधको जवाफ भनेर विषय औँल्याइएको छ। जवाफी पत्र सकारात्मक रहेको कोषका लागि अतिकम विकसित मुलुकका तर्फबाट प्रतिनिधित्व गर्नुभएका नेपालका जलवायुविज्ञ डा. मञ्जित ढकालले बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

## ‘बजेट अभाव हुन्न’



**डा. घनश्याम उपाध्याय**
अर्थसचिव

बाढीपछिको पुनर्निर्माणका लागि आवश्यक बजेट अभाव हुन दिँदैनौँ। यसका लागि पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राखेर राजस्वको महत्तम प्रयोग गर्ने र वैदेशिक सहायता परिचालनलगायत विकल्प प्रयोग हुन्छ। बाढीपछिको क्षतिको अझै विस्तृत विवरण आउन बाँकी नै रहेकाले त्यसपछि पुनर्निर्माणका लागि स्रोत व्यवस्थापनमा जुट्छौँ। अहिले सम्पूर्ण ध्यान राहत, उद्धारमै केन्द्रित छ।

## घाइतेको स्वास्थ्य सुधारोन्मुख

**कृष्ण आचार्य**
*काठमाडौँ, भदौ २५ गते*

नुवाकोट बेत्रावतीकी चण्डिका श्रेष्ठ रसुवा बाढीमा परी बेपत्ता हुनुभयो। भदौ १० गतेको बाढीसँगै बेपत्ता श्रेष्ठ आठ दिनसम्म नभेटिएपछि परिवारले कुशको शव बनाएर दाहसंस्कार गरिसकेका थिए तर किरिया बसेको चार दिनमा उहाँ सकुशल भेटिएको खबर आयो।

सशस्त्र प्रहरी बल ११ नम्बर गुल्मबाट खटिएको टोलीले ६४ वर्षीय श्रेष्ठलाई घरको चौथो तलाबाट उद्धार गरेको थियो। उद्धारलगत्तै श्रेष्ठलाई प्राथमिक उपचारपछि हेलिकोप्टरमार्फत काठमाडौँ ल्याएर छाउनीस्थित नेपाली सेनाको अस्पतालमा भर्ना गरियो। छाउनी अस्पतालमा केही समयको उपचारपछि उहाँलाई महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पताल ल्याइयो।

अस्पतालको आइसियुमा उपचार भइरहेको उहाँको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको अस्पतालले जनाएको छ। अस्पतालका सहायक सूचना अधिकारी कालीप्रसाद रोस्याराले घाइते श्रेष्ठको अवस्था सुधारोन्मुख रहेको जानकारी दिनुभयो। “अस्पतालमा ल्याइसकेपछि श्रेष्ठको स्वास्थ्यमा राम्रो सुधार भइरहेको छ,” उहाँले भन्नुभयो, “लामो समय हिलोभित्र रहेकाले चिकित्सकको प्रत्यक्ष निगरानीमा आइसियुमा उपचार भइरहेको छ, अब छिट्टै सामान्य वार्डमा सार्ने तयारीमा छौँ।”

सहायक सूचना अधिकारी रोस्याराका अनुसार घाइते श्रेष्ठलाई घुँडा तथा श्वासप्रश्वासमा समस्या देखिएको थियो, जसको उपचार भइरहेको छ। “हिलोमा गडेकाले घुँडा फ्याक्चर भएको थियो, इन्फेक्सन र श्वासप्रश्वासमा पनि समस्या थियो, अहिले विस्तारै सुधार हुँदै गएको छ,” उहाँले भन्नुभयो।

अन्य अस्पतालबाट रिफर भएर आउने बिरामीका कारण अस्पतालमा चाप बढेको उहाँको भनाइ छ। “त्रिवि शिक्षण अस्पतालमा अन्य विभिन्न अस्पतालबाट रिफर भएरसमेत बिरामी आउने गरेका छन्। त्यसैले पनि यहाँ बिरामीको सङ्ख्या धेरै थियो तर अवस्था सामान्य भएका बिरामीहरू डिस्चार्ज गर्दै आएका छौँ,” रोस्याराले भन्नुभयो।

» बाँकी पृष्ठ २ मा

### अग्रलेख

**परिणाममा आधारित सुशासन**



कुनै पनि राष्ट्रको आर्थिक विकास, सामाजिक सद्भाव र मानव पुँजी निर्माणका लागि सुशासन अपरिहार्य हुन्छ। आर्थिक वृद्धि मात्र विकास होइन; त्यो वृद्धिबाट नागरिकको जीवनस्तरमा आएको सुधार, अवसरको विस्तार र न्यायपूर्ण वितरण पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

● **श्यामप्रकाश मैनाली**

» विचार पृष्ठ ४

फिलिपिन्समा पानीजहाज दुर्घटना

## पाँच जनाको मृत्यु, सतासी बेपत्ता



तटरक्षकले पूर्ण रूपमा आगोमा लपेटिएको पानीजहाजबाट केही मानिसलाई उद्धार गरेका छन्।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

फिलिपिन्समा पानीजहाज दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ भने ८७ जना बेपत्ता भएका छन्। फिलिपिन्सको तटरक्षक बलले यात्रुवाहक उक्त पानीजहाजमा आगलागी भएसँगै दुर्घटनामा परेको बताएका छन्।

एमभी जुन एस्टर नामको उक्त पानीजहाजमा ११७ जना यात्रु र १७ जना चालक दलका सदस्य सवार थिए। सो दुर्घटना पर्यटकमाझ चर्चित पलावन प्रान्तमा भएको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ। पलावन आफ्ना सुन्दर टापुहरू तथा आइल्यान्ड हपिङ, स्नोर्क्लिङ र डाइभिङका लागि प्रसिद्ध छ।

### अन्तर्राष्ट्रिय

तटरक्षकले पूर्ण रूपमा आगोमा लपेटिएको उक्त पानीजहाजबाट केही मानिसलाई र पानीबाट केही यात्रुको उद्धार गरेका छन्। बेपत्ता यात्रुको खोजी जारी छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको छ।

फिलिपिन्समा यस्ता समुद्री घटना बारम्बार हुने गर्छन्। सात हजार एक सय वटा टापुको देश फिलिपिन्समा अन्तरद्वीप पानीजहाज टापुहरूबिच मानिस र सामान ओसारपसार गर्ने सस्ता माध्यम हुन्। तीमध्ये केही टापुमा हवाईमार्गबाट पुग्न सम्भव छैन तर खराब मौसम, मनसुनी वर्षा र आँधीका कारण समुद्रमा ठुलो जोखिम हुने गर्छ।

फिलिपिन्समा हरेक वर्ष औसतमा २० वटा आँधी आउने गर्छन्, जसले समुद्रमा ठुलो छाल र अशान्त अवस्था सिर्जना गर्छ।

यसअघि सन् २०२३ मा देशको दक्षिणपश्चिम छेउमा एउटा यात्रुवाहक पानीजहाजमा आगलागी हुँदा ३१ जनाको मृत्यु भएको थियो। अहिले भएको घटनामा ८७ जना बेपत्ता रहेकाले फिलिपिन्समा भएका गम्भीर समुद्री दुर्घटनामध्ये यो ठुलो दुर्घटना हुने समाचारमा जनाइएको छ।

# जोडियो रसुवाको ‘लाइफलाइन’

**मित्र भण्डारी**
*देवीघाट (नुवाकोट), भदौ २५ गते*

भोटेकोशीको हिमबाढीले सडकसँगै पुलहरू बगाएपछि टुटेको रसुवाको सडक सम्पर्क पुनः जोडिएको छ। बाढीले तहसनहस बनाएको सडक सञ्जालमा तादी खोलाले थपेको अवरोध हटाउँदै नेपाली सेनाले ७२ घण्टाको ‘रनिङ टाइम’मा बेलिब्रिज निर्माण गरेर रसुवाको ‘लाइफलाइन’ पुनः सञ्चालनमा ल्याएको हो।

तादी खोलामाथि पुल बनेपछि गल्छीदेखि देवीघाट–त्रिशूली हुँदै मैलुङ, स्याफ्रुबेँसी र रसुवागढीसम्मको सडक सम्पर्क पुनर्स्थापित भएको छ। भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण हिमबाढीले रसुवातर्फ जाने सडक र पुलमा क्षति पुर्‍याएपछि उत्तरी रसुवाको बाहिरी जिल्लासँगको स्थल सम्पर्क प्रभावित भएको थियो।

सडक सम्पर्क टुट्दा स्थानीयवासीको आवागमन नै ठप्प भएको थियो। तादी खोलामाथि पुल निर्माण भएपछि रसुवातर्फको आवागमन र राहत तथा पुनर्स्थापनाको कामलाई ठुलो राहत पुगेको छ।

नुवाकोटको त्रिशूलीस्थित नेपाली सेनाको नं. १४ बाहिनी अड्डाको इन्जिनियरिङ टोलीले सडक विभाग तथा स्थानीय तहसँगको समन्वयमा तादी खोलामा ५७.९ मिटर लामो र ५.५ मिटर चौडा ‘एक्रो ब्रिज’ निर्माण गरेको हो। कुल ६० टन भारवहन क्षमता रहेको पुल बिहीबारदेखि सवारीसाधनका लागि सञ्चालनमा आएको छ।

सेनाले भदौ २० गतेबाट उक्त पुल निर्माण कार्य सुरु गरी ७२ घण्टामै तयार गरी स्थानीय तह र आयोजनालाई पुल हस्तान्तरणसमेत गरेको छ। निर्माण सम्पन्न उक्त पुल सडक आयोजना र विदुर नगरपालिकालाई संयुक्त रूपमा हस्तान्तरण गर्दै उपरथी रन्जित थापाले विपत्को अवस्थामा छोटो समयमै महत्त्वपूर्ण संरचना निर्माण गर्न सक्नु सेनाको पूर्वतयारी र प्राविधिक क्षमताको परिणाम भएको बताउनुभयो।

“हामीले भदौ २० गतेदेखि निर्माण कार्य सुरु गरेका थियौँ। सामग्री ढुवानीको समयसमेत जोड्दा पाँच दिन लागेको भए पनि पुल निर्माणको वास्तविक ‘रनिङ टाइम’ ७२ घण्टा मात्र हो,” उहाँले भन्नुभयो।



रसुवास्थित तादी खोलामा नेपाली सेनाले बनाएको पुल।

पुल निर्माणमा नेपाली सेनाको ५५ सदस्यीय इन्जिनियरिङ टोली अहोरात्र खटिएको थियो। खोलाको बहाब, मौसम र भौगोलिक अवस्थालाई ध्यानमा राख्दै टोलीले निरन्तर काम गरेपछि तोकिएको समयभन्दा निकै कम अवधिमा पुल निर्माण सम्पन्न भएको हो।

सेनाले विपत्का बेला तत्काल प्रयोग गर्न सकिने गरी देशका विभिन्न रणनीतिक स्थानमा बेलिब्रिज निर्माणका सामग्री भण्डारण गरेर राखेका कारण छिटो पुनर्स्थापना सम्भव भएको हो।

» बाँकी पृष्ठ २ मा

## सुरुङभित्र खोजी तीव्र

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २५ गते*

भोटेकोशी नदीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन व्यक्तिको खोजीका लागि नेपाली सेनाले जलविद्युत् आयोजनाका सुरुङदेखि नदीकिनार र प्रभावित बस्तीमा खोजी अभियान तीव्र पारेको छ। उद्धारसँगै अवरुद्ध सडक तथा पुल सञ्चालन, पहुँच मार्ग निर्माण र आपत्कालीन स्वास्थ्य सेवासमेत समानान्तर रूपमा अगाडि बढाइएको छ। नेपाली सेनाले बिहीबार साँझसम्म हवाई साधनमार्फत थप ३० जनाको उद्धार गरेको छ। यससँगै बाढीपछि हवाई माध्यमबाट उद्धार गरिएकाको सङ्ख्या चार हजार १११ पुगेको छ। उद्धार गरिएकामध्ये तीन हजार ८२८ नेपाली र २८३ विदेशी नागरिक छन्।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार रसुवागढी जलविद्युत् आयोजनाको पावरहाउस, ट्रान्सफर्मर रुम तथा कन्ट्रोल प्वाइन्टमा संयुक्त टोलीले खोजी गरिरहेको छ।

त्यसै गरी लाङटाङ आयोजनामा २५ सदस्यीय सैनिक टोली सुरुङभित्र परिचालित छन्। चिलिमे जलविद्युत् आयोजनामा सुरुङमा जमेको लेदो हटाउँदै भारी उपकरण पुर्‍याउन पहुँच निर्माण भइरहेको छ। आयोजनास्थलसम्म सडकको ट्र्याक खोलिएको र सुरुङसम्म ३५ मिटर दुरी बाँकी रहेको सेनाले जनाएको छ।